
३१८

भक्तपुर मासिक

Bhaktapur Monthly

मंसिर २०७९

ISSN 2705-4454



# भाजु पुखूको थप आकर्षण नवनिर्मित

# जलेश्वर मन्दिर


- प्रदूषणरहित, सुरक्षित र व्यवस्थित सहर निर्माणको आवश्यकता
- 'कोभिड १९ बाट हामीले धेरै शिक्षा हासिल गर्‍यौं'
- पचास वर्षपछिको नेपाल
- प्याखं (नाटक)–न्हापा व आ
- अध्यक्ष बिजुक्छेँद्वारा चियाङ चमिनको निधनमा राष्ट्राध्यक्ष सीलाई समवेदना सन्देश
- काठमाडौं उपत्यकाका आदिवासी नेवारहरूको आगमन–एक चर्चा
- कोरोना सङ्क्रमण न्यूनीकरण सम्बन्धी गतिविधिहरू
- तलेजु भवानीको भक्तपुर आगमनका केही प्रमाणहरू
- भक्तपुर नपाका गतिविधिहरू



भक्तपुर नपाका जनप्रतिनिधि र कर्मचारीहरुको लागि विपद्
व्यवस्थापनसम्बन्धी तालिम । (मंसिर १४ गते)



भक्तपुर नपा तुलाछेँस्थित जगनाथ मन्दिरको पुन:निर्माण गरिँदै

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì $) ★ cÆ ! ★ g}; ⫩! $# ★ lj: ; ⫩@) & (dl; / ★ A.D.2022

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)






'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## ‘मानिस जो देखि डराउँछ त्योसँग प्रेम गर्दैन ।’– अरस्तू

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | प्रदूषणरहित, सुरक्षित र व्यवस्थित सहर निर्माण आजको आवश्यकता | सुनिल प्रजापति | ३ |
| २) | ‘कोभिड १९ बाट हामीले धेरै शिक्षा हासिल गऱ्यौं’ : | सुनिल प्रजापति | ६ |
| ३) | सय वर्षपछिको भक्तपुर (६) | नारायणमान बिजुक्छेँ | ८ |
| ४) | अध्यक्ष बिजुक्छेँद्वारा चियाङ चमिनको निधनमा राष्ट्राध्यक्ष सीलाई समवेदना सन्देश | - | १४ |
| ५) | पुष्पगुच्छा चढाएर श्रद्धाञ्जली | - | १५ |
| ६) | ‘नेका, एमाले र माओवादी एउटै पदचापमा हिँडिरहेका छन्’ | सुनिल प्रजापति | १६ |
| ७) | समालोचनाया सिद्धान्त (९) | प्रो.माणिकलाल श्रेष्ठ | १८ |
| ८) | माओवादीको अबको विकल्प : सुध्रिने कि सिधिने ? | विवेक | २३ |
| ९) | भक्तपुर नपा वडा नं. ६ मा कोरोना भाइरस सङ्क्रमण न्यूनीकरण सम्बन्धी गतिविधिहरू | हरिराम सुवाल | २५ |
| १०) | प्रचलित गीत र गाइँचा (गाइने) म्ये सम्बन्धी सङ्क्षिप्त चर्चा-३ | विगोल | ३२ |
| ११) | काठमाडौं उपत्यकाका आदिवासी नेवारहरूको आगमन-एक चर्चा | विष्णुक्त राजचल | ३९ |
| १२) | तलेजु भवानीको भक्तपुर आगमनका केही प्रमाणहरू | ओम धौभडेल | ४३ |
| १३) | विवाह एक संस्कृति | नाति कवां | ४८ |
| १४) | सेतो घोडा | नरेन्द्रप्रसाद जोशी | ५२ |
| १५) | भक्तपुरमा पाइलैपिच्छे सार्वजनिक पाटी | रेणु त्वानाबासु | ५४ |
| १६) | व्याडमिन्टन खेलका राष्ट्रिय रेफ्री : राजेश व्यान्जू | राजकुमार लघु | ५६ |
| १७) | प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ | - | ५८ |
| १८) | नेमकिपा मतदाताको भावनालाई आत्मसात गरी अघि बढ्ने | - | ५९ |
| १९) | नेवार जातिका विविध थरहरू | - | ६२ |
| २०) | नगरपालिका प्रमुख र उपप्रमुखहरू | - | ६८ |
| २१) | भक्तपुर नपाका गतिविधि | - | ७१ |
| २२) | विविध समाचार | - | ७८ |
| २३) | ‘भक्तपुर’ मासिक (वर्ष ३९ को विषय सूची) | - | ८७ |
| २४) | घोषणापत्रप्रति इमानदार बनोस् (सम्पादकको पृष्ठ) | - | ९६ |

**साथमा** : बसिबियाँलो-१५/ हाम्रो स्वास्थ्य-८५/ थाहा पाइराखौं-८६/ Khwopa Hospital Kartik Report 2079-94/ कार्तिक महिनाको पर्यटक तथ्याङ्क-९५/



भक्तपुर नपाबाट नियमित प्रकाशन भइरहेको







पढ्नु होस् र लेखरचना, प्रतिक्रिया दिई सहयोग गर्नुहोस् ।

**"दिगो विकासका लागि स्थानीय प्रयास" गोष्ठी**

# प्रदूषणरहित, सुरक्षित र व्यवस्थित सहर निर्माण आजको आवश्यकता : सुनिल प्रजापति



तीव्र रूपमा भइरहेको जनसङ्ख्या वृद्धिसँगै हाम्रा सहरहरू कुरूप र बस्न अयोग्य बन्दैछन् । ठूला, अग्ला भवनहरू र चौडा सडकहरू नै विकासको मापदण्ड होइन र हुन सक्दैन । प्रदूषणरहित, सुरक्षित र व्यवस्थित सहर निर्माण आजको आवश्यकता हो । तर जथाभावी घरहरू निर्माणले हाम्रा हजारौँ वर्षको इतिहास भएको काठमाडौँ उपत्यकाको संस्कृति र सम्पदाहरू म्हासिने क्रम जारी छ र आधुनिकताको नाउँमा प्राचीन सहरहरूको स्वरूप फेरिँदै छ ।

शासक दलका केही नेताहरूको व्यक्तिगत र दलगत स्वार्थको कारण **बिनातयारी नगरपालिकाहरू घोषणा गर्नु समस्याको मुख्य कारण** हो । जनताका आधारभूत आवश्यकताहरू खानेपानी, ढल निकास, डम्पिङ्ग साइट, बसपार्क, खुल्ला क्षेत्र, हरियाली क्षेत्र, पोखरी, दमकल, तरकारी बजारलगायतका आवश्यक पूर्वाधारहरू निर्माणपछि मात्रै नगरपालिकाको घोषणा गरिएको भए सहरमा बस्नेहरूले आजको जस्तो फोहोरमैला, प्रदूषण, यातायात जाम, खानेपानी जस्ताको समस्या भोग्नु पर्ने थिएनन् ।

निर्वाचनको बेला जनताको मत तान्न कतिपय उम्मेदवारहरूले 'स्मार्ट सिटी', 'स्याटालाइट सिटी' बनाउने जस्ता प्रतिवद्धताहरू गरे । निर्वाचित भएपछि प्रतिबद्धताअनुसार काम गर्न नसकेर जनप्रतिनिधिहरू लज्जित हुनु परेका थुप्रै उदाहरणहरू हाम्रो सामु ताजै छन् । बुझ्दै नबुझी कतिपय उम्मेदवारहरूले स्मार्ट सिटीको कुरा उठाएको पनि प्रष्ट भयो । सहर भनेको सबै किसिमका मानिसहरूका लागि बस्न योग्य हुनुपर्छ । गरिबहरू विस्थापित हुनुपर्ने र धनीहरूको मात्रै बसोबास हुने आधुनिक र सुविधा सम्पन्न सहर (स्मार्ट सिटी) के आजको हाम्रो आवश्यकता हो ?

सयौँ वर्ष अगाडि हाम्रा पुर्खाहरूले निर्माण गरेका काठमाडौँ, भक्तपुर र ललितपुर सहर संसारको कुन 'स्मार्ट सिटी' भन्दा कम छन् ? प्रायः घरहरू पूर्व र दक्षिण मोहडाका, घरहरूको बीच बीचमा चोक, सडक पेटीको व्यवस्था, ठाउँ ठाउँमा ढुङ्गेधारा, पाटी, मन्दिरहरू, पोखरीहरू, इनारहरू, एकै नासको झिँगटीले छाएको परम्परागत घरहरू, इँटा वा ढुङ्गाले छापेका सडकहरूबाट सुसज्जित सफा र सुन्दर सहर आफै 'स्मार्ट सिटी' हो । त्यसलाई बिगारेर १५/२० तलाको आकाश छुने घरहरूको निर्माण र गल्ली गल्लीमा कालोपत्रे गरेर **स्मार्ट सिटीका नाउँमा सबै मौलिकतालाई बिगार्दै र भत्काउँदै छौँ ।**

हाम्रा प्राचीन सम्पदा र संस्कृति नबुझेका वा बुझेर पनि बुझपचाएका योजनाविद्हरूले आधुनिकताको नाउँमा विकृतिहरू भित्र्याइरहेका छन् । आधुनिक सहरहरू निर्माणमात्रै विकास होइन । हाम्रा परम्परागत मौलिक शैलीका सम्पदा र संस्कृतिको संरक्षण भएका सहरहरू जोगाइराख्नु आफै पनि विकासको नमुना हो । त्यस्ता सहरहरूको संरक्षण गर्न जनतालाई प्रोत्साहित गर्नु राज्यको महत्त्वपूर्ण जिम्मेवारी हो । यसतर्फ सहरी विकास मन्त्रालयको ध्यान जाने आशा गर्दछु ।

नेपाल पर्यटन विकासको अपार सम्भावना भएको देश हो । भक्तपुरभन्दा सानो इटालीको भेनिस सहरमा वर्षको ३ करोड ६० लाखभन्दा बढी पर्यटकहरू पुग्ने गरेको सुन्दा हामीलाई आश्चर्य लाग्छ । त्यहाँभन्दा पुराना र सांस्कृतिक महत्त्व बोकेका थुप्रै सम्पदा र संस्कृतिहरू काठमाडौँ उपत्यका भित्र काठमाडौँ, भक्तपुर र ललितपुरमा छन् । हामीले त्यसलाई चिन्न सकेनौँ । ६ दशकभन्दा लामो समयदेखि अमेरिकाले नाकाबन्दी गरेको ल्याटिन अमेरिकी देश क्युवामा वर्षको ५० लाखभन्दा बढी पर्यटकहरूले भ्रमण गर्छन् ।

**काठमाडौँ उपत्यकाका तीनओटै प्राचीन सहरहरू खुल्ला विश्वविद्यालयहरू हुन् ।** राज्यले प्राथमिकतामा राखेर सयौँ वर्ष पुराना यहाँका कला, संस्कृति र सम्पदाहरू संरक्षण गर्न सकेको भए वर्षेनी तीस चालीस लाख पर्यटकहरू भित्र्याउनु कुनै ठूलो कुरा होइन । तर अहिले वर्षको २० लाख पर्यटक भित्र्याउन पनि 'नेपाल भ्रमण वर्ष' को आयोजना गर्नुपर्ने अवस्था छ । नेपालका मौलिक शैलीका छुट्टाछुट्टै सहरहरूको निर्माण गर्न सके पर्यटन क्षेत्रबाट पनि मनग्य आम्दानी गर्न सक्ने सम्भावना छ ।

अहिले सारा जनता काठमाडौँमा केन्द्रित छन् । स्कूल, कलेज, विश्वविद्यालय तथा राम्रा राम्रा अस्पतालहरू उपलब्ध हुनुकासाथै रोजगारीका अवसरलगायत जनताका लागि आवश्यक पूर्वाधारहरू काठमाडौँ उपत्यकामा केन्द्रित हुनु नै यसको कारण हो । **महत्त्वपूर्ण सांस्कृतिक सम्पदाले भरिएको काठमाडौँ उपत्यकालाई सांस्कृतिक केन्द्रकै रूपमा विकास गर्ने**तर्फ सहरी विकास मन्त्रालय, विभाग र सम्बन्धित निकायले अग्रसरता लिनु आवश्यक छ ।

जथाभावी घर जग्गा प्लटिङ्ले एकातिर कृषि योग्य भूमि समाप्त हुँदैछन् भने अर्कोतर्फ प्रदूषणको कारण सहरहरू बस्न अयोग्य बन्दै छन् । खानेपानीको हाहाकार, यातायात जाम, अपराधको सङ्ख्यामा वृद्धि, फोहोर मैला व्यवस्थापन उपत्यकाको अहिलेको मुख्य समस्या हो । यस्ता घना बस्ती भएका ठाउँहरू व्यवस्थित गर्नेतर्फ योजनाविद्हरूको ध्यान जानुपर्नेमा पछिलो चरणमा काठमाडौँ उपत्यका भित्र १ लाख रोपनीको १ ओटा, १० हजार रोपनीको ३ ओटा सहर निर्माण गर्ने भनी प्रकृया अगाडि बढाइएको छ । यसबाट भविष्यमा काठमाडौँ उपत्यका संसारकै सबभन्दा अव्यवस्थित र अस्तव्यस्त सहर नबन्ला भन्न सकिन्न ।

समयसँगै सहरीकरण अनिवार्य विषय हो । सहर निर्माण गर्दा देशको सन्तुलित विकासलाई पनि ध्यानमा राख्नु आवश्यक छ । त्यसको लागि काठमाडौँ उपत्यका बाहिर स-साना सहरहरूको निर्माणको लागि सहरी विकास मन्त्रालय र भवन विभागले पूर्वाधारहरू निर्माण गरी दिएमा व्यवस्थित सहर बनाउन मदत पुग्नेछ । सरकारले जथाभावी निजी प्लानिङ्ग गर्न स्वीकृति दिएसम्म व्यवस्थित सहर निर्माण सम्भव छैन । १००/२०० वर्ष पछिको सोचेर नयाँ सहरको निर्माण गर्नेतर्फ सरोकारवालाहरू सबैको ध्यान जानु आवश्यक छ ।

समाजको नेतृत्व गर्नेहरूको सोचले नै जनताको जीवनमा मौलिक परिवर्तन आउँछ र विकासको नयाँ ढोका पनि खुल्छ । भक्तपुर नगरपालिका त्यसको एक उदाहरण हो । आजभन्दा ३ दशक अगाडिसम्म भक्तपुर हरेक क्षेत्रमा पछाडि थियो । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले २०५६ सालमा **'१०० वर्ष पछिको भक्तपुर'** नामक एक पुस्तक लेख्नुभयो । उहाँले १०० वर्ष पछि भक्तपुर संसारकै एक आकर्षक नगर हुने बताउनु भयो ।

उहाँले उक्त पुस्तकमा लेख्नु भएको छ – 'भक्तपुरका धेरै नागरिकहरूले जापानी, चिनियाँ, ल्याटिन भाषा बोल्न जानेका हुनेछन् । अङ्ग्रेजी भक्तपुरवासी मध्ये आधाले बोल्नसक्ने छन् । यो नगर संसारकै आकर्षक नगर हुनेछ । बिहान प्राचीन सहर जस्तो, दिउँसो विश्वविद्यालय जस्तो र राती साँच्चै प्राचीन लुगा लगाएकी आधुनिक नर्तकी वा सुन्दरी जस्तो हुनेछ । भक्तपुर 'उत्सवको सहर' बाह्रै महिना 'चाडको सहर' को रूपमा रहनेछ ।' हामी त्यही आदर्श सहर निर्माणको लागि आधारहरू तयार गर्दैछौँ ।

## प्रस्तुतीकरण :

# दिगो विकासको लागि भक्तपुर नपाको प्रयास

### शिक्षा :

भक्तपुर नगरपालिकाले त्यसैको आधारहरू निर्माण गर्दैछ । नगरपालिकाले २ ओटा इन्जिनियरिङ्ग कलेजसहित ८ ओटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दैछ । हाल ७२ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् । धेरै विषयमा स्नातकोत्तर तहसम्मको कक्षा सञ्चालन हुन्छ । नगरपालिकाले सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ । हाल ३१४ जना विद्यार्थीहरूले रु. ५ लाखसम्म शैक्षिक ऋण लिएर पढिरहेका छन् । नपाद्वारा सञ्चालित कलेजहरूमा त्यहाँ अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीहरूका लागि वार्षिक ३ करोडभन्दा बढीको छात्रवृत्ति प्रदान गर्दै आएको छ भने भूगोल, इतिहास, राजनीतिशास्त्र, संस्कृति तथा नेपाल भाषामा विद्यावारिधीसम्म छात्रवृत्तिको व्यवस्था गर्दै आएको छ । वडा वडामा शिशु स्याहार केन्द्रहरू सञ्चालन भइरहेको छ ।

### स्वास्थ्य :

जनताको स्वास्थ्य हेरचाहको निम्ति घरदैलो नर्सिङ्गको व्यवस्था, वडा वडामा चिकित्सकसहित स्वास्थ्य केन्द्र, १०० शय्याको ख्वप अस्पतालको सञ्चालन गरी दैनिक ७०० भन्दा बढी बिरामीलाई उपचार सेवा प्रदान गर्दै आएको

छ। अस्पतालमा ३५-३६ जना चिकित्सकहरू कार्यरत छन्। त्यसमध्ये आधा सङ्ख्यामा विशेषज्ञहरू छन्। एमबीबीएस डाक्टरको रु. ५० र विशेषज्ञको सेवा रु. ७० मा उपलब्ध गराउँदै आएका छौँ। विद्यालय नर्सको व्यवस्था, नियमित स्वास्थ्य शिविर सञ्चालन र स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम पनि गर्दै आएका छौँ।

**जनताको सहयोगमा निर्मित अक्सिजन प्लान्टबाट निःशुल्क अक्सिजन वितरण** गर्दै आएका छौँ भने रगत चाहिने बिरामीको लागि लाग्ने सम्पूर्ण खर्च नपाले व्यहोर्दै आएको छ। श्वास प्रश्वास केन्द्रमार्फत न्यून शुल्कमा दम खोकीका बिरामीको उपचार गर्दै आएको नपाले कडा रोग क्यान्सर, मृगौला, मस्तिष्क र पक्षघात भएका बिरामीलाई प्रति व्यक्ति रु. १५,०००।- एक पटकको लागि दिने गरिएको छ।

## सम्पदा संरक्षण

२०७२ सालको भूकम्पबाट १३५ भन्दा बढी सम्पदाहरूमा आंशिक र पूर्ण क्षति भयो भने ८००० जति निजी घरहरू क्षतिग्रस्त भए। विदेशीको सहयोगबिना विगत ५ वर्षमा १२४ ओटा सम्पदा पुनःनिर्माण र जीर्णोद्धार भए भने हालसम्म १२६ ओटा सम्पन्न भइसकेका छन्। ती सबै काम स्थानीय जनताबाट गठित उपभोक्ता समितिमार्फत विदेशी सहयोगबिना नै गरिएको हो। उपभोक्ता समितिबाट काम गराउँदा कम खर्चमा गुणस्तरीय निर्माण हुने, जनताको अपनत्व हुने, आफ्नै श्रोत र साधनको प्रयोग हुने र मौलिक प्रविधिको संरक्षण हुने हाम्रो अनुभव छ। हरेक काम पारदर्शी तरीकाले गर्दैछौँ। सम्पदा पुनःनिर्माणको लागि नेपाल सरकार र जर्मनी सरकारबीच रु. १ अर्ब २० करोड (१ करोड युरो) अनुदान सम्झौता भएको थियो। सम्झौतामा उल्लेखित बुँदाहरू हाम्रो स्वाभिमानमा आँच पुग्ने देखिएकोले हामीले त्यो रकम स्वीकार गरेनौँ। जनताकै साथ र सहयोगमा ती सबै सम्पदाहरू जीर्णोद्धार र पुनःनिर्माण सम्पन्न भएका हुन्।

## खेलकुद :

भलिबल, फुटबल, बक्सिङ्ग, जिम्नेष्टिक, टेबुलटेनिस र कराँते गरी ६ ओटा खेलको नियमित प्रशिक्षण, पूर्णकालीन खेल प्रशिक्षकमार्फत विद्यालयहरूमा खेलकुद प्रशिक्षण, हरेक वर्ष खेलाडी सम्मान कार्यक्रम, अन्तर खेलकुद प्रतियोगिता र अन्तर विद्यालय खेलकुद प्रतियोगिता गर्दै आएका छौँ। जनताको स्वास्थ्य सुधारको लागि नगरका २३ ठाउँभन्दा बढी स्थानमा खुल्ला व्यायामशालाहरूको व्यवस्था गर्दै आएका छौँ।

## आवास योजना :

भक्तपुर नगरपालिकाले आफ्नै लागत सहभागितामा विभिन्न आवास योजनाहरू सञ्चालन गर्दै आएको छ। कानूनले दिएको अधिकार भित्र रही भक्तपुर नपाले वडा नं. ८ मा ६७८ रोपनी लिवालिवी जग्गा एकीकरण योजना र ५३६ रोपनीको तुमचो दुगुरे आवास योजना सम्पन्न गरिसकेको छ भने हाल १६५४ रोपनी जग्गामा देको मिवा इटापाके आवास योजना सञ्चालनको अन्तिम चरणमा छ। केही समय पछि नै अन्तिम चरणको जग्गाधनी पूर्जा वितरण कार्य शुरु गरिने छ। नगरभित्र निजी प्लटिङ गर्नेहरूलाई स्वीकृति दिने गरेको छैन।

## पर्यटनः

भक्तपुर नगरपालिकाको महत्त्वपूर्ण आयश्रोतको रूपमा रहेको पर्यटन क्षेत्र कोरोना महामारीको कारण नराम्ररी प्रभावित भयो। कोरोना अघि झन्डै ३ लाख पर्यटकहरूले भ्रमण गर्ने गर्थे। कोरोनाको समयमा करिब शून्य अवस्थामा पुग्यो। अहिले बिस्तारै पर्यटकहरू आउने क्रम जारी छ। चालू आ.व. २०७९।८० को विगत ४ महिनामा २२,२१५ जना पर्यटकहरूले भक्तपुर भ्रमण गरेको अभिलेख छ।

अन्त्यमा, भक्तपुर नगरपालिकाले संविधानले निर्दिष्ट गरेबमोजिम जनतालाई केन्द्रमा राखी समाजवादउन्मुख काम गर्दै आएको छ। यसबारे स्पष्ट पार्ने मौका दिनु भएकोमा पुनः एक पटक धन्यवाद दिन चाहन्छु। धन्यवाद !

*(नेपाल सरकार सहरी विकास मन्त्रालयको आयोजनामा मिति २०७९ मंसिर १२ गते विश्व सहर दिवस २०७९ र विश्व सहरी योजना दिवस २०७९ को संयुक्त दिवसमा '**दिगो विकासका लागि स्थानीय प्रयास**' नारासहित सोमबार सहरी विकास तथा भवन निर्माण विभागको सभाहलमा भएको कार्यशाला गोष्ठी कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)*

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ।**

"स्थानीय तहबाट प्रदान गरिने आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता" समीक्षा गोष्ठी

# 'कोभिड १९ बाट हामीले धेरै शिक्षा हासिल गऱ्यौं'

– सुनिल प्रजापति, प्रमुख–भक्तपुर नगरपालिका

नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यको आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुने र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा पहुँच हुने अधिकार प्रदान गरेको छ। तर निःशुल्क उपचारको हक कागजमै सीमित छ। अधिकांश अस्पतालहरूमा निःशुल्क वितरण हुने औषधी उपलब्ध नै हुँदैनन्। जनता सिटामोल नपाएर मरिरहेको, स्वास्थ्य केन्द्रमा चिकित्सक नभएर कार्यालय सहयोगीले औषधी वितरण गरिरहेको र विशेषज्ञ डाक्टरहरू नभएर धेरैले अकाल मृत्युवरण गर्नु परिरहेको समाचार दैनिकजसो आउने गर्छन्।

## आधारभूत स्वास्थ्य सेवा प्रवाहमा सङ्घीय मन्त्रालयले गर्नुपर्ने काम :

नेपालका ७५३ ओटै स्थानीय तहहरूले स्थानीय जनसमुदायलाई प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाह गर्न सङ्घीय मन्त्रालयले गर्नुपर्ने मुख्य मुख्य काम कर्तव्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ –

गाउँपालिका र नगरपालिकाका सामुदायिक अस्पताल र स्वास्थ्य केन्द्रहरूमा आवश्यक चिकित्सकसहित जनशक्तिको व्यवस्था गरी कार्यरत चिकित्सक र अन्य जनशक्तिलाई समयानुकूल तालिमहरू प्रदान गरी अद्यावधिक सेवा प्रवाह गर्न सकिए ग्रामीण र सहरी क्षेत्रका नागरिकहरूले गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा पाउने प्रत्याभूति दिन सकिन्छ।

आधारभूत स्वास्थ्य सेवा प्रभावकारी रूपमा प्रदान गर्न सो क्षेत्रमा कार्यरत चिकित्सक र नर्सजस्ता जोखिम लिएर काम गर्नेहरूका विशेष भत्ता वा सुविधाको व्यवस्था, नेपाल सरकारले निःशुल्क प्रदान गर्ने औषधीहरू सबै स्वास्थ्य केन्द्रमा पुऱ्याउने सुनिश्चितता गर्ने, हेलचेक्र्याइँ वा अनियमित गर्नेलाई कडा कारबाहीको व्यवस्था गर्ने तथा सरोकारवाला सङ्घीय र प्रदेश सरकारले समय समयमा अनुगमनको व्यवस्था मिलाउनुपर्दछ।

सबै सामुदायिक अस्पताल र स्वास्थ्य केन्द्रहरूमा आवश्यक स्वास्थ्य उपकरणहरूको व्यवस्था गर्ने तथा प्रयोग भए नभएको अध्ययन गरी समय समयमा मर्मतसम्भारको व्यवस्था गर्न सकिए आधारभूत स्वास्थ्य सेवा निरन्तर प्रवाह भइरहन्छ।

## आधारभूत स्वास्थ्य सेवा प्रवाहमा भक्तपुर



## नगरपालिकाको अनुभव :

भक्तपुर नगरपालिकाले १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरिरहेको छ। जनतालाई सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्न भक्तपुर नपा २ (ब्यासी)मा नगर स्वास्थ्य केन्द्र र भक्तपुर नपा ५ भगवतीस्थानमा जनस्वास्थ्य केन्द्र सञ्चालन गरिरहेको छ भने मातृ शिशु कार्यक्रम (एम.सी.एच.) भक्तपुर अस्पताल र आधारभूत स्वास्थ्य केन्द्र (सल्लाघारी १) बाट पनि जनतालाई स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ। ख्वप अस्पतालले दैनिक ७०० भन्दा बढी जनताको स्वास्थ्य उपचार गर्दै आएको छ। दैनिक ११ घण्टा ओपीडी सेवा र शनिबार तथा सार्वजनिक बिदामासमेत गरी वर्षैभरि ओपिडी सेवा सञ्चालनको व्यवस्था छ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिडबाट पनि हामीले नयाँ अनुभव सिक्यौँ। कोभिड रोकथाम तथा नियन्त्रणको लागि ७५ शय्याको आइसोलेसन केन्द्र स्थापना गऱ्यौँ। कोभिडको प्रभाव बढ्दै गएपछि २५ शय्याको एचडीयुसहित ७५ शय्याको कोभिड अस्पताल सञ्चालन गऱ्यौँ। त्यही क्रममा जनताको सहयोगबाट अक्सिजन प्लान्ट स्थापना गऱ्यौँ। अहिले स्थानीय जनतालाई अक्सिजन र आवश्यक रगत निःशुल्क व्यवस्था गर्दै आएका छौँ। यसले अधिकांश जनता खुशी छन्।

कोभिड १९ को बेला जनताको घर घरमा गएर जनताको सेवा गर्ने अवसर पायौँ। तत्कालीन आवश्यकताअनुसार आइसोलेसन केन्द्रको स्थापना र ख्वप अस्पताल सञ्चालनमा ल्याउन सफल भयौँ। अक्सिजन प्लान्ट राख्न जनतासँग

सहयोग आह्वान गरिएकोमा रु.६ करोडभन्दा बढी आर्थिक सहयोग सङ्कलन भयो र हामीले कोभिड बिरामीहरूको निःशुल्क उपचार गर्‍यौँ। अत्यन्त प्रतिकूलताबीच पनि हामीले जनताको सेवा गर्‍यौँ। हामीले कोभिडबाट धेरै शिक्षा हासिल गर्‍यौँ।

कोभिड सङ्क्रमण उच्च तहमा पुगेको समयमा भक्तपुर नगरपालिकाले रोगको प्रारम्भिक चरणमै सर्वसाधारण जनता स्वास्थ्य परीक्षणको पहुँचमा वृद्धि गर्‍यौँ। सङ्क्रमितहरूको उपचारको लागि घरघरमा निःशुल्क अक्सिजनको व्यवस्था, भौगोलिक अवस्था र जनघनत्वअनुसार उपयुक्त स्थानमा स्वास्थ्य केन्द्रहरू सञ्चालन र कोरोना नियन्त्रणको लागि वडास्तरमा व्यापक खोप अभियान सञ्चालन गर्‍यौँ।

नगरवासीहरूलाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन विभिन्न रोगहरूसम्बन्धी स्वास्थ्य शिविरहरू सञ्चालन र वैकल्पिक चिकित्सा पद्धतिलाई प्राथमिकता दिँदै सञ्चालनको तयारी गर्दै आएका छौँ जस्तै अकुपञ्चर र होमियोप्याथिक आदि।

## स्वास्थ्य कार्यक्रम सञ्चालनमा देखिएका चुनौती र अवसरहरू :

स्वास्थ्य क्षेत्र जटिल विषय हो। जनताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने अस्पताल र जन स्वास्थ्य केन्द्रहरू सञ्चालन गर्नु अत्यन्त चुनौतीपूर्ण छ। स्वास्थ्य क्षेत्रमा देखिएका समस्या र चुनौतीहरू निम्न बमोजिम बुँदागत रूपमा प्रस्तुत गर्न चाहन्छु :

### हाम्रा चुनौतीहरू :

- बीमाको भुक्तानी समयमा नहुनु,
- दक्ष जनशक्ति टिकाइ राख्न गाह्रो हुनु,
- टेन्डर गरेको औषधी समयमा उपलब्ध नहुनु,
- सङ्घ र प्रदेश सरकारहरूले अन्य सामुदायिक अस्पताललाई झैँ सहयोग नगर्नु,
- आर्थिक कारणले नै सिटी स्क्यान र एमआरआई राख्न नसक्नु,
- सरकारको तर्फबाट नियमित अनुदानको व्यवस्था नहुनु हाम्रा चुनौतीहरू हुन्,
- बिरामीको मृत्यु पछि अस्पताल र स्वास्थ्य केन्द्रहरूमा अप्रीय घटना हुनु।

### अवसरहरू:

- घरघरमा गएर जनताको सेवा गर्दा जनतासँग नजिक भएर काम गर्ने अवसर प्राप्त हुनु,
- जनताको हरेक सुख दुःखबारे नगरपालिकालाई जानकारी प्राप्त हुनु, र
- स्वास्थ्यसँगै हरेक विषयमा जनताको सेवा गर्ने अवसर प्राप्त हुनु।

## स्वास्थ्य क्षेत्रमा भक्तपुर नगरपालिकाको नवीनतम प्रयासहरू :


भक्तपुर नगरपालिकाले कुनै पनि नगरवासीलाई २० मिनेटभित्र स्वास्थ्य सेवा दिन सक्ने गरी काम गर्दैछौँ। नागरिकहरूको स्वास्थ्यसम्बन्धी जानकारी लिन घरघरमा नर्सहरू पठाउने व्यवस्था गर्‍यौँ।

नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालमा यो वर्ष सिटी स्क्यानको व्यवस्थाको लागि प्रक्रिया अगाडि बढाउँदैछौँ। विद्यालय स्वास्थ्य कार्यक्रम, नियमित रूपमा वडा वडामा स्वास्थ्य शिविरहरू सञ्चालन तथा स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन, श्वासप्रश्वास पुनःस्थापना केन्द्र सञ्चालन गरिरहेका छौँ। यो वर्ष अकुपंचर सेवा सञ्चालनको तयारी पनि गर्दैछौँ। नगरवासीहरूको लागि रगतको निःशुल्क व्यवस्था तथा कडा तथा दीर्घरोग मुटु, मृगौला, क्यान्सर, मष्तिकघातलगायत रोग लागेकाहरूको लागि जनही रु. १५,०००।- अनुदानको व्यवस्था गर्दै आएका छौँ।

## सङ्घीय स्वास्थ्य मन्त्रालय र प्रदेश मन्त्रालयले गर्नुपर्ने सहयोग :

भक्तपुर नगरपालिकाबाट स्थानीय जनसमुदायलाई प्रदान गर्दै आएको आधारभूत स्वास्थ्य सेवालाई अझ व्यवस्थित र प्रभावकारी बनाउन सङ्घीय सरकार र प्रदेश सरकारबाट आवश्यक स्वास्थ्य उपकरण जस्तै सिटी स्क्यान, एमआरआईलगायतका स्वास्थ्य उपकरण तथा औजारहरू उपलब्ध गराउनुपर्ने, सेवा विस्तारको लागि आवश्यक पुँजीगत र सञ्चालन खर्चको लागि बजेट व्यवस्था गर्नुपर्ने, बीमा रकम समयमै उपलब्ध गराउनुपर्ने, सरकारी अस्पतालसरह आवश्यक जनशक्ति व्यवस्थाको लागि नीतिगत व्यवस्था मिलाउनुपर्ने र केन्द्रीय तहबाट हुने तालिमहरूमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालका चिकित्सक र नर्सलाई सहभागी गराउनुपर्ने देखिन्छ। विद्यालय नर्स कार्यक्रम र घरदैलो नर्स कार्यक्रमलाई प्रभावकारी रूपमा लागू गर्न सम्बन्धित जनशक्तिलाई साधनसम्पन्न र प्रविधिले युक्त बनाउनुपर्ने देखिन्छ।

*(नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको आयोजनामा २०७९ मङ्सिर १३ गते भक्तपुरको बोडेस्थित कृषि विकास बैंक केन्द्रीय प्रशिक्षण केन्द्र बोडेमा आयोजित संयुक्त वार्षिक समीक्षा गोष्ठीको दोस्रो दिन 'स्थानीय तहबाट प्रदान गरिने आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता' विषयमा भएको प्यानल छलफलमा प्यानलिष्टको रूपमा रहनुभएका भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिद्वारा व्यक्त विचार)*




# सय वर्षपछिको भक्तपुर (६)



नारायणमान बिजुक्छेँ

## पचास वर्षपछिको नेपाल

### प्रिय साथी कृष्ण,

तिम्रो आषाढको पत्र पाएँ। मनको कुरो खुलस्त र निश्छलरूपले राखेकोमा धेरै धेरै धन्यवाद !

तिम्रो पत्र पढ्दै जाँदा देश अत्यन्त ठूलो अँध्यारो खाडलमा धकेलिँदै गएको र त्यस स्थितिबाट बचाउन सक्ने उपाय नै नभएको अड्कल काटेका रहेछौ। तिमीले त्यसमा आफ्नै व्यक्तिको, देश र नेपाली जनताकै सम्भावित दुर्दशा वा अझ भनूँ भने विध्वंश र अस्तित्वकै कुरा उठायौ। जीवन र जनताप्रति तिम्रो चासो उचित हो, तर म तिमीलाई साऱ्है डरलाग्दा सपना देखिरहेको तथा कहिल्यै सपनाबाट नबिउँझने र बिहानको राम्रो उज्यालोको कल्पनासमेत गर्न छोडेको व्यक्तिसँग तुलना गर्दैछु।

साथी, जीवन कहाँ त्यस्तो हो र ! रात जतिसुकै लामो र चिसो भएपनि बिहान हुन्छ र न्यानो घाम हिमाल, डाँडा, पाखा र घरमा झुल्किहाल्छ। हो, पत्रमा उल्लेख गरे जस्तै तिमीले एक सरकारी कर्मचारी भएर ३३-३४ वर्ष इमानदारीपूर्वक सेवा गऱ्यौ, अवकास पनि पाउँदै छौ र महिनाको ५-६ हजार रुपैयाँले तिमीले गुजारा चलाउनु पर्ने छ। पत्रमा तिमीले आफूसँगै र आफू भन्दापछि नोकरी गरेका तल्ला स्तरका कति कर्मचारीहरूले छिट्छिटो पदोन्नति गरेको तथा विदेशीहरूसँग मिलेर वा विदेशीहरूलाई देशका गुप्त नक्साहरू र तथ्य-तथ्याङ्क उपलब्ध गराई करोडपति भएका उदाहरणहरू दियौ। आफ्ना निर्देशक, सचिव र मन्त्रीहरूलाई भनसुन नगर्ने, चाप्लुसी र चुक्ली नगर्ने, चिप्लो नघस्ने, उपहारहरू नपठाउने वा चुनावमा लाखौं-लाख रुपैयाँ, अनेक योजना वा ठेकेदारहरूसँग मिलेर नपठाउने इमानदार कर्मचारीहरू जहाँकातहीं भएको तथा मन्त्रालय, विभाग, संस्थानहरू र जिल्ला तहका कार्यालयहरूमा समेत नातागोता, भाषा र जातको आधारमा पदोन्नति हुने स्थितिबाट तिमीले साऱ्है खिन्नता व्यक्त गऱ्यौ।

कृष्ण, सबै काम-कुरा र बन्दोबस्त स्वाभाविक र नियमसम्मत भएको भए, सुधार र परिवर्तनको आवश्यकता पनि हुने थिएन, असन्तोष र विद्रोह पनि हुने थिएन। आज देशमा भैरहेको रगताम्य अराजकता र आतङ्कको कारण यस्तै यस्तै अनियमितता, स्वार्थ, शोषण, बेवास्ता, थिचोमिचो, पक्षपात र शक्तिको दुरूपयोगकै कारण हो भन्नेबारे दुईमत नहोला।

पत्रमा तिमीले हरेक व्यक्ति जुनसुकै पद र जिम्मेवारीमा बसे पनि इमानदार रहने मेरो सल्लाहलाई मानेको तर त्यसले तुलनात्मक रूपले आफ्नो आर्थिक स्थिति माथि नउठेको विषय पनि उल्लेख गऱ्यौ। २।४ हजार व्यक्तिगतरूपले चिनेका कर्मचारीहरूको सूचीमा तिमी पनि एक इमानदार कर्मचारीको रूपमा देख्न पाउँदा मलाई साऱ्है गर्व छ। केही सरल कर्मचारी खालि हात-मुख जोड्न मात्रै सरकारी नोकरीमा दाखिला हुन्छन्, तिनीहरू आफ्नो जहान-परिवारको हितबाहेक देश र जनताको व्यापक हित र अहितसँग केही मतलब राख्दैनन्। केही सरकारी कर्मचारी भएर इमानदारीपूर्वक देश र जनताको व्यापक हित हेर्ने वा सेवा गर्ने भावनाले नोकरीमा सामेल भएका हुन्छन्। केही व्यक्ति 'सरकारको चोरी नखाए कसको चोरी खाने' र 'पदमा बसेर फाइदा उठाउन नपाउने भए सरकारको नोकरी किन गर्ने' भन्ने भावना र उद्देश्य लिएर पनि नोकरीमा सामेल हुन्छन्। तिनीहरू पदको दुरूपयोग गरी भ्रष्टाचार, अनियमितता र गर्न नहुने सबै काम गरेर आफ्नो छोराछोरी, नातागोता वा सानो स्वार्थलाई प्राथमिकता दिन्छन् र पैसाकै निम्ति विदेशको पिछलग्गु बन्छन्, आफ्नो देशको मालिक आफ्नै जनता हो भन्ने भावनालाई बेवास्ता गरी विदेशको नोकर बन्छन्। देशको नागरिक र कर्मचारी भएर आफ्नै देश र जनताप्रति विश्वासघात गर्छन्।

तर कृष्ण, त्यस्ता विश्वासघातीहरूले पैसा थुपारेकोमा वा ठूलठूला भवन बनाएको वा ऐस-आराम गरेको देख्दा तिमीलाई ईर्ष्या पनि लागेको होला वा तिमीलाई आफ्नो गरिबीको कारण हीनताबोधको अनुभव पनि भएको होला।

सच्चाइ त्यसो होइन, तिमीमा ती विश्वासघातीहरूसँग ईर्ष्या होइन घृणा जाग्नु पर्दछ र आफ्नो गरिबीमा हीनताबोध होइन गर्व हुनुपर्दछ किनभने तिमी नोकरी अवधिभर इमानदार रह्यौ, एक असल नागरिक रह्यौ, अनियमितता, भ्रष्टाचार र पक्षपात जस्ता बैगुणहरूबाट तिमी टाढा रह्यौ तथा विश्वासघातीहरूभन्दा फरक परिचय दियौ।

साथी, तिमी हामी एकदिन बूढा-बूढी हुनेछौँ, त्यसबेला हाम्रा जीवनका अनेक घटनाहरू बारम्बार सम्झने छौँ, उमेरले हामीलाई राम्रो र नराम्रो विषयका सूक्ष्मभन्दा सूक्ष्म जानकारीहरूसमेत दिनेछ। तिमी एक्लै बस्दा आफूले गरेका देशभक्तिपूर्ण राम्रा कामहरू र योगदानहरू सम्झँदा तिमीलाई आत्मसन्तोष र आनन्द लाग्नेछ। कहिलेकाहीँ जानेर वा नजानेर गरेका केही नराम्रा घटनाहरूको स्मरणले पश्चाताप पनि गराउने छ। तर तिमीले जीवनभर जानेरै देश र जनताको हितमा एक कर्मचारी भएर सेवा वा सङ्घर्ष गरेको हुँदा तिमी सदा गौरव, सन्तोष र आनन्दपूर्वक बाँकी जीवन जिउने छौ। तिम्रा छोराछोरीहरू र नातागोता सबैले तिमीबाट इमानदार हुने प्रेरणा लिनेछन् र तिमी समाजकै निम्ति एक उदाहरण हुनेछौ।

यसको ठीक उल्टो देश र जनतालाई धोखा दिने, विदेशी र भ्रष्टाचारीसँग साँठगाँठ गरी करोडपति र अर्बपति बन्ने कर्मचारीहरू आफ्नो अवकाशपछि, शारीरिक रूपले अशक्त भैसकेपछि आफ्ना सबै अनियमितता, काला-कर्तुतहरू र विश्वासघातहरू सम्झने छन्, सपनामा पनि बरोबर झस्कने छन्, आफ्ना अपराधहरूको कारण तिनीहरू सुत्न सक्ने छैनन्, रक्सी र अन्य अमल पदार्थ खाएर मात्रै सुत्न सक्नेछन्। चिनेजानेका सबै माथिल्ला वा तल्ला कर्मचारीहरूले अगाडि 'नमस्ते' गरे पनि पछाडि 'यो ठूलो भ्रष्टाचारी थियो, अनियमित काम गर्थ्यो, देशको गुप्त कुरा विदेशलाई दिएर देशमाथि नै विश्वासघात गर्ने देशद्रोही हो' भन्नेछन्, कसैले 'यो विश्वासघातीको तीन पुस्ता नर्क जानेछ, यो ठूलो भवन एक दिन ढल्ने छ र यो बूढो यसैमा पुरिनेछ' भनी सराप्ने छन्, कसैले त्यसलाई 'जिउँदो लाश' भन्नेछन्।

कृष्ण, के तिमीलाई थाहा छ, त्यस्ता देशद्रोहीहरूका छोराछोरीहरू पनि या त त्यस्तै भ्रष्ट भई नरकको जीवन बिताउने छन् वा सङ्गत र पढाइले राम्रो भए पनि आफ्ना आमाबाबुका काला कर्तुतहरू थाहा पाएर बूढालाई एक्लै छोडेर जानेछन्। त्यसका खराब छोराछोरीहरू कतिले आत्महत्या गर्नेछन्, कोही त्यस्तै नराम्रा अपराधहरूमा फोहोरको कीरा जस्तै घृणित जीवन बिताउने छन् र विदेश गएपछि फर्कने नाम लिनेछैनन्। मर्ने बेलामा ती विश्वासघातीहरू पश्चाताप, अपराधबोध र धुनै नसक्ने पापको टीको लगाएर कीरा-फट्याङ्ग्रासरह गौरवहीन मृत्यु मर्छन्।

तिमीले प्रश्न गर्ने छौ 'पाप गरेर पनि आर्थिकरूपले सम्पन्न भैसकेका व्यक्तिहरू मनमा जस्तोसुकै भावना राखे पनि बाहिर त मुख खोल्दैनन् नि !' यो कुरा पनि साँचो होइन। एउटा सत्य घटना बताउँछु, तर नाउँ भने शिष्टताको कारण उल्लेख गर्दिन। हाम्रो देशको केही दैनिक उपभोग्य सामानको भाउलाई तलमाथि गर्नु उसको हातमा छ, धनको हिसाबले ऊ देशको एकजना अर्बपति वा खर्बपति होला। राति रक्सीको मातमा आफ्ना साथीहरूको माझ बर्बराउँछ- 'हामी करोडपति र अर्बपति भएर के गर्ने ? हामीलाई जनताले शोषक भनेर घृणा गर्छन्, विदेशी दलाल भनेर शत्रु सम्झन्छन्। हामीले धेरै कारखाना खोलेका छौँ। धेरैलाई काम-माम दिएका छौँ, सरकारलाई वर्षमा लाखौँ-लाख कर तिर्छौँ, सत्तामा आउने पार्टीहरूलाई चुनावमा आवश्यक चन्दा दिन्छौँ, नेता र मन्त्रीहरूलाई घरमा बोलाएर भोज खुवाउँछौँ र अनेक धार्मिक संस्था, मठ-मन्दिर र पूजा-पाठमा मनग्य चन्दा दिन्छौँ, कत्ति शैक्षिक र सामाजिक संस्थामा हामी आजीवन सदस्य छौँ, कति पत्रपत्रिका वा पत्रकारहरूलाई नियमित चन्दा दिन्छौँ, तर एक-दुईजना बाहेक ९९ प्रतिशत जनताले हामीलाई अछुतसरह व्यवहार गर्छन्, हाम्रो सम्पत्ति भएर के गर्ने ? हामीलाई त कुन दिन कालोमोसो दलेर जुत्ताको माला लगाएर घुमाउने हुन् ......... आदि आदि।'

साथी कृष्ण, तिमीले आफ्नो पत्रमा केही डरलाग्दा प्रसङ्ग पनि उठायौ, जसको मैले प्रतिवाद गर्नैपर्छ। विश्व बैंक (WB), अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF), विश्व व्यापार सङ्गठन (WTO), बहुराष्ट्रिय कम्पनीहरू, सं.रा. अमेरिका, नाटो (NATO) आदिको बढ्दै गएको प्रभावले नेपाल जस्ता स-साना र विकासशील देशहरूको कुनै भविष्य नभएको टुङ्गोमा तिमी पुग्यौ।

यो असाध्यै निराशावादी र कर्मचारी भावनाबाट पीडित मानसिकताको अभिव्यक्तिको रूपमा मैले लिएँ। हो, तिमीले भने जस्तै सं.रा. अमेरिकाले नाटोका देशहरूलाई मिलाएर एक तटस्थ देश युगोस्लाभियामाथि हमला गर्‍यो, आफ्नो इशारामा चल्ने सरकार स्थापना गर्‍यो, त्यहाँका राष्ट्रपति मिलोसेभिचलाई बल प्रयोग वा अपहरण गरी सं.रा. अमेरिकाको इच्छाअनुसार चल्ने तथाकथित 'अन्तर्राष्ट्रिय अदालत' हेगमा बन्दी बनायो, भूतपूर्व सोभियत गणराज्यहरू कब्जा गर्न र ती देशहरूका खनिज धनमाथि हैकम चलाउन, रुस र चीनमा समेत राजनैतिक दबाब दिन, दक्षिण एशिया एवं मध्यपूर्वका अरब देशहरूमाथि प्रभुत्व कायम गर्न संसारको

सबभन्दा गरिब देशमध्ये एक अफगानिस्तानमाथि हमला गऱ्यो र आफ्नो कठपुतली सरकार कायम गऱ्यो । साथै संसारलाई जनताको इच्छाअनुसार सरकार बनाउन दिन प्रजातन्त्रको वकालत गर्नेमा सं.रा. अमेरिकाको बुश प्रशासन आफैले इराकी सरकार र प्यालेस्टाइनी जनताको नेतृत्व फेर्ने हाकाहाकी घोषणा गऱ्यो ।

सं.रा. अमेरिकी साम्राज्यवादका यी सबै प्रजातन्त्र र मानव अधिकार विरोधी गतिविधि हुँदाहुँदै पनि प्यालेस्टाइन र अन्य विषयहरूमा सं.रा. अमेरिकाको प्रशासनसँग बेलायतबाहेक सबै नाटो देशहरूले फरक मत जाहेर गरे, सं.रा. अमेरिकाको कति हैकमवादी नीतिको चीन, रुस, भारत, मलेसिया, एशिया, अफ्रिका र लाटिन अमेरिकाका धेरै देशहरूले पनि विरोध गरेका छन् । त्यति मात्रै होइन प्रजग कोरिया र क्यूवा जस्ता समाजवादी देशहरूले हाकाहाकी अमेरिकी साम्राज्यवादको थिचोमिचोको विरोधमा सङ्घर्ष गर्ने हाँक दिएका छन् । यी सबै कुराले विश्व सदा एक ध्रुवीय हुनेछैन र सं.रा. अमेरिकाको एकाधिकारको विरोधमा चीन, युरोपेली सङ्घ आफै र अन्य तेश्रो विश्वका देशहरू उभिने निश्चय छ । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व व्यापार सङ्गठनको आर्थिक थिचोमिचो वा नयाँ उपनिवेशवादको कारण पनि हाम्रो देशको सार्वभौमिकता र स्वतन्त्रता नै समाप्त हुने भयो भन्ने पीर लिनुपर्ने दरकार छैन । युरोपेली देशका जनता मात्रै होइनन् अमेरिका, अफ्रिका, एशिया र ओसेनियाका देशहरू र जनताले समेत तिनीहरूको विरोधमा सङ्घर्ष गर्दैछन् ।

तिमीले उठाएको एउटा गम्भीर विषय हो- सन् २०२५ सम्ममा भारतको जनसङ्ख्या झन्डै दुई अर्ब पुग्ने छ, त्यसबेला भारतको खाद्यान्नको आवश्यकता दोब्बर हुनेछ, त्यसको निम्ति उसलाई पानीको अत्यन्त ठूलो खाँचो हुनेछ, यसकारण सन् २०१२ सम्ममा नेपालमा राजनैतिक सङ्कट ल्याएर वा अनेक सन्धि-सम्झौतामार्फत नेपालका सबै नदीनालाहरू भारतले घुमाइ-फिराइ आफ्नो नियन्त्रणमा लिनेछ । त्यस्तै निजीकरणको नाममा नेपालका सबै सार्वजनिक र निजी ठूल-ठूला उद्योगधन्दाहरू, अनि नेपालको वायुसेवा र पर्यटन उद्योगसमेत भारतीय एकाधिकार पूँजीले हात पार्ने छ, त्यसबेला नेपालको स्वतन्त्रता र सार्वभौमिकता कायम रहेको बताए पनि वा सिक्किम र भूटानको स्थितिमा देश पुगे पनि यो विषय सुखद हुने छैन ।

हो, त्यो निश्चित पनि सुखद विषय हुनेछैन, कुरो ठीकै उठायौ । पहिले वर्षौंसम्म तोप, बन्दुक, बम र आक्रमणका ठूलठूला लडाइँले जित्न नसकिने युद्ध 'प्रजातान्त्रिक आन्दोलन' नामक कूटनीतिले सोभियत सङ्घ र पूर्वी युरोपेली देशहरूलाई विखण्डन र धुजाधुजा पारे जस्तै पञ्चायतको ३० वर्षले भन्दा प्रजातन्त्र पुनःस्थापनाको उदारीकरण र १२ वर्षभित्रको निजीकरणको नाममा मुख्य मुख्य सबैजसो उद्योगधन्दा ध्वस्तै पाऱ्यो, हिजो कोशी र गण्डकीको सम्झौतामा ठगिएको कुरा गरिन्थ्यो भने आज टनकपुर, महाकाली सन्धि, लक्ष्मणपुर बाँध, रसियावाल खुर्दलोटन बाँध, बाग्मती र बक्राहामा समेत थिचोमिचोको सामना गर्दैछौँ र एक दिन ती सबै नदीनाला नेपालको हातबाट गुम्ने छ र लुफ्थान्सा र थाई हवाई सेवा आउन छोडेको हुँदा नेपालको वायुसेवा नै निजीकरणको नाममा भारतीय एकाधिकार पूँजीको हातमा पर्नेछ, अनि ठूलठूला पाँचतारे होटलहरूमा भारतीय पूँजी लगानी हुनेछ र नेपालको अर्थतन्त्र भनेको बाँकी रहने छैन भन्ने पीरमा तिमी छौ ।

तिम्रो यो चिन्ता आधारहीन छैन । तर यो त सिक्काको एक पाटो मात्रै हो अर्थात् समस्याको एकापट्टिको तस्बीर मात्रै हो । यही १०-१२ वर्षभित्र नेपालको उत्तरको छिमेकी मित्रराष्ट्र चीनको तिब्बतमा रेल आइपुग्ने छ, नेपालसँग जोडिएका सबै नाका नाकासम्म सडकहरू पुग्नेछन्, हुम्ला, मुगु, बाजुरा, कालीकोट, जुम्ला, डोल्पा, मुस्ताङ, मनाङ जस्ता दुर्गम जिल्लाहरूमा सडक जोडिने छन् वा कतै रज्जुमार्गले सम्पर्क जोड्ने छ, गोर्खा, रसुवा, सिन्धुपाल्चोक, दोलखा, सोलुखुम्बु, संखुवासभा, ताप्लेजुङ जस्ता कति मोटर नचल्ने गाउँ र जिल्लामा पनि यातायात र सञ्चार पुग्नेछन् ।

उत्तरी भेगमा मोटर चल्नु भनेको त्यस क्षेत्रको द्रुततर विकास हुनु हो र तिमीलाई थाहा छ उत्तरी भेगमा सुविधाहरू नभएको हुँदा हरेक दशकमा एक डेढ प्रतिशतले त्यहाँको जनसङ्ख्या घट्दै छ वा दक्षिणतिर बसाइँ सर्दैछ, उत्तरी क्षेत्र निर्जन हुँदैछ । तर तिब्बतको विकासको प्रभावले दक्षिणतिर बसाइँ सरेको हाम्रो जनसङ्ख्या फेरि माथि नै जान शुरु गर्नेछ । आज काठमाडौँ र तराईमा समेत भारतको भन्दा सार्है सस्तोमा चिनियाँ मालसामान बेचिँदै छ भने उत्तरका जिल्लाहरूमा बाटो खुल्दा ती ठाउँका उपभोक्ताहरूले पनि सार्है सस्तो मालसामान उपभोग गर्न पाउने छन् । दक्षिणको आवतजावत र व्यापारको दृश्य उत्तरमा देखिने छ ।

साथी कृष्ण, सरकारी नोकरीको बेला सरकार र माथिल्ला कर्मचारीहरूको दुर्व्यवहारले तिमीमाथि एक प्रकारको नकारात्मक दृष्टिकोणको विकास भएको मलाई तिम्रो पत्रबाटै अनुभव भयो । हो, साधारण जनता र राजनैतिक कार्यकर्ताहरूलाई माथिल्ला केही व्यक्तिहरूको स्वार्थको कारण भएको प्रशासनिक दुर्व्यवहार र पक्षपातले 'माओवादी' लाई

अराजकतावादी बनायो भने कत्ति मर्यादाभित्र बस्ने कर्मचारीहरूलाई सरकार, ऐन-कानून र व्यवस्थाप्रति नै अनास्था र निराशा जगाउँथ्यो, तिमी पनि त्यसैको शिकार भयौ । तर मैले अघि नै भनें त्यो त खालि तस्बीरको एउटा मात्रै पाटो हो । फोहोर नभई सफाइको कुरा आउँदैन, शोषण नभई शोषणरहित समाजको कल्पना हुँदैन तथा अन्याय-अत्याचार नभई विद्रोह र क्रान्तिको कुरा उठ्ने गर्दैन । जे होस्, संसार प्रगति उन्मुख छ, मानव सभ्यता अनेक दोष र गल्तीबाटै नागबेली बाटो लिँदै परिमार्जित हुँदै एक परिस्कृत मानव समाजमा पदार्पण गर्दैछ । वर्तमान मानव समाज अन्ततः साम्यवादी समाजमै सङ्क्रमण हुनेछ चाहे त्यसको नाम जेसुकै देऔँ । तर साँचो कुरा के हो भने त्यस्तो समाज एकैदिनमा बन्ने छैन, त्यसको निम्ति 'एक ऐतिहासिक युग' लाग्ने छ, किनभने संसारका महादेशहरू र विभिन्न देशहरूका विकासका चरणहरू असमान छन् । समाजको त्यो अवस्था विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाक्रमको कारण वा नयाँ नयाँ आविष्कारहरूको कारण ढिलो अथवा चाँडो हुनेछ किनभने बिजुलीको आविष्कारले कठिन कामहरूलाई जसरी सजिलो पाऱ्यो र उत्पादन कार्य अकल्पनीय ढङ्गले बढ्यो, त्यस्तै कम्प्युटरको विकासले वा विज्ञान र प्रविधिको नयाँ नयाँ उपलब्धिहरूले चिताउँदै नचिताएका परिणामहरू देखा पर्दैछन् । एकछिन तिम्रै नकारात्मक सोच र निराशावादी आँखाले २०-२५ वर्षपछिको देशलाई हेरौँ, देशको उत्तरी भाग भारतीय सेनाको तालिम केन्द्र बन्ने छ, भारतीय पूँजीपति वर्गको मनोरञ्जन स्थल र शिकार खेल्ने ठाउँ हुनेछ, नेपाल भारतकै एक नयाँ उपनिवेश बन्नेछ, नेपालीहरू भारतीय एकाधिकार पूँजीकै दरवान, कुल्ली, पिउन बन्नेछन् र नेपालका राष्ट्रिय पूँजीपतिहरू भारतीय पूँजीपतिहरूको दया-मायामा बाँच्ने र स-साना खुद्रा हिस्सेदारहरू हुनेछन् । 'राष्ट्रिय' राजनैतिक पार्टीहरूकै कारण नेपाल र नेपालीको अस्तित्व आर्यघाटमा सुताएको बिरामीको धुकधुकी जस्तो मात्रै हुँदैछ ।

साथी कृष्ण, तिम्रो यो अत्यन्त निराशावादी दृष्टिकोणसँग म पूर्णरूपले असहमत छु, तर महाकाली सन्धि, भृकुटी कागज कारखाना, बाँसबारी छाला तथा जुत्ता कारखाना वा अन्य सार्वजनिक उद्योगहरू निजीकरणको नाममा विदेशलाई सुम्पेको, लाउडा र चेज एयर काण्डमा राष्ट्रिय पार्टीहरूका नेताहरूको संलग्नता, जलविद्युतको सबभन्दा राम्रो सम्भावना भएको हाम्रो देशमा प्रतियुनिट ७ रुपैयाँ, चीनमा एक रुपैयाँ, श्रीलंकामा ३ रुपैयाँ, बंगलादेशमा ४ रुपैयाँ र भुटानमा ५० पैसा प्रतियुनिटको स्थिति ल्याउनमा 'राष्ट्रिय' पार्टीहरू नै जिम्मेवार देखिएका छन् । यसकारण ती 'राष्ट्रिय' पार्टीहरू र त्यसका नेताहरू आज जनताको आँखामा नैतिकताको कठघरामा उभिएका छन् । त्यति मात्रै होइन, एकआपसमा देशको दुर्गतिको कारणबारे आरोप-प्रत्यारोप पनि गरिरहेका छन् । ती सबै आफ्नै ठाउँमा छन् । तिमीले २५ वर्षपछिको नेपाललाई कालो छायाँले ढाकेको देख्यौ, मैले भने ५० वर्षपछिको नेपाललाई सार्है उज्यालो देखेको छु । तिमीले प्रस्तुत गरेका हरेक तथ्य-तथ्याङ्कलाई म सरकारी तथ्य-तथ्याङ्कै आधारमा देशको उज्वल भविष्य देख्छु ।

२००७ सालमा नेपालमा ५० जना डाक्टरहरू थिए भने आज नेपालमा २६०० डाक्टरहरू छन्, यसको अर्थ हो-झन्डै ९००० जनतामा एक डाक्टर उपलब्ध छ । २००७ सालतिर १ लाख ७० हजार जनतामा एक डाक्टर थियो । आज नेपालमा ८।९ ओटा मेडिकल कलेजहरू छन् र सालाखाला ती कलेजहरूले वर्षमा ४०० भन्दा बढी नेपाली डाक्टरहरू सेवामा पठाउने छन् र विदेशबाट अध्ययन गरी फर्केका ५०।६० जना डाक्टरहरू हामीसँग हुनेछन् । मेडिकल कलेजहरू पनि बढ्ने छन् । त्यसबेला नेपालको जनसङ्ख्या ४ करोड नाघे पनि हामीसँग प्रतिहजार जनसङ्ख्यालाई एक डाक्टरको सेवा उपलब्ध हुनेछ । यो त स्वाभाविक वृद्धि मात्रै हो । समयको गतिले हामीलाई प्रतिहजार होइन प्रति ५,०० जनसङ्ख्यामा एकजना डाक्टर उपलब्ध हुनेछ ।

५० वर्ष अगाडि नेपालमा ५।७ ओटा मात्रै अस्पतालहरू थिए भने अहिले हामीसँग साना-ठूला १२० अस्पतालहरू छन्, ५,००० बिरामीका शय्याहरू छन् । यसमा पनि द्रुततर प्रगति हुने कुरामा शङ्का छैन ।

डाक्टरहरूको र अस्पतालको सङ्ख्यामा हुने वृद्धि तथा स्वास्थ्य चेतनालाई ध्यान दिई आजका कत्ति स्वास्थ्य केन्द्रहरू अस्पतालमा उन्नति हुनेछन् र हरेक अञ्चलमा एउटा एउटा अत्याधुनिक स्तरीय अस्पतालहरू भइसक्ने छन् । त्यसबेला सबै रोगीहरू काठमाडौँ वा भारतका अस्पतालहरूमा धाउने छैनन् ।

तिब्बतबाट उत्तरका जिल्लाहरूमा सडक र आवतजावत भैसक्ने हुँदा आजका उत्तरका सदरमुकामहरू मात्रै होइनन्, अन्य गाउँबस्तीहरूसमेत सहर-बजारको रूपमा विकास हुनेछन् । हुम्ला, मुगु, डोल्पा, कालीकोट, जुम्ला जस्ता हेलिकप्टर र हवाईजहाजबाट खाद्यान्न पुऱ्याउनु पर्ने दुर्गम जिल्ला र गाउँ-ठाउँमा कृषि महाविद्यालय र फलफूल एवं पशुपालनका अनुसन्धान संस्थाहरूको स्थापना हुनेछ र ती जिल्लाहरू आत्मनिर्भर भैसक्ने छन् । जुम्लाका जस्ता व्यावसायिक स्कूलहरू जिल्ला जिल्लामा स्थापित भैसक्ने छन् । त्यसमध्ये कत्ति महाविद्यालय र पश्चिमाञ्चल

विश्वविद्यालयको रूपमा विकास भैसक्ने छन् ।

सडक निर्माणले बाढी-पहिरोको सम्भावना भएको हुँदा मोटर बाटोको सट्टा रज्जुमार्गले जिल्ला र गाउँहरू जोडिने छन्, गाउँगाउँका स-साना खोल्सा र एक घट्टको पानी ढलले पनि स्थानीय विद्युत उत्पादनमा योगदान पुऱ्याएको देख्ने छौँ ।

तिमीले भनौला हाम्रो जनसङ्ख्या ५३ प्रतिशत मात्रै साक्षर छन्, ५० वर्षमा के पो प्रगति गर्न सकिएला ! तर ५० वर्ष अगाडि अर्थात् २००७ सालमा २।४ प्रतिशत मात्रै साक्षर थिए, झन्डै ३०० जना मात्रै स्नातक र ४-५ जना मात्रै इञ्जिनियर थिए । आज ५० वर्षपछि हामीसँगै झन्डै ३,००० इञ्जिनियरहरू छन्, १९-२० ओटा सरकारी र निजी इञ्जिनियरिङ्ग कलेजहरू छन्, ५ ओटा विश्वविद्यालयहरू पनि छन् र ५३ प्रतिशत जनता साक्षर भैसकेका छन् ।

५० वर्ष अगाडि हामीसँग जम्मा ३७६ किलोमिटर बाटो थियो, जनकपुर, जयनगर तथा रक्सौल-अमलेखगञ्जको गरी २ ओटा रेल्वे तथा भैँसेलोटन-टेकुको एउटा रोपवे थियो । आज हामी कहाँ ७,००० किलोमिटर भन्दा बढी लामो सडक बनिसकेको छ । त्यसमध्ये ४१ प्रतिशत कालोपत्र भइसकेको छ । त्यस हिसावले सालाखाला वर्षको नेपालले १४० किलोमिटर सडक निर्माण गऱ्यो । वास्तवमा यो ढिलो प्रगति हो, तर यही चाललाई नै हामीले हाम्रो प्रगतिको मापदण्ड बनायौँ भने ५० वर्षपछि अर्को ७,००० किलोमिटर लामो सडक बन्ने छ । त्यसबेला आज सडक नपुगेका अनेक गाउँ, जिल्ला वा सदरमुकाममा सडक वा रज्जुमार्ग पुगिसकेको हुनेछ ।

विक्रम सम्वत २१०९ पछि अर्थात् सन् २०५२ सम्ममा नेपालको नक्सा धेरै फेरिसक्ने छ । हवाईजहाजबाट बलौटे र खैरो देखिने नेपालको दक्षिणी नदीनालाको बगरको भाग पूरै हरियो हुनेछ, उत्तरका हाम्रा जिल्लाहरूमा रज्जुमार्ग र बिजुलीका तारहरूले मानव जीवनको सङ्केत दिनेछन् र हिमाली क्षेत्र पर्यटकहरूको गन्तव्य स्थलहरू बन्नेछन् ।

त्यसबेला चिनियाँ पर्यटकहरूबाहेक वर्षको १५ लाखभन्दा बढी पर्यटकहरू नेपालको भ्रमणमा आउने छन् ।

उत्तरी क्षेत्र जडीबुटी, फलफुल, माछा र पशुधनको प्रशोधन र उत्पादनको महत्त्वपूर्ण केन्द्र बन्ने छ, त्यसैअनुसार प्रयोगशाला, उद्योग र व्यापारको पनि क्षेत्र बन्ने छ ।

नेपाली जनतामा देशको स्वतन्त्रता र सार्वभौमिकताको चेतना जागृत भैसकेको तथा आलोचनात्मक दृष्टिकोणको समेत विकास भैसकेको हुनाले तथा उत्तरमा चीनको उपस्थितिले नेपालको उत्तरी भाग भारतको सैन्य तालिम केन्द्र हुने कुरा असम्भव हो । अत्याधुनिक हातहतियारको निर्माणले समेत त्यस स्थितिको सम्भावना अहिले छैन ।

लुम्बिनी र जनकपुर जस्ता हाम्रा तीर्थस्थलहरू त धार्मिक र सांस्कृतिक पर्यटनको गन्तव्य क्षेत्रहरू बन्नेछन् । यी क्षेत्रहरूमा पुरातत्त्व, भाषा र संस्कृति तथा पर्यटनसम्बन्धी अध्ययन केन्द्रहरू बन्नेछन् । जिल्ला-जिल्लामा कृषि विद्यालय र महाविद्यालयहरूको विकास हुनेछन् । तराई क्षेत्रहरूमा आजको पूर्व-पश्चिम राजमार्ग जस्तै ट्रलीबस र विद्युतले चल्ने रेलहरू चल्नेछन् ।

कृष्ण, तिमीले पुनः थप प्रश्न उठाउने छौ- नेपालको कला-संस्कृति, भाषा र साहित्य विदेशी सांस्कृतिक आक्रमणको अगाडि टिक्ने छैनन् वा बिटुलिने छन् । तर व्यवहारले हामीलाई भिन्नै परिणाम देखाएको छ, बेलायतको ४०० वर्षको पूँजीवादको विकासले र संसारमाथि राजनैतिक र आर्थिकरूपले विजय प्राप्त गर्ने बेलायतले त्यही देशका विभिन्न क्षेत्रका भाषा र संस्कृतिलाई मेटाउन सकेन, सोभियत सङ्घ र पूर्वी युरोपेली समाजवादी व्यवस्थाको ५०।६० वर्षको शासन कालमा त्यहाँका जनताका विविध भाषा र संस्कृति कायमै रह्यो भने केही हजार जनसङ्ख्या भएको जिप्सी जस्ता घुमन्ते जाति पनि सक्रिय छन् । एक-डेढ सय वर्षको साम्राज्यवादी आक्रमण र उपनिवेशवादी व्यवस्थाले पनि चीन, भारत, कोरिया, भियतनाम, लावस, कम्बोडिया, बर्मा, श्रीलंका आदि देशको भाषा, साहित्य र संस्कृतिलाई मेटाउन सकेन भने नेपालका भाषाहरू, साहित्य र संस्कृतिलाई विदेशी सांस्कृतिक आक्रमणले पराजित गर्न सक्नेछैन र बिटुल्याउन सक्नेछैन, बरु हाम्रो भाषा, साहित्य र संस्कृतिको संरक्षण र सम्बर्द्धनमा नयाँ नयाँ विज्ञान र प्रविधि उपयोग गरिने छ । नेपाल विश्व व्यापार सङ्गठनको सदस्य भएपनि, चीन, भारत वा अन्य तेस्रो मुलुकका ठूलठूला देशहरू पनि त्यसमा सदस्य भैसक्ने र हुँदै जानाले त्यसका नियमहरूमा पनि परिमार्जन आउने छ र कुनै एक देशको आर्थिक र व्यापारिक थिचोमिचोको सम्भावना पनि कम हुँदै जानेछ । साथै नेपालले आफ्नो हावापानीअनुसारको जैविक र कृषि उत्पादनमा जोड दिनेछ तथा चीन र भारत जस्ता विशाल छिमेकीहरूसँग नभएका हलुका वस्तुहरूको उत्पादनमा विशेषता हासिल गर्नेछ ।

फेरि तिमीले प्रश्न गर्ने छौ- वर्तमान सङ्कटकाल र गृहयुद्धले देश ध्वस्त हुनेछ, एड्स, हेपाटाइटिस्, मेनेन्जाइटिस जस्ता रोगव्याधीहरूले वर्षको लाखौँ जनता मृत्युको मुखमा पर्नेछन् । साथी, यसबारे पनि हामीले बढी चिन्ता लिएर हात खुट्टा छोड्नु पर्ने स्थिति आउँदैन । बढ्दै जाने स्वास्थ्यकर्मी, स्वास्थ्यसम्बन्धी अनुसन्धान र सफलताको वृद्धि तथा उपचार

विज्ञानको नयाँ नयाँ उपलब्धिहरूले आज देखा नपरेका रोगहरूको विरोधमा समेत लड्ने क्षमता हाम्रो देशले बढाइ सक्ने छ। यसको एक उदाहरण क्षेत्रफल र जनसङ्ख्या नेपालभन्दा सानो देश क्यूवा हो। क्यूवामा आज प्रति १६७ जनसङ्ख्यालाई एकजना चिकित्सक उपलब्ध छ र विकसित देशहरूको दाँजोमा चिकित्सा सेवा उपलब्ध गराएको छ। वर्तमान 'माओवादी' अराजकतावादी गतिविधिको कारण एकातिर सरकार र प्रशासन, अनि जिल्ला र गाउँका जालीफटाहा र शोषकहरूका स-साना स्वार्थलाई हेरेर सिधा-सादा जनतालाई थिचोमिचो गरी सीमा नाघ्दा हुने दुष्परिणामबाट सचेत भैसक्नेछ, सरकारको विकास रकम लक्षित क्षेत्र र समूहमा पुऱ्याउने कार्यमा गम्भीर हुनेछ, जनता र राजनैतिक पार्टी, नेता र कार्यकर्ताहरूलाई अझ बढी संवेदनशील र सिद्धान्तनिष्ठ बनाउने छ। साथसाथै देशको प्रहरी, सेना, प्रशासन र अन्य सुरक्षा निकायहरू पनि फूर्तिला र यथार्थवादी बनी सक्नेछ।

देशको जनसङ्ख्याको अत्यन्त ठूलो भाग अर्थात् २५।३० लाख काठमाडौँ उपत्यकामा केन्द्रित भई वातावरण प्रदूषित हुने जुन सम्भावना तिमीले पत्रमा देखायौ त्यो पनि छलफलको विषय हो। निराशै हुनुपर्ने वा परिस्थितिको अगाडि आत्मसमर्पण गरिहाल्नु पर्ने स्थिति भने अवश्य होइन।

अञ्चलहरू र जिल्लाहरूको सन्तुलित विकासको नीतिको २।४ वर्षभित्रै काठमाडौँतिर ओइरिने प्रवृत्ति स्वतः निस्तेज हुनेछ। काठमाडौँ उपत्यकामा केन्द्रित उद्योगधन्दालाई व्यवस्थित रूपले विभिन्न जिल्ला र अञ्चलमा विकेन्द्रित गर्दा कामको निम्ति विभिन्न जिल्लाबाट ओइरिने जनता देखापर्ने छैनन्, स्वास्थ्य सेवा, उच्च शिक्षाको सहुलियत र अन्य क्षेत्रका सुविधाहरू तथा विकास बजेटको २०।३० प्रतिशत गर्दै क्रमशः ५० प्रतिशत स्थानीय निकायलाई जिम्मा दिँदै जाँदा आजको समस्या भोलि देख्नुपर्ने छैन। जिल्लाले नै डाक्टर, इञ्जिनियर, शिक्षक वा अन्य आवश्यक श्रमशक्तिको निम्ति छात्रवृत्ति प्रदान गर्दा जिल्लाका अस्पताल, स्कूल र कार्यालयहरूमा डाक्टर, शिक्षक वा प्राविधिक व्यक्तिहरू खाली हुने छैनन्। तिमी फेरि अर्को अङ्को तेर्स्याउने छौ- हाम्रो देशको ६० प्रतिशत जनता गरिबीको रेखामुनि छन्, मानव विकास प्रतिवेदन-२००२ अनुसार नै भोकबाट संसारका सबै जनतालाई आजकै गतिमा मुक्त गर्ने हो भने १५० वर्ष लाग्नेछ। यसकारण सबै नेपाली जनतालाई भोकबाट मुक्त गर्न नेपालकै प्रयासले डेढ सय वर्ष लाग्ने छ।

साथी कृष्ण, तिम्रो त्यो अनुमान पनि गलत हो। यो प्रश्न देशको राजनैतिक व्यवस्थासँग सम्बन्धित छ। ४०।५० वर्षदेखि नाकाबन्दीमा परेका क्यूवा र प्रजग कोरिया ४५।५० वर्षभित्र भोकबाट सबैलाई मुक्त पार्न सफल भए। ५० वर्षभित्र ठूलठूलो प्रगति हुनसक्छ भन्ने कुरा क्षेत्रफल र जनसङ्ख्यामा नेपालभन्दा सानो देश प्रजग कोरिया र क्यूवाको उदाहरण हामीसँग छ। कोरिया मुक्त हुँदा सीसाकलमको एउटा कारखाना पनि थिएन र पहिलो विश्वविद्यालय स्थापना गर्दा तीन जना प्राध्यापकहरू मात्र थिए। क्यूवाको क्रान्तिपछि सं.रा. अमेरिकाले सबैजसो डाक्टरहरू र विशेषज्ञहरू अमेरिका भगाएका थिए। तर ती दुवै देशले आफ्नै देशका जनताको खुट्टामा उभिएर प्रगति गरे। नेपाल, प्रजग कोरिया र क्यूवाको तुलना गरेमा हामीमा समयमै ती दुवै मित्रराष्ट्रहरूले भन्दा छिट्टै प्रगति गर्ने आँट आउने छ।

नेपालको क्षेत्रफल १ लाख ४७ हजार १८१ वर्ग किलोमिटर छ र प्रजग कोरियाको १ लाख २२ हजार ७६२ वर्ग किमि छ भने क्युवाको १ लाख १० हजार ९ सय २२ वर्ग किमि छ। त्यस्तै नेपालको जनसङ्ख्या २ करोड ३१ लाख छ, प्रजग कोरियाको २ करोड छ भने क्युवाको १ करोड १० लाख छ। नेपालमा अहिले २६०० डाक्टर छन् प्रजग कोरियामा २०,००० अर्थात् १०० जनामा एकजना डाक्टर छन् र क्युवामा ५४ हजार डाक्टर सेवारत छन्। नेपालमा इन्जिनियर ३००० छन् प्रजग कोरियामा २० लाख र क्युवामा १० लाख स्नातक र प्राविधिक छन्। नेपालमा बाल मृत्युदर १००० मा ९.४ छ भने क्युवामा ६.४ मात्र। नेपालको जनताको औसत आयु ५८ छ भने प्रजग कोरियाको ७५.५वर्ष छ। नेपालको साक्षरता ५३ प्रतिशत छ, प्रजग कोरियाको ९० प्रतिशत र क्युवाको ९८ प्रतिशत छ।

नेपालको कुनै देशसँग प्रत्यक्ष शत्रुता नभएको तथा धेरै मित्रराष्ट्रहरूको सहानुभूति पनि हामीसँग रहेको हुँदा नेपालको भोकमरीलाई उन्मूलन गर्न क्रान्तिकारी भूमिसुधार, जिउन लायकको ज्याला, सरकारले नेपाली उत्पादन र कुटीर व्यवसायको उत्पादन र प्रयोगमा प्राथमिकता दिनेछ, सीपमूलक र अनिवार्य प्राथमिक शिक्षा जस्ता नीतिहरू लागू गर्दा डेढ सय वर्षमा होइन २० वर्षमा देशको तस्बिर फेरिँदै जानेछ र ५० वर्षमा त नेपालको नक्सा नै फेरिने छ तथा नेपाली जनताको जीवनशैलीमा ठूलो परिवर्तन आउने छ। अहिले झन्डै ५० लाख छात्रछात्राहरू अध्ययनरत छन्। क्यूवा र प्रजग कोरियाको एक तिहाइ जनता अध्ययनरत छन्। अर्थात् ५० वर्षमा नेपाल एक शिक्षित, सुसंस्कृत, वैज्ञानिक खेती र एक उद्योगमुखी देशमा परिणत हुनेछ।

तिम्रो शुभचिन्तक मित्र

साउन २०५९

# अध्यक्ष बिजुक्छेँद्वारा चियाङ चमिनको निधनमा राष्ट्राध्यक्ष सीलाई समवेदना सन्देश



चियाङ चमिन

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले चिनियाँ कम्युनिस्ट पार्टीका पूर्वमहासचिव एवं जनगणतन्त्र चीनका पूर्वराष्ट्राध्यक्ष कमरेड चियाङ चमिनको दुःखद निधन भएकोमा चिकपाका वर्तमान महासचिव एवं चीनका राष्ट्राध्यक्ष सी चिनफिङलाई मङ्सिर १९ गते एक सन्देश पठाई नेमकिपा र नेपाली जनताको तर्फबाट समवेदना प्रकट गर्नुभएको छ ।

चीनका पूर्वराष्ट्राध्यक्ष चियाङको नोभेम्बर ३०, २०२२ का दिन ९६ वर्षको उमेरमा निधन भएको हो ।

सन्देशमा अध्यक्ष बिजुक्छेँले अगाडि उल्लेख गर्नुभएको छ, 'हामी गौरवपूर्वक कमरेड चियाङ चमिनलाई एक प्रतिभाशाली नेता, कम्युनिस्ट योद्धा र सच्चा मार्क्सवादीको रूपमा सम्झना गर्दछौँ । उहाँले आफ्नो जीवनकाल र कार्यकालमा समाजवादको निर्माण, चीनलाई एकताबद्ध राष्ट्र बनाउन तथा वैचारिक, सांस्कृतिक र प्राविधिकरूपमा आधुनिक समाजवादी देश बनाउन गर्नुभएको ठूलो योगदानलाई चिनियाँ जनताले सधैँ आफ्नो मनमस्तिष्कमा राख्नेछन् । कमरेड चियाङको ७० वर्ष लामो क्रान्तिकारी सङ्घर्ष सबैका लागि र अझ विशेषगरी नयाँ पुस्ताका लागि प्रेरणादायी रहेको छ । उहाँ कम्युनिस्ट आदर्शप्रति निष्ठावान रहनुभयो, पार्टीप्रति बफादार रहनुभयो र पार्टी तथा जनताको लक्ष्यप्रति अटलरूपमा प्रतिबद्ध रहनुभयो ।'

'नेपाली जनताले कमरेड चियाङलाई एक सच्चा मित्र र नेपालको एक सच्चा शुभचिन्तकको रूपमा सम्झना गर्दछन् । उहाँले दुई देश र जनताबीचको मित्रता बलियो पार्न अत्यन्त महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभयो र प्राचीनकालदेखि नेपालको सच्चा मित्र र छिमेकीको रूपमा रहेको चीन र नेपालबीचको सहयोगात्मक सम्बन्धलाई थप उचाइमा पुर्‍याउनुभयो ।'

'कमरेड चियाङको निधनको दुःखद घडीमा नेपाल मजदुर किसान पार्टी शोकसन्तप्त परिवारजनमा र चिनियाँ कम्युनिस्ट पार्टीका समस्त कमरेडहरूमा हार्दिक समवेदना प्रकट गर्दछ । नेपाली जनताको तर्फबाट हामी दिवङ्गत कमरेड चियाङ चमिनप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौँ । शोकसन्तप्त परिवार, चिनियाँ कम्युनिस्ट पार्टी र चिनियाँ जनता शीघ्र नै शोकलाई शक्तिमा बदल्न सफल हुने विश्वास व्यक्त गर्दछौँ ।'

# पुष्पगुच्छा चढाएर श्रद्धाञ्जली

कमरेड चियाङ चमिनको निधनमा मङ्सिर २० गते नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवाल, केन्द्रीय सदस्य सुनिल प्रजापति र सुरेन्द्रराज गोसाईले कमरेड चियाङ चमिनको निधनमा चिनियाँ राजदूतावास पुगेर का. चियाङ चमिनको तस्बिरमा पुष्पगुच्छा चढाएर श्रद्धाञ्जली प्रकट गर्नुभएको थियो ।










श्रद्धाञ्जली प्रकट गर्नुहुँदै क्रमशः का. सुवाल, का. प्रजापति र का. गोसाई ।

# बासिबियाँलो





एउटैजस्तो देखिए पनि दुई चित्रमा केही फरक छन्, फेला पारेर चिनो लगाउनुहोस्।



चित्रको माथि दिइएकाजस्तै वस्तुहरू कहाँ कहाँ छन्?

(चित्र : इन्टरनेट)

सगरमाथा टिभीको अन्तरवार्ता

# 'नेका, एमाले र माओवादी एउटै पदचापमा हिँडिरहेका छन्'



*(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको सगरमाथा टेलिभिजनको 'सगरमाथा विशेष' का विनोद त्रिपाठीसँग २०७९ मङ्सिर १४ गतेको अन्तरवार्ताको सार संक्षेप)*

**१) चुनावी मत परिणामलाई कसरी लिनुभएको छ ?**

शासक दलहरू सिद्धान्तहीन गठबन्धन गरेर चुनाव लडे। चुनावी मत परिणाम अनुसार केही नयाँ दलहरू आएका छन्। यसर्थ विगतको भन्दाकेही फरक रूपमा लिन सकिन्छ। जनता राजनैतिक रूपमा सचेत नभएसम्म यस्तै परिणाम आउँछ। अहिले नयाँ नयाँ दलहरू अगाडि आइरहेका छन्। यो शासक राजनीतिक दलहरूप्रति जनताको वितृष्णा हो। जनताको आशाअनुसार काम गर्न नसक्दा जनताले असन्तोष व्यक्त गरेको देखिएको छ। जसरी सामन्तहरूले बुढा घोडाहरू हटाएर नयाँ फेरिरहन्छन्, पूँजीवादी व्यवस्थामा पनि जनताले नयाँ नयाँ नेतृत्वको आशा गर्नु स्वाभाविक हो। चुनाव घोषणापत्रको लडाइँ हुनुपर्ने हो। तर नेपालमा यस्तो हुन सकिरहेको छैन। अहिलेको चुनाव पैसावाल, गुन्डागर्दी गर्नेहरूले चुनाव जित्ने भएको छ। व्यक्ति फेरिए पनि पूँजीवादी अवस्थाबाट आमूल परिवर्तनको सम्भावना छैन।

**२) यो चुनावले ठूला दललाई कस्तो पाठ सिकायो ?**

जनता हिजोका जस्ता छैनन्। राजनीतिक दलले जे गर्यो त्यो मान्ने पक्षमा जनता छैनन् अहिले। राजनीतिक दल भनेको वर्ग, विचार, जात र धर्मको आधारमा स्थापना हुने गर्छ तर अहिले विचार र सिद्धान्त विना स्वतन्त्र प्रति आकर्षित हुनु आश्चर्यको विषय हो। जनता परिवर्तन चाहन्छन् भन्ने कुरा यो चुनावले शिक्षा दिएको छ। जनताको आधारभूत आवश्यकतालाई शासक दलहरूले सम्बोधन गर्न नसक्दा जनताले गरेको खबरदारीको रूपमा यसलाई लिनु उचित हुनेछ।

**३) नयाँ सरकार गठनसँगै नेपालले भारत र चीनसँगको समदूरी सन्तुलित गर्न सक्छन् ?**

नेपालको सरकार गठन हुनुपूर्व नेपालका नेताहरूको भ्रमण दिल्लीमा हुने गर्छ। हाम्रो राजनीतिको छलफलको केन्द्र दिल्ली हुँदै आएको छ। राष्ट्रपति कसलाई बनाउने भन्ने कुरा दिल्लीमै सल्लाह गरेर आउँछन्, यहाँ औपचारिकतामात्र निभाउने गर्छन्। अहिले भारतीय राजदूत भइसकेका रन्जित रेले एउटा पुस्तक प्रकाशन गरेको छ। त्यस किताबमा तत्कालीन गृहमन्त्री विमलेन्द्र निधिले आइजीपी नियुक्ति गर्दा कसलाई नियुक्ति गर्दा राम्रो होला भनी सल्लाह लिएको कुरा उल्लेख गरेको छ। आइजीपी एकजना नियुक्ति गर्न भारतको सल्लाह लिने नेताहरूले अरू विषयमा कसरी अगाडि बढे होलान्। सजिलै अनुमान गर्न सकिने विषय हो।

भारत नेपालमा अस्थिरता चाहन्छ। कमजोर सरकार भएपछि अस्थिर हुन्छ। बलियो सरकार आउने बित्तिकै कालापानी, लिपुलेक, लिम्पियाधुराको नक्सा पास भयो। नेपालमा सरकार कमजोर भएकै समयमा भारतले नेपालको प्राकृतिक स्रोत, नदीनाला लिएको हो। सबै कुरामा भारतनिर्भर हुँदा हामी कमजोर हुँदै गयौं। नेपालको सिमानामा कुनै न कुनै किसिमबाट सुरक्षा गर्नु पर्छ, सके सिमेन्टको पर्खाल नभए तारबार वा काँडेबार बनाउन भए पनि पहल गर्नुपर्छ। तर त्यति पनि यो सरकारले गर्नसकेको छैन।

**४) भारतबाट हत्या, हिंसा, विकृति विसङ्गतिहरू भित्रिएको छ, यस्तो हुन नदिन भारत सरकारसँग नेपाल सरकारले नै पहल गर्नुपर्ने होइन र ?**

एकजना लेण्डुप दोर्जे हुँदा सिक्किम भारतमा विलय गरायो। अहिले नेपालका शासक दलका नेताहरू साराका सारा लेण्डुप दोर्जे जस्तै छन्। देशघाती एमसीसी र नागरिकता विधेयकको विरोध गर्ने संसद्मा नेमकिपाबाहेक अरू कोही छैनन्। यही काम ठूला दलले गरेको भए देशकै हित हुन्थ्यो। नागरिकता विधेयक शासक दलको समर्थनमा पारित हुनु भनेको देशलाई सिक्किमीकरणको बाटोतिर लान खोजेको प्रष्ट छ।

**५) भारतसँग समन्वय गर्ने सवालमा विभिन्न सरकार प्रमुखको तुलनामा केपी ओली अरूको**

**तुलनामा प्रष्ट हुन् । के यो साँचो हो ?**

२०५३ सालमा भएको महाकाली सन्धि केपी ओलीजीकै प्रयासले भएको हो। महाकाली सन्धि भएपछि पश्चिमबाट सूर्य उडाउनेछ, वर्षको १ खर्ब २० अर्ब रूपैयाँ आम्दानी हुनेछ, नेपाली जनताको जीवनस्तर कायापलट हुनेछ, हामीले अब तारबाट होइन स्याटलाइटबाट बिजुली बेच्छौँ भनी उहाँले भन्नुभएको कुरा जनताले बिर्सेका छैनन्। २०५७ सालदेखि २०७९ साल त्यो किन भएन त। चुच्चे नक्सा पास हुनु सकारात्मक छ तर महाकाली सन्धिको घाउ कसैले बिर्सेको छैन। भारतमा जनसङ्ख्या वृद्धि हुनु भनेको नेपालको निम्ति समस्या हो। कृषि प्रधान देशमा एउटा मल कारखाना खोल्न सकेको छैन भने यसतो सरकारप्रति जनताले के आशा गर्न सकिन्छ र ?

**६) अहिलेको सत्ता समीकरणबाट कस्तो खालको सरकार बन्ला ?**

सिद्धान्तहीन, विचारहीन गठबन्धनले देशलाई सही ठाउँमा लाँदैन। अस्थिर सरकारसँगै सांसद किनबेचको घटना बढ्छ। प्रधानमन्त्री भनेको ३ करोड जनताको नेता हो। देशको सर्वोच्च शक्ति प्रधानमन्त्रीको हातमा हुन्छ। संसदीय व्यवस्थामा प्रधानमन्त्रीसँगै संसद विघटनको अधिकार हुन्छ। तीन करोड जनताको अधिकार अदालतमा सुम्पने काम शासक दलहरूले गरेको छ जुन गलत छ। संसारमा कही नभएको जस्तो अदालतले राष्ट्रपतिको नाउँमा प्रधानमन्त्रीलाई सपथ गराउनु परमादेश दिनु राम्रो होइन। जनतामा निहीत सार्वभौमसत्ता अदालतको नियन्त्रणमा जानु हो।

**७) समानुपातिक प्रणालीले गर्दा एउटै दलले बहुमत ल्याउन कठिन भयो भन्छ । समानुपातिक प्रणालीलाई स्थायी राजनीति मान्न सकिन्छ कि सकिन्न ?**

प्रजातन्त्र भनेको विचारको प्रतिस्पर्धा हो। तीन प्रतिशत नआएको दललाई राष्ट्रिय पार्टीको मान्यता नदिने, डेढ प्रतिशत नआएकोलाई प्रदेशमा मान्यता नदिने अप्रजातान्त्रिक छ। पञ्चायती व्यवस्थामा एकदलीय शासन व्यवस्था थियो। तर, अहिले तीनप्रतिशत नआएका पार्टीहरूलाई बोल्न नपाउने गरी निषेध गरिदिएको छ। नेमकिपालगायतका तीन प्रतिशत नआएको पार्टीहरूलाई निषेध गरिएको छ। तीन प्रतिशत नआएको दलको मत शासक दलले लिने कुरा गलत छ। यो मतको डकैती हो र लुट हो। भनिन्छ 'पूँजीवादी प्रजातन्त्र भनेको हुने खानेको निम्ति स्वर्ग हो र गरिब जनताको निम्ति नर्क हो।' यसको हामी निरन्तर विरोध गर्छौं।

**८) कम्युनिष्टप्रति जनताको विश्वास जित्यो कि**

रातो लुगा लगाउँदैमा कम्युनिष्ट हुँदैन। नेपाली काङ्ग्रेस, एमाले, माओवादी एउटै पदचापमा हिँडिरहेका छन्। कम्युनिष्टहरूको सिद्धान्त र व्यवहारमा एकरूपता हुनुपर्छ। तर, अहिले त्यस्तो छैन। कम्युनिष्टको लक्ष्य समाजवाद हुँदै साम्यवादमा जाने हो। आफूलाई कम्युनिष्ट दाबी गर्नेहरूकै ठूल्ठूला निजी कलेज, नर्सिङ होम र अस्पतालहरू छन्। यस्ता नक्कली कम्युनिष्टलाई जनताले चिन्न थालेका छन्।

**९) निर्वाचनबाट चुनिएका नयाँ शक्ति अथवा दलहरूको स्थायित्वको बारेमा तपाईं के भन्नुहुन्छ ?**

नयाँ दलहरू अहिले परीक्षणकै क्रममा छन्। निरन्तर जनताको सेवा गर्न सके जनताको विश्वास कायम राख्न सकिन्छ। सिद्धान्तमा खेलाँची गर्नु भनेको हिमालयमा चिप्लेटी खेल्नु हो भन्ने भनाइ विर्सनु हुन्न। अहिले सिद्धान्त र विचारमा प्रतिबद्ध कार्यकर्ता तथा नेताको खाँचो छ। जनताले नयाँ नयाँ विकल्पहरू खोजिरहेका छन्। आगामी ५ वर्ष राजनैतिक अस्थिरता र विकृतिहरू जनताले भोग्नु पर्नेछ।

**१०) नेमकिपाको अहिलेको राजनैतिक अवस्थाबारे बताइदिनुस् ?**

नेमकिपाले देशैभरि उम्मेदवारी दिएको छ। इमानदार मान्छे चयन गर्नेको लागि उपयुक्त विकल्प नेमकिपाको उम्मेदवारी हो। निर्वाचन नेपाली जनताको राजनैतिक चेतनास्तर नाप्ने ब्यारोमिटर हो। यदि जनता राम्रैसँग सचेत भइसकेको भए नेमकिपाको जित निश्चित थियो। जनताले हामीलाई विश्वास गरेको ठाउँमा हामीले देशकै लागि उदाहरणीय काम गरेका छौँ। भक्तपुरमा हामीले जितेका छौँ। हामीले त्यो ठाउँको सन्तुलित विकास गरेर जनताको सेवा गरिरहेका छौँ। अन्य ठाउँमा पनि जनताले हामीलाई जिताएको खण्डमा हामीले भक्तपुरमा जस्तै शिक्षा, स्वास्थ्यलगायतका विषयमा विकास गरी जनतालाई सुविधा दिने थियौँ। भक्तपुर नपाको सवालमा हामीले शैक्षिक ऋण, गरिबको निम्ति छात्रवृत्ति, सहज स्वास्थ्य सेवा प्रदान, घरदैलो नर्सिङ सेवा सञ्चालन आदिमा जोड दिएका छौँ।

**११) भक्तपुरले जस्तो राम्रो काम अरूले किन गर्न नसकेको हो ?**

पहिलो कुरा भ्रष्टाचार नियन्त्रण हो। कर्मचारी इमानदार हुनुपर्छ र जनताको सेवा गर्ने भावनाबाट प्रेरित हुनुपर्छ। भक्तपुर नपाले देशैभरिका विद्यार्थीलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गरिरहेको छ। शिक्षा क्षेत्रमा यो भन्दा बढी ठूल्ठूला महानगरपालिका र नगरपालिकाहरूले गर्नसक्ने काम हो।



# समालोचनाया सिद्धान्त

## (समालोचनाया सिद्धान्त-९)

– प्रो. माणिकलाल श्रेष्ठ




## प्याखं (नाटक) – न्हापा व आ

काव्य साहित्यया दक्कोसिबे पुलांगु प्रकारमध्ये छगू प्याखं (नाटक) खः। कविता नापनापं हे वा छुं भति लिउ प्याखं साहित्यया विकास जुगु खः। प्राचीन ग्रीसे निदोदँ न्ह्यो हे **एरिस्टोटल**या 'काव्य शास्त्र' सफुलिं ग्रीसया नाटकया विश्लेषण याये धुंकूगु खः, धायेबेले नाटक वयासिकं पुलां। ग्रीसं **होमर** थें जोह्म कवि जक पिकागु मखु, **एस्काइलस, सोफोल्क्स्** व **युरिपिडिज** थें जोपिं नाटककारपिं नं निदोदँ मयाक न्ह्यो हे पिकाये धुंकूगु खः। रोमे नाटक साहित्य विकास जूगु व **सेनेका** थें जोह्म नाटककार पिहाँ वोगु ग्रीक काल सिकं भचा जक लिपा खः। संस्कृत साहित्ये सोसा आ तके सिउगुली दकले पुलांगु नाटक **'स्वप्नवासवदत्ता'** नं भिंगुसः दँ न्ह्योयागु खः। चीने गुबलेसंनिसें प्याखं ह्मिमता क्यनेगु चलन वल सिइके थाकु, तर अनया साहित्ये दकले पुलां पुलांगु प्रकार मध्ये छगू नाटक खः, म्ये व प्याखं नापं वनीगु ओपेरा विश्वे दकले अपो विकास जूगु व शायद दकले न्हापां पिहाँ वोगु चीने खः। नेपाल भाषा साहित्ये नं प्याखंया परम्परा थुलि दु कि थाय् थासे त्वा त्वाले दबू हे दयेका तःगु हे थुकिया दसु खः।


नेपाल भाषाय् प्याखं शब्दया निगू अर्थ क्यं-संस्कृतया 'नृत्य' व 'नाटक'। थथे निगूयां छगू हे शब्द याना तःगु शब्द मगाना मखु, थ्व नितां नाटक काव्य व नृत्य-कलायात छगू हे कला भापा छगू शब्दं गाका तःगु खः। देव देवीपिनि बाखंया खालि अभिनय जुइगु भाव नृत्य, अनंलि नृत्यया नापं म्ये नं हाला यंकीगु कवितां जागु गीत नृत्य, अले बुलुहुँ विकास जुया नेपाल भाषाया नाटक साहित्य पिदंगु खः। थथे धार्मिक नृत्य विकास जुया वना नाटकया रूप कया वंगु नेपाल भाषाय् जक मखु मेमेगु भाषाया साहित्ये नं थथे हे, अंग्रेजी साहित्ये 'मोरा लिटिज्' व धार्मिक नृत्य वना हे लिपा नाटकया रूप काल। तप्यंक हे मनूया जीवन नाप सम्बन्ध दुगु नाटक प्राचीन युगे विकास जूगु ला ग्रीसे हे जक खः। रोमे तक नं नाटकया विकास धर्म नाप सम्बन्धित।

प्राचीन ग्रीसे **त्रासदि** व **कमदि** निगू प्रकारया नाटक विकास जूगु खँ च्वय्या अध्याये वने हे धुंकल। एरिस्टोटलं बिउगु नाटकया परिभाषा 'मनूया ज्याया अनुकरण' छुं आधार मदयेक योथे बिउगु मखु, ग्रीसे प्रचलित नाटक स्वया दयेकूगु खः। ग्रीक नाटककारपिसं मन्या छुं ज्याया अनुकरण जुइ कथं अभिनय यायेगुयात हे थः नाटकया रूप दयेकल। स्वया न्यना सिइकेगु काव्य नाटक खः। लेखकं क्यनेगु इच्छायात पात्रतय् पाखें दबुली ह्मिमतका क्यनेगु नाटकया रूप खः ग्रीक साहित्ये नाटक व जीवनया तस्सकं सत्तीगु स्वापू दु।


**एरिस्टोटल**या विचार कथं




एस्काइलस



सोफोल्क्स्



युरिपिडिज



सेनेका

नाटक मध्ये उत्कृष्ट, अझ काव्य मध्ये हे दक्कोसिबे च्वन्ह्यागु काव्य त्रासदि खः । ग्रीक साहित्ये त्रासदि छह्म तःधंह्म नमूना धायेबहह्म मनूया बाखं, अले कमदि सामान्य मनूतय् बाखं खः । मनुखं यागु छुं ज्या बा मनूयात जूगु छुं खं हे नाटकया विषय खः । कमदि ला च्वन्ह्यागु नाटक हे मखुत, त्रासदि नाटके नायकया पतन क्यना प्याखं स्वइपिनि मने दयाया नापं भय नं थने मागुलिं नायक सुं छह्म तःधंह्म मनू जुइ माल । एरिस्टोटलया विचार कथं त्रासदिया नायक उजोह्म मनू जुइमा गुह्मलिगु भाग्यलिसे राष्ट्रया हे भाग्य बा आपा मनूया भाग्य स्वाना च्वंगु दयेमा, अले वया पतनं दर्शकयात त्रास वइ । अथे जूगुलिं नायक छह्म जुजु वा सेनापति वा अथे हे तःधंगु पदयाह्म जुइमा धयागु एरिस्टोटलया विचार । प्राचीन काले ग्रीक साहित्ये जक मखु संस्कृत साहित्ये नं नाटक छह्म विशेष पुरुषया बाखं खः । संस्कृते नं नाटकयात काव्य मध्ये दकले न्ह्याइपुगु *(काव्येषु नाटकं रम्यं)* धका कया तःगु दु । ग्रीक साहित्ये ला त्रासदिया नायक जक तःधंह्म मनू जुइमा, तर संस्कृते फुक्क नाटके हे नायक गुणी, धीर, वीर, प्रतापी जुजु जुइमा । अझ आपालं संस्कृत नाटके दनिपिं सिकं सिइधुंकूह्म सुं जुजुया बाखं जुया च्वनी ।

नाटक-साहित्ययात ग्रीकतसें जीवनया अनुकरण माने याना तःगु दु । जीवननाप तस्सकं सत्तीगु स्वापू दुगु साहित्य जूगुलिं थुकियात स्वयेगु झीगु मिखाय् हे मचायेक संस्कार व परम्पराया प्रभाव थाना च्वने यो । ग्रीसया एरिस्टोटलं व संस्कृत समालोचनाय् साहित्य दर्पणया लेखकं नाटक विषये छुं नियम दयेका बिउगु थःथह्मं खंथे छुं आदेश बिइगु मखु, पिहाँ वया च्वने धुंकूगु नाटक ब्वना उकिया आधारे धारणा दयेकूगु खः । नाटक-सम्बन्धी परिभाषा विचा याये बेले झीसं थ्व खँ मतिइ तयेमा । नाटक छुं ज्याया अनुकरण खः, प्रतिनिधित्व खः । जीवनया प्रतिनिधित्व यायेगु नाटकया उद्देश्य खः, उकिं जीवने जुइ फइ थें हे मच्वंगु घटना नाटके क्यनेगु बांमला । अथे धयां हानं नाटक धाथें जीवने जूगु हे जक खँ जुइमा धयागु मदु । धाथें जूगु खँ ला इतिहास जुल, नाटक मखु । नाटक जीवन मखु, जीवनया अनुकरण जक खः, किचः खः । नाटक व जीवनया सम्बन्ध बिचा यायेत छगू उदाहरण काये । झी रेले वा बसे च्वना घौछि निघौ गनं छथाय् वनेबेले खँको वस्तु जीवन खः, मनूत खँ ल्हाना च्वंगु आवाज झीसं ताक्को फुक्कं नं जीवन हे खः, तर व हे फुक्क छथाय् मुकेवं नाटक जुइ मखु । नाटक छगू काव्य खः, उकिं थ्व कला खः थुकिइ नाटककारं निता कला छ्यलेमा जीवन थें च्वंक थह्मं हे सिर्जना यायेगु अर्थात कल्पना व जीवनया गुजोगु घटना क्यनेगु व गुजोगु मक्यनेगु धका ल्ययेगु कला । नाटके दुथ्याइगु कल्पना बरु स्वाभाविक थें च्वंगु जुइमा । एरिस्टोटलं ला थथे थ्यंक नं धया तल – 'स्वयेबेले खः थें मच्वंगु सत्य हे खँ जूसां नाटकया घटना याये मलो, बरु खः थे च्वंक क्यना तःसा जुइ हे मफइगु खँ नं नाटके दुथ्याके जिउ' । थ्व ला अत्युक्ति खः, अथेसां स्वाभाविक जुइक बाखं हना यंकेगु कलाय् जोड थ्व खः ।

नाटक धयागु सुनानं छुं यागु वा सुयातं छुं जूगुया बाखं खः सा छुं याह्म बा छुं जूह्म मनू पात्र खः, थ्वजोपिं पात्रपिनि बाखं हे नाटकया विषय खः । न्हापा न्हापा पात्र गुलि भिंह्म, गुलि आदर्शह्म व गुलि झीसं अनुकरण यायेबहह्म जुल उलि भिं धायेगु विश्वास । अले सामान्य मनूसिकं पाह्म अलौकिक शक्तिपिं नायक नाटके खने दत । थ्वजोपिं नायक महाकाव्ये जक मखु नाटके नं बुलुहुँ दुहाँ वल । रामायणया राम आदर्श खः, मर्यादा पुरुष नं खः, तर धाथेंयाह्म मनूथें मच्वं । प्राचीन ग्रीक साहित्ये त्रासदिया नायक तःधंह्म असाधारणह्म जूसां मनू थें सम्म च्वं, तर संस्कृत साहित्ये ला नायकत मनूसिकं 'देवता' थें खने दुपिं हे आपा । नेपाल भाषाय् नं नाटक साहित्यया परम्परा थ्वजोगु हे । श्री ५ महाराजाधिराज राजेन्द्र वीर विक्रम शाहदेवया **'महासत्व'** नाटकया नायक नं असाधारण मनू खः । नाटकया पुलांगु धारणाकथं सकभनं थथे हे जू ।


नाटक धयागु दबुली ह्मिता क्यने मागु काव्य जूगुलिं थुकिया प्रभाव दर्शकयात लाकेत लेखकया जक कुतलं मगा । नाटककारं च्वया तःगु नाटक, नाटकया पात्रतय्गु ज्याया प्रतिनिधित्व कलाकारपिंसं ह्मिता क्यने मागुलिं कलाकारपिनि अभिनय व रङ्गमञ्चया दृष्य स्वतांया ल्वाकज्यागु प्रभाव नाटक-काव्य खः । नाटक स्वया न्यना अनुभव यायेगु काव्य खः । थ्व हे कारणं दबुली क्यने जिउगु व मजिउगु कारणं याना नाटकया विषय सीमित जूगु दु । दबुली क्यने मजिउगु बस्तु, क्यने हे मछिंगु बस्तु, नैतिकताया दृष्टिं क्यने मजिउगु वस्तु, संस्कार व परम्पराकथं प्रतिबन्ध दुगु बस्तु फुक्क नाटकया दृष्ये नियन्त्रण खः ।

रङ्गमञ्चे (दबुली) गुजोगु घटना क्यने जिउ गुजोगु मजिउ धयागु खँय् विश्वया प्याखं साहित्ये धारणा पापां वोगु खने दु । न्ह्याथें जोगु घटना नं दबुली क्यने जिउ धयागु सिद्धान्त गुगुं नं युगया प्याखं साहित्यं कागु मदु । संस्कृत साहित्ये नाटक वियोगान्त याये मजिउ धयागु धारणा क्वातुक्क च्वना च्वंगु खने दु, नायक नायिकापिन्त संकष्ट जूगु क्यने मालिबेले तस्सकं ग्यानापुगु

दृष्य ह्मो जक क्यं, विभत्स दृष्य ला क्यँ हे मक्यं। नेपाली भाषाया साहित्ये नं न्हापां ला थुकिया तस्सकं प्रभाव लागु खने दु, पश्चिमी साहित्यया प्रवाहया प्रभावे लाह्म **बालकृष्ण सम**जुं नाटक चवसेंलि तिनि **'मुटुको व्यथा'** व **'अन्धवेग'** थे जोगु वियोगान्त नाटक खने दत। नेपाल भाषाया प्याखने न्हापांनिसें हे वियोगान्त नाटक खने दु, 'महासत्व' नेपालया नाटकीय परम्परा कथंया खः, 'अन्धवेग' थें परम्परा तोता वोगु मखु। प्राचीन ग्रीक व रोमन साहित्ये बाखंया अन्ते वियोग नं जुइफु। तर ग्रीक नाटकया त्रासदि नाटके तक नं तस्सकं ग्यानापुगु व वीभत्स दृष्य मक्यं। रोमन साहित्यया नाटके धासा थथे मखु। प्राचीन त्रासदि ब्वनेबेले हत्याया दृश्य व सीह्म प्रेत जुया वया ब्वला सायेत ख्वया ख्वया हाला जुइगु तक नं क्यना तइगु वीभत्सता हे खने दु। प्राचीन रोमया नाटककार सेनेकाया प्रभावं लिपा भिंखुगूगु शताब्दीया अंग्रेजी साहित्ये तक नं त्रासदि च्वइबेले हि बा वंगु, मनू स्यागु दृश्यत क्यनेगु खूब चलन जुल।

न्हापा न्हापा थथे तस्सकं ग्यानापुगु व वीभत्स दृश्य दबुली मक्यनेगु चलन जुया च्वंगुली थौंया नीगूगु शताब्दी वया घटना छुं हे दबुली मक्यनेगु चलन वल। थुकथं आ छु दृश्य क्यने जिउ छु मजिउ धयागु समस्या हे मंत। थौंया प्याखंत दबुली घटना क्यनीगु मखु, दबुली ला घटना विषये छलफल जक जुइ। नाटक धयागु छुं ज्या, मनुखं छुं यागुया अनुकरण यागु जुसेंलि दबुली हे छुं याना क्यनेमा धयागु विचार थौं विश्वया फुक्क साहित्ये हे तना वने धुंकल, अले छह्म तःधंह्म मनूया जीवनी क्यना शिक्षा बिइत स्वयेगु नाटकया धारणा नं थौंकन्हे मदये धुंकल। न्हापा थें छह्म तःधंह्म मनूया जीवन चित्रण यायेगु हे नाटक धयागु धारणा आ मंत, थौंकन्हे न्हूगु प्रवाह ला मानव समाजयात थिया च्वंगु समस्याया चित्रण यायेगु हे नाटकया मुख्य विषय जुया वया च्वंगु दु। नाटकया पात्र ल्यइबेले नं न्हापाया ग्रीक रोमन व संस्कृत प्याखं साहित्ये पात्र आपा याना तःधंपिं मनू। नायक ला संस्कृत पाखे छह्म जुजु हे जुइ, ग्रीक साहित्ये नं नायक छह्म जुजु, सामन्त, पःमहाँ (सेना पति) बा उजोह्म मनू कया तइ, गुह्मसिया भाग्य थहाँ कुहाँ वनी। थौंया समस्या-नाटके ला नायक नायिकापिं साधारण मनू, बरु छुं मखुह्म मनू जूसां छगू वर्ग वा छगू समूहया प्रतिनिधि जुइ, अले पात्रया जीवन छह्म व्यक्तिया हे जक जीवन जूसां उह्म व्यक्तिं वर्ग जाति वा छुं समूहया प्रतिनिधित्व याइ।

नाटके थ्व न्हूगु प्रवाह हह्म मनू नर्वेया **इब्सन** खः। इब्सनं **'कतामरिया छेँ'** धयागु नाटक पिकायेव विश्व नाटक साहित्ये हे क्रान्ति वल। थ्व प्याखने मुख्य पात्र नोरा धयाह्म छह्म मिसा दु। नोराया थः भात मयोगु मखु, भातह्मसिनं नं नोरायात तस्सकं माया या। अथे जूसां नोरां खन थौंया समाजे छह्म बिहा जूह्म मिसा (छह्म कलाया) थःगु धयागु हे छुं मदु, मनूयात थें हे व्यवहार मजू। भातं माया याना तःसां कतामरियात बांलाके थें। नाटक शुरु जुइबेले नोरां थ्व समस्याय् भातह्मलिसे छलफल याना च्वंगु खने दइ। नाटकभर छलफल जुया आखिरे नोरां भातलिसे सम्बन्ध हे तोता वनेगु कोछिइ, प्याखं नं सिधइ। थ्व प्याखनं नाटकया पुलांगु धारणा छता हे मल्यंक फुक्कं कोथला बिल। प्याखंया नायक छह्म महापुरुष ल्यइगु परम्परा तोता छह्म साधारण मनू ल्यल, अझ साधारण जक नं मखु, छह्म अबला मिसा। तर नोराया नं कम शक्ति मदु, नोराया भाग्य विश्वया बछि जनसंख्याया भाग्य खः। नोराया समस्या छह्मसिगु जक मखु, विश्वया मिसा धाक्कोसिगु समस्या। हाकनं नोराया व वया भातह्मसिगु समस्या छेँ खा छेँ खायागु समस्या खः। थ्व प्याखं ब्वंकोसिनं थुकी थःगु हे समस्या खनी। त्रासदि प्याखं स्वइपिनि मने दया व भय नाप नापं पिकाइ धयागु एरिस्टोटलया उक्तियात कसी याना सोसा भन इब्सनया प्याखनंति दया व भय पुलांगु प्याखनं पिकाये फइमखु। नोराया समस्या खना वयात सहानुभूति मक्यनीपिं सुं हे दइ मखु हानं व समस्या थःगु हे समस्या थें ताया नोराया भाग्य खनीबेले सकलें ग्याइ। थुकथं 'कतामरिया छेँ त्रासदि खया' नं न्हापा न्हापाया छुं हे धारणा नाप जो मला। नाटकया परम्परागत धारणाकथं थ्व छगू छुं याना क्यनीगु साहित्य खः। इब्सन वये धुंका आ थौंकन्हेया नाटके दबुलिं हे घटना लिकया छ्वये धुंकल। थौंकन्हेया नाटकया रूप कना प्रसिद्ध अंग्रेजी लेखक **एच. जी. वेल्सं** धया दीगु दु – 'दबुली (रङ्गमञ्चे) छुं घटना नं जुइ मखु, तर पिने जूगु न्ह्यागु नं घटना विषये छलफल दबुली यायेजिउ।' न्हापा नाटक ह्मिता क्यनीगु जूगुलिं स्वयेगु व न्यनेगु काव्य, थौंकन्हे स्वयेगु सिकं अपो ब्वनेगु काव्य थ्व जुइ धुंकल।



एच. जी. वेल्स

अथे हे नाटके च्वंगु सङ्घर्षया रूप नं न्हापा व आ पा। अंग्रेजी नाटककार **जर्ज बर्नार्ड शा**या धापूकथं 'सङ्घर्ष मंत धासा नाटक हे मंत', परम्परागत नाटके जुइमा बा थौंया समस्या नाटके सङ्घर्ष मदयेकं नाटक हे जुइ मखु। पुलांगु नाटके निगू राष्ट्रया लडाइँ, निगू शक्तिया सङ्घर्ष, निह्म मनूया द्वन्द क्यना तइगु, थौंकन्हे धासा नाटके विचार धारा व सिद्धान्तया सङ्घर्ष अपो खने दु। न्ह्यागु हे जूसां सङ्घर्ष खने हे दु। बरु नाटकया सङ्घर्ष न्हापा थेँ 'निगू शक्तिया सङ्घर्ष, धर्म व पापया प्रतिवाद, निगू भावनाया अन्तरद्वन्द' मखुत, बरू 'विचार धाराया द्वन्द', अझ 'विचार धाराया छलफल, सिद्धान्तया विवाद' जुइ धुंकल। बरु नाटक धयागु हे छलफल जुसेंलि न्हापासिकं दबुली क्यनीगु दृष्य सीमित जूवंसां छलफलया विषय परम्परागत नाटकसिकं यक्को हे ब्यापक, छाय् धासा नाटके 'न्ह्यागु नं घटना' या छलफल जुइ फु। थौंया समाज नं ला न्हापासिकं यक्को विकसित व क्लिष्ट, समस्या नं आपा दु, नित्तु निउ। गुलि समस्या ला नाटके क्यने हे मछिना उपन्यासया माध्यम ज्वने माले धुंकल *(अध्याय १० ब्वना दिसँ)*। समाजया न्ह्यागु नं समस्या आ नाटकया विषय जुइ फु।

थौंया आधुनिक युगया मानव समाजयात पिरे याना च्वंगु समस्यात हे थौंया विश्वया नाटक साहित्यया विषय जुया च्वंगु दु। मनुष्य-हृदय व प्रेम, विवाहया समस्या थें जोगु न्हापानिसें वया च्वंगु मानव समाजया परम्परागत समस्या निसें कया थौंया औद्योगिक समाजया विभिन्न वर्गया स्वार्थया द्वन्द, विभिन्न सिद्धान्तया ल्वापु, न्हू न्हूगु सामाजिक पद्धतिया प्रयोग, विज्ञानया चमत्कारं चायेका क्यंगु विशाल ब्रह्माण्डय् मनूया इमूचा थें जोगु स्थान, फुक्क झिजांमिजां दंक थुना छुइगु युद्धया न्ह्योने दया, प्रेम, मानवता सिना वंगु, युगन युग निसेंया परम्परागत विश्वास हे कोद बेले लँ तना आतापाता जुया च्वंह्म मनूया नैराश्य व थ्वजोगु हे मेमेगु समस्या थ्व शताब्दीया नाटक-साहित्यया विषय खः। एशियाया लिपा लाना च्वंगु देशे अनया समाजया दकले तःधना च्वंगु समस्या हे नाटक-साहित्यया विषय जुया च्वंगु दु। सामाजिक कुरीति, कानूनया असमानता, नये त्वनेया समस्या, ल्वय्, दारिद्रय, अन्धविश्वास, कट्टर अन्धरूढी हे थनया समाजया मूल समस्या खः, अथे जुगुलिं थनया समस्या-नाटकया विषय नं थ्व हे। नेपाली भाषाया साहित्ये **गोपालप्रसाद रिमाल, विजय मल्ल**पिं व नेपाल भाषा साहित्ये **ईश्वरानन्द** इब्सनया प्रवाहे दुने ला। ईश्वरानन्दया नाटक **'फसं पूगु लपते'** व **'थः छेँ'** जक मखु एकाङ्की नाटके नं समाजे मिसाया स्थिति, समाज व परिवारे दुने मिसाया समस्या, निम्न मध्यम वर्गया आर्थिक स्थिति, समाज छगू स्थितिं मेगु लिइ वने त्यंबेलेया संक्रमण अवधि (हिला च्वंगु स्थिति) या समस्या कया च्वया तःगु खनेदु। नेपाल भाषाया मेह्म नाटककार **हेमलाल जोशी**या नाटक समस्या नाटक मखु। इतिहास न्ह्यब्वयेगु हे जक जोशी जुया नाटकया उद्देश्य खः, परम्परागत धारणा कथं नं दयेमागु संघर्षण जोशीजुया नाटके खने मदु। थुकथं स्वयेबेले नेपाल भाषा-साहित्ये नाटक-काव्य न्हापांनिसें गाक्कं विकसित जुइ धुंकूसां न्हूगु समस्या मूलक नाटक च्वयेगु प्रवाह नकतिनि दुहाँ वल, छह्म निह्मसिनं जक थ्व ज्वन, अमिके नं थुकिया क्वातुक्क प्रभाव मलानि।



*गोपालप्रसाद रिमाल*


*विजय मल्ल*


*ईश्वरानन्द*

च्वय् धयाथें न्हूगु समस्या-नाटके पात्रत व्यक्ति जक जूसां अमिगु समस्या सामाजिक जुइ। समस्या-मूलक नाटके पात्रपिनि द्वन्दं हे निगू विचारधाराया विवाद वा निगु सिद्धान्तया ल्वापु क्यना तइ। थथे विचारधाराया द्वन्द पाखें हे छगू सन्देश प्याखने क्यना तइ।

सैद्धान्तिक वादविवाद व विचारधाराया द्वन्द वा छलफल प्याखनय् क्यनेगु हे 'प्रचारवादी साहित्य' जुल धाइपिं कट्टर समालोचकपिं नं दु। थौंकन्हे प्रचारवादी


होमर


शेक्सपियर


गोल्डस्मिथ


**सेनेका**

प्याखं नं पिहाँ मवोगु मखु, अथेसां धाथें बांबांलागु समस्या मूलक प्याखं प्रचारवादी साहित्यसिकं यक्को हे च्वय्ला। प्याखने छगू विचारधारा प्रचार जुइवं उकियात प्रचारवादी साहित्य धाये मजिउ। प्रचारवादी साहित्यं छगू विचारधाराया विज्ञापन याई, तर समस्या-मूलक नाटक निगू विचारधाराया द्वन्द जुसेंलि थुकी नितां विचारधारा बांलाक क्यना मबिउसा सङ्घर्षण हे दइ मखुत। बांलागु नाटके सङ्घर्ष बांलाक न्ह्यब्वया क्यना तइ, निगू विचारधाराया ल्वापु बांलाक क्यनेत निगुलिं पक्षया बांलाक खँ क्यना बिइमा, अथे जूगुलिं थ्व प्रचार मखु। समस्या मूलक प्याखने छुं सन्देश दुःख, तर सन्देश दयेवं तुं प्रचार धाये मजिउ। **होमर** व **वाल्मिकी**पिनि महाकाव्ये अले **एस्काइलस, सोफोक्लस्, युरिपिडिज्, सेनेका, कालिदास, भास, शेक्सपियर, रेसिने, गोल्डस्मिथ, गल्स्वर्दि** सकसियां नाटके नं सन्देश दु। होमर, **दांते, गेटे** शेक्स्पियर सकसिनं नं दया, त्याग व मानवताया सन्देश बिया वंगु हे दु। परम्परागत प्याखनय् प्याखं स्वइ पिनि नुगलय् थिया छगू भावना थनेत सनी, थौंकन्हेयापिसं न्ह्यपुइ ध्वाथुइकेत च्वइ। पागु थुलि। न्हापाया नाटके सन्देश छु धका प्याखं स्वइपिंसं माला स्वयेमा, थौंकन्हेया नाटककारपिंसं जिगु सन्देश थ्व का स्व धका क्यना जुइमा।

छह्म नाटककारं दबुली हया जीवन क्यनीगु जूगुलिं आपालं खं लेखकयात चिना तःगु दइ, थियटरया अवस्था, प्याखं स्वइपिनि रुचि व थुइकेगु योग्यता प्याखने च्वनीपिं कलाकारपिनि योग्यताया प्रभाव नाटके लाइ। प्याखं स्वइपिं मनूत गबेत च्वनाच्वनी, थियटरया रङ्गमञ्च वा दबुली गुलि तापाक तक ताये दयेक हाले फइ, प्याखं सोवोह्म मचां लिउने च्वना ताये गुलि तक दइ धयागु खँ नं प्याखं च्वइह्मसिनं बिचा यायेमा धका जर्ज बर्नार्ड शाजुं धया दीगु दु। थ्व जोगु फुक्क सीमितताय् दुने च्वना दर्शक वा पाठकयात आनन्द बिइगु, प्याखं स्वया च्वँतले नि थ्व हेकतंयागु खः धका मतिइ वंके मबिसे मनूतय् मन सालाकया तयेगु, स्वया न्यना जीवनया हे अनुभव थें सन्देश दर्शकं काइगु, अले मुख्य ला थ्व संसारया मनू-जीवन स्वया थह्मं नं हाकनं जीवन सिर्जना याइगु कला जूगुलिं नाटक धाथें हे काव्य मध्ये दक्कोसिबे च्वन्हयागु खः। थ्व हे कारणं विभिन्न युगे समाजयात मागु आवश्यकता कथं नाटकया धारणा नं पाना वना च्वंगु खः। **(कथहँ)**

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।



होमर, शेक्सपियर व गोल्डस्मिथ,

# माओवादीको अबको विकल्पः सुध्रिने कि सिधिने ?

विवेक

भर्खरै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन माओवादीका लागि प्रतिकूल बन्यो । अन्तिम परिणाम आउँदासम्ममा माओवादीले प्रत्यक्षतर्फ १७ स्थान र समानुपातिकतर्फ अनुमानित १४ गरी कूल ३१ सांसद जित्नेछ । २७५ सदस्यीय प्रतिनिधिसभामा माओवादीको कूल सदस्यको झन्डै ९ प्रतिशत रहने छ । त्यो नेका, एकिकृत समाजवादी, लोसपा र राजमोसमेतको मतबाट सम्भव भएको हो । सत्ता पक्षीय गठबन्धन, सरकारी स्रोतसाधनको दुरूपयोग, करोडौं पैसा खर्च, गुन्डाहरूको प्रयोग नगरी माओवादी एक्लै चुनाव लडेको भए यो निर्वाचनमा माओवादीले कुनै पनि स्थानमा जित हासिल गर्न नसक्ने रहेछ भन्ने मत परिणामले देखायो ।

भारतको सहयोगमा १२ बुँदेमार्फत २०६२ सालमा माओवादीहरू शान्ति प्रक्रियामा आएपछि 'प्रचण्ड'ले भनेका थिए– 'हामीसँग जलस्रोत, जडिबुटीजस्ता अपार प्राकृतिक स्रोतसाधन छन् । १० वर्षमा नेपाललाई दक्षिण एसियाको त सबभन्दा अगाडि बढेको देश बनाउँछौ, बनाउँछौ । एसियाको स्वीट्जरल्याण्ड बनाउँछौं ।'

२०६४ सालमा सम्पन्न संविधानसभा/संसद्को निर्वाचनमा माओवादी एक्लै निर्वाचन लडेर प्रत्यक्षतर्फ २४० मध्ये १२० स्थान र समानुपातिकतर्फ १०० स्थान गरी कूल २२० स्थान जितेर संसद्को सबभन्दा ठूलो दल बन्यो । आत्मनिर्णयसहित जातीय राज्य, शिक्षा र स्वास्थ्य उपचार निःशुल्क, रोजगारीको सुनिश्चिततासहितको संविधान निर्माण गर्ने आश्वासनमात्रै होइन घोषणापत्र नै जारी गरे । जातीय राज्यको जनस्तरबाट तीव्र विरोध भयो । माओवादी नेतृत्वको सरकार गठन भए पनि निर्वाचन घोषणापत्रअनुसार काम गर्न सकेन । माओवादी नेतृत्वको सरकारले नेका, एमाले नेतृत्वको सरकारहरूले गरेका कामहरूलाई निरन्तरता मात्रै दियो । सशस्त्र सङ्घर्षबाट आएका माओवादी मन्त्रीहरू छोटो समयमै भ्रष्टाचारमा चुर्लुम्म डुबे, कलकारखानाहरू कौडीको मूल्यमा पूँजीपति वर्गको हातमा सुम्पे, विद्यालय, कलेज र अस्पतालजस्ता जनताका आधारभूत विषयहरू समेत **निजीकरण गरेर पूँजीवादलाई बलियो बनाउने काम गरे** । जनताले माओवादीबाट आशा गरेअनुसार केही काम भएन । एमाले, नेकाभन्दा माओवादीलाई कुनै अर्थमा भिन्न देखेनन् । माओवादीको पतनको शुरु त्यहींबाट भयो ।

माओवादीले सशस्त्र सङ्घर्षको बेला उठाएका मुद्दाहरू र कम्युनिष्ट विचारधारालाई नै क्रमशः आगो लगाउँदै गयो । संसद्बाट समाजवाद सम्भव छैन भनी 'हतियार उठाएको' दाबी गर्दै अन्य वामपन्थी दलहरूलाई संसद्वादी भनी आलोचना गर्ने माओवादी आफै उम्कनै नसक्ने गरी संसदीय भाषमा फस्यो । उसले **संसदीय व्यवस्थाबाटै समाजवाद स्थापनाको संशोधनवादी बाटो समात्यो** । त्यसैको परिणाम २०७४ सालको निर्वाचनसम्म पुग्दा प्रत्यक्ष ३६ र समानुपातिकमा १७ गरी ५३ सिटमा सीमित हुन पुग्यो । कम्युनिष्ट पार्टीले संसद्मा कति स्थान जित्यो भन्नेले खास अर्थ राख्दैन । यहाँ माओवादी स्खलनको बारे प्रष्ट पार्न मात्रै सांसद सङ्ख्या उल्लेख गरिएको हो । किनभने संसद्वादी दलहरू विचार सिद्धान्तभन्दा सांसद सङ्ख्याकै आधारमा सफल र असफलको मूल्याङ्कन गर्ने गर्छन् । अहिले माओवादी त्यही कोटीमा पुगेको छ ।

**माओवादीसँग अहिले न कुनै सिद्धान्त बाँकी छ न कुनै विचार ।** निर्वाचन जित्न माओवादी वर्ग दुश्मन नेकासँग गठबन्धन गर्न तयार भयो । अस्तित्व जोगाउन त्यो उसको लागि बाध्यता थियो । सिद्धान्तहीन गठबन्धन पनि माओवादीलाई भन्दा नेकाकै लागि फाइदा भएको देखियो । नेकाले ५५ स्थान जित्दा माओवादीले झन्डै एक तिहाइ १७ स्थानमात्रै जित्न सक्यो । 'जनताको आँखा दूरबिन सरह हुन्छ' भन्ने कुरा माओवादीहरूले बुझेनन् वा बुझ्न चाहेनन् । **जनतालाई धोका र विश्वासघात गरेर भारतको सहयोगको भरमा अगाडि बढ्नुको परिणाम अहिले माओवादीहरू भोग्दैछन् ।**

माओवादीलाई जनताले पटक पटक मौका नदिएका पनि होइनन् । माओवादी सरकारबाट काम गरी खाने वर्गको हितमा ऐन, कानुनहरू निर्माण होलान् र विगतमा भन्दा सुख पाइएलान् भनेर जनताले विश्वास गरेकै थिए । तर जनताको त्यो विश्वासलाई जनभावनाअनुसार काम

गर्नुको सट्टा सरकारमा गएर गाडी सुविधा लिने, बैंक ब्यालेन्स बढाउने, नातागोतालाई मुख्य मुख्य पदहरूमा नियुक्ति दिने, हरेक क्षेत्रमा भागबन्डा गर्ने, निजी स्कूल तथा कलेज र अस्पतालहरूमा लगानी गरेर धनसम्पत्ति आर्जन गरी काठमाडौँमा घर जग्गा जोड्नेतर्फ बढी केन्द्रित भए। माओवादीकै सरकार गठन हुँदासमेत सशस्त्र सङ्घर्षमा ज्यान गुमाएका, घाइते र बेपत्ता परिवारबारे उचित ध्यान दिएनन्। नेताहरूलाई सिंहदरबार र प्रदेश दरबारसम्म पुऱ्याउन बन्दुक बोक्ने गरिब जनता र तिनका सन्तानहरूको निम्ति समेत केही नगरेकोले माओवादीप्रति सबैको विश्वास गुम्यो। वैद्य, विप्लव, बाबुरामहरू अलग अलग समूह बनाएर छुटे। माओवादीसँग न विगतका महत्त्वपूर्ण नेता कार्यकर्ता बाँकी छन् न त हिजोका इमानदार जनता नै। अहिले १५ वर्षसम्म सरकारमा गएर मन्त्री, राजदूत, उपकूलपति जस्ता पदको भागबन्डा खान पाएका, करोडौँ खर्च गर्न सक्ने ठेकेदार र व्यापारीहरू तथा केही लोभलालचमा भोट दिने राजनैतिक रूपमा सचेत नभएका जनतामात्रै बाँकी छन्। पछिलो चरणामा प्राप्त मतकै आधारमा माओवादीले सरकारको नेतृत्वको दाबी गर्दैछ। सरकारबिना माओवादी तिक्नै नसक्ने अवस्थामा पुग्यो। संसद्वादी भनेको यही हो। अबको संसदीय यात्रा माओवादीको लागि झन् कठिन र असहज हुने पक्का छ।

निर्वाचन हार्ने निश्चित भएपछि कार्यकर्तालाई उत्साहित गर्न 'प्रचण्ड'ले भनेका थिए – 'अबको चुनाव २०६४ सालको जस्तो बनाउनै पर्छ। जालझेल गर्ने, बाकस साट्ने, अनि त जित्ने रहेछ। हामीले त्यति बेला कति गऱ्याथ्यौँ, सम्झिनुस् त २०६४ साल। त्यसो गरेकोले त चुनाव जितियो नि ! अहिले सोझो हुँदै जाँदा त सबैले हेप्न थाले।' **त्यो अभिव्यक्ति 'प्रचण्ड'को हार मानसिकताको उपज थियो।** निर्वाचनलाई जनताको चेतनास्तर उठाउने माध्यमको रूपमा लिन चाहेनन्। सरकारमा गएर जनताको हितमा काम गर्न नसकेकोमा माफी माग्ने पनि सोचेनन्। २०६४ सालको संविधान सभामा गरेका कर्तुतहरू इमानदारीपूर्वक जनतासमक्ष ओकले। चुनाव जित्न जे गर्दा पनि हुन्छ भन्ने सन्देश दिन खोजे। निर्वाचन भनेको जनताको आत्मा, मन र विवेक जित्ने हो, त्यसको लागि कामदार जनताको हितमा काम गर्नेतर्फ उनले ध्यान दिएनन् बरु जनतालाई सधैँ मूर्ख बनाएर चुनाव जित्ने र सुख सयल गर्नेतर्फ नै जोड दिए।

माओवादी सुधियो भने जनतालाई फाइदा हुन्थ्यो। त्यही कारण नेमकिपाले माओवादीको गलत क्रियाकलापको निरन्तर सैद्धान्तिक आलोचना गर्ने र सुधारको निम्ति सुझावहरू दिँदै आएको हो। २०६४ सालमा जतिखेर माओवादी संविधानसभा र संसद्कै ठूलो दल बनेको थियो, त्यसबेला नेमकिपाका प्रतिनिधिहरूले तत्कालीन प्रधानमन्त्री 'प्रचण्ड'लाई भेटेर शिक्षा र स्वास्थ्य उपचार निःशुल्क, रोजगारीको सुनिश्चितता र कलकारखाना क्रमशः सार्वजनिकीकरणतर्फ लाग्न सुझाव दिएका थिए। सबै एकै पटक गर्दा सरकारलाई गाह्रो हुनसक्ने भएकोले माओवादी बलियो भएका जिल्लाहरूदेखि क्रमशः लागू गर्न सके माओवादीप्रति जनताको विश्वास बढ्छ र ५ वर्षपछिको निर्वाचनमा चुनाव प्रचार नगरे पनि माओवादी जित्ने एक मित्र पार्टीको हैसियतले सल्लाह दिएका थिए। त्यतिबेला 'प्रचण्ड'जी अत्यन्त खुशी हुँदै त्यसलाई 'आत्मसात' गरी अघि बढ्ने आश्वासन पनि दिएका थिए।

**माओवादी पाइला पाइला गर्दै पछिल्लो डेढ दशकमा भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको चंगुलमा फस्दै गयो।** अन्ततः उसले अमेरिकी सैन्य स्वार्थमा आएको एमसीसी पारित गर्न, विदेशीलाई नागरिकता दिने र नेपालको राष्ट्रपति, उपराष्ट्रपति, सुरक्षा निकाय, न्यायालय प्रमुख तथा प्रदेश मुख्य मन्त्री बनाउन ल्याइएको देशघाती नागरिकता विधेयक पारित गर्न महत्त्वपूर्ण भूमिका खेल्यो। माथिल्लो कर्णाली, पश्चिम सेती, अरूण तेस्रो र चौथो भारतको हातमा सुम्पन सकृय भयो। **माओवादी कम्युनिष्ट पार्टी नभएको मात्रै होइन अब त एउटा अनुशासित पुँजीवादी पार्टीसमेत रहेन।**

माओवादीभित्र अहिले निर्वाचन परिणामलाई लिएर 'प्रचण्ड'को राजीनामा माग्नेसम्मको कुराहरू बाहिर आएका छन्। 'प्रचण्ड'ले राजीनामा दिए पनि वा नदिए पनि सिद्धान्तहीन र विचारशून्य राजनैतिक दलले समाजलाई अगाडि बढाउन सक्दैन। माओवादी पार्टीभित्रका क्रान्तिकारी विचार बोक्नेहरूले या त विद्रोह गरेर नयाँ विचारसहित अगाडि आउनुपर्छ अथवा दास झैँ बस्नुको विकल्प छैन। एमसीसी र नागरिकता विधेयकको विरोध पनि गर्ने पदको लोभमा त्यसैमा टाँसिरहने हो भने त्यस्ता नेता कार्यकर्ताहरूले पनि पार्टीलाई अगाडि बढाउन सक्दैनन्। अब माओवादीको विकल्प कि त सुधिने हो या सिधिने हो। अहिलेसम्मको अवस्था हेर्दा सुधिने सम्भावना कम छ। विगतमा एमालेसँग पार्टी विलय गरेजस्तै कुनै पार्टीसँग एकताको नाउँमा पार्टी समाप्त गर्ने बलियो सम्भावना छ।

# भक्तपुर नपा वडा नं. ६ मा कोरोना भाइरस सङ्क्रमण न्यूनीकरण सम्बन्धी गतिविधिहरू



हरिराम सुवाल, वडाध्यक्ष

विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ बाट नेपाल पनि अछुतो रहेन। विश्वव्यापीरूपमा फैलिँदै कोरोना भाइरस नेपालमा पनि प्रवेश भयो। नेपालमा प्रवेशसँगै भक्तपुर नगर पनि अछुतो हुन सकेन। नेपाल सरकारले मिति २०७६ चैत्र ११ गतेबाट लकडाउनको घोषणा गर्नु अघि देखिनै भक्तपुर नपाले नगरवासीहरूलाई सचेत पार्ने काम गर्दै आएको थियो। अझ लकडाउन भएपछि झनै कोरोना भाइरसविरुद्ध लड्नको लागि सशक्तरूपमा विभिन्न क्रियाकलापहरू गरेको थियो। भक्तपुर नगरपालिकाको प्रत्यक्ष निर्देशनमा कोरोना भाइरसविरुद्ध लड्नको निम्ति भक्तपुर नपा वडा नं ६ कार्यालयले पनि विभिन्न गतिविधिहरू गरियो।

नेपाल सरकार र विश्व स्वास्थ्य सङ्गठनले कोरोना भाइरसबाट बच्नको लागि साबुन पानीले हात धुने र मास्क अनिवार्य लगाउन अनुरोध गरिएको थियो। महामारीको रूपमा फैलिएको कोरोना भाइरसको सङ्क्रमणबाट आफु पनि बचौँ, अरूलाई पनि बचाऔँ भन्ने उद्देश्यले भक्तपुर नपा वडा नं. ६ का बडावासीहरूलाई हात धुने साबुन प्रत्येक परिवारलाई एक एक ओटा र परिवार सङ्ख्याअनुसार कपडाको मास्क मिति २०७६ चैत्र १६, १७ र १८ गतेसम्ममा वितरण गरिएको थियो। त्यस समयमा हात धुने साबुन १३१४ ओटा, कपडाको मास्क १४९१ ओटा, घरको एक सदस्य घर बाहिर जाने अनुमति पत्र १३०० ओटा वितरण गरियो। यसरी वितरण गर्नको लागि वडाका जनप्रतिनिधि र कर्मचारीहरूमात्र पर्याप्त नभएकोले पार्टी कार्यकता, स्वास्थ्यकर्मी, टोलवासी, शिक्षक, युवा, किसान, विद्यार्थी, कर्मचारीहरू परिचालन गरिएको थियो। लकडाउन घोषणा भएकोले पसलहरू सबै बन्द हुनुका साथै मास्क र साबुनको अभाव हुँदा वडावासी सर्म्पूणलाई साबुन र मास्क पर्याप्त मात्रामा वितरण गर्न वडा कार्यालयलाई धेरै गाह्रो भएको थियो। तापनि टोलवासीहरूले विभिन्न ठाउँहरूबाट साबुन खरिद गर्न सहयोग गर्नुका साथै टोलवासी दाजुभाइले आफ्नै घरमा कपडाको मास्क सिलाई वडालाई सहयोग गर्नुभएको थियो। बजारमा साबुन र मास्कको धेरै अभावको समयमा पनि टोलवासीले आफ्नो सर्म्पक भएको पसलबाट साबुन र कपडा खरिद गरी मास्क सिलाई दिएर वडालाई उपलब्ध गराउनु भएको थियो। जसले गर्दा भक्तपुर नपा वडा नं. ६ कार्यालयले वडावासी तथा डेरामा बसेकाको हरेक घर घरमा गई साबुन, कोरोना भाइरससम्बन्धी सचेतताको लागि निकालेको पर्चा र मास्क वितरण गरिएको थियो।



लकडाउनको समयमा साबुन, मास्क र अनुमति पत्र वितरण गर्दै स्वयम सेवकहरू

वडावासीहरूलाई हात धुने बानी विकास गर्न, साबुन पानीले हात धोई कोरोना भाइरसको सङ्क्रमणलाई रोक्नको लागि टोल टोलमा पानी ट्याँकी र साबुनको व्यवस्था गर्न नगरपालिकाबाट निर्देशन भए बमोजिम तत्कालै सिपाडोलस्थित ट्याँकी बनाउने कारखानाबाट एघार ओटा पाँच सय लिटरको ट्याँकी खरिद गरी वडाको विभिन्न ठाउँमा ट्याँकी र साबुनको व्यवस्था गरियो। भक्तपुर नपा वडा नं. ६ को भोलाछेँमा दुई ओटा, मुलाछेँमा एक ओटा चोछेँ छुमा गणेस अगाडि एउटा, चोछेँमा एउटा, देकोचामा एउटा, लिगंचामा एउटा, तुछिमलामा एउटा, पकोचा द्यःमा एउटा, दुगुमलामा एउटा, याछेँमा एउटा राख पानी र साबुनको व्यवस्थापन गरिएको थियो। यसरी राखेपछि टोलवासीहरूले नियमित साबुन पानीले हात धुने बानी बसालेको र यसले गर्दा घर घरमा पनि साबुन पानीले हात धुनु पर्ने संस्कारको विकास भएको अनुभव भयो। त्यस समयमा कोरोना भाइरसको महामारीले मानिसहरू बाहिर आउन डराएका थिए भने यस भाइरसको बारेमा नकारात्मकरूपमा धेरै हल्ला फैलिएकोले मानिसमा निकै डर

थियो । टोल सुनसान थियो । पसलहरू पूरै बन्द थिए । घर बाहिर जाने वित्तिकै र नयाँ मानिस तथा बाहिरका मानिससँग कुराकानी गर्ने वित्तिकै कोरोना भाइरस सर्ने हल्ला व्याप्त भएको थियो । यस्तो अवस्थामा हामी पार्टी कार्यकता, जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी र टोलका निश्चित साथीहरूको सहयोगले टोल टोलमा पानी ट्याँकी, मास्क वितरण र हरेक घर घरमा पुगी साबुनको व्यवस्थापन गरिएको थियो । यसरी साबुन र मास्क वितरण तथा पानी ट्याँकी राख्नको लागि वडाले रु. १,५५,११०।- खर्च गरिएको थियो ।

तत्कालीन समयमा कोरोना भाइरसको विषयमा मानिसमा निकै भ्रम रहेकोले वडावासीहरूलाई यस भाइरसको सम्बन्धमा ज्ञान दिनको लागि दैनिकजसो वडाका जनप्रतिनिधि, पार्टी कार्यकर्ता, कर्मचारी, स्वास्थ्यकर्मी, प्रहरी, स्थानीय टोलवासीहरूको सहयोगमा वडामा माईकिङ गरिएको थियो । यसरी माईकिङ गर्दा नेपाल सरकारले लकडाउन गरेको नियमलाई उल्लङ्घन गरी वडाबाट माईकिङ गर्न आएको गुनासो पनि आएको थियो । तर सबै डराएर घर घरमा बसिरहेको समयमा वडाका जनप्रतिनिधि, स्वास्थ्यकर्मी र कर्मचारी चुप लागेर, हात बाँधेर बस्ने नसकिने कुरा घाम जतिकै छर्लङ्ग छ । साथै कतिपय जनप्रतिनिधि, पार्टी कार्यकर्ता, कर्मचारी र स्वास्थ्यकर्मीहरूको परिवारबाट वडा कार्यालय नजानको लागि दबाव नआएको पनि होइन । तापनि पार्टीको नीति र नगरपालिकाको निर्देशनअनुसार वडावासीहरूलाई सेवा र सुविधा दिनको लागि वडाका जनप्रतिनिधि, पार्टी कार्यकर्ता, स्वास्थ्यकर्मी, कर्मचारी, टोलवासीले आफ्नो जीवनलाई जोखिममा राखेर भएपनि वडाको गतिविधिमा सहयोग गरेको सत्य हो । यस सहयोगलाई नगरपालिका र वडा कार्यालयले कहिल्यै बिर्सने छैन ।

नेपाल सरकारले लागु गरेको लकडाउनको दिन बद्दै गएपछि देशव्यापीरूपमा नै दैनिक ज्यालादारी गर्ने, विपन्न वर्ग तथा अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई राहत सामग्री दिनुपर्ने देखियो । भक्तपुर नगरपालिकाले पनि वडामार्फत राहत वितरण गर्न निर्देशन आएपछि सम्पूर्ण वडामा एकै दिन राहत दिने निर्णयअनुसार भक्तपुर नपा वडा नं. ६ क्षेत्र भित्र बसोबास गरी दैनिक ज्यालादारी गर्ने, विपन्न वर्ग तथा अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई राहत सामग्री वितरण गरियो । राहत सामग्रीमा २ जनामात्र भएको परिवारलाई चामल १० के.जी., मासको दाल १ के.जी., टाइचिन चिउरा ३ के.जी., सोयाबिन तेल १ पाकेट, नुन १ पाकेट तथा हात धुने साबुन १ ओटाका दरले उपलब्ध गराएका थियौँ भने २ जनाभन्दा बढी परिवार भएकालाई चामल २० के.जी., मासको दाल २ के.जी., टाइचिन चिउरा ६ के.जी., सोयाबिन तेल १ पाकेट, नुन १ पाकेट तथा हात धुने साबुन २ ओटाका दरले उपलब्ध गराएका थियौँ । राहत दिनको लागि पचास जना स्वयम्सेवकहरू परिचालन गरिएको थियो भने वडामा राहत लिनेहरूको भीड नहोस् भनेर राहत लिनेहरूको तालिका बनाई दुई ओटा गाडीमा राहत सामग्री राखी घर घरमानै गएर राहत सामग्री वितरण गरिएको थियो । राहत सामग्रीलाई स्वयम्सेवकहरूको दुई ओटा घेरामा राखी सुरक्षा दिनुका साथै टोल टोलमा गई सूचीकृत गरिएका व्यक्तिहरूलाई राहत वितरण गरिएको थियो । सूचीकृतमध्ये केही वडावासीहरू अरूनै टोल र नगरपालिकामा बसेकोले उनीहरूको घर घरमा गएर पनि राहत वितरण गरिएको थियो । राहत वितरणकै समयमा जनप्रनिधिहरू अपाङ्गता र अक्षम भएका परिवारमा गई पारिवारिक दुःख कष्ट बुझ्ने र भेटघाट गर्ने काम पनि गरिएको थियो । यसरी घर घरमा राहत दिन जाँदा सुरक्षा मापदण्ड पालना गरिएको र यसरी




जनसचेतनाको लागि वडामा माईकिङ गर्दै



राहत वितरण गर्दै

गएता पनि सम्बन्धित परिवारका मानिसहरू हामीसँग डराएको अनुभव पनि गरियो । कति परिवारले हामीसँग भेट्न नचाहेको तर राहत चाहीं चाहेको कारणले ढोका ढोकामा गई राहत पनि छोडेर आएको अनुभव जनप्रतिनिधिसँग रहेको छ । यसरी राहत वितरण गर्दा वडामा जम्मा रु. ४,०८,३७५।- खर्च भएको थियो ।

लकडाउन कायमै रहेता पनि मिति २०७७ जेष्ठ महिना लागेपछि किसानहरू घर घरमै बस्न गाह्रो मान्न थाले । धान रोप्नु पर्ने सिजन आएपछि किसानहरू बेचैन हुनु स्वाभाविक पनि हो । धानको बीउ लगाउने समय आएकोले नेपाल सरकार र नगरपालिकाले पनि ब्याड लगाउने किसानहरूलाई खेतमा जान छुट दिएकोले किसानहरू खेत जान थालेका थिए । किसानहरूलाई सजिलो होस् भनी भक्तपुर नगरपालिकाले टाईचिन धानको बीउ वडामार्फत वितरण गर्ने निर्देशन भएकोले हामी जनप्रतिनिधि, पार्टी कार्यकता, स्वास्थ्यकर्मी, कर्मचारी, स्वयमसेवक मिलेर सामाजिक दूरी कायम गरी सुरक्षा मापदण्डमा रहेर खेत भएका वडावासी किसानहरूलाई धानको बीउ पनि वितरण गरियो । भक्तपुर नपा ६ नं. वडाका वडावासीहरूलाई प्रति परिवार साढे दुई किलोका दरले खुमल ११ जातको टाईचिन धान १८६५ के.जी. वितरण गरिएको थियो भने प्रति के.जी. रु १००।- का दरले रु १,८६,५००।- सिद्धि कृषि सहकारी लि. लाई भुक्तानी गरिएको थियो ।



लकडाउनको समयमा धानको बीउ वितरण गर्दै

मिति २०७७ जेठ २ गते शुक्रवारका दिन भक्तपुर नपा वडा नं. ६ समितिको बैठकले विश्वव्यापी महामारीको रूपमा फैलिएको कोराना भाइरस रोगको सङ्क्रमण हाल भक्तपुरमा पनि सङ्क्रमितहरू देखापरको कारण कोही पनि नयाँ र अपरिचित व्यक्तिलाई आफ्नो घरमा नबोलाउन वा डेरामा नराख्न तथा लकडाउन अघि वा पछि आफ्नो कोठा छोडी जानेहरूलाई पुनः डेरामा नर्फकन र फर्केकाहरूलाई परीक्षण नगराई कोठामा नराख्नको लागि सूचना प्रकासित गर्ने र माईकिङ गर्ने निर्णय लागु गरिएको थियो । साथै यस अघि डेरा बसिरहेकाहरूको नागरिकता लिनको लागि पनि घरपतिहरूलाई अनुरोध गर्ने निर्णयअनुसार नागरिकता पनि सङ्कलन गरिएको थियो ।

मिति २०७७ जेठ ३० गतेको भक्तपुर नपा वडा नं. ६ समितिको बैठकले आ.व. २०७६।०७७ को तेस्रो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता सुरक्षा मापदण्ड कायम गरी असार २ र ३ गते ख्वप कलेजमा दिने निर्णयअनुसार भत्ता वितरण गरियो । साथै अशक्तहरूलाई जनप्रतिनिधिहरू आफै घर घरमा गई वितरण गरिएको थियो ।



सामाजिक सुरक्षा भता वितरण गर्दै

मिति २०७७ साल असार ४ गते भक्तपुर नपा वडा नं. ६ समितिको बैठकले भक्तपुर नपा वडा नं ६ चोछेँ, मुलाछेँ बस्ने एक २२ वर्षीय युवकलाई कोरोना भाइरस परीक्षण गर्दा पिसिआर पोजेटिभ देखिएकोले मुलाछेँ क्षेत्रमा सिलबन्दी गर्ने र साथै निज युवकको घर वडा कार्यालयको नजिकै रहेको र उक्त क्षेत्र वरपर सिलबन्द गरिएता पनि वडा कार्यालयमा सेवाग्राहीहरूको चाप रहेकोले निज युवकको परिवार र ट्रेसिङमा परेका साथीहरूको रिर्पोट नआएसम्मको लागि ६ नं. वडा कार्यालय बन्द गर्ने निर्णयअनुसार एक हप्ता बन्द गरियो । साथै कोरोना पोजेटिभ देखिएका परिवार हाल क्वारेन्टाइनमा रहेकोले निजको परिवारलाई राहत उपलब्ध गराउनुका साथै आवश्यक सहयोग र समन्वय पनि गरियो । उक्त पोजेटिभ आएको युवकको घर पहिचान प्रहरीले गर्न नसकेको र परिवारले प्रहरीलाई जानकारी दिन नचाहेको हुँदा जनप्रतिनिधिको सहयोगले राती २ बजे युवकको पहिचान गरिएको थियो । साथै उक्त समयमा मानिसहरू कोरोना भाइरससँग निकै डराएको परिस्थितिमा जनप्रतिनिधिहरू गई रातको समयमा उक्त युवक र उनको परिवारसँग समन्वय गरी पाटन अस्पतालको आईसोलेसनमा लगिएको थियो । साथै भोलिपल्ट बिहानै उक्त क्षेत्र प्रहरीको सहयोग र निगरानीमा सिलबन्दी गर्ने कार्य जनप्रतिनिधिहरूले गरेका थियो ।

मिति २०७८ भाद्र ४ गते यस वडा समितिको बैठकको निर्णयले कोरोना भाइरस न्यूनीकरणको लागि वडावासीहरूलाई सचेत पार्न वडाध्यक्ष श्री हरिराम सुवालको संयोजकत्वमा १७ सदस्यीय समन्वय समिति गठन गरियो। यस समितिको सदस्यहरूमा रोशनमैया सुवाल, गोविन्द दुवाल, सिद्धिराम अवाल, सीतादेवी नेपाली, गणेशराम थुसा, जगनाथ सुजखु, सुरेन्द्रप्रसाद दुवाल, कमला सिजख्व, रत्नलाल कैटी, कुमार कुम्पाख, तुल्सीप्रसाद खाताखो, नारायणभक्त त्यात, रामगोपाल अवाल, गोपीकृष्ण चाँगुभारी, पूर्णभक्त सुवाल र जितबहादुर खाइजु रहनु भएको थियो। यस समितिको नेतृत्वमा कोराना भाइरस न्यूनीकरण गर्न विभिन्न गतिविधिहरू भएको थियो। यस समितिको मिति २०७७ भाद्र ५ गते बसेको बैठकले वडामा आईसोलेसन केन्द्र बनाउन विभिन्न सम्भावित ठाउँहरू छनौट गरी नगरपालिकामा पठाउने निर्णय गरी श्री बालबोध शान्ति निमावि, श्री आधारभूत विद्यालय र श्री ख्वप कलेजको नाम नगरपालिकामा पठाइएको थियो। साथै यसै बैठकले वडाको विभिन्न मठ मन्दिरमा ताल्चा लगाउने लगाउने निर्णय गरियो। उक्त निर्णय कार्यान्वयन गर्नको लागि श्री महाकाली पीठको मन्दिर, अँचा पोखरीको मूल ढोका, चोछँ छुमा गणेश मन्दिर, याछँको गणेश मन्दिरमा प्रहरी र जनप्रतिनिधिको रोहवरमा ताल्चा लगाउने कार्य गरियो।



महाकाली पीठमा ताला लगाउँदै

यसरी ताल्चा लगाउनेक्रममा केही स्थानीय व्यक्तिहरूबाट भगवानलाई ताल्चा लगाउँदा पाप लाग्ने कुरा पनि सुनियो। बैठकको स्वयम्सेवकहरू परिचालन गर्ने निर्णयअनुसार वडा कार्यालय कोरोना भाइरस न्यूनीकरणका विभिन्न कार्यमा ६१ सदस्यीय स्वयम्सेवक परिचालन गरिएको थियो। स्वयम्सेवकको संयोजकमा हरिराम सुवाल, सदस्यहरूमा रोशनमैया सुवाल, गोविन्द दुवाल, सिद्धीराम अवाल, सीतादेवी नेपाली, गणेशराम थुसा, जगनाथ सुजखु, सुरेन्द्र दुवाल, गोपीकृष्ण चाँगुभारी, राजेस दिस्ती, जयराम सुवाल, पूर्णभक्त सुवाल, राधेश्याम सुवाल, राजेन्द्र सुवाल, चन्द्रकेशरी कुसाथा, रमिला दिस्ती, सानुमैया बजिकों, लक्ष्मीमैया दुवाल, संगीता अवाल, मन्जु कुम्पाख, कृष्णलक्ष्मी कासुला, विष्णुकेशरी सितिखु, बुद्धलक्ष्मी सुवाल, नीशा सुवाल, जितबहादुर खाइजु, योगेश्वर श्रेष्ठ, जयकृष्ण श्रेष्ठ, नारायणभक्त त्यात, राज्यलक्ष्मी सुवाल, आरजु सुवाल, श्रीप्रसाद बासुकला, कृष्णगोविन्द कासुला, श्याम ख्याजु, तुल्सीप्रसाद खाताखो, पुण्यराम दुवाल, भूपाल मूल, गोविन्दराम त्वानाबासु, सुशील सुजखु, सुशिला सुजखु, मनिषा सुवाल, सुष्मा कासुला, रोजिना खड्की, रोहन सुवाल, सत्यनारायण सिजख्व, राजु बजिकों, रामगोपाल अवाल, कुमार कुम्पाख, कमला सिजख्व, बलराम नापित, कृष्णराम सितिखु, सागर कुसाथा, केशव आचार्य, सुनिल सुवाल, कृष्णप्यारी शिल्पकार, सानुमैया चुल्याद्य, कृष्णराम थुसा, रमेश सितिखु, रत्नलाल कैटी, सुरेसन धुसु, विष्णुकेशरी सुवाल, मदन खाताखो आदि रहनु भएको थियो।



स्वयमसेवकहरू वडामा बैठक बस्दै

मिति २०७७ भाद्र २२ गते सोमबारका दिन समन्वय समितिको बैठकले यस वडा क्षेत्रभित्र नोवेल कोरोना भाइरस सङ्क्रमित व्यक्ति र निजको परिवारलाई होम आईसोलेसन (क्वारेन्टाइन) मा बस्न अनुरोध गर्ने र पटक पटक अनुरोध गर्दा पनि अटेर गरी घर बाहिर देखिएमा निजको घरमा सूचना टाँस गरी सिल गर्ने निर्णय गरियो। सो निर्णय अनुसार कोरोना पोजेटिभ भई बाहिर आउने धेरैको घर घरमा गई प्रहरी र स्वयम्सेवकको सहयोगमा सिलबन्दी गरिएको थियो। कतिपय घरमा मान्छे मरी दाहासंस्कार सकिएपछि मात्र पोजेटिभ रिर्पोट आएको परिवारमासमेत सिलबन्दी गरिएको थियो। साथै लक्च र अन्य मृत्यु संस्कार औपचारिकतामा सीमित गर्न घर घरमा गई अनुरोध गरियो। तर हामीले गरेको कतिपय गतिविधिले कोभिड भएको परिवार र कोभिडले मृत्यु भएको परिवारलाई अलिकति असजिलो महसुस भएको गुनासो सुनियो। भिडभाड जम्मा भएपछि कोभिडको दोस्रो लहर डेल्टा भाइरस झन खतरनाक भएकोले

झनै धेरैलाई सङ्क्रमित पार्ने हुँदा यस्तो गर्नुपर्ने बाध्यता थियो ।

मिति २०७७ आश्विन १४ गते बसेको समन्वय समितिको बैठकले वडाभित्र कोरोना भाइरस र डेंगु फैलिन नदिनको लागि क्लोरिन र चुन छर्कनुका साथै थप सरसफाइ गर्ने निर्णय गरियो । उक्त निर्णय कार्यान्वयनको क्रममा वडावासी र कर्मचारीहरू समेत परिचालन गरी स्वयम्सेवकहरूको सहयोगमा एक दिन बिराएर गल्ली गल्ली, चोक चोकमा समेत क्लोरिन र चुन छर्कने कार्य गरियो । साथै नपाको गाडीले पनि क्लोरिन छर्कने कार्य भएको थियो ।


वडा क्षेत्रमा क्लोरिन छर्कने कार्य हुँदै

मिति २०७७ आश्विन १८ गते बसेको समन्वय समितिको बैठकले वडा क्षेत्रभित्र बसोबास गरी बसेका कोरोना सङ्क्रमित व्यक्तिका परिवारलाई जनस्वास्थ्य कार्यालय, च्याम्हसिंहबाट प्राप्त Health Kid वितरण गर्ने निर्णय भई घर घरमा वितरण गरियो ।

विजया दशमीको नवमीका दिन यस वडाको याछैंमा नवदुर्गाको मुकुण्डो प्रर्दशन गर्ने समयमा र महाकालीस्थानमा नवरातको दिन धेरै भीडभाड हुने भएकोले भीडलाई कम गर्नको लागि स्वयम्सेवकहरू परिचालन गर्ने निर्णय समन्वय समितिले मिति २०७७ कार्तिक ३ गते गरियो । उक्त निर्णयअनुसार स्वयम्सेवक साथीहरू याछैं टोलमा विभिन्न समूह बनाई बेलुका ५ बजेदेखि नवदुर्गाको मुकुण्डो हेर्न आउनेहरूलाई सम्झाई बुझाई फर्काउने र मुकुण्डो बनाउने ठाउँमा पनि सिलबन्दी गरी फर्काउने कार्य गरियो । यसको बाबजुद पनि केही व्यक्तिहरूले स्वयम्सेवक साथीहरूको प्रयासलाई असफल गराउने प्रयास गरिएको थियो । तर जनप्रतिनिधि, स्वयम्सेवक र प्रहरीको समन्वयले रातभरि नै पहरा दिई ख्वपा प्रर्दशनीलाई यस वर्ष रोक्न सफल भयौं । महाकालीस्थानमा स्वयम्सेवकहरू राती २ बजेबाट पहरा दिई मन्दिर प्रवेशमा रोक लगाउन सफल भए । रातीको समयमा केही उच्छृङ्खल व्यक्तिहरूले केही समस्या सृजना गर्न खोजे पनि साथीहरूले असफल पारे । नवरातको दिनमा राती २ बजेदेखि बेलुका सम्मनै पहरा दिने कार्य गरी स्वयम्सेवकहरूले निकै सह्रानीय कार्य गर्नुभएको थियो ।

कोभिड-१९ को दोस्रो लहरले उपत्यकामा पनि विकराल रूप लिईसकेको अवस्थामा बिस्केट जात्रा, आमाको मुख हेर्ने औंशी र देवाली पूजालाई औपचारिकतामा सीमित गर्ने निर्णय समन्वय समितिको मिति २०७७ चैत्र २३ गते बसेको बैठकले गरेको हुँदा स्वयम्सेवकहरू टोल टोलको मन्दिरमा परिचालित भई बलि दिनलाई रोकेको, भक्तजनहरूलाई फर्काउने कार्य गरेको, देवाली पूजा औपचारिकतामा सीमित गर्न वडामा बैठक राखी सचेत पार्ने कार्य गरिएको थियो ।


छुमा गणेश मन्दिरमा बलि दिने कार्य रोक्न परिचालित स्वयम्सेवक

मिति २०७८ वैशाख १६ गतेबाट सरकारले पुनः लकडाउन गरेकोले दैनिक ज्याला मजदुरी गरी जीवनयापन गर्ने निम्न आयका परिवारलाई पुनः राहत दिने निर्णयअनुसार चामल २० के.जी., दाल १ के.जी., नुन १ पाकेट, तेल १ ली. सहयोग गर्ने समन्वय समितिको वैशाख ३० गते निर्णय भएबाट सहयोग गर्ने कार्य गरियो । साथै टोलमा डेरा गरी बस्ने एक महिलाको सुत्केरी भएको र श्रीमान् पनि आफ्नो घरमा गएकोले आर्थिक अभाव भई खान लाउन समस्या भएर वडामा निवेदन परेको हुँदा वडाको समन्वयमा निजलाई पनि टोलकै एक व्यापारीबाट केही आर्थिक सहयोग पनि गरिएको थियो । साथै निज महिलालाई केही राहत पनि वितरण गरिएको थियो । यस्तै समस्या भएका टोलमा डेरा गरी बस्ने र स्थानीय केही व्यक्तिहरूलाई राहत दिइएको थियो । स्थानीय व्यापारीसँग समन्वय गरी गरिव विपन्न परिवारलाई लकडाउनको समयमा खाद्य सामग्री सहयोग गरिएका थियो । समय समयमा वडावासीहरू घर बाहिर ननिस्कीयोस् भन्ने उद्देश्यले पसलहरू बन्द गर्न अनुरोध गर्ने र विशेष गरी भट्टी पसलहरू बन्द गर्न कडाइका साथ पहल गरियो । यसको निम्ति पनि स्वयम्सेवहरू प्रहरीको सहयोग लिई पसल पसल अनुगमनमा जानुभएको थियो ।

वडा क्षेत्रभित्र बसोबास गरिरहेका कुनै पनि परिवारमा कोभिड-१९ सङ्क्रमण भएकाहरूलाई घर घरमा औषधी पुऱ्याउनुका साथै होम आईसोलेसनमा बस्न अनुरोध

गर्दै अलि गाह्रो सङ्क्रमितहरूलाई भक्तपुर नपाबाट सञ्चालित आईसोलेसन केन्द्रमा राख्नको लागि पहल गरिएको थियो। घर घरमा औषधि पुऱ्याउने क्रममा जनस्वास्थ्यबाट प्राप्त भिटामिन बी, सी, जीवन जल, आर्युवेदिक औषधिहरू पुऱ्याई सङ्क्रमितहरूसँग सामाजिक दूरी कायम गरी परामर्श सेवा दिने कार्य गर्नुका साथै फोन मार्फत नियमति सर्म्पक गरिएको थियो ।

लकडाउनको समयमा विकास निर्माणका कार्य गरी आर्थिकरूपमा कमजोरलाई रोजगारी दिने हिसाबले स्वास्थ्य मापदण्ड कायम गरी प्रहरी प्रशासन र नगरपालिकासँग समन्वय गरी भोलोछेँ पोखरी पुनः निर्माण सम्पन्न गरिएको थियो भने ख्वप कलेजदेखि बौकोसम्म बाटोको दुवै साइडमा ढल हाल्ने कार्य पनि सम्पन्न भएको थियो।



लकडाउनको समयमा भोलाछेँ पोखरी पुनः निर्माणमा सहभागी स्थानीयवासीहरू

मिति २०७७ फागुन २२ गते शनिबारका दिन बसेको समितिको बैठकले ६५ वर्ष माथिका जेष्ठ नागरिकहरूलाई फागुन २३ बाट खोप लगाउन कार्यक्रम राखिएको हुँदा खोप लगाउन प्रेरित गर्ने निर्णय गरियो। निर्णयअनुसार टोल टोलमा गई बुढापाकाहरूलाई सम्झाउने प्रयास गरियो। साथै कोही कोही खोप लिन निकै डराएको पनि पाइयो।

मिति २०७७ चैत्र ३१ गते मंगलबारका दिन बसको बैठकले यस वडामा बिस्केट जात्रामा मनाइने स्थानीय छुमा गणेस जात्रा, महाकाली महालक्ष्मी जात्रालाई व्यवस्थित गर्न स्वयम्सेवकहरू परिचालन गर्ने निर्णयअनुसार स्वयम्सेवकहरू परिचालन गरी जात्रा मर्यादापूर्वक र व्यवस्थितरूपले सम्पन्न गरिएको थियो।

मिति २०७८ वैशाख २० गते बसेको समितिको बैठकले कोरोना भाइरसको दोस्रो लहर काठमाडौँ उपत्यकामा विकरालरूपमा फैलिइसकेको अवस्थालाई मध्यनजर राख्दै नजिकिँदै आएको माता तीर्थ औँशी र देवाली पूजालाई गत वर्ष जस्तै औपचारिकतामा सीमित गर्ने सम्बन्धमा टोल टोलमा सूचना टाँस गर्ने, सरोकारवालाहरूको बैठक राख्ने र त्यसको लागि स्वयम्सेवक परिचालन गर्ने, माईकिङ गर्ने र वडामा चुन र क्लोरिन छर्कने निर्णय कार्यान्वयसमेत गरियो।

मिति २०७८ जेठ २४ गते बसेको बैठकले भक्तपुर नगरपालिकाको निर्देशनअनुसार यस वडाका ६० देखि ६४ वर्षसम्मका नागरिकहरूलाई भेरोसेल खोपको पहिलो मात्रा २०७८ जेठ २६ गते ख्वप कलेजमा दिनका लागि स्वयम्सेवक र स्वास्थ्यकर्मी परिचालन गर्ने निर्णयअनुसार खोप दिने कार्यक्रम सम्पन्न गरियो।

सरकारले पुनःलकडाउन गरेको कारण केही विपन्न परिवारलाई साविक झैँ राहत दिने निर्णय भई राहत दिने कार्य पनि गरियो।



खोप कार्यक्रममा परिचालित स्वयम्सेविकाहरू

मिति २०७८ असार २९ गते बसेको बैठकले भक्तपुर नपाको निर्देशनअनुसार ५५ वर्षदेखि माथिका सबै वडावासीहरूलाई भेरोसेल खोप ख्वप कलेजमा दिने निर्णयअनुसार असार ३० र ३१ गते खोप कार्यक्रम सम्पन्न गरियो।

मिति २०७८ श्रावण ४ गते बसेको बैठकले भक्तपुर नपाको निर्देशनअनुसार ५० वर्षदेखि ५४ वर्षका एक मात्रा पनि खोप नलगाएका व्यक्तिहरू, पूर्ण अशक्त, अति अशक्त, स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरू र सरसफाइ कर्मचारीहरूलाई जोनसन एण्ड जोनसन खोप दिने कार्यक्रम श्रावण ६ गते ख्वप कलेजमा गर्ने निर्णयअनुसार कार्यक्रम सम्पन्न गरियो।

मिति २०७८ भाद्र ८ गतेको बैठकले भाद्र ९ र १० गते ख्वप कलेजमा वडाका ४० देखि माथिका सबैलाई र कक्षा १२ मा परीक्षा दिने १८ वर्ष माथिका विद्यार्थीहरूलाई

भेरोसेल खोप दिने निर्णय अनुरूप खोप कार्यक्रम सम्पन्न गरियो । यसरी भक्तपुर नपाको निर्देशनअनुसार ख्वप कलेजमा विभिन्न उमेर समूहका नागरिकहरूलाई विभिन्न मितिमा चौबीस पच्चीस पटक ख्वप कार्यक्रम सञ्चालन गरियो । यस कार्यको लागि जनप्रतिनिधि सिद्धीराम अवाललाई कार्यक्रम संयोजकको जिम्मेवारी दिइएको थियो ।

माननीय सांसद श्री प्रेम सुवालको संसद कोषबाट प्राप्त रकमबाट प्रत्येक परिवारलाई एक एक ओटा हात धुने साबुन र परिवार सङ्ख्याअनुसार माक्स वितरण पनि गरिएको थियो ।

कोरोना भाइरस सङ्क्रमित भएका भक्तपुर नपा वडा नं. ६ याछेँका एक सिजख्व थरका व्यक्तिलाई परिवारले घरमा हेरचार नगरी टोलको पाटीमा राख्न ल्याएपछि टोलवासीको अनुरोधमा वडा कार्यालयले निजको पनि व्यवस्थापन गरिएको थियो । दुई दिनसम्म पाटीमा बेवारिस अवस्थामा रहेका निज सिजख्वलाई भक्तपुर अस्पताल लगी २२ दिनसम्म सफल उपचार गरी घर ल्याइएको थियो । साथै उनको ट्रेसिङमा परेका टोलवासीहरूको स्वाव परीक्षण गर्ने कार्य गर्नुका साथै टोलवासीसँग करिब दुई लाख चन्दा उठाई उपचार गरिएको थियो । साथै अस्पतालले पनि करिब डेढ लाख बराबरको औषधि उपचार खर्च पनि निःशुल्क गरिएको थियो । तर परिवार र निजको सासु र ससुराले उपचारमा केही सहयोग नगरेको र विदेशमा रहेको श्रीमतीसँग सहयोग माग्दा सहयोग दिनुका सट्टा मरे पनि हुने जवाफ पठाएको थियो ।



अक्सिजन प्लान्तको लागि सहयोग गर्दै

यसप्रकार भक्तपुर नपा वडा नं. ६ ले कोरोना सङ्क्रमण न्यूनीकरण गर्न र मानिसहरूलाई सचेत पार्न विभिन्न गतिविधिहरू गरेको थियो । साथै नगरपालिकाले अक्सिजन प्लान्ट स्थापना गर्न सहयोगको आह्वान हुँदा पनि टोलमा सहयोग जुटाउन नेतृत्वदायी भूमिका खेलेको थियो । साथै नगरपालिकाले समय समयमा दिएका निर्देशनको पालना गर्दै विभिन्न गतिविधि गरिएको थियो । यसबाहेक पनि सङ्क्रमितको प्रत्यक्ष निगरानी, राहत वितरण, औषधि वितरणलगायतमा वडाबाट महत्त्वपूर्ण भूमिका निर्वाह गरिएको थियो ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**डेंगु रोगसम्बन्धी अत्यन्त जरूरी सूचना**

हाल डेंगु ज्वरो देशका विभिन्न ठाउँहरूमा तीव्ररूपमा फैलिरहेको र भक्तपुरमा पनि यो रोगका बिरामीहरू दिनप्रतिदिन बढिरहेको छ । यो रोगका कारण अहिले अस्पतालका बेडहरू भरिन थालेका छन् । यो रोग एक किसिमको एडीस एजिप्ताई जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो । यो रोगका बिरामीको समयमै उपचार गर्न सकेमा सजिलै निको हुने तर यदि यो रोग लागिसकेपछि बेवास्ता र हेलचेक्र्याइँ गरी बसेमा ज्यानै जान सक्ने भएकोले यो रोगबाट आफू बच्न, अरूलाई बचाउन र आवश्यक व्यवस्था मिलाउन आ-आफ्नो ठाउँबाट सहयोग गर्नुहुन सम्पूर्ण नगरवासीहरूमा हार्दिक अनुरोध गर्दछ ।

# प्रचलित गीत र गाइँचा (गाइने) म्ये सम्बन्धी सङ्क्षिप्त चर्चा-३

विगोल

प्राचीन समयदेखि नेपालमा साहित्य, भाषा, कला, संस्कृति, सङ्गीत र गीतको प्रारम्भ, उत्थान र विकास भएको पाइन्छ। नेपालको कुन गाउँ नहोला जहाँ गीत गाइएको हुँदैन, बाजा नबजाएको हुँदैन। हो, कहीं विकास र विस्तार भयो होला, कहीं लोप भयो होला, कहीं यथावत रह्यो होला। समयको गति सँगै नाचगानको विकास भइरहेको देखिन्छ। कतिले रचिएका गीतहरू सङ्कलन गरेर गीति सङ्ग्रह निकाले, कतिले गाएर जीवन्तता दिइरहे त कतिले गाउन छोडे। जीवन सङ्घर्षमय हुन्छ। जीवनमा सुख-दुःख, राम्रो नराम्रो, असल-खराव, कथा-व्यथा, चिन्ता-पीडा, गुण-अवगुण, धनी-गरिव, दया-माया, सहयोग-असहयोग, काल-अकाल मृत्यु, मोजमज्जा, श्रम-परिश्रम, ऐस-आराम, लोकाचार, निन्दा-प्रशंसा, पवित्र-अपवित्र, थोरै धेरै, सानो-ठूलो चलाख-धूर्त, सक्रिय-निस्कृय, अल्छि, निरास, रिसाहा, हँसिला, आँटिला, कातर आदि हुन्छ। मानिसले गाइने गीतमा यस्तै भावना, विचार समेटिएको हुन्छ। पहिले पहिलेका अधिकांश गीत प्रकृतिपरक हुन्थ्यो, धर्म-कर्ममा केन्द्रित हुन्थ्यो। ईश्वर या देवी देवताको गुणगान गरिएको हुन्थ्यो। दुःख-सुखको पीडा पोखिएको हुन्थ्यो। कहीं कतै अश्लीलको पनि हुन्थ्यो। कति गीतमा वीरहरूको गुणगान गरिएको थियो। कति देशभक्तिपूर्ण हुन्थ्यो। त्यही गीतले त्यसबेलाको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक पक्षको झझल्को देखाएको हुन्छ।

भाषा मौलिक विचारको गतिशील साझा माध्यम हो। जनजिब्रो र साहित्यिक शिष्ट प्रयोग अनुसार परिवर्तन भइरहनु जीवित र प्रगतिशील भाषाको लक्षण हो। व्याकरणको मर्यादा र अनुशासनमा रहेको भाषा अनि भाषाको स्वभाव र गतिलाई सम्मान पनि गर्नुपर्छ। यसले भाषाको वाङ्मयलाई समृद्ध, लोकप्रिय बनाउँछ, सरल र सुबोध बनाउँछ। यो कुरा गीतमा पनि लागु हुन्छ। सर्व देश, सर्व काल एउटै ढाँचाको गीत हुँदैन।

गाइँचा प्याखं (नाच) समयको गतिसँगै पछि विकास भएको नाच हो। यो भक्तपुरको लोकप्रिय विधा हो। गाइँचा प्याखंमा गीत पनि गाइन्छ। गाइँचा प्याखंको प्रारम्भ हुनुभन्दा अघि गन्धर्वहरूले गीत गाउँथे। उनीहरूको गीत देशभक्तिपूर्ण हुन्थ्यो, दुःख-सुखकै हुन्थ्यो, सजीव हुन्थ्यो, यथार्थमा आधारित हुन्थ्यो। उनीहरू घर-घरमा गाउन आउँथे, खेत-खेतमा गाउन आउँथे सहर बजारमा गाउन आउँथे। गीत गाएरै उनीहरूको जीवन चलेको हुन्थ्यो। तर अहिले भक्तपुरको सन्दर्भमा गन्धर्वहरूले पनि गीत गाउन छाडे। जीवनको जोहो गर्न अर्कै पेसा अपनाउन थाले।

गन्धर्वहरू सारङ्गी बजाएर गीत गाउँथे। आफ्नै लयमा गाउने गीत नितान्त मौलिक हुन्थ्यो। उनीहरूको पहिरन सामान्य हुन्थ्यो। गीत गाउँदै गर्दा एउटा खास्तो पनि लाएको हुन्थ्यो। गीत मिठो लयमा गाइएको हुन्थ्यो। त्यही गीत गाएर उनीहरूको जीवन चलेको हुन्थ्यो। पछि उनीहरू विश्व सम्पदा स्थल लायक् दरबार र टौमढी टोलमा बसेर गीत गाउन थाले। गीत सुनेर स्वदेशी र विदेशी पर्यटक या आगन्तुकहरूले पैसा दिन्थे। यसरी उनीहरूको जसोतसो जीवन चलेको थियो। भक्तपुरको सन्दर्भमा अब गन्धर्वहरूले गीत गाउन छाडे।

त्यसपछि भक्तपुरमा गाइँचा प्याखंको उत्थान भयो। गाइने गीतका स्रष्टा र अग्रजहरूका अनुसार यहाँ २०२६ सालदेखि गाइँचा प्याखंको थालनी भएको हो। पञ्चायतकालको समय थियो। मौलिक र राजनीतिक अधिकार थिएन। दल प्रतिबन्धित थियो। जुलुस, भेला र सङ्गठन गर्न पाइँदैनथ्यो। सभा सङ्गठनहरू लुकी लुकी गर्नुपर्थ्यो। प्रहरी प्रशासनले थाहा भएपछि सभा जुलुस रोकेको हुन्थ्यो या दबाउँथ्यो। त्यस्तो समयमा यहाँका जनताका हक अधिकारका निम्ति लड्ने सचेत अग्रजहरूले गाईजात्राको बेला जनचेतना जगाउने, जनताको दुःख सुख बाँड्ने, पञ्चायती व्यवस्थाको दमन, शोषण र अन्याय अत्याचारको विरोध गर्ने एउटा मञ्च बनाए, त्यो हो गाइँचा प्याखं।

गाइँचा प्याखंको सुरुसुरुका दिनमा नाचने कलाकारहरूको एउटै पोशाक हुन्थ्यो। कलाकारहरू एक दर्जनभन्दा बढी हुन्थे। कुनै कलाकारले सारङ्गी बजाउँथे। अन्न पोको पारेको खास्तो लाएको हुन्छ। पटुकामा सानो-सानो तबला हुन्थ्यो। दौरा सुरुवाल लाएको हुन्थ्यो। अरूसँगै एउटा एउटा लठी हुन्थ्यो। गीत गाउनेको समूह दुईटा हुन्थ्यो। उनीहरू पालैपालो गीत गाउँथे। तर, गन्धर्वहरू अधिकांश एक्लै गाउँथे। कहिलेकाहीं दुई तीनजना पनि

हुन्थे । प्रहरी प्रशासनले नचिनोस् भनेर गीत गाउने र नाच्ने कलाकारहरूमा कपडाको मुकुन्डो हुन्थ्यो । सुरुदेखि अहिलेसम्म गीतको लय, बोल एउटै छ । नाच्ने शैली या ताल या खुट्टाको चाल एउटै छ ।

गाइँचा प्याखंबाट थालनी भएको सांस्कृतिक अभियान २०३६ सालदेखि गाईजात्रालाई पनि राजनीतिक मञ्च बनाउने काम भयो । पहिले पहिले गाईजात्रामा सामाजिक, धार्मिक व्यङ्ग्य हुन्थ्यो । पछि राजनीतिक व्यङ्ग्य हुन थाल्यो । घिन्ताङघिसीमार्फत पनि राजनीतिक चेतना दिने, सामाजिक जागरण ल्याउने, सांस्कृतिक स्तर उठाउने, राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशका घटनाहरूलाई उजिल्याउने काम भयो । अन्धविश्वास, कुरीति, विकृति-विसङ्गति अन्त्य गर्न नै त्यो सांस्कृतिक अभियान थालनी गरिएको थियो । गाईजात्राका यी विभिन्न क्रियाकलाप मध्ये गाइँचा प्याखं पनि एक हो । पहिले पहिले गाईजात्रामा सामाजिक घोचपेचभए पनि कति अश्लील हुन्थ्यो । गाईजात्रालाई राजनीतिक मञ्च बनाएपछि यसले प्रगतिशील विचार प्रवाह गर्‍यो, राजनीतिक चेतना जगायो, नागरिक भावना जगाउने र सांस्कृतिक स्तर उठाउने काम गर्‍यो ।

जसरी गन्धर्वहरूको गीत मनछुने खालको सरल, सरस हुन्थ्यो त्यसरी नै गाइँचाका गीतहरू पनि जनताको मन छुने खालको, सजिलै भाव र मर्म बुझ्ने स्पष्ट हुन्थ्यो । गाइँचा प्याखंमा गाइने गीतमा व्यङ्ग्यमात्र होइन आलोचना र निन्दा हुन्थ्यो । आदर्श र सुसंस्कृत समाज बनाउने स्वर हुन्थ्यो । यस गीतमा अमेरिकी साम्राज्यवाद, भारतीय विस्तावादको विरोधमा मात्र होइन एसियाली र अफ्रिकी जनताको पक्षमा लेखिएको हुन्थ्यो । निरङ्कुश पञ्चायती व्यवस्थाको विरोध हुन्थ्यो । मौलिक र राजनीतिक अधिकार प्राप्तिका स्वरहरू हुन्थ्यो । समाजमा व्याप्त अन्धविश्वास, कुरीति, विकृतिको विरोध गरिएको हुन्थ्यो । गाइँचा म्ये (गीत) मा गरिव वर्गको चित्रणमात्र होइन समाजका उत्ताउला, उच्छृङ्खल आपराधिक व्यक्ति, नेता, मन्त्री, सांसद, जनप्रतिनिधिहरूको कमीकमजोरी पनि औँल्याइएको हुन्थ्यो । गाइँचा म्ये जनतालाई जागरुक बनाउने सहज र एक भरपर्दो माध्यम बन्यो । यस गीतमा प्रतिक्रियावादी, अपराधी, भ्रष्टचारी, दमनकारी, कमिसनखोरको विरोध हुन्थ्यो ।

गाईजात्रा अहिले नाचागानको उत्सवमात्र होइन जनताको चेतनास्तर उठाउने खुला राजनीतिक पाठशाला जस्तै बन्यो । गाईजात्रामा भैल, देवी, लाखे, जङ्गली, भालु, दैत्य, माक, खिचा, कवांचा, ख्या, म्हेखा, शेरसिंह, हनुमान, नागाचा, म्हेखा, म्ये (राँगो), धुँ (बाघ), लुसी, मात्र होइन फाकंदली, कलाँली, झ्याउरे नाच पनि देखाइन्थ्यो । यी नाचपछि विकास भएको एउटा नाच गाइँचा प्याखं हो ।

गाइँचा प्याखंको प्रसङ्ग आउने वित्तिकै आशाकाजी बासुकलाको नाउँ सम्झिन्छ । गाइँचा प्याखंको प्रारम्भ, उत्थान र विकासमा उनको महत्त्वपूर्ण भूमिका थियो । समाजमा व्याप्त अन्धविश्वास, विकृति र विसङ्गति अन्त्य नभएसम्म आदर्शोमुख समाज बन्दैन । सांस्कृतिक क्षेत्रमा पनि सामाजिक जागरणको आवश्यकता हुन्छ । पुरानो साहित्य कला र संस्कृतिले नयाँ युग या पुस्ताको सेवा गर्छ भनी त्यसै भनिएको होइन ।

आशाकाजी बासुकला नेमकिपाका एक असल, इमानदार, सिद्धान्तनिष्ठ राजनीतिक कार्यकर्ता मात्र होइन एक कर्तव्यनिष्ट शिक्षक, प्रगतिवादी साहित्यकार एवं संस्कृति प्रेमी हुनुहुन्थ्यो । एक सङ्घर्षशील, कर्मठ, अनुशासित व्यक्तित्वको नाम हो बासुकला । जनतालाई वर्गीय र राजनीतिक रूपमा सचेत र सङ्गठित गर्न उनी राजनीतिमा मात्र होइन सांस्कृतिक गतिविधिमा लागेका थिए । सांस्कृतिक अभियानको नेतृत्व या अगुवाइ उनैले गरेका थिए भन्नु फरक नपर्ला ।



उनी नेपाल भाषा साहित्य तःमुंज्या र विविध भाषा साहित्य सम्मेलनमा सक्रिय पात्र मात्र होइन संस्थापक थिए । सांस्कृतिक गतिविधिमा उनी आफै सक्रिय हुन्थे, अरूलाई पनि घच्घच्याउने, सँगै लगेर परिचालन गराउँथे । मिजासिला, निडर, हँसिला उनी मार्क्स, लेनिन, माओ त्सेतुङ, होचिमिन्ह, किम इल सङ जस्ता नेताहरूको महावाणीहरू कण्ठ गर्थे, कार्यकर्ता र साथीहरू समक्ष बाँड्थे या सुनाउँथे । आफू भक्तपुर नगरपञ्चायतको प्रधानपञ्च हुँदा उनले पुर्खाले सिर्जेको सम्पति, हाम्रो कला र संस्कृतिको नारा तयार गरेका थिए । त्यही नारा त्यसबेलाको गाइँचा प्याखंमा गीत घन्काइएको थियो । उनी

शिक्षक छँदा कक्षामा विद्यार्थीलाई प्रगतिशील गीत गाउँथे या सुनाउँथे। असल र इमानदार विद्यार्थीलाई माया गर्ने र मति भ्रष्ट विद्यार्थीहरूलाई सम्झाउने बुझाउने र अत्तेरीहरूलाई सजाय दिन्थे। पढाई छोडेर फिल्म हेर्न जान पल्केका विद्यार्थीहरूलाई सम्झाउँदै उनी भन्थे, 'फिल्म हेर्नु नहाम्रो होइन तर फिल्म हेर्ने नसा राम्रो होइन। सधैँ मनोरञ्जन गरेर आफ्नो भविष्य बन्दैन। देश र जनताको सेवा गर्ने सन्देशमूलक फिल्म हेर्नुपर्छ।'

हँसिलो मुहारका उनी ठट्यौलो स्वभावका थिए। आफ्नो सिद्धान्त र विचार नमिल्ने साथीहरूसँग पनि उनी भिज्ने र मित्र बनाउँथे। मिलनसार र सहयोगी स्वभावका उनी देश र जनताको पक्षमा साँचो राजनीति गर्ने गुरू पनि थिए। गरिब किसानहरूका आत्मीय नेता उनी अन्यायविरुद्ध लाड्ने क्रान्तिकारी पनि थिए। उनी आफू प्रधानपञ्च र सांसद भए पनि कहिल्यै घमण्ड गर्न नजानेका सरल स्वभावका थिए। उनी संस्कृतिकर्मी मात्र होइन कवि, कलाकार, गायक, नाटककार पनि हुन्। उनका कविता, गीत ख्याल नाटकमा शोषक, सामन्त, जाली फटाहा, प्रतिक्रियावादीहरू विरुद्धको स्वर हुन्थ्यो। उनी हक्की र निर्भिक स्वाभावका थिए। गर्न त गर्छु जनताको सेवा गर्छु, लड्न त लड्छु देशको निम्ति लड्छु भन्ने स्वभावका उनी साहसिला आँटिला थिए।

उनी बरोबर भन्थे 'कम्युनिस्टहरू जहाँ गएपनि जनताको सेवा गर्न जुट्छन्, प्रतिक्रियावादीहरूको भण्डाफोर गर्छन्। कम्युनिष्टहरू यमराजको ढोका घच्घच्याउन पनि पछि पर्दैनन्। घर, चोक, पसल, भेला, बैठकमा सिद्धान्त र विचारको कुरा प्रचार गर्ने उनी जेल र खोरभित्र पनि त्यही कुरा प्रचार गर्थे। आफूलाई शारीरिक र मानसिक यातना दिए पनि उनी प्रहरी सामू झुक्दैनथे। जहाँ पनि हाँसो ठट्टा गर्ने अँध्यारो मुख्य लाएका, निरास भएका कार्यकर्ता र साथी भाइहरूलाई पनि मज्जाको कुरो सुनाएर हँसाउँथे र दङ्ग पार्थे। कहिल्यै कसैले नगरेको सांस्कृतिक प्रदर्शन उनले जेलभित्र पनि गरे। जेलभित्र घिन्ताङघिसी नाचेर सबैलाई दङ्ग पारे र रमाइलो गरे।

नेपालभाषा साहित्य तःमुंज्याको स्थापना कालदेखि नै उनी सक्रिय थिए। जीवनको अन्तिम घडीसम्म उनी त्यसमा सक्रिय भए। तःमुंज्या सञ्चालनमा उनी आफैं अघि सर्थे र टोलका कार्यकर्ता तथा साथीहरूलाई निर्देशन दिन्थे। भक्तपुरमा मात्र होइन उपत्यकाका विभिन्न स्थानमा पनि साहित्यिक  तथा सांस्कृतिक गतिविधिमा उनी अगाडि बस्थे र अरूलाई घच्घच्याउँथे। उनी सभा, गोष्ठी, भेला या भेटघाटमा चुटकिला, गजल, गीत आदि सुनाएर सबैलाई मन्त्रमुग्ध बनाउँथे, नेता तथा कार्यकर्तालाई मिजासिला कुरा सुनाएर हँसाउँथे। उनी सामाजिक र राजनीतिक कार्यकर्ता मात्र नभई सर्जक कलाकार, गायक र लेखक पनि थिए।

सबैसँग घुलमिल गर्ने, मित्रवत् व्यवहार गर्ने, पुराना अनुभवका कुरा सुनाएर सर्वसाधारण नागरिक, किसान, मजदुर, विद्यार्थी, युवा, शिक्षक, महिला, कर्मचारी, व्यापारी, व्यवसायी, बुद्धिजीवीहरूलाई दङ्ग पार्ने र मन जित्न सक्ने खुबी भएका कुशल व्यक्ति पनि थिए उनी। पार्टी कार्यालय, घर आँगन, सडक बजार जहाँ पनि साथीहरू समक्ष आफ्नो अनुभव र विचार राख्ने उनी अरूलाई आलोचना पनि गर्थे, अनि आफू आलोचना देखी नडराउने व्यक्ति थिए। क्षणभरमै दर्जनौँ गीत लेख्न सक्ने उनी 'आँशु कवि' पनि थिए। उनी व्यङ्ग्यात्मक उक्ति, भनाइ, गीत सुनाएर अरूलाई आनन्द दिने मिजासिला थिए।

साहित्य र कला क्षेत्रमा दख्खल भएका उनी सम्भवतः साहित्य र कला क्षेत्रमा मात्र लागे एक सफल नामुद कलाकार र साहित्यकार बन्थे। उनका समकालीनहरूले उनलाई त्यसै गाइँचा गीतका 'सम्राट' भनेका होइनन्। उनका गीतहरूमात्रै सङ्कलन गरे हजार भन्दा बढी पुग्यो होला ? सयौँ हजारौँ गीतहरू टोल-टोलमा गुन्जिसकेको छ। उनको अनुभव र कुराकानी सुनेर कति चिनेजानेका बुद्धिजीवी, साहुमहाजन उनलाई 'हास्य कलाकार' भन्थे। साँच्चै अभिनयको क्षेत्रमा लागेका भए उनी जनताका कलाकार बन्थे। २०२५/२०२६ साल देखि सुरु भएको भ्रष्टाचारविरोधी आदोलन, त्यससँगै पछि शुरु भएको सांस्कृतिक आदोलन अन्तर्गतका गाइँचा प्याखं, घिन्ताङघिसी उपयोग, ख्याल (हास्य व्यङ्ग्य) र नाटक विधामा उनले पुऱ्याएको योगदान र प्रेरणाले अहिले पनि गाईजात्रामा यी प्रहसनले निरन्तरता पाइरहेको छ। यसरी गाईजात्रा नाचगान गर्ने उत्सवमात्र होइन अशिक्षित र पछाडि परेका जनतालाई राजनीतिक रूपले सचेत र सङ्ठित गर्ने, अन्याय अत्याचार विरुद्ध लड्ने, जनताको चेतनास्तर उठाउने एउटा राजनतिक दबु बन्यो।

गाईजात्रामा प्रदर्शन हुने ख्याल, एकाङ्की, नाच, गीत र अन्य साहित्यिक गतिविधिहरू सन्देशमूलक बन्यो। यसले समाज परिवर्तनमा सहयोग पुऱ्यायो, जनताको सांस्कृतिक स्तर उठाउन र नागरिक भावना जगाउन बल मिल्यो। गायक, कलाकार, रचनाकारहरू बढ्न थाले। यसको कारण अश्लील अभिव्यक्ति र अश्लील प्रदर्शनमा नियन्त्रण भयो। हाल टोल-टोलमा गाइँचा, फाकंदली, लुसिचा र कलाँलीचा गाइने गीत लेख्ने रचनाकारहरू देखापरे। यसको प्रेरणाको श्रोत आशाकाजी बासुकला नै हुन्।

उनले 'याक काय्' पूर्णाङ्की नाटकमा पनि भाग लिए। त्यसै क्रममा उनी पक्राउ परे। प्रत्येक वर्ष आउने गाईजात्रामा उनी गाईजात्रा समितिको अध्यक्ष बन्थे। उनी नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घका अध्यक्ष पनि बने। भौतिक शरीर नभएपनि उनको क्रान्तिकारी भावना, विचार उनले कला, साहित्य, गीत र संस्कृतिको क्षेत्रमा पुऱ्याएको योगदान हामीमाझ स्मरणीय भइरहेको छ, भइरहने छ।

गाईजात्राको बेला अहिले झन्डै सबै जसो टोलमा गाइँचा प्याखं देखाउन थालेका छन् या गाइँचा प्याखं टोल-टोलमा हुनथालेको छ। गाइने गीत लेख्ने धेरै रचनाकारहरू देखिए। पुराना स्रष्टा मात्र होइन नयाँ स्रष्टा पनि देख्न थाले। यो सकारात्मक पक्ष हो। तर, यी सबै रचनाकार या स्रष्टाहरूले रचेका गीतहरू सङ्ग्रह गरिएका छैनन्। कतिले पछिल्ला गीतहरूमात्रै सङ्कलन गरी राखे। यहाँ केही रचनाकारहरूले रचेका केही गीतहरूको सङ्क्षिप्त चर्चा गर्नेछु।

स्रष्टा आशाकाजी बासुकलाले रचेका गाइने गीतका केही अंशहरूको चर्चा यहाँ प्रस्तुत छ।

भारतले नेपाली भूमि मिचेको र अतिक्रमण गरेको सन्दर्भमा रचिएको गीत-

*पूर्व पच्छिम सिमाना, भारतं मिचे योङ च्वना*
*संयुक्त सरकार मिखा तिसिङ न्ह्योलं ब्वङ च्वना।*
*सीमा रक्षा यायेम, जनता न्ह्योलं चाय्मः*
*पूर्व पच्छिम सीमायाता, रक्षा यायेम।*

भक्तपुरमा जर्मन प्रोजेक्ट आएपछि यहाँका देवी देवताहरू हराउन या चोर्न थालेको थियो। मूर्ति हराउँदै गएको विषयमा लेखिएको गीत-

*जर्मन प्रोजेक्ट ख्वपेवल, थाय्थासं द्यो तङ वल*
*द्यो तङ वल देग ख्वल, जनतां खाँ थुइकल।*

आजभोलिका युवाहरूको फेसनप्रति व्यङ्ग्य गरिएको गीत-

*जिन्स पाइन्ट न्यात, बैङ्कक लकां न्ह्यात*
*क्याम्पसे वङ तोहचिङ, ल्याम्हो नपा लात।*

आफ्नो इज्जत र प्रतिष्ठाको ख्याल नगरी सम्पत्तिको लोभमा फसेका नारीहरूप्रति इङ्गित गरिएको गीत-

*मिसातय् फूर्तिफय् थाकुल, तुतिपालिं बाँय् मथिल*
*नेखे सम्पत्ति दइजुल धका, न्हाय् तःपुक जुल।*

कमैया मुक्तिको नाउँमा घर बारबिहीन बनाइएका कमैयाहरूले भोगेका दुःख पीडाबारे लेखिएको गीत-

*कमैया मुक्ति धाल, कमैयातय्सं दुःख सिल*
*मुक्ति जुपुं कमैया छखेय्, ख्वबि पिहाँ वल।*

बाढी पीडितहरूलाई राहत पुऱ्याउनुभन्दा हेलिकोप्टर चढेर निरीक्षण गरेर पार गर्ने मन्त्रीहरूलाई घोचपेच गरिएको गीत -

*बाढी पीडित निरीक्षण, मन्त्री गण वाह्यु वान*
*हेलिकप्टर प्रयोग यङ, भ्रमण यो जुल*

घर-व्यवहार, समाज, देश र जनताको मतलब नराखी आमा बाबुको सम्पत्तिमा ऐस आराम गरेर घुमफिर गर्ने युवाहरूप्रति लक्षित गीत -

*होन्डा च्वङ जुयसल, भट्टीवङ नयसल,*
*अय्ला थ्वँ, बियर त्वङ मोजयङ जुल।*

भारतले एकपक्षीय रूपमा नेपाल-भारत सीमामा बाँध तथा तटबन्ध बनाएर नेपाली भूमि डुवानमा पारी नेपाली जनतालाई अस्तव्यवस्त बनाउने र कालापानीमा भारतीय सेना तैनाथ गरेर नेपाली भूमि अतिक्रमण गरिरहेको सन्दर्भमा लेखिएको गीत -

*टनकपुरे बाँध दय्कल, नेपायाता हेकल*
*नेपाः यागु ना दको, पङ यंकल।*
*कालापानी झिगु हे : भारतया सिपाही च्वंगु हँ*
*झिगु भूमि भारतया सिपाही, तय्जिगु मखु हँ।*

बहुदलपछि खुलम खुला घुस खाएर हाकिमहरूले घर बनाएको सन्दर्भ र बढ्दो महँगीबारे लेखिएको गीत -

*हाकिम तय्सं घुस नलः तःतः खागु छँ जाल*
*गरिब स्याङ, छँ दङ, मोज यङ जुल।*
*साँया घः क्वखं मस्यु, जनताया पिर सरकारं मस्यु*
*पसले वङ सामान न्यासा थियां थिय मज्यु।*

पहिले पहिले आमाबाबुको सन्तान धेरै हुन्थ्यो र खानपिन गर्न समस्या हुन्थ्यो। कति परिवारमा चेलीबेटीहरूको उमेर चढेपछि श्रृङ्गार पतार गर्ने र गुण्डाहरूले जिस्क्याउन आउने प्रसङ्गमा लेखिएको गीत -

*मचाखाचा यको दयो व, नके त्वंके थाकुयो व*
*नके त्वंके पुंके थाकुयो, ल्वापु जुयो व।*
*म्ह्याय्मचा ल्यासे जुयो व, क्रिम पाउडर बुयो वः*
*लाँय् वपुं गुण्डातय्सं वाय्ता हायेक वः।*

भक्तपुरमा कम्तीमा एक घर एक स्नातक बनाउने नेमकिपाको अवधारणा बमोजिम भनपाले कलेज खोल्न थालेको सन्दर्भमा लेखिएको गीत-

*एक घर एक स्नातक, ख्वप देशं नारा थ्वेक*
*देश हे नमुना जुइक, कलेज चायेक।*

महिला बेचबिखन देशको अर्को समस्या हो। महिला बेचबिखन गर्ने र अवैध सामान भित्र्याउने तस्करहरूको सन्दर्भमा लेखिएको गीत -

*मिसा त बम्बई मिल, मिजंत अरबे छोत*
*मिसा मिजं मिइपिन्ता, लाइसेन्स बिल ।*
*पप्लु जुडो कराँते काल नेतातय्सं ल्हाते*
*लुँ चरेस हसाँ थाना, धाय् मफूत छुँ हे ।*

यसरी आशाकाजी बासुकलाको समय सन्दर्भमिलेका सयौँ हजारौँ गीत छन् । सबै गीतको अभिप्राय, भावनाको गीत यहाँ उल्लेख गर्न साध्य हुँदैन । यसबारे थप पछि अध्ययन गर्नेछ र सो पुस्तकको समीक्षा गर्नेछ ।

आशाकाजी बासुकलापछि गाइँचा प्याखंमा धेरै गाइने गीत लेख्ने अर्को रचनाकार हुन् चन्द्र बहादुर उलक । 'जनकवि' को नाऊँमा परिचित कवि उलक पनि नेपालभाषा, साहित्य, कला र संस्कृतिका अर्का स्रष्टा हुन् । आशाकाजी बासुकलासँगै धेरै गीत लेख्ने उलकको गाइने गीत मात्र होइन, झ्याउरे गीत, कलाँलीचा गीत, फाकंदली र लुसिचाका धेरै गीतहरू छन् । नेपाल संवत् १०९८ देखी गाइने गीत लेख्न थालेका उलकले (वर्ग जक थः केनि र कविता सङग्रह) 'भाय व साहित्य' (एकाङ्की नाटक सङग्रह) र ख्युंगुन्हि (गीत सङ्ग्रह) प्रकाशित गरेका छन् । उनका सयौँ गीतहरूमध्ये केही गीतको अंश यहाँ प्रस्तुत छ –

सिद्धान्त र विचार थाँती राखेर राजनीति गर्ने नक्कली कम्युनिस्टहरूबारे राचिएको गीत –
*सरकारे वांपुं कम्युनिस्ट, सिद्धान्त फुकं म्हिचायूतः*
*थः थगु भाग मिले मजुयः पार्टी न्हूगु दय्केसः ।*

आफूलाई किसान भन्ने तर किसानकै जग्गा हडपेर शोषण गर्ने चरित्रका व्यक्तिहरू प्रति छेड हानेको एक गीत–
*थःता किसान धाइपुं, किसान तयूता क्पाइपुं*
*चःबि वाँसा लालाथाय् फाइपुं, अपाचां हःचि याइपुं*

पहिले पहिले अस्पतालको अवस्था दयनीय थियो । सर्वसाधारण गरिब वर्गका बिरामीहरू अस्पतालमा लगे पनि वास्ता हुँदैनथ्यो । सर्वसाधारण जनता समयमै उपचार नपाएर मृत्युको शिकार हुन्यो । त्यस सम्बन्धी लेखिएको गीत–
*धनी वर्ग अस्पताले वाँ, गरिब वर्ग खोरें वां*
*वास मखांक गरिब जनता सियें माल न्हाँ ।*

२०४५ भदौ ९ गते पञ्चायती राज्यस्तरबाट एक षड्यन्त्रमूलक काण्ड रचिएको थियो । 'भक्तपुर काण्ड' नामले परचित उक्त काण्डमा नेमकिपाका नेता तथा कार्यकर्ता मात्र होइन सर्वसाधारण जनता र कर्मचारीले पनि शारीरिक मानसिक यातना पाए । त्यसको स्मरणमा लेखिएको एकगीत–
*जमदूत सिमदूत चाहयुवल, ख्वप देशय् ग्याँपुला*
*हनेलाको मनुतः ज्वङ सरकारं दुःख बिल*

भारतको उठबसमा बस्ने नेपाली शासकहरूले देश बेच्न लागेको ब्यक्तगर्दै नेपालकै इज्जतमा धक्का पर्ने गरी गरिएको कामको सन्दर्भमा लेखिएको गीत–
*झिगु देशया सरकार, भारतं ख्याङ तल*
*ततः धाँगु पार्टी तसें मिइन नेपाल,*
*बाबुराम बाजे भट्टराई हँ, भारतया यम्हा प्रधानमंत्री हँ*
*न्हूगु नेपालया इज्जत वांक, भारतया सेवा याता हँ ।*

छोराहरूको बिहेपछि आमाबाबुलाई नसम्झी आफ्नै स्वास्नीसँग पल्केर बस्ने छोरा र घर–व्यवहार नमिलेर सासु र बुहारी बीच हुने कचमचको सन्दर्भमा लेखिएको गीत –
*मां ब्वाया माया कायूता, काय्या माया ल्यासे मिसाता*
*बुराबुरीं सुख सिइगु काथं ज्या मयाता*
*छँखाँ पतिकं ल्वाङः च्वन ससमां भमचा हलच्वन*
*इज्जत वानिगु सराप बियः, हवायँ हवायँ ख्वय च्वन ।*

जातीय राज्यको नारा घन्काएर भारतीय शासक वर्गको सेवा गर्ने नेपाली शासक नेताहरू प्रति लक्षित गरिएको गीत –
*जातीय राज्य दय्किगु हँ, नेपः दे बाक्व यायेगु हँ*
*थः थः न्हयाबले ल्वाजकं ल्वङ, भारतया सेवा याय्गु हँ ।*
*माओवादी धायूम्हा, जातीय राज्य दय्किम्हा*
*थः थः ल्वाक करपिंता भिंक देश स्यंकिम्हा*

किसान नेता भएर किसानले मोहियानी हक खोसेर आफूलाई कारबाही हुने देखिएपछि माओवादी प्रवेश गर्ने व्यक्ति प्रति लक्षित गीत –
*मोहियानी हक बिये म्वायेकी किसान नेता धायेकी,*
*जनतां कारवाही याईला धक, माओवादी जुये सयेकी ।*

२०५६ असोज १८ गते देउवा सरकार असफल भन्दै राजाले आफ्नो हातमा अधिकार लिएर प्रतिगमन गरे पनि मौन रहने एमालेप्रति लक्षित गर्दै लेखिएको गीत –
*एमाले नेता त तिंतिं न्हुल, सरकार वानेता लयूलयू ताल*
*प्रतिगमन जुगु थाना वास्ता है मयात ।*

नेकाको सरकारको पालामा देशका सरकारी कलकारखाना संस्थान निजीकरण गर्ने, बेच्ने र भारतले सीमा क्षेत्रमा एकतर्फी बाँध तथा तटबंध बनाए पनि मौन रहने सरकारप्रति रचिएको गीत–
*देय्या कल कारखाना, विदेशी तयूता मिया हल*
*लज्या मरूपुं नेता तयूसं, शासन चले यात ।*
*भारतं बाँध दयूकल, तराई झिगु पुखू जुल,*
*सरकारं मिखा तिसिंङ, जनतां दुःख सिल ।*

२०२३ सालमा किसानहरूलाई मल, बीउबिजन र कृषि औजार सहज बनाउने ध्येयले नवदुर्गा बहुमुखी सहकारी संस्था खोलिएको थियो । उक्त सहकारी संस्थाले किसानहरूलाई

धोका दिएको सन्दर्भमा लेखिएको गीत -
*जनताया बचत, भ्रष्ट तय्सं जफत*
*हिनामिना गोलमाल, यात गलत*
*सः मदया हाहाकार, अमिधसा जयजयकार*
*चितवनया बजार, तु खेप असी हजार।*

उत्ताउला र उच्छृङ्खल पाटाका नवजवान युवाहरू प्रति लक्षित गीत -
*खम्पा केनिगु चलन, लप्पा बोइगु फेसन,*
*फल्चा, पकुंचा, भुलांचा, दको लभया मैदान।*
*ब्वाइफ्रेन्ड गर्ल फ्रेन्ड धाला, पाछिङ जुल*
*प्वा टेप जुयो वबले मिजंचा मजुल।*
*हने स्वसा बापा मरु, लिने स्वसा पाता हे मरु,*
*हने मरु लिने मरु, झन् हिसी मरु।*

गोल्मढी निवासी नाति कवाँ पनि एक लेखक, स्रष्टा रचनाकार एवं एकाङ्की नाटककार हुन्। स्रष्टा कवांले पनि गाइँचा (गीत) तथा अन्य गीतहरू रचे।

ठूलो दलको धाकधम्की दिएर आफ्नो भएको इज्जत र आस्था फाल्ने तथा कम्युनिस्ट पार्टी भनेर वर्ग छोडेर जातीय राज्यमा बढावा दिने माओवादी प्रति लक्षित गीत-
*इज्जत बेइज्जत मरूपुं, तःधाँ नेता धःपुं,*
*न्हाय् धेङ स्वर्ग स्वयः फूर्ति याइपुं*
*जातीय नारा ब्बयेक जुल, देशता कुचा यायेगु स्वल*
*कम्युनिस्ट धःपुं पार्टी तयसं, वर्ग हे लुमांकल*

परिवार, समाज र देशको मतलब नराखी असामाजिक क्रियाकलापमा लागेका युवाहरू प्रति लक्षित गीत -
*चरेश गाजा त्वंजुल, लुटपात योजुल*
*युवा तयेगु श्रम शक्ति, थुइके मफुत।*
*चण्डालमा बारमास्यां, भति वङ माखा स्या*
*ज्यासाने मालकिं न्हयाबलें प्वास्या।*

राजकृष्ण गोरा पनि गाइँचा प्याखंमा गाइँचा म्ये (गीत) लेख्ने रचनाकार हुन्। जुवा तास खेलेर जीवन बिताउने युवाहरूप्रति केन्द्रित गीत -
*फल्चाय् तास म्हितेय, बन्हि भति वानेय*
*मचा खाचा ग्यांलासां, वास्ता मरकेय्यः।*

देशका नदीनाला बेचेर देशघात गर्ने ठूला दलका नेताहरूप्रति इङ्गित गीत-
*एमालें महाकाली बियःतकल, नेपाली तयता घात जुल*
*खबरदारी याइपिन्ता कठिपुं नकल*
*रामराम धंध बुइचा लाईन ग्योलां ग्यो पितिङ हइन*
*इलंहे न्हयलं चाय्के मफुसा नेपाः दे मिया छोइन।*

गाइँचा प्याखंका लागि गीत लेख्ने अर्का पुराना स्रष्टा विश्वनाथ प्रजापति पनि हुन्।

देश र जनताको सेवा छोडेर सत्ता प्यारो भएका नेताहरूप्रति लक्षित गर्दै लेखिएका गाइँचा म्येका केही अंश -
*नेता तयुता सत्ता प्यारो, देश मियेगु अमिगु तारो*
*जनता ख्वयूक ध्यवा मुङ, सेवक धः जुपुं*
*गरिब तयेगु व्यथा, ... ... .. नेता हे माया*
*न्हाय् धेङ स्वर्ग स्वइपुं, नेताया चाला।*

केपी सुवालले पनि गाइँचा प्याखंका धेरै गीतहरू रचे। कलेज गएका विद्यार्थीहरू पढाइ छोडेर घुमफिर गर्दै जीवन बिताएका र कुलतमा लागेका युवा युवतीप्रति छेड हानेर लेखिएका गीतका केही अंश-
*कलेजय् फीस पुले माल, माँ बौके धिबा काल*
*कलेजय् फीस मपुसिं, ब्युटिपार्लर जुल।*
*ककुते जायेक माला, छँ यागु धिवा खुला,*
*मोटर साइकल बालं कयः मय्जु चाहिकला*
*गाजी त्वनेता धेबा मं, लाँय च्वङ फ्वने म*
*गाजी त्वङः धे धे चुम्हा ढलय् क्वब्वाय् मः।*

रामेश्वर मचामासीले पनि थुप्रै गीतहरू रचे। कम्युनिस्ट पार्टीको खोल ओढेर जनताबीच भ्रम फैलाउने नेताहरूप्रति लक्षित गीत -
*कम्युनिस्ट पार्टी धःजुल, पुँजीवादी सरकारे वाङ जुल*
*कम्युनिस्टयां नामं भोट कायः इज्जत अलमल ।*

पार्टीमा विश्वासघात र अन्तरघात गर्ने सत्तासीन दलका नेताहरू प्रति घोचपेच गर्दै भुवन गोसाईले रचेको एकगीत-
*गुबलें अन्तरघात जुल, गुबलें विश्वासघात जुल,*
*अन्तरघात व विश्वासघात, पार्टी हे तछ्यात*

विष्णु गोपाल कुसीले पनि धेरै समयदेखि विभिन नृत्य विधामा गीत लेख्दै आएका हुन्। फाकंदली, कलाँलीचा र गाइँचा प्याखंमा गीत रच्ने उनका गीतका केही अंशहरू प्रस्तुत छ -

खानेपानीको समस्याबारे लेखिएको गीत -
*हिति गनां महाल, नात्वने सुनं मखान,*
*ना त्वने मखाङ मनुतः इतिमिति कङ जुल।*
*खानेपानी घेरा बिल, मथां ना त्वंकी धाल,*
*ना मत्वंकम्हा हाकिमता, छ्वमुक हकल।*

सरकार गठन गर्ने नाउँमा बहुमत पुऱ्याउन सांसदहरू किनबेच गर्न पछि नपर्ने शासक दलहरूप्रति लेखिएको गीत -
*धम्की हानं वल हँ, सांसद थुरुथुरू खात हँ,*
*घ्यबा कयः भोट बिइपुं, गजपुं सांसद हँ।*

*सांसद न्याङां मचाल बहुमत हानं मवल*
*पार्टी तछ्योङ अमिसं, भ्वेय् ङायक जुल ।*

अमेरिकी राष्ट्रपति ट्रम्पको श्वेच्छाचारी र साम्राज्यवादी नीतिको विरोधमा लेखिएको गीत -

*अमेरिकी राष्ट्रपति ट्रम्प, न्ह्याथाय् वांसा तंख्व,*
*तं ख्व वम्हा ट्रम्पयाता, याय्माल जंक्व ।*
*अमेरिकां अन्याय यात, फुकंसिनं वाता क्वात*
*चीनयागु विकास खङ, भाराभारा ग्यात*

ठूलठूलां सपना देखाउने तर काम नगर्ने सिद्धान्त र विचारमा खिया लागेका दलहरूप्रति इङ्‌गित गर्दै लेखिएको गीत–

*पार्टी तः धाँगु बांला, बिचः अमिगु स्यमा,*
*सिद्धान्त मियो नइपिनिगु, गति बांमला ।*
*पानी जहाज वइन हँ, करोडौँ नाफा दइन हँ,*
*सपनातः तः तःधां, वाय्‌गु नुंग प्वगां ।*

काठमाडौँको ठमेलको सार्वजनिक पोखरी मिचेर बनाइएको छायादेवी भवनप्रति लक्षित एक गीतको अंश -

*ठमेले कमल पुखू, दान भवन खुरुखरु*
*जनता तय्‌गु त्वाप्व तिकेता, जः यात सुरु ।*
*छायादेवी भवन थुङ छो, जनतात दङ वल स्वः,*
*पुखू मिइमा सरकार, गुलि मूर्ख स्वः ।*

अर्का कथाकार एवं स्रष्टा लक्ष्मी नारायण दुवालले पनि विभिन्न नृत्यविधामा धेरै गीत रचे ।

कम्युनिष्टको खोल ओढेर देश बिगार्ने माओवादीप्रति लक्षित एक गीत–

*माओवादी नेता दाहाल, भारतया दलाल*
*कम्युनिस्ट यागु ख्वपा पुयो नेपाल स्यंकल ।*

दाजु भाइहरूको झगडामा केन्द्रित रहेको अर्को गीतको एक अंश–

*कलियुग वगु खःला, मनुतःयक्व स्वार्थी जुल,*
*थता जक दैगु जुसा, त्यो मत्यो मधाल ।*

देशमा भइरहेको भ्रष्टाचार सम्बन्धी लेखिएको एक गीतको अंश–

*झिगु देशय् भ्रष्टाचार, अत्याचार हे जुल,*
*भ्रष्टाचारं नेपाःदेहे स्यंकिगु जुल ।*

यसरी नै विभिन्न गीत लेख्ने पुराना रचनाकारहरूमा आसबहादुर खर्बुजा, आसराम वैद्य, कृष्णसुन्दर तुलसी, सीताराम कुम्पाख, महावीर सुवाल, दिलकृष्ण माक, कान्छा बासुकला, शिवभक्त बासुकला, राजकुमार लघु आदि रहेका छन् । रामहरि श्रेष्ठ, गणेशचरण राय, श्याम मातां, शारदाभक्त वैद्य, लक्ष्मीनारायण राजलवट, नारायण बहादुर गोरालेपनि विभिन्न गीतहरू रचेर सांस्कृतिक आन्दोलनमा सहयोग पुऱ्याएका छन् ।

यसरी नै अन्य रचनाकारहरूले पनि नृत्य विधामा धेरै गीत रचे, ख्याल नाटक लेखे । हरेक गीत जनजीवनसित सम्बन्धित हुथ्यो । जनतालाई सचेत पार्ने खालको हुन्थ्यो । लोकप्रिय विधा गाइँचा प्याखंलाई निरन्तरता दिनुपर्ने देखिन्छ ।

गाइँचा प्याखंको नाच्ने शैली, गीतको बोल अहिले पनि त्यस्तै छ । रचनाकार र कलाकारहरू नयाँ नयाँ दखिए । कति नाचगानको टोलीको पहिरनमा फरक देखिएको छ । पहिले सबै कलाकारहरूको एउटै पोशाक हुन्थ्यो । आजभोलि सारङ्‌गी बजाउने, खास्तोलाउने, पटुकी लाउने कलाकारको कमी देखिएको छ । पहिलेका गाइने या गन्धर्वहरूले सारङ्‌गी बजाएरै गीत गाउँथे । गाइँचा प्याखं पनि गाइने सित सम्बन्धित भएको हुँदा सारङ्‌गी बजाउने छोड्नु हुँदैनथ्यो । अहिलेको कति गाइँचा प्याखंको टोलीमा फरक–फरक जनजातिका पोशाक लाएर पनि प्रदर्शन भएको पाइन्छ । कति टोलीमा एउटै पोशाकको हुँदैनथ्यो । गीत गाउँदा सलल बगेको हुनुपर्छ । खुट्टाको चाल, अभिनय, ताल एउटै हुनुपर्छ । यो वर्षको गाईजात्रामा प्रस्तुत गाइँचा प्याखंको टोलीमा कता कता खुट्टाको चाल नमिलेको पोशाकमा एकरूपता नभएको कलाकारहरूमा जोश र जाँगर नभएको, आफ्नै सुर र तालमा नाच्दा अभिनय नमिलेको र अनुहारमा उज्यालो नदेखिएको स्रोताहरूको भनाई छ । अबका दिनमा हाल भएका कमी कमजोरीलाई सुधार गरेर  अझ व्यवस्थित ढङ्गले गाइँचा प्याखं प्रस्तुत हुने विश्वास छ ।

## सन्दर्भ सामग्रीहरू

- का.आशाकाजी बासुकला स्मृति संगालो
- गाइँचा म्ये मुना
- ख्यूँगु न्हि
- गाइँचा म्ये

■ पखाला लागेकालाई नुन चिनी पानीले संजीवनीको काम गर्छ ।
■ झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।
■ सरसफाइमा जति ध्यान दिइन्छ स्वास्थ्य त्यतिकै राम्रो हुन्छ ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन् ।

सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।

# काठमाडौं उपत्यकाका आदिवासी नेवारहरूको आगमन- एक चर्चा



विष्णुभक्त राजचल

काठमाडौं उपत्यकाका आदिवासी नेवारहरू कहाँबाट कसरी आए भन्ने बारे ठ्याक्कै भन्नसकेका छैनन् । विभिन्न विद्वान इतिहासकार एवं साहित्यकारहरूले प्राग इतिहास, कठन, भनाइ र वंशावलीलाई आधार मानेर अड्कलबाजिकै भरमा आफ्ना मत व्यक्त गरेको पाइन्छ ।

वैज्ञानिकहरूको भनाइअनुसार प्राचीन कालमा एसिया र युरोप महादेश जोडिएको अवस्थामा थियो । त्यसैलाई आधार मानेर **'ब्रम्हाण्ड पुरान'** नामको एउटा पौराणिक कथा रचिएको छ । उक्त पौराणिक कथामा उल्लेख भएअनुसार प्राचीनकालमा एसिया र युरोप क्षेत्रको कुनै ठाउँमा **कश्यप** नामका एक ऋषिमुनि थिए । कश्यपकी पत्नी खसाबाट जन्मेका तीनभाइ छोराहरू यक्ष, खस र राक्षस एसिया र युरोपका विभिन्न भागहरूमा छरिएर बसे । ती मध्ये यक्षका सन्तान कुबेर र उनका गण वा वंश कैलाश मानसरोबर रहेका त्रिविर्ष्टप (तिब्बत) प्रदेशमा बसोवास गरे । त्यही तिब्बत पछि भोट प्रदेशमा परिणत हुनगई त्यहाँका बासिन्दा भोटे हुन पुगे ।

कुमाउँ गढवालदेखि पश्चिम युरोप र पूर्व आसामको कामरूप, दक्षिणमा वर्तमान भारतको मुजफरको वैशाली र दरभङ्गासम्मको प्रदेशमा खसहरूको बाक्लो बस्तीलाई खसान कहलियो ।

दक्षिणमा श्रीलङ्का, दक्षिण भारतका केरला, कर्णाटक, महाराष्ट्र, गुजरात र सौराष्ट्रमा बसोवास गर्ने राक्षस वा रक्षा गर्ने क्षेत्रीय हुन पुग्यो ।

आजभन्दा लगभग दुई लाख वर्ष अघि काठमाडौं उपत्यका एउटा ठूला दहको रूपमा थियो । वंशावली अनुसार सत्ययुगमा **विपश्वी** बुद्ध आई नागदह नामको काठमाडौं उपत्यकाको बीच भागमा चैत्र शुक्ल पूर्णिमाको दिनमा एक कमलको बीउ रोपे । छ महिनापछि त्यसबाट एक अलौकिक कमलको फूल फुल्यो । त्यसै कमलको माझमा स्वयम्भूको ज्योतिर्मय मूर्ति देखियो । त्यसपछि अरूण पूरीबाट **शिख** बुद्ध आएर ध्यानोच्चमा बसे । अनि त्रेतायुगमा अनुपमबाट केही शिष्य सहित **विश्वभू** बुद्ध आएर फूलचोक गिरिमा बसे । उनले एकलाख फूलले स्वयम्भूको पूजा गरे । अनि आफ्ना शिष्यलाई नागदहको जल निकाल्ने उपाय बताई आफ्नो लोकतिर गए । यसपछि महाचीनबाट असङ्ख्य अनुयायी शिष्यसहित **मञ्जुश्री** बोधिसत्व आई आफ्नो दुई शक्ति बरदा र मोक्षदालाई फूलचोक र ध्यानोच्च गिरिमा राखी आफ्नो खडगद्वारा कटुवाल नामको स्थानमा काटी पानी निकालेर स्वयम्भूदेखि गुज्येश्वरीसम्म विस्तृत नगर बसाए । साथै यस नगरमा **'वर्माकर'** नामको एक क्षेत्रीयलाई राजा बनाई आफू महाचीन फर्के । उनका शिष्यले यस नगरको नाम **मञ्जुपतन** राखे । पछि मञ्जुपतनलाई देवपतन भन्न थाले हालसम्म पशुपतिक्षेत्र वरिपरिलाई देवपतन भन्ने गरिन्छ । जहाँ नेवारहरूको बस्तीका बाहुल्य रहेको छ । यसरी नेवारहरूको आगमन सर्वप्रथम चिनीया मंगोल जातिबाट भएको एक थरिको भनाइ रहेको छ ।

जहाँसम्म चोभारको डाँडालाई महामञ्जुश्रीले खडगद्वारा काटेर दहको पानी बाहिर पठाए भनिएको छ, उपत्यकाको प्रकृति हेर्दा त्यसरी खडगद्वारा डाँडा काट्न सक्ने स्थिति देखिँदैन । प्राकृतिक रूपले काठमाडौं उपत्यकाको चारैतर्फ घेरिएर रहेका अग्ला पहाडहरू मध्ये चोभारको डाँडा सबैभन्दा होचो हुनुको साथै पानीले सजिलैसँग गाल्न सक्ने खालको चुनढुङ्गाद्वारा निर्मित स्थल हुनाले बेलाबखतमा आउने साना ठूला भूकम्प वा तालको पानीमा चल्ने सानाठूला छाल जस्ता प्राकृतिक क्रियाकलापको प्रभावद्वारा तालको पानी छचल्किएर होचो स्थानको चूनढुङ्गा गल्दै गएछ साँगुरो गल्छी निर्माण भई सोही गल्छीबाट दहको सम्पूर्ण पानी बाहिर बगेर गएको हुनुपर्छ । दहको पानी पूर्ण रूपमा बाहिरिएपछि माटो सुकेर मानव बस्तीको लागि उपयुक्त स्थल बनेको हुनुपर्छ । हुनसक्छ पछि मञ्जुश्री वा अरू आएर बस्ती बसालेका हुन् ।

धेरै समय पछि भूकम्प वा अन्य कुनै कारणले चोभारको गल्छी थुनेर पुनः उपत्यकामा पानी भरिएकोलाई **दानासुर** (बानापुर) ले नेपाल उपत्यकालाई पुनःजलमग्न पार्‍यो भनियो र आफूचाहिँ थानकोटमा राजधानी बनाएर बसेको उल्लेख छ । पछि यो कुरालाई थाहापाएर द्वारकापुरका

श्री कृष्ण थुप्रेग्वालाहरू र यदुवंशी योद्धाहरू सँगै उपत्यका पसेर बानासुरसँग युद्ध गरी तिनलाई वध गरेर दहको पानी सबै उही चोभार गुल्छीबाट बाहिर पठाएर उपत्यकामा बस्ती बसाली आफू मथुरा फर्केको पौराणिकता छ।

नेपालको पुरानो मानिएको गोपाल वंशावली अनुसार यहाँ थानकोटलाई राजधानी मानी पहिले गोपाल वंशका व्यक्तिहरूले राज्य बसालेका थिए। आजभोलि थानकोट, कीर्तिपुर, किसिपिडी, बलम्बु, टिष्टुङ्ग, चितलाङ्ग, पालुङ आदि पहाडी क्षेत्रमा **अभीर** वंशी मानिसको बस्ती पाइन्छ। ती अभीर वंशका, ग्वाला वंशनै नेवारहरू हुन् भनिएको छ।

बागमती र केशवती (मनोहरा) नदीको बीचमा तपस्या गरेका मरिचि ऋषिका छोरा **'ने'** नामका ऋषिले पशुपतिको ज्योतिर्मय मूर्तिको दर्शन गरी ग्वाला सरदारको छोरा **'भुक्तमान'** लाई नेपालको पहिलो शासक बनाइदिए भनिएको छ। यहाँ कुनै व्यक्तिको नामको पछाडि 'मान' भन्ने दुई अक्षर गाभ्ने चलन नेवारहरूमा बढी प्रचलन छ। जस्तै कृष्णमान, दयामान, हरिमान, तुल्सीमान आदि त्यसैले पनि ती ग्वालाहरू भनेकै नेवारहरू हुनु पर्ने धारणा छ।

त्रेतायुगमा **राम**को हातबाट श्री लङ्काका राजा **रावण**लाई वध गरिसकेपछि तिनकै कान्छा भाइ **विभीषण**लाई श्रीलङ्काको राजा बनाएको कुरा रामायणमा उल्लेख छ। कट्टर वैष्णव विभीषणको श्रीलङ्कामा वैष्णव धर्मको एकछत्र बिगबिगी चलेपछि रावणका परम्परागत अनुयायीहरू त्यहाँ बस्न सक्ने अवस्था नदेखेर रावणका रक्षकहरूको एक ठूलो डफ्फा भागेर आई भारतको विभिन्न स्थानमा लुकेर बसे। तर भारतमा पनि रामको राज्य भएको हुँदा त्यहाँ पनि बस्नसक्ने अवस्था नदेखेर नेपालको उपत्यकासम्म आइपुगेर आफ्नो बसोवास स्थल बनाएको पौराणिक मान्यता छ। तिनीहरूले आफ्नो साथमा **'भृगुसौहिता'** भन्दापनि भरपर्दो एवं महत्त्व पूर्ण ज्योतिष ग्रन्थ **'रावण संहिता'** अर्थात रावण र मेघनाथ संवाद पनि आफ्नो साथमा ल्याएका थिए। त्यही ग्रन्थ काठमाडौँका एक पुराना बासिन्दा नेवारको घरबाट भारतीय एक अनुसन्धानकर्ता विद्वानले आफ्नो घर देवरियामा लगेका थिए। तिनले पनि आफ्नो भाइ **वागीश दत्त शास्त्री**लाई दिएको थियो। सोही रावण संहिताको आधारमा उनीहरूले अचुक भविष्यवाणी गरेर नाम र दाम कमाइ रहेका छन्। यसकै आधारमा पनि काठमाडौँका नेवारहरू उही रक्षक जातिको हुनुपर्ने अर्को तर्क छ।

साँखुको **बज्रयोगिनी**को एक रूप उग्रतारा पनि हो। उग्रतारालाई श्रीलङ्कामा पनि शक्तिको देवताको रूपमा विशेष पूजा गरिन्छ। उही उग्रतारारूपी बज्रयोगिनी काठमाडौँ उपत्यकासम्म ल्याएर पुजिएको हुँदा तिनीहरू नै उपत्यकाका नेवारहरू सोही श्रीलङ्कावासी रावणका अनुयायी रक्षकहरू हुन् भनेका छन्।

यसैगरी **स्वस्थानी व्रतकथा**मा लावण्य देशको नाम उल्लेख छ। लावण्य देश भनेकै **साँखु** वा शंखरापुर हो। त्यस कथामा उल्लेख गरेका नेवार पात्रहरू गोमय्जु, चन्द्रावती, नवराज आदि श्रीलङ्काका रक्षक वंशज हुन् भनिएको छ।

उत्तर भारतका रामचन्द्रका औरस छोरा **लव**को वंश हराएपछि दक्षिणावर्तका शासक रामचन्द्रका क्षेत्रज छोरा **कुश** वंशका सन्तानहरू पहिले अयोध्या त्यसपछि सिम्रौनगढमा पुगेर राज्य गर्ने राजा **नान्यदेव**का छ पुस्ता पछिका राजा **हरिसिंहदेव** तुलजाभवानीसँग ई.सं. १३२४ मा नेपाल आएको इतिहासमा उल्लेख छ। उही हरिसिंहदेवसँग उपत्यका पसेको दफ्फा नेवारहरूमा परिणत भएको भनिएको छ। पछि हरिसिंहदेव दोलखातिर पुगेर तीनपाटनमा पुगेर मृत्युभएको र तिनको रानी **देवलदेवी** र छोरा **जगतसिंह रुद्रमल्ल**को कृपाले भक्तपुरको दरबारमा शरण पाएको हो भनी उल्लेख गरिएको छ।

कृष्णले उपत्यकाका फाँटलाई बस्नयोग्य बनाएपछि मनोरम, रसिलो, मलिलो उपत्यका देखेपछि चोभार वरिपरिका स्थान, थानकोट आदिबाट चन्द्रवंशी यादव योद्धाहरू र ग्वालाहरू उपत्यकाको फाँटमा खेतीपाती गरेर बस्न थाले। तिनीहरूनै पछि उपत्यकाका परिश्रमी कृषक नेवारको रूपमा परिणत भएका हुन् भनिएको छ। तिनीहरूले नै उपत्यकामा इन्द्रको सेखी झारेको सम्झनामा **इन्द्रजात्रा** चलाएर जीवित **कुमारी**को पूजा गर्ने गरेका हुन्। उपत्यकामा त्यही यादववंशी ग्वालाहरू नेवारमा परिणत भएर ठूला र घना बस्ती भएपछि त्यसलाई **'महतजनपद'** अर्थात महतजन भन्न थालियो। पछि महतजन शब्द बिग्रदै गएर **'महर्जन'** हुन गएको हो भन्ने धारणा छ। महाराष्ट्रको महावलेश्वर वरपर बस्ने प्रस्तर मूर्तिकार वा वास्तुकार र नगर बनाउने जातिलाई **'स्थपति'** भन्ने गरिन्छ। 'स्थपति' को अर्थ नबुझ्दा यिनीहरू पछि स्थापित हुन पुगे।

गुजरातका हीरा व्यापारी, हीरा काट्ने शिल्पी पारिखहरू **पालिखे** भए। त्यस्तै 'लाखे' हरू गुजरात र सौराष्ट्रबाट आए।

भक्तपुरका परिश्रमी किसानहरूका पुर्खा पनि अधिकांश गुजरातबाट र शुरसेन प्रदेशबाट आएको हुनुपर्छ। किनभने उनीहरूको आकृति र प्रकृति लठ्ठी नाचले त्यही बताउँछ।

भगवान बुद्धका प्रथम पाँच चेलामध्ये एक **कौडिण्य**

ऋषिका सन्तान ब्राम्हण थिए। वैदिक धर्म छाडेर बौद्ध धर्म लिएकोले भारतमा बस्न नसकी नेपाल उपत्यकामा आएका मिश्र थरका कौडिण्य गोत्रीय ब्राम्हण शाक्यमा परिणत भए।

द्वारीका पुरी र सौराष्ट्र प्रदेशबाट उपत्यका पसेका **यदुवंशी** नेवारहरूले अझै पनि दाहसंस्कारपछि अन्तमा बाँकी भएको एकटुक्रा अस्तु नदीमा लगेर बगाउने चलन अझै पनि छ। यस्तो प्रथा द्वारीका पुरी र सौराष्ट्र प्रदेशमा पनि अहिलेसम्म विद्यमान छ।

यदुवंशी नेवारहरू र दक्षिण भारतीय क्षेत्रीय ब्राम्हण तथा वैश्यहरूको प्रभुत्व भएको समूहले बोल्ने भाषामा ती ती जाति र समुदायको स्पष्ट विशेषता समाहित देखिन्छ। एकाक्षरी भाषाका शब्द पचास प्रतिशतभन्दा बढी भएको, तान्त्रिक परम्परा र सङ्केतको आधार लिएको संस्कृत व्याकरण अनुसारका विभक्ति र समास लिएको सङ्क्षिप्तीकरणको उत्कृष्ट उदाहरण भएको **नेपाल भाषा** स्पष्टतः भारोपेली समूहको भनिएको छ। वा, वाँ, वाः कु, कू, तु, तू, पु, पा, गः, जु आदि एक अक्षरले बन्ने शब्द भारोपेली समूहको हुनाले उपत्यकाका आदिवासी नेवारहरू निश्चय पनि भारतको दक्षिण क्षेत्र, श्रीलंका, केरला, कर्णाटक गुजरात हुँदै तिब्बत पसेर उत्तरी नाकाबाट भित्र पसेको हुनुपर्छ।

काठमाडौँ उपत्यकाको प्राकृतिक स्वरूप र यसको चारैतिर विभिन्न अग्लो स्थानमा बसोवास स्थल बनाउँदै आएका विभिन्न जातजातिका आदिवासी रैथाने नेवारहरूको उपास्थिति हेर्दा हामी यो निर्ष्कर्षमा पुग्न सक्ने अवस्था देखिन्छ कि उपत्यकामा पानी भरिएर रहेसम्म चारैतिर छरिएर रहेका नेवारहरू पछि मलिलो फाँटमा बसाइँ सरेको हुनुपर्छ। पूर्वतर्फका धुलिखेल, पनौती, बनेपाबाट नाला, साँगाबाट झरेर देउपुर ताथली, साँगा, नलिंचोक, नंखेल बसेर पछि भक्तपुरमा आई बसेको हुनुपर्छ। उत्तरी नाकाबाट सांखु, टोखा, गोकर्ण, चाँगु आएर बसेको हुनुपर्छ। पश्चिम र दक्षिणतर्फ हेटौंडा, भिमफेदी, कुलेखानी, फर्पिङ, चोभार, कीर्तिपुर, पाँगा, लेले, गोदावरी हुँदै पाटनमा पसेको हुनुपर्छ। पश्चिम धादिङ, चितलाङ्ग, थानकोट, मकवानपुर हुँदै काठमाडौँमा बस्ती बसालेको हुनुपर्छ। यसरी उपत्यकाका नेवारहरू प्राचीनकालदेखि बस्दै आफ्नो थातथलो बनाउँदै आएका आदिवासीहरू नै हुन्। पछि किराँतकाल, लिच्छविकाल, मल्लकाल र शाहवंशी पछिमात्र अरू जातका क्षेत्री, ब्राम्हण, गुरुङ, तामाङ आदि उपत्यकामा पसेको हुनुपर्छ।

उपत्यकामा पसेर के **गोपालवंशी** र **महिषपाल** पछि **किराँत** र **सूर्यवंशी** (लिच्छवि) राजाहरूले क्रमैसँग शासन गरे भन्ने कुरा वंशावलीमा उल्लेख छ।

नेपाल राज्यको स्थापना गर्ने गोपालवंशी राजाहरूले केही समय राज्य गरेपछि शासनभार महिषपालको काँधमा आइपऱ्यो र तीन जना महिषपालहरूले नेपालमा शासन गरे। त्यसबेला नेपालको पहाडी भेगमा पहिले देखिनै किराँतहरू बस्दै आएका थिए। यिनैले नेपालमा गोपालवंशपछि राज्य गरेका हुन् भने चर्चा वंशावलीले गरेको छ। अर्को तर्फ तराई भेगमा भने लिच्छवि, शाक्य र मल्ल आदिका विभिन्न सङ्घराज्यहरू थिए। यी पहाडी र तराई राज्यका बारेमा धेरै अन्वेषण हुन बाँकी नै छ।

नेपालमा आएर शासन गर्ने बत्तीस जना किराँत राजाहरू मध्ये पहिलो किराती राजा **यलम्बर** हुन्। यलम्बर को हुन् भन्ने बारे एउटा किम्बदन्ती यस्तो छ–

त्रेतायुग पछि पश्चिमी किनार अर्थात राक्षस तालबाट निस्कने शतद्रु सतलजदेखि पूर्व कामरूप कामाक्षासम्म र टिस्टादेखि पश्चिमसम्म खसहरूको राज्य थियो। त्यसमध्ये हिडिम्ब, हिडिम्वा, घटोत्कच र बर्बरिकको राज्य विशेष थियो। पश्चिम किल्ला काँगडामा **घटोत्कच** र **हिडिम्बा**को मन्दिर छ र हेटौंडाकी भुटनदेवी माई हिडिम्बा नै हुन्। बर्बरिकलाई काठमाडौँमा **आकाश भैरव** अर्थात श्याम बाबा भन्ने गरिन्छ। यिनको राजधानी अर्धाखाँचीको छत्रगंजमा थियो। डोटी डडेलधुरामा घटोत्कचको ठूलो महिमा छ। काठमाडौँको आकाश भैरव मन्दिरको उत्तरतिर भूँइमा प्वाल भएको घट्टे ढुङ्गाको थाममाथि छत्र राखेको मन्दिरलाई **बेताल**को मन्दिर भन्छन्, त्यही बेताल नै घटोत्कच हो भनिएको छ।

भक्तपुरको टौमढी भैरवनाथको मन्दिरनेर बेतालको मन्दिर छ। त्यही बेतालले ङातापोल मन्दिर माथिको गजुर एक्लैले तानेर वा बोकेर राखिको हो भन्ने भनाइ छ।

यसरी काठमाडौँमा रहेका आकाश भैरवको रूपमा पुजिने बर्बरिक हो र उही बर्बरिक नै किराँती राजा यलम्बर हुन् भनिएको छ।

नेपालमा सातौं किराँती राजा **जितेदस्ती**को समय ईपु ५२० मा **गौतम बुद्ध** काठमाडौँ उपत्यकामा आएका हुन् भनी वंशावलीमा लेखिएको छ। नेपालका प्रारम्भिक राजाहरूको काल गणना गर्दा किराँत राजा जितेदस्ती र **स्थुंको**को शासनकाललाई नै आधार मान्न सकिन्छ।

आजभन्दा १८ सय वर्ष अगाडि नेपालमा भारतबाट लिच्छविहरू आई शासन गर्न थाले। यस्तै झन्डै ८०० वर्ष अगाडि नेपालमा मल्लहरू आई शासन गर्न थाले। मल्ल राजाहरूले नेपाल उपत्यकाको समाज व्यवस्था, कला संस्कृति र अर्थतन्त्रको विकास गरे।

**सारमा**

काठमाडौँ उपत्यकामा पानी भरिएर दह हुँदासम्म सर्वप्रथम उत्तरतिरबाट आएका मंगोल, चिनियाँ वा भोटे जातिहरू फुल्चोकी, धेमाचो, साँखुको बज्रयोगिनीग, नगरकोट, 'शिवपुरी जस्ता अग्ला डाँडाहरूमा बस्न पुगे' । आजभन्दा ३००० वर्ष अगाडि मञ्जुश्रीले अथवा अरू कुनै प्राकृतिक प्रभावले गर्दा दह बनेको उपत्यकाको पानी सबै चोभार डाँडाबाट बाहिर बगाइसकेपछि फुल्चोकीको बस्ती गोदावरीमा, बज्रयोगिनीको बस्ती साँखुमा र शिवपुरीको बस्ती  गोकर्ण, टोखामा झऱ्यो । यस्तै नगरकोट वा थाकलमाथको बस्ती सुडाल देउपुरमा झऱ्यो । भारतबाट कृष्णसँग आएका ग्वाला, यदुवंशी तथा अन्य जाति र आक्रमक जातिहरू दक्षिणबाट उपत्यकामा पसेर कीर्तिपुर, थानकोट, पाँगा, मातातिर्थ आदि स्थानमा बस्न थाले । यसरी  उत्तर वा पूर्वतर्फबाट र दक्षिण वा पश्चिमतिरबाट सर्व प्रथम पसेर आफ्नो थातथलो बनाएका मध्यपाषाण युगका दलहरू नै उपत्यकाका आदिवासी नेवारहरू हुन् ।

उपत्यकाभित्रका आदिवासी रैथानेहरू अलौकिक सतहमा रहेका शक्तिलाई दैवीशक्ति मानेर पूज्ने चलन रहिआएको छ । त्यसैले व्यवहारिक जीवनमा सदुपयोग गरिने कुटो, कोदालो जस्ता खेतीका ज्यावल, कल-कारखानाका औजार, घरायसी प्रयोगमा आउने नाङ्लो, कुचो, मानापाथी, जाँतो, चुलो, आगो, धारा, पानी, इनार, कुवा, पोखरीमा पनि इश्वरीय गुण देख्छन् र तिनको पूजा गर्छन् । मन्दिर, गुम्बा, चैत्य मात्र होइन घरका मूलढोका, छानो, गजुर आदि पनि उनीहरूको पूजा गर्ने सूचीभित्र पर्छन् । गाई, हात्ती, कुकुर, काग, नाग-नागिनी, भ्यागुतो मात्र होइन यक्ष (ख्याक) गन्धर्व, लाखे (राक्षस) आदि उनीहरूका लागि पूजनीय छन् । ती सबैमा ईस्वरी गुण र देवत्व खोज्छन् ।

तिहारको म्ह:पूजाका दिन परिवारजनका सबै सदस्यहरू मण्डलाको अगाडि बसेर आफैले आफूलाई पूजा गर्दै आफूभित्र दैविक गुण खोजीमा आत्मचिन्तन गर्छन् । मानव जीवनमा पनि एउटा विन्दुमा पुगेपछि उनले निर्वाह गरेका कर्म र आत्मिक शुद्धीकरणबीच स्वतः दैविक गुण विकास हुने भएकाले त्यस अवस्थामा प्रत्येक मानिस देवता सरह हुने गर्छ भन्ने आस्था राख्छन् । त्यसै अवस्थामा उनीहरू मानिसलाई देवताको स्थानमा राखेर **बूढो पास्नी** वा भीमरथारोहण गर्छन् ।

अनेकन चाडपर्वमा देव-देवीको मुकुण्डोसहित निकालिने नाचका परम्पराले पनि दैवीशक्ति अन्यन्त्र होइन्, एक जीवित मानिसभित्र नै उत्पत्ति हुन्छ भन्ने आस्थाको बोध गराउँछ । अनि जीवनमा साध्य, साधनाबाट दैविक गुण वा स्वरूपको उपस्थिति हुन सक्छ भन्ने सामाजिक आस्था र जीवन दर्शनलाई व्यवहारिक रूपमा जीवित कुमारीको पूजा गर्छन् । यो नै उपत्यकाका रैथाने नेवारहरूको **मूल विशेषता** हो ।

*(यो लेखः समालोचक श्रीकृष्ण गौतमले लेख्नुभएको लेखमा आधारित भएर तयार पारेको हो । उक्त लेख वि.सं. २०५६ सालताका नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले प्रकाशन गरेको* ***'तिमी बहिरी छौ र आमा'*** *नामको पुस्तकमा आधारित छ ।)*


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट कुहिने फोहरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।– का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# तलेजु भवानीको भक्तपुर आगमनका केही प्रमाणहरू



ओम धौभडेल

परापूर्व कालमा एक पटक स्वर्गका राजा इन्द्रले श्री महादेवसँग बस्न र सदैव सेवा गर्न पाउँ भनी हज्जारौं वर्षसम्म महादेवको लागि कठोर तपस्या गरेछ र इन्द्रको तपस्याबाट महादेव प्रसन्न भई इन्द्रलाई दर्शन दिइ के बर माग्छौ माग भनेछ। महादेवको दर्शन पाएका इन्द्रले सधैं श्री महादेवसँग बस्न र सेवा गर्न पाउँ भनी मागेछ। देवराज इन्द्रको कुरा सुनी श्री महादेवले एउटा योगशाली श्रीयन्त्र दिई यो श्रीयन्त्रलाई सधैं तन्त्र मन्त्रका साथ बलि दिई इष्ट देवको रूपमा पूजा अर्चना गर्नु म सधैं यो श्रीयन्त्रमा लीन भएको हुन्छु भनेछ। देवराज इन्द्रले सो श्रीयन्त्र स्वर्गको राजधानी अमरावती लगी भक्तिभावका साथ दिनहुं तन्त्र मन्त्रबाट पूजा अर्चना गरिरहे। त्यस्तै कालान्तरमा लंकाका राजा रावणका छोरा मेघनादले स्वर्गमा राज्यभोग गर्न पाउँ भनी श्री महादेवको कठोर तपस्या गर्न लागे। मेघनादको तपस्याबाट प्रसन्न भई श्री महादेवले उनलाई स्वर्ग राज्य प्राप्त हुने वर दिएछ। अब मेघनादले प्रशस्त राक्षस सेना लिई स्वर्गमा आक्रमण गर्न पुगे र श्रीमहादेवबाट वर प्राप्त गरेका मेघनादको अगाडि देवराज इन्द्रको केही लागेन र युध्दमा पराजित भएपछि देवराज इन्द्र स्वर्ग छाडी भागे। इन्द्रलाई समेत हराउन सकेकोले मेघनादको नाम इन्द्रजित कहलिए। स्वर्गमाथि आधिपत्य जमाए पछि मेघनादले देवराज इन्द्रले उपभोग गर्ने सम्पूर्ण सरसामान लुटी लंका पुऱ्याए। यसमा देवराज इन्द्रले सुनको बट्टामा राखी दिनहुँ पूजा गरिआएको श्रीयन्त्र पनि लुटी लंका दरबारमा लगेछ। र त्यहाँ पनि तन्त्र मन्त्रका साथ यसको पूजाआजा गर्दै गए।

यता त्रेता युगमा दशरथका पुत्र राम आफ्नी पत्नी सीता र भाइ लक्ष्मणका साथ वनवासमा रहँदा रावणले सीता हरण गरेछ। पछि राम र रावणको युद्धमा जब रामले विजय प्राप्त गरे, श्री महादेवले इन्द्रलाई प्रदान गरेको श्रीयन्त्रलाई रामले अयोध्या लगेछ। र आफ्नो इष्टदेवता बनाई पूजाआजा गर्दै राखे। रामचन्द्रको भोग सकिई स्वर्ग जाने अवस्थामा एकदिन रामचन्द्रलाई सपनामा त्यस श्रीयन्त्रबाट तुलजा भवानी प्रकट भई दर्शन दिएछ र अब तिमीहरूको भोग सकिएकोले यो श्रीयन्त्रलाई सरयु नदीमा चढाउनु भनी आज्ञा भएछ। रामचन्द्र स्वर्ग जानुअघि देवीको आज्ञा मुताविक श्रीयन्त्रलाई गंगाजीको शरणमा छोडेछ। राजा रामचन्द्र पछि ५ पुस्ताका राजा नलको समयमा एकदिन उनलाई सपनामा श्रीयन्त्ररूपी श्री तलेजु भवानी प्रकट भई दर्शन दिएछ। र सरयु गंगामा रहेको श्रीयन्त्र खोजी पूजाआजा गरे तिमी र तिम्रो पछिका पुस्ताहरूको ठूलो फलिफाप हुने भविष्यवाणी भएछ। देवीको आज्ञाअनुसार राजा नलले सरयु गंगामा खोजतलास गर्न लगाई सुनको बट्टामा राखिएको श्रीयन्त्र प्राप्त गरी तन्त्र मन्त्रका साथ पूजाआजा गरिराखे। राजा नल स्वर्गारोहण हुने बेलामा तुलजा भवानीको आज्ञा बमोजिम पुनः उक्त श्री यन्त्रलाई सरयु गंगामै छोडिदिएछ। राजा नल पछि लामो समयसम्म श्रीयन्त्र सरयु नदीमै रह्यो। तेह्रौं पुस्ता पछिका राजा पुरुरवाले श्रीयन्त्रको महिमा थाहा पाई सरयु नदीमा खोजतलास गरी श्रीयन्त्र भेट्टाई तन्त्र मन्त्रका साथ दिनहुँ पूजाआजा गरिराखे। राजा पुरुरवाको भोग पछि उनका छोरा अर्लक अयोध्याका राजा बने। तर उनी ब्रम्हज्ञानी भएकोले श्रीयन्त्रको तन्त्र मन्त्रबाट पूजा अर्चनातर्फ यिनको ध्यान पुग्न सकेन। आफ्नो जीवनकालमै राजा अर्लकले श्रीयन्त्रलाई पुनः सरयु नदीमा छोडिदिए। राजा अर्लकको स्वर्गारोहण पछि उनका छोरा नान्यदेव अयोध्याका राजा बने। उनको समयका मुसलमानहरूले अयोध्यामाथि आक्रमण गऱ्यो। राजा नान्यदेव मुसलमान शासकको दास बन्नुपऱ्यो। केही समय पछाडि उनको पत्नी, छोरा-छोरीको पनि मृत्यु भएपछि उनी विरक्त भएर यताउता भौंतारिन थाले। एकदिन उनी यताउता बास बस्ने क्रममा सरयु नदीको छेउमा सुतिरहेको बेला मध्यरातमा सपनामा श्रीयन्त्रबाट एकजना अति सुन्दरी स्त्री प्रकट भएर नान्यदेवलाई आज्ञा भयो कि म तिम्रो पुर्खाका इष्ट देवी हुँ। मलाई तिम्रो पुर्खाहरूले सरयु नदीमा फालिराखेको धेरै समय भयो। भोलि बिहान सरयु नदीमा भमराले छोपिराखेको एउटा पिचा (बाँसको सानो पेटारो) मा सुनको बट्टाभित्र श्रीयन्त्रलाई लिई जनकपुरको जंगलमा लगी स्थापना गर्नु अनि दिनहुँ पूजाआजा गरे तिम्रो भाग्य खुल्ने छ भनी देवी अन्तर्ध्यान भए। साथै देवीबाट सपनामा जनकपुरको जंगलभित्र एउटा ठूलो ढुङ्गा छ, त्यसमा बास बस्नु, त्यतिबेला एउटा अजंगको

नाग आई आफ्नो मणि भुँइमा छोड्नेछ र मणिलाई गाईको गोबरले छोपिदिनु, त्यतिनै बेला नागले तिमीमाथि आक्रमण गर्न आउनेछ तिमी बास बसेको ढुङ्गानेर एउटा खड्ग हुनेछ। सोहि खड्गले नागलाई मारिदिनु, तिमी बास बसेको ठूलो ढुङ्गा पल्टाई हेर्नु त्यहाँ बहुमूल्य द्रब्यले भरिएको ७ ओटा इनार पाउनेछ। सोही धनसम्पत्तिले दरबार र मन्दिर निर्माण गर्नु साथै देश निर्माण गर्नु अनि मन्दिरमा मलाई स्थापना गरी गजुरमा सोही नागको मणि राख्नु भनी आज्ञा भएछ। नभन्दै बिहान भएपछि नान्यदेवले सरयु नदीमा भमराले छोपिराखेको ठाउँमा खोजी हेर्दा सुनको बट्टाभित्र श्रीयन्त्र पाएछ। उक्त श्रीयन्त्रमा श्लोक यसप्रकार लेखिएको थियो *'रामो वेती नलो वेती राजा पुरुरवा, अर्लकस्य धनं प्राप्य नान्यदेव भविष्यति'* । उक्त श्रीयन्त्र लिई नान्यदेव जनकपुरको जंगल भित्र पस्न खोजे तर अरूले त्यहाँ जंगल भित्र ठूलो कालो सर्प छ, नजानु भनी रोके। तर आफूलाई देवीले सपनामा भने बमोजिम जंगलभित्र गई एउटा ठुलो ढुङ्गा माथि बास बस्न पुगेछ। देवीले सपनामा भनेजस्तै घटनाहरू घटे। पछि आफू बसेको ढुङ्गा पल्टाई हेर्दा बहुमूल्य द्रब्यले भरिएको ७ ओटा इनार भेटेछ। ती सबै धनसम्पत्ति लिई त्यहीकै स्थानीय मल्हार जातिका कालिगड र कामदारहरू मार्फत देश निर्माण गर्नतिर लागे। ती मल्हार जातिका केही मान्छेको सम्बन्ध राक्षससित रहेछ। एउटी मल्हार जातकी केटीले आफ्नी राक्षसनी साथीलाई नान्यदेव राजाले देश बनाउन लगाएको सो काम चाँडै सम्पन्न गर्नुपर्ने बताएछ। सो कुरा सुनी राक्षसनीले राक्षसहरूले एकरातमै देश निर्माण गर्नसक्ने सुइँको दिएछ। यो कुरा मल्हार जातिकी केटीले राजा समक्ष पुऱ्याएछ। राजाले पनि त्यसो भए राक्षसहरूलाई देश निर्माणको लागि प्रस्ताव गरेछ। राक्षसहरूले एकरातमै देश निर्माण गरिदिने तर रातभरिमा कोही पनि बाहिर निस्कन नपाउने सर्त राखे। राजाले पनि राक्षसहरूको सर्त बमोजिम सबैलाई चाँडै खाना खाई सुत्न उर्दी जारी गरेछ। यता हज्जारौँको सङ्ख्यामा राक्षस राक्षसनीहरू आई देश निर्माण गर्न लागे। उत्तर दिशा बाट देश निर्मार्ण शुरु गरी दरबार, किल्ला, मन्दिर हुँदै निर्माण कार्य पूरा हुनै लागेको बखत कुखुरा बासीदिँदा राक्षसहरूले देश निर्माणको क्रममा केही गढ मात्र बनाउन बाँकी भएको छाडिगएछ। भोलिपल्ट बिहान सूर्योदय भैसकेपछि मानिसहरू बाहिर निस्की हेर्दा एउटा भब्य नगर देखेछ। तर नगरको केही गढहरू बनाउन बाँकी रहेको हुँदा त्यो देशकै नाम सिमधनिगु गढ अथार्त पूरा नभएको गढ कहलिन पुगेछ। त्यही सिमधनिगु गढ अपभ्रंष भई आजको सिम्रोनगढ हुन गएको हो भन्ने गर्दछ। कालान्तरमा नान्यदेवको छैँटौँ पुस्ता पछिका राजा हरिसिंहदेवको समयमा मुसलमानहरूले सिम्रौनगढमा आक्रमण गरेपछि राजालाई सपनामा तलेजुले आज्ञा भएछ कि यहाँ म्लेच्छहरू आउन लाग्यो, मलाई हिन्दु एवम् बौद्ध धर्मको राम्ररी पालन भइरहेको नेपालमा लैजानु भनी यन्त्रवाणी भएछ। नभन्दै सिम्रौनगढमा मुसलमानहरूको आक्रमण भयो र उनीहरूसित लड्न नसकेपछि राजा हरिसिंहदेव आफ्नी रानी देवलदेवी, छोरा जगतसिंह, मन्त्री चण्डेश्वरलगायत अन्य छ थरी भारदारसहित नेपालतर्फ लागेछ। बाटामा आउँदै आउँदै बस्ने खाने समस्या भएछ। दिनँहु देवीलाई भोगबलि दिनेमा समेत कठिनाई भयो। यस्तो अवस्थामा राजालाई यन्त्रवाणी भएछ बाटोमा जाँदा भेटिने पशु मलाई भोग दिनु, त्यही प्रसादबाट तिमीहरू पनि तृप्त हुनु। भोलिपल्ट बिहान राजाले जंगलमा खोज्दै जाँदा एउटा ठूलो अर्ना भेटेछ। त्यत्रो ठूलो अर्नालाई कसरी बलि दिने भन्ने समस्याले राजालाई चिन्तित तुल्यायो फेरि देवीले आज्ञा भएछ कि भोलिपल्ट बिहान सबेरै जंगलमा जो पूर्वतर्फ फर्केर दिसा गरिरहेको मान्छे भेटिनेछ त्यसैले त्यो पशुलाई बलि दिन लगाउनु भनी अन्तर्ध्यान भयो। भोलिपल्ट बिहान राजा जंगलमा खोज्दै जाँदा एउटा मान्छे पूर्व दिशातर्फ गरी दिसा गरिरहेको पाएछ। त्यही मान्छेको हातबाट उक्त अर्नाको बलि दिन लगाएछ। त्यो ब्यक्ति पछि नाय बाट चिनियो। उनैका सन्तानहरू पनि पछि नाय बाट प्रख्यात भयो। उनीहरूको पुर्खौली काम राँगा काट्ने भयो। त्यस्तै तलेजु भवानी लिई नेपाल आउँदै गर्दा बाटोमा भोग पकाउने मान्छे नपाउँदा राजालाई फेरि अप्ठ्यारो परेछ। त्यसैबेला श्री भवानी रूपी श्रीयन्त्रले आज्ञा भएछ, हामीसँग आएका सुवालबाट भोग पकाई मलाई चढाउनु भनी अन्तर्ध्यान भएछ। त्यहीबेलादेखि सुवाल किसानको हातबाट श्री तलेजु भवानीलाई भोग चढाउने चलन चल्यो। यस्तै क्रमले श्रीयन्त्ररूपी तलेजु भवानी नेपालमण्डलको राजधानी भक्तपुर आइपुगेछ। भक्तपुर पुगेपछि श्रीभवानीलाई कहाँ स्थापना गर्ने भन्ने समस्या आएपछि पुनः राजालाई देवीले सपनामा जुन ठाउँमा माटो झिकी पुनः भर्दा बराबर हुन्छ त्यही मलाई स्थापना गर्नु भनी अन्तर्ध्यान भएछ। राजाले सर्वप्रथम दत्तात्रय नजिककैको वानेलायकुमा खाडल खनी पुनः सोही माटो भर्दा जमिन बराबर भएनछ। त्यसपछि फेरि साकोठा नजिक मेगेजिन बगैंचामा त्यसरी नै जमिन खनी पुनः त्यही माटो भर्दा माटो केही बढी भएछ। त्यस्तै क्वाछेँको एक ठाउँमा पनि त्यस्तै भयो। अन्तमा हाल तलेजु भवानी रहेको ठाउँमा त्यतिबेला अग्निहोत्र ब्राम्हणको घर रहेछ। त्यस ब्राम्हणको घरमा यसरी माटो निकाली पुनः भर्दा बराबर भएछ। तलेजु भवानी त्यही स्थापना

गर्नुपर्ने भयो। उनी एक तान्त्रिक बिद्यायुक्त ब्राम्हण रहेछ। चारैतिर छत्रपालले आसन गरिराखेको गणेशको मूर्ति भएको ढुङ्गाको खाटमा बस्थे। राजा हरिसिंहदेवले उनलाई धेरै दामसहित अर्को ठाउँमा घरजग्गा दिई त्यो ठाउँ छोड्न भनेछ। तर उक्त ब्राम्हण आफ्नो ज्यान गएपनि उक्त ठाउँ नछोड्ने अडान लिएछ। त्यसबाट बाध्य भएर उनलाई त्यहाँबाट जबर्जस्ती हटाई त्यहाँ श्री तलेजु भवानी स्थापना भयो। यता जबर्जस्ती अपमानजनक ढङ्गबाट आफ्नो ठाउँ छोडनु परेकोले पीडा सहन नसकी उक्त ब्राम्हणले आफ्नो आवासभन्दा दक्षिणातिर रहेको महादेव मन्दिरनेर सेरिएर आत्महत्या गरे। त्यहाँ वरपर घर भएका ब्राम्हणहरूलाई उक्त स्थानभन्दा दक्षिणतर्फ बसोबासको ब्यबस्था गरिदियो। आफ्नो कुलघरको सट्टा पाएको घर भएको कारण त्यो ठाउँको नाम **पलिसा छेँ** हुन पुग्यो। जुन पछि पसछेँले पनि प्रख्यात भयो। यता सेरिएर आत्महत्या गरेका अग्निहोत्र ब्राम्हण प्रेत बनी राजा हरिसिंहदेवलाई अति दुःख दिन थालेपछि राजाले उक्त ब्राम्हणले आसन गर्ने खाटलाई टुक्राटुक्रा गरी यताउता फाल्न लगाएछ। आत्महत्या गरेको ठाउँको महादेवको मन्दिर पनि भत्काउन लगाई शान्ति स्वस्ति गर्न लगाएछ। साथै सो ठाउँमा बर्षेनी पसाचह्रेको दिन बलि दिनको लागि गुथिको समेत व्यवस्था गरिदिएछ। उक्त ब्राम्हणले आत्महत्या गरेको ठाउँ आजकल **जमद्वार चोक**ले चिनिन्छ। ब्राम्हण बस्ने खाटका टुक्राहरूमा विभिन्न देवदेवता सिध्द भएपछि त्यसको महत्त्व थाहा पाई ती ढुङ्गाहरू दरबार वरपर ठाउँ ठाउँमा स्थापना गर्न लगाए। त्यसमा तलेजु पस्ने सुनको ढोका सँगैको **पध्वाका गणेश** पनि एउटा त्यस्तै फ्याँकिएको ढुङ्गाको खम्बा हो। दोस्रो खम्बाको भाग तुलाछेँको विद्यापिठमा स्थापना गर्न लगाए। खाटको बीचको भाग बगैंचामा फ्याँकिराखेको छ भने ब्राम्हणले आसन गर्ने छत्रपाल देवता बेको चोकमा त्यतिकै छ। यसप्रकारले राजा हरिसिंहदेवले आफ्ना इष्टदेवी श्री तलेजु भवानी भक्तपुरमा स्थापना गरेको कथन पाइन्छ।

## वंशावली तथा विभिन्न टिपोटमा तलेजु भवानी आगमनको उल्लेख

### १. भाषा वंशावली

*वाणाब्धि युग्म शशि शाक वर्षे*
*पौषस्य शुक्ल नवमि रविसूनुबारे*
*त्यकत्वा स्वपट्टनपुरी हरिसिह देवो*
*दुर्दैव दैव विपरित गिरिं प्रवेश (बिवेश)*

अथार्त शाक संवत् १२४५ नेपाल संवत् ४४४ साल पौष मासका शुक्ल पक्ष नवमि तिथि शनिश्चर बारका दिन आरम्भ गरी हरिसिंहदेव राजाले तुलजा भवानी सहित गरी नेपाल पुरीमा प्रवेश गरी राजधानी शहर भक्तपुरमा गया।

### २. गोपाल राजवंशावली

*सं.४४६ माघशुदि ३ तिरहुति हरसिंह राजासन मिथ्लासनतो सत्रगहीटो*
*ढीलीस तुरक याके वङव रायत मोनारपं थमु अगुमन याङवस्यं शिमरावनगढ*
*भङ्‌ याङ तिरहुतिया राजा महाथ आदिन समस्तव डङ ब्यसनं वंगओटोंग्वलछिनों*
*राजग्राम द्वलखाधारे वंग्व॥ टिंपाटस राजा हरसिंहतो शिक थ्वया कायनो महाथनो*
*उभयवंधिम याङा कूलन ज्वोङाव हंग्व राजगामया मझी भारो धायान समस्त धन*
*कासन॥*

नेपाल संवत् ४४६ (वि.सं. १३८२) माघशुक्ल ३ मा तिरहुते राजा हरिसिंहदेवले दिल्लीका तुगलकलाई मिथिलामा रोक्न भारदार सेना जम्मा गरी अघि सर्दा तुगलकले सिमरौनगढ ध्वस्त पारे। तिरहुतका राजा आफ्ना परिवार र भारदारसहित वनतिर पसे। परिवारसहित राजग्राम हुँदै दोलखामा जानलाग्दा टिंपाटन भन्ने ठाउँमा हरिसिंहदेवको मृत्यु भयो। राजग्रामका मझि भारोहरूले उनका छोरा र भारदारलाई कैद गरी सबै सम्पत्ति जफत गरे।

### ३. दोलखाको टिपोट

तुरकैर्दूरिकृत सपरिवार तिरहुत राजा मन्त्रिभि : सहारण्यं प्रविष्ट :। पुत्रेण सहिता पत्नी देवलक्ष्मीदेवी
*च स्वकुटुम्बै : सह वलं याचितुं नेपाले प्रविष्टति॥*

तुगलकले लखेटिएका परिवारसहितका तिरहुते राजा हरिसिंहदेव मन्त्रिसहित जंगल पसे। छोरा तथा पत्नी देवलक्ष्मी र आफ्ना कुटुम्वहरूसहित भई सहायता माग्न नेपाल पसे।

### ४. त्यः मत्यः

हस्तलिखित बौध्द ग्रन्थ, आशा सफुकूथि

*संवत् ४४३ पौष शुक्लया नओमि शनिचरवाल थ्व कुन्हु श्री २ हरिसिंह देव सिमागरन षप  दुहांविज्याक दिन जुरो॥ शुभ॥*

नेपाल संवत् ४४३ पौष शुक्ल नवमि शनिबार यो दिन श्री २ हरिसिंहदेव सिम्रौनगढबाट भक्तपुर प्रवेश गरेको दिन भयो।

### ५. जाति सङ्ग्रह

*कर्णाटसंज्ञगनराद  हरिसिंह देवी नेपाल देशम् आनयत सलेजु (तलेजु) माजु*
*कर्णाट सज्ञ नगराद् हरिसिंहदेवो नेपाल देश मानयत्सलेजु (तलेज) माजु*

कर्णाटकका राजा हरिसिंहदेवले सलेजु(तलेजु) माजु लिई नेपाल आउनुभयो।

### ६. पाकावली ग्रन्थ बृहत्सूचिपत्रम्

पन्चमभाग पृष्ठ ३७–३८ तथा ऐतिहासिक टिपोट संस्कृतसन्देश ५ अङ्क ४१ पृष्ठ

*ॐ नम : ॥ श्री हलसिंहदेवन श्रीतलेजु जोङाव बिज्याक वेलस लांस संकष्ट*
*जुयाव सुपकार किसानिया लाहातन जा थुयका भोप्यधक श्रीतलेजुनआज्ञा दत ।*
*थवनली सम्बत् ५८७ श्री ३ यक्षमल्लया पर्जास जुतोले ब्राम्हण सुवालया ल्यंतव*
*जुलो ॥ श्रीगंगादेविया काय श्रीत्रिभुवनमल्ल त्रैलोक मल्लया पर्जास श्रीधरनिधर*
*गौडभट्ट प्रभृति मैथिल समस्त पण्डित समुच्चयन थव ख गथे जुरा धकं सुवालया लाहातन*
*हलसिंहदेवन भोपओखें धकं ङेङे तया दव थवया वचन गुगु तंत्रस दुला सोओधकं धाल*
*पुन तन्त्रस श्लोक सोयाओ लुयकाओ थव वचन दव छु संदेह मदु सत्यनं त्रिदशडामल*
*तंत्रस लुला श्रीजगनाथ ओ श्रीतलेजुओ उति छुं भिन्न मदु ।*

ॐ नमस्कार । श्री हरिसिंहदेवले श्री तलेजु लिएर आउनु भएको बेलामा बाटोमा संकष्ट परी भान्छे किसानको हातबाट भात पकाउन लगाई खाऊ भनी श्रीतलेजुबाट आज्ञा भयो । त्यसपछि नेपाल संवत् ५८७ (वि.स. १५२४) मा श्री ३ यक्षमल्लको पालामा भान्छे ब्राम्हण सुवाल गराई राखियो । श्रीगंगादेवीका छोरा श्री त्रिभुवन मल्ल र त्रैलोक्य मल्लको पालामा श्रीधरणिधर गौड भट्ट प्रभृति मैथिल पण्डितहरू समेतले यो कुरा कसरी भयो भनी सुवालको हातबाट हरिसिंहदेवले भात खाएको सुनिएको बारे छलफल हुँदा तन्त्रमा छ कि हेर भने । फेरि तन्त्रमा हेर्दा फेला पारी यो वचन रहेछ केही सन्देह छैन साँचै नै त्रिदशडामरतन्त्रमा भेट्टियो श्रीजगनाथ र श्रीतलेजुमा केही फरक छैन भनी निर्णय गरे ।

### ७. एल.एन. सपको सङ्ग्रह, कलकत्ता

संवत् ४४३ पौषशुक्ल नओमि शनिचरवाल थव कुन्हु श्री २ हरिसिंहदेव सिमांगरन षप द्वहां बिज्याक दिन जुरो ॥ शुभ ॥

नेपाल संवत् ४४३ पौषशुक्ल नवमी शनिवार यो दिन श्री २ हरिसिंहदेव सिम्रौनगढबाट भक्तपुरमा प्रवेश गरेको दिन भयो ।

### ८. ऐश्वर्यधर शर्मासाग रहेको सूर्यवंशी मल्लराजाहरूको राजवंशावली

वाणाब्धियुग्मशशि(१२४५) सम्मतशाकवर्षे ॥
पौषस्य शुक्लनवमीरवीसुनूवारे ॥
त्यक्त्वा स्वपट्टनपुरं हरसिंहदेवो
दुर्दैवदेशितपथोथ गिरिं विवेश ॥

शक संवत् १२४५ पौषशुक्ल नवमी शनिवारको दिन र्दुभाग्यवश हरिसिंहदेव आफ्नो शहर (सिम्रौनगढ) छोडी पहाड (नेपाल) पसे ।

## श्रीयन्त्रको परिचय



प्राचीनकालदेखि नै नेपाल एक तान्त्रिक विधाको केन्द्रको रूपमा प्रख्यात रहँदै आएको भूमि मानिन्छ । विशेषगरी लिच्छवि राजा जयदेव द्वितीयको शासनपछि पतन भएका नेपालका प्राचीन बस्तीहरू पुनःस्थापना गर्ने क्रममा विक्रमको नवौँ शताब्दीतिर यहाँ तन्त्रको ठूलो प्रभाव परिसकेको थियो । त्यस्तै लिच्छविहरू पछि शासन गर्ने मल्लहरूको समयमा झन् तन्त्रको विकास चरम अवस्थासम्म पुगिसकेको देखिन्छ । त्यस समयमा यहाँ तन्त्रलाई आफ्नो सांस्कृतिक, राजनीतिक, सामाजिक तथा धार्मिक आस्थाको मूलविन्दु मानिदिँदा विशेष गरी यक्षमल्लपछि विखण्डित काठमाडौँ, भक्तपुर, पाटन आदि ठाँउहरू तान्त्रिक क्रियाकलापको केन्द्रविन्दु नै बन्न पुगेको थियो । त्यही भएर नेपालको इतिहासमा मल्लकाललाई तन्त्रको स्वर्णयुग नै मानिन्छ ।

त्यस समयमा यहाँ आ-आफ्नो धर्म, जाति, संस्कृति, नियम, निष्ठा, चाडपर्व, जात्रा आदिलाई समेत तन्त्रबाट नै सञ्चालन गरिएको सन्दर्भमा देवदेवीका मूर्तिहरू समेत अमूर्त रूपमा आह्वान गर्ने प्रथा चलेको थियो । लिच्छविकालमा राम्रा राम्रा कलाकृतिहरूले सजिएका मूर्तिहरू मूर्तरूपमा ढुङ्गा, काठ, माटो, धातुमा उतार्ने वैदिक परम्पराको ठाउँमा

मल्लकालमा देवदेवीका मूर्तिहरू तान्त्रिक मतअनुसार यन्त्रको माध्यमबाट सिर्जना गर्ने प्रथा चलेको थियो।

विशेषगरी ने.सं. ४४४, वि.सं. १३८१ मा देवलदेवीले सिम्रौनगढ राज्यबाट तुलजा भवानीको यन्त्ररूपी मूर्ति भक्तपुर ल्याएपछि यहाँका मल्ल राजाहरूले आफ्नो इष्टदेवताको रूपमा लिएको कारणले यन्त्रले ब्यापकता लिन सकेको मानिन्छ। आफूहरूलाई रामचन्द्र कुलका मान्ने मल्लहरूले मर्यादा पुरुष भगवान रामको इष्टदेवता तुलजा भवानीलाई पनि आफ्नो इष्टदेवता मान्नु स्वभाविकै हो। यही यन्त्ररूपी तुलजा भवानीको स्थापनापछि सर्वसाधारण जनतामा समेत तन्त्रविद्याको माध्यमबाट आ-आफ्नो इष्टदेवता स्थापना गर्ने प्रथाको विकास भई यहाँ आगम मतले प्रभाव फैलाउन पाएको थियो। यसरी एकातिर आगम देवताको रूपमा यन्त्ररूपी इष्टदेवता दीक्षाधारीबाहेक यन्त्रको लागि वर्जित गरी गुह्यस्थानमा स्थापना गर्ने चलन आयो भने अर्कोतिर तान्त्रिक विधिअनुसार कुनै पनि देवदेवी स्थापना गर्दा देवदेवीको सम्मुख वा माथिपट्टि यन्त्र कुँदी देवदेवीको आह्वान गर्ने, सिद्धि साधना वा उपासना गर्ने चलन चलेको पाइन्छ। त्यस समयमा यहाँ मूर्तिमा भन्दा यन्त्रमा बढी ध्यान पुगेको आभास हुन्छ। तन्त्रको अत्यधिक प्रभाव पर्न गएपछि जटिल मूर्तिहरू बन्न पुगी मूर्तिमा अङ्गभङ्ग हुने, श्रृङ्गार पूर्ण नहुने र मूर्तिमा सिद्ध साधना गर्दा ध्यान नमिल्ने भई कतै अनिष्ट हुन्छ भनी दोष निवारणार्थ यन्त्रमा बढी झुकाव हुन पुगेको देखिन्छ।

त्यसो त यन्त्र आफैं रहस्यपूर्ण एवं जटिल संरचनाले युक्त भएको हुन्छ। यन्त्रको विषयमा कोलावलीय तन्त्रमा यसरी उल्लेख गरिएको छ *'यन्त्र मन्त्रमय प्रोक्त मन्त्रात्मा दैवतेही ही। देहात्मनोयर्था मेदो यन्त्र देवता योस्तवां'* अर्थात यन्त्र मन्त्रमय हुन्छ। मन्त्रको आत्मा निश्चय नै देवता हुन्छ। जसरी शरीर आत्माको भेद छ त्यसरी नै यन्त्र र देवताको छ। वास्तवमा यन्त्र बन्नलाई मन्त्र चाहिन्छ भन्ने तथ्य यहाँ स्पष्ट हुन्छ। सर्सर्ती हेर्दा यन्त्रमा कुनै खास देवदेवीको मूर्ति कोरिएको हुँदैन। यन्त्रको सुभारम्भ नै बिन्दुबाट भएको हुन्छ। तर हाम्रो तान्त्रिक विद्याले बिन्दुलाई एउटा साधारण थोप्ला मात्र मानेको छैन। तन्त्रअनुसार यही बिन्दुको सङ्कल्प शक्तिबाट प्रकृति र पुरुषको जन्म भएको हुन्छ। अझ प्रकृतिले नै संसारको सृष्टि गरेको हुनाले प्रकृतिलाई नारीको संज्ञा दिएको छ। सारांशमा भन्नुपर्दा यस बिन्दुलाई मूलशक्तिको रूपमा यन्त्रको मध्यभागमा राखेको हुन्छ। बिन्दुको बाहिर तीनओटा वृत्तहरूले तीनलोकको सङ्केत गर्दछ। वृत्तमा भएको नुपुरहरूले द्वारको सङकेत गर्दछ। र प्रत्येक द्वारमा रक्षकको रूपमा विभिन्न देवदेवी रहेका हुन्छन्। त्यस्तै सम्पूर्ण यन्त्रलाई आठ भागमा बाँडी अष्टकमलमा विभाजित गरेको हुन्छ। तन्त्र अनुसार उक्त अष्टकमललाई नारी अर्थात शक्तिको प्रतिकको रूपमा लिएको हुन्छ। त्यस्तै त्यसभन्दा बाहिर रहेको सोह्रओटा कमलको फूलको पातलाई चन्द्रमाको १६ कलाहरूको संज्ञा दिएको हुन्छ। यसरी बनेको यन्त्रमा शिवा र शक्ति (पार्वती) लाई तादात्म्य मिलाई उच्च स्थानमा राखिएको हुन्छ।

तान्त्रिक मतअनुसार सबै यन्त्रहरू समान प्रकारका हुँदैनन्, फरक फरक प्रयोजन एवं उपासनाको लागि अलग अलग प्रकारका यन्त्रहरू प्रादुर्भाव भएको हुन्छ। जस्तै श्रीवृद्धी र लक्ष्मीवासको लागि श्रीयन्त्र, मृत्यु भयबाट जोगिन महामृत्यञ्जययन्त्र, विध्नबाधा दूर गर्न भैरवयन्त्र, आध्यात्मिक उन्नति एवं विजय प्राप्तिको लागि वंगलामुखी यन्त्र, रोग भयबाट मुक्त हुन सूर्ययन्त्र, सन्तान प्राप्तिको लागि छिन्नमस्तायन्त्र आदि यसका केही उदाहरण हुन्।

यी सबै यन्त्रहरूमा सबैभन्दा महत्त्वपूर्ण र सबै यन्त्रको मूल स्रोतको रूपमा श्रीयन्त्रलाई लिने गरिन्छ। अन्य यन्त्र बिन्दुबाट शुरु भएझैं श्रीयन्त्रको शुभारम्भ मध्यभागमा रहेको श्रीबाट भएको हुन्छ। यही श्रीलाई बिन्दुको रूपमा लिने र मध्य भागमा रहेको यो बिन्दुलाई सर्वआनन्दमय पनि भनिन्छ। यसले त्रिपुरासुन्दरी देवीलाई जनाउँछ। त्यस्तै ब्रह्मायणी, माहेश्वरी, कौमारी, भद्रकाली, बाराही, इन्द्रायणी, महाकाली र महालक्ष्मी अष्टकमल दलमा रहेका हुन्छन्। प्रत्येक आम्नायमा एक एक देवी नायिकाको रूपमा रहने सन्दर्भमा उर्ध्व आम्नायमा त्रिपुरासुन्दरी देवी रहेकी छन्। यही उर्ध्व आम्नायमा शिव र पार्वतीको भेद गरी श्रीयन्त्रको संरचना भएको हुन्छ। यही संरचनालाई दृष्टिगत गरी लिच्छवि राजा आनन्ददेवले नवौं शताब्दीमा श्रीयन्त्राकार भक्तपुर शहर बसालेको तथ्य वंशावलीमा उल्लेख छ।

यसरी प्रारम्भमा इष्टदेवताको लागि प्रयोग भएका यस्ता यन्त्रहरू पूजा एवं सिद्धीसाधनादेखि नगर बस्ती बसाउनसमेत प्रयोग भएको देखिन्छ। यसबाट तत्कालीन समयमा यहाँ तान्त्रिक विद्याको बोलबाला प्रशस्त थियो भन्ने सङ्केत गर्छ। त्यही भएर हुन सक्छ त्यसबेलाका प्रायःजसो सम्पूर्ण शास्त्र, पुराण, महात्म्य ग्रन्थहरू तन्त्र र यन्त्रको विषयले भरिएको हुन्थ्यो। अनि यसको प्रभाव हिन्दू धर्ममा मात्र सीमित नरही बौद्ध धर्ममा समेत प्रत्यक्ष प्रभाव परेको हुनाले बौद्ध धर्मावलम्बीहरू 'ॐ प्रज्ञा ज्याय' भनी चक्रसंवरलाई यन्त्रको माध्यमबाट आफ्नो इष्टदेवता मान्न पुगेको थियो। अचेल तान्त्रिक विद्या पाखण्डीहरूको हातमा पुगेपछि यहाँ तन्त्र, मन्त्र, यन्त्रको प्रभाव दिनानुदिन ह्रास हुँदै गइरहेको छ। जुन चिन्ताको विषय बनेको छ।

# विवाह एक संस्कृति

नाति कवां

मानव विकासको क्रम सँगसँगै मानिसले आफ्नो अनुकुलतामा सबै कुरा सिक्दै आए। यही क्रममा मानिसले लोग्ने स्वास्नीको व्यवस्थालाई पनि व्यवस्थित गर्दै जाने कुरा सिके। लोग्ने स्वास्नीको व्यवस्था गर्न विवाह गर्न सिके। संसारमा विवाह गर्ने तौर तरिकाहरू फरक फरक छन्। नेपालमा विवाह ३ किसिमबाट हुन्छ। भागी विवाह (पोइलो जाने), मागी विवाह (आमाबावुको सल्लाहमा) र कानुनी विवाह (सरकारी अड्डाबाट वर्ष पुगेकाले गर्ने विवाह)। यी तीन प्रकारको विवाहमध्ये यहाँ मागी विवाहको चर्चा गर्न खोजिएको छ। यो विवाह गर्ने प्रथाहरूमा पनि नेपालका नेवार जातिको विषयमा बयान गर्न खाजेको छु। नेवार जातिको विवाह संस्कृति ठाउँ विशेषअनुसार फरक फरक छन्।

पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यका विजय गरेपछि कतिपय भाइ भारदारहरू र ठूला घरानाका मानिसहरू भागेर अनकण्टार पहाडहरूमा बसोबास गर्न गए। उनीहरूको युवा पुस्ताले नेवार संस्कृति नै बिर्सिसकेका छन् भने कतिपयले मिश्रित संस्कृति अपनाएका छन्। त्यसकारण काठमाडौँ उपत्यका भन्दा बाहिर गएका नेवारहरूले आफ्नो एउटा जात (थर) बाँकी राखेका छन्। जस्तो श्रेष्ठ, पिया, पाठक, जोशी, प्रधान आदि आफ्नो नाम सँगसँगै गाँसेर राखेका छन्। अरू संस्कृतिहरू जुन समाजमा बसेका छन् त्यसैसँग घुलमिल भएर बिर्सिदिएका छन् जस्तै तामाङ बस्तीमा बसोबास गर्न गएकाहरूले तामाङ संस्कृति मिसाएको पाइन्छ। क्षेत्रीहरूको बस्तीमा गएकाहरूले क्षेत्री संस्कृतिमा नै मिसिएर गएका छन्। त्यसकारण नेवार भएर पनि नेवार भाषा, नेवार संस्कृति लोप भइसकेको अनुभव गर्न सकिन्छ।

नेवारहरूको मुख्य बस्ती काठमाडौँ उपत्यकामा पनि नेवार संस्कृतिमाथि भारतीय संस्कृतिको थिचो मिचो बढ्दै गएको पाइन्छ र त्यसकै नक्कलहरू गर्न थालेका छन्। जस्तो दुलाहाको जुत्ता सालीहरूले लुकाउने र पैसा माग्ने।
यहाँ भक्तपुर जिल्लाको मात्र बयान गर्न खोजेको छु।

विवाह संस्कृतिमा सबभन्दा महत्त्वपूर्ण भूमिका 'लमी' को हुन्छ। लमीको भूमिका लामो समयसम्म रहिरहन्छ, विवाहपछि जोडीको सन्तान जन्मिन्दासम्म रहन्छ। लमीले केटा पक्ष र केटी पक्षको आमाबुवासँग कुरा गर्छ।

दुवै पक्षलाई चित्त बुझेमा कुरा छिनिन्छ। विवाहको कुरा छिनिसके पछि अर्थात दुवै पक्ष सहमत भए पछि ज्योतिष कहाँ गएर राशि, ग्रह, योगदशा, देखाउने काम हुन्छ। ज्योतिषले राशिअनुसार मेल खान्छ भने विवाहको लागि स्वीकृति दिन्छ। यदि राशिअनुसार मेल खाँदैन भने विवाह नगर्न सुझाव दिएर पठाउँछ।

विवाह हुने भयो भने समय हेरेर केटी पक्ष र केटा पक्ष दुवैले विवाहको लागि जोरजाम शुरु गर्दछन्। भोजको निम्तोलाई आजकल नाना थरिको रंगी विरंगी कार्डले निम्तो दिएर बोलाउँछ भने त्यतिबेला घरमै बनाएको लड्डुले निम्तो दिन्छ। यो लड्डु ३ प्रकारको हुन्छ - सानो, माहिलो र ठूलो।

लड्डु केटा पक्षको घरमा बनाइन्छ र केटी पक्षले मागे अनुसारको लड्डु बनाएर पठाउनु पर्छ। लड्डुको आकारले एक्लै भोज बोलाएको वा परिवार नै बोलाएको थाहा हुन्छ। एक्लो (याकापाहाँ) लाई सानो लड्डु र स-परिवार (भो पाहाँ) लाई माहिलो लड्डु अनि विशेष मानिसहरूलाई ठूलो लड्डु दिएर निम्तो गरिन्छ।

लड्डु बनाउन पहिले 'सयगुली' बनाउँछ। सयगुली बनाउन पिठो चालेर त्यसमा भटमासको पिठो मिसाइन्छ। पिठो मात्र हुँदा सयगुली पकाउँदा फुल्दैन। आजकल भटमासको पिठोको सत्ता सोडा हाल्ने चलन छ। यो सयगुलीमा चाकुको चासनी घोलेर लड्डु बनाउँछ। कुनै कुनै लड्डुहरू डल्लो भइसके पछि अझ चिनीको चासनी लेपेर सेतो बनाएको हुन्छ।



सयगुली

यो लड्डु बनाउने बेलामा 'ऐथा मारी', 'लाखामारी' र 'सयगुली' पनि बनाएको हुन्छ।



लाखामारी



ऐथामारी

सयगुली पनि २ प्रकारको हुन्छ। चिनी भएको र चिनी नभएको। चिनी भएको विशेष पाहुनाहरूको लागि मात्र हुन्छ। यो सयगुली र ऐथामारी केटा पक्षको घरमा र केटी पक्षको घरमा दुवैतिर बनाउँछ।

विवाहको लागि महिनौं दिन लगाएर 'ह्यौंथों' (रातो जाँड) पनि बनाउँछन्। विवाहको लागि जाँडनै ३-४ प्रकारको बनाएको हुन्छ। जस्तो 'ह्यौंथों' 'मुत्ति थों', 'भेते थों', 'काँ थों' का साथै 'ऐला' (रक्सी) बनाएको हुन्छ।


विवाहको साइतको लागि ज्योतिषकहाँ जान्छ र लगनको समय दिन्छ। त्यसैअनुसार विवाहको निश्चितताको लागि केटी पक्षको घरमा गएर छोरी माग्न जान्छ। माग्न जाँदा लमी २ जना हुन्छ केटा र केटी पक्षको लमी, केटाको मामा, आमा बुवा, केटा कै साथीहरू एक दुईजना जान्छन्। त्यतिबेला विवाहको बेलामा गर्नुपर्ने सम्पूर्ण कामहरूको निर्णय पनि गरिन्छ।

नेवारी परम्परामा 'गोंय यंकेगु' (सुपारी दिने), 'स्वगं यकेगु' (सगुन लिएर जाने), जन्तको दिन 'लाँ स्वयगु' (बाटो हेर्ने) र 'दिरि चायकेगु' (ज्वाईंलाई हेरविचार गर्न आउने र 'ख्व स्वयगु' (छोरी दिइ पठाए पछि बुवा, दाजुभाइ र नाता कुटुम्ब आएर छोरीलाई हेरविचार गर्न आउने) सबै काम कहिले गर्ने हो त्यो सबै निर्णय गर्छ र विवाहको कुरो टुङ्ग्याउँछ।

विवाह हुने अर्थात छोरी दिने लिने कुराको छिनो फानो भइसकेपछि सबभन्दा पहिले दुलाहाको पक्षले नाइके अर्थात बाजे या बाबुले दुलही पक्षलाई सुपारी दिने चलन छ। सुपारी लिने काम दुलही पक्षको अर्थात बाजे या बाबुले लिने चलन छ। यसरी सुपारी दिँदा लिने र दिने दुवै गरुड आसनमा बस्नुपर्छ। यसरी सुपारी दिनुको अर्थ तिम्रो छोरी अब अरू कसैलाई दिन पाइँदैन, हाम्रो बुहारी भइसक्यो भन्ने बाचा बन्धन बाँधेको हो। त्यो सुपारी दुलही पक्षले लिइसकेपछि केहीगरी अकस्मात मृत्यु भएमा पनि दुलाहा पक्षले सम्पूर्ण मृत्यु संस्कार गर्नुपर्छ भन्ने मान्यता छ। त्यसकारण सुपारी दिने काम बढीमा एक हप्ता अगाडि मात्र गर्ने गर्दछ। यसरी सुपारी दिइसके पछि जन्तीको एक दिन अगाडि केटीको घरमा 'सोगं' (सगुन) लाने चलन छ। यो 'सोगं' ल्याइसके पछि भातखान हुँदैन भन्ने भनाइ छ। किनभने छोरीले आफ्नो पतिलाई मान सम्मान गर्नुपर्ने अर्थमा। यसरी 'सोगं' दिइसकेपछि स्वयम्बर गर्ने चलन बनिसकेको छ। पण्डितले केटा र केटीबीच स्वयम्बर गराउँछ। स्वयम्बर सकिए पछि ज्वाइँ (दुलाहा) घर फर्कन्छ। घर फर्किसके पछि त्यही दिन वा भोलिपल्ट जन्ती जाने काम हुन्छ। पहिले स्वयम्बर गर्ने चलन थिएन।

जन्ती जाने काम प्रायः राति हुन्छ। जन्ती राति नै जानुपर्ने कारण के हो ? भक्तपुरका जनता कृषिमा आश्रित छन्। खेतको काम छोड्नु हुँदैन भनेर जन्ती जाने काम राति गरेको हुनुपर्छ।

विवाह भएको हो वा होइन भन्ने प्रमाणको लागि केटा पक्षले आफ्नो टोल छिमेकका दाजुभाइ जम्मा गरेर जन्ती लान्थ्यो। यसरी जन्ती जाँदा धनीहरूले बाजा पनि राखिन्छ। तर गरिबहरूले बाजा नराखिकननै जन्ती लिन जान्छ। यो आजकल पनि चलन छ। बाजा राखेर जानेहरूले पनि आफ्नै घरछेउका कपाली जातका मानिसहरू एउटा धलक (धोलक) २ ओटा मालिं (सहनाई) १ ओटा ख्वाली मालीचा बजाएर जान्छन्। आजकलको बाजा भारतीय सिनेमाको नक्कल गरेर आएको हो। यसरी जन्त जाँदा नेवारहरूको आफ्नै किसिमको डोली हुन्छ। त्यो डोली बोक्न एउटा गोलाकारको करिब १०-१२ फिट लामो काठ हुन्छ।




दुलही बोकेको डोली

डोलीलाई नेवारी भाषामा 'दू' भनिन्छ। त्यसमा एउटा बोरा जस्तो कपडा हुन्छ। त्यो 'दू' मा बाँधेर राख्छ र त्यस कपडामा बेहुलीलाई राखेर दुईजनाले बोकेर ल्याउँछ। त्यो डोली बोक्नेहरू खास गरेर वनमालाहरू २ जना केटा हुन्छन्। एकजना केटी वनमालाले पूजा सामान भएको 'कोट' (पूजाथाली) बोक्छ, एउटा मुस्याँप्व (बत्ति) त्यसमा खाने तेलमा कपाडाको भुत्रो भिजाएर बत्ति बालेर लान्छ। त्यो 'मुस्याँप्वा' ले बाटोमा बत्तिको रूपमा प्रयोग गरेको हुनुपर्दछ। त्यस्तै जन्तीमा लमी २ जना बाहेक दुलाहाको मामा महत्त्वपूर्ण हुन्छ। त्यो दुलाहाको मामाले सुकुन्डामा बत्ति बालेर बोक्नुपर्ने चलन

छ। यो आज पनि परम्पराको रूपमा चलिरहेको छ। जन्ती जाँदा पूजा सामानबाहेक 'मसिंप्व' अर्थात मसलाको पोको पनि लगिन्छ। त्यस मसलाको पोकोमा सुपारी, ल्वाङ, सुकुमेल, चक्लेट, नरिवलका टुक्रा, छोकडाको टुक्रा, काजू, मखन, चकलेट आदि राखेर बनाएको हुन्छ। त्यो 'मसिंप्व' जन्तीको सङ्ख्या अनुसार अलि बढी लिएर जान्छन्। मसिंप्वको सङ्ख्या अनुसारनै 'ग्वः' (पान) पनि लिएर जान्छ। जन्ती बेहुलीको घर नजिकै पौवा पाटीमा सुकुल, सतरंजा बिछ्याई बस्ने गर्दछ। त्यसलाई 'लाँ स्वय्गु' भनिन्छ। त्यहाँ मसिंप्व र ग्वः (पान मसला) बाँडिन्छ। मसला खाने इच्छा भएकाले खान्छ। खाने इच्छा नभएकाले घरमा लान्छ।

'लाँ स्वय् धुँका' अर्थात मसला बाँडी सकेपछि 'लमी' दुलहीको घरमा गएर दुलाहाको पक्षका मानिसहरू आइसकेको जनाउ दिन जान्छ। दुलाहा पक्षका मानिसहरू घरमा भित्र्याए भयो कि भएन भनेर सोधपुछ गर्छ। दुलहीको घरमा सबै व्यवस्था मिलिसकेको छ भने दुलाहा पक्षलाई घर भित्र आउन स्वीकृति दिन्छ। जन्तीका मानिसहरू दुलहीको घर भित्र पस्ने स्वीकृति पाएपछि सबभन्दा पहिले दुलही पक्षको घरको ढोकामा 'दू धांकेगु' (डोलीको काठ ढोकामा ठड्याएर राख्ने) गरिन्छ। त्यसबेला यदि बाजा छ भने बाजा बजाउनेहरूले 'सगुन' को बाजा बजाउँछ। डोलीको काठ ठड्याइसके पछि जन्तीहरू घर भित्र जान्छन्। घरभित्र जाँदा सबभन्दा अगाडि लमी, त्यसपछि सुकुन्डा बोक्ने दुलाहाको मामा, त्यसपछि फुफुमामा भित्र जान्छन्। सुकुन्डासँगै राखेर बस्ने ठाउँ मिलाएको हुन्छ। 'मालिंचा' (वनमाला बहिनी) पनि पूजा थाल (कोट) लिएर सँगै बसेको हुन्छ। यिनीहरू आइसकेपछि विशेष प्रकारको भोज पकाउन सुरु गर्छ। यसमा विशेष गरेर मासुको परिकारहरू हुन्छ जस्तो क्वाकाला, भुटन, नलुया तकोला, छेंगुया तकोला, लागो, लापी, भाँग्राया तकोला आदि र 'सयगुली' ऐथामारी र गेडागुडी पनि तयार गरिन्छ। पिउनेमा ह्याउँथौं, मुत्ति थौं, ऐला राखिन्छ। यी सबै तयार गरेर खुवाउँदा र खाँदा करिब ३ घण्टाको समय बित्छ। यतिञ्जेल जन्तीका मानिसहरू आ–आफ्नो घरमा गई सुत्न जान्छन्। तर दुलाहाका मामा, फुफुमामा, मालिंचा, लमी दुईजना, वनमालाहरू, दुलाहाका बाबु, यदि छ भने दुलाहाका दाजुभाइहरू त्यहि सुकुन्डा भएकै ठाउँमा बसिरहन्छन्। बाजाका मानिसहरूलाई छुट्टै बस्ने व्यवस्था गरेको हुन्छ। लमीहरू र (स्ववपूं) सबैलाई खुवाउँदासम्म दुलहीलाई सृङ्गारपतार र नयाँ लुगा लगाई तयार गर्दछ। त्यतिबेला दुलाहातर्फबाट ल्याएको सुनका गहना पनि लगाएको हुन्छ। त्यसपछि दुलहीलाई पनि सुकुन्डाको अगाडि बसाल्छ र त्यहाँ दुलहीले सुपारी दिने (ग्वँय् सालेगु) काम सुरु हुन्छ। सुपारी लिन दुलहीको नाता कुटुम्बहरूले आफ्नो गच्छे अनुसारको सामान वा पैसा दिन्छ र दुलहीले १० ओटा सुपारी दिन्छ। हुनेखाने परिवार छ भने सुपारी लिने बेलामा माटोको टुक्रा राखेर सुपारी लिन्छ। यस्को अर्थ जग्गा दाइजो दिएको हो। कसैले सुनको औँठी, कसैले सुनको सिक्री दिएको हुन्छ। तर एउटा चलन के छ भने सबभन्दा ठूलो दाजुले सन्दुक दिनुपर्ने हुन्छ। आजकल सन्दुकको सत्तामा दराज दिने चलन छ। सन्दुक वा दराजभित्र एक जोर लुगा (पतासि, चोलो, पटुका) र केही नगद राखेर त्यस्को साँचो राखेर सुपारी लिन्छ। यता मामाले बाख्रो नै दाइजो दिनुपर्ने चलन थियो। यस्को अर्थ लोग्नेको घरमा गएर यदि काम पाएन, आम्दानी भएन भने बाख्रा पालेर जीविकोपार्जन गर्न सकोस् भनेर बाख्रा दाइजो दिएको हुनुपर्दछ। परिवारका अन्य सदस्यहरूले खानपिन गर्नको लागी चाहिने थाल, कसौडी, फोसि, त्वार्वा (बत्ति बाल्ने लामो टुकी), कसैले करुवा, गाग्री आदिजीवन जिउन आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू दिएर सुपारी लिने गर्दछ। यसको उद्देश्य छोरीलाई कुनै चिजको कमी नहोस् भनी दाइजोको व्यवस्था गरेको हुनुपर्छ। तर आजकल मोटर, मोटरसाइकल, टि.भि., रेफ्रिजेरेटर, वासिङ मेशिन जस्ता वस्तुहरूको व्यवस्था गर्न थालेको छ। यसरी सुपारी लिने कामको अन्तमा आमा र बुवाले ज्वालान्हेकं र सिन्हम् (टिकी दानी) राखेर सुपारी लिन्छन्। यतिबेला जन्म घर छोडेर जानुपर्ने भएकाले दुलही रुनु पर्छ र रुन्छ। यदि रोएन भने लक्ष्मी रिसाउँछ भन्ने चलन छ।

सुपारी लिने काम सकेपछि दुलहीलाई चिपं थिकेगु (ख्वाउने काम) गर्दछ। त्यो जुठो मालिचांले बाहिर छ्वास (चारदोबाटोमा) फाल्न लैजान्छ। त्यसपछि दुलहीको मामाले बोकेर डोलीमा चढाउँछ। दुलहीलाई डोलीमा राखि सकेपछि ससुरा हुनेले डोलीमाथि तासको कपडा (दु फाँगा) ओढाउने गर्दछ। यी काम सकेपछि पहिले केटा पक्षले दिएको सुपारी फिर्ता गर्ने काम हुन्छ। पहिले दिएको सुपारी फिर्ता गरिसकेपछि सबै बाहिर आउँछन् र जन्तीलाई अगाडि बढ्छ। जन्ती अघि बढिसके पछि दुलहीको मामा र दुलाहाको मामा दुवै जना सुकुन्डा बोकेर बाहिर आउँछ। कुनै देवी देवताको अगाडि अथवा दुलही पक्षको पिठको मन्दिर अगाडि दुई पक्षबीच देवी देवतालाई साक्षी राखेर छोरी दिएको र पछि केही नराम्रो नगर्नु भनी संवाद हुन्छ। केटा पक्षले तपाईंहरू धन्दा नमान्नुस्, हामीले पनि छोरीजस्तै नै सम्हालेर राख्छौँ। दुख नमान्नुस् भन्ने जस्ता कुराकानी हुन्छ। केटापक्ष दुलही लिएर जान्छ र दुलहीय पक्ष आफ्नो स्थानमा फर्कन्छन्। तर दुलहीको मामा र फुफुमामा जन्तीसँगै दुलाहाको घरमा जान्छ। जन्ती दुलाहाको घरमा पुगेपछि दुलहीलाई डोलीबाट घरमा भित्र्याउनुभन्दा पहिले दुलाहा पक्षको नकिं (ज्येष्ठ महिला) ले हात समातेर लान्छ। ढोकाबाहिर राखेर स्वगं (सगुन) दिन्छ। त्यसबेला काठको पाथीमा पुरानो तालाको साँचो ३ ओटा राखेर ढोगाउने चलन छ। स्वगंको सम्पूर्ण काम सके पछि सासुले नयाँ दुलहीको घरको मूलढोकामा बसी साँचोको झुप्पा दिएर आजदेखि

यो घर सञ्चालनको जिम्मा तिम्रो भयो भनेर हातको औँला समातेर डोऱ्याएर लान्छ। अचेल यसरी घरमा भित्र लान खोज्दा दुलाहा पक्षका दिदीबहिनीले बाटो छेकी पैसा माग्ने चलन ल्याएको छ। केही रकम दिए पछि घरको मूलढोका छोडि दिन्छ र घर भित्र लान्छ।

त्यसपछि पण्डित बोलाएर होंकेगु (स्वयम्बर) गर्ने गरिन्छ। आजकल यो स्वयम्बर कसै कसैले त महिना दिन अगाडि नै गर्ने चलन छ र जन्तीको बेलामा पनि दुलाहा दुलहीसँगै बसेर आउने चलन बसालिसकेको छ।

पण्डितले गराएको होंकेगु (स्वयम्बर) लाई लगन मानिन्छ। स्वयम्बर सकेपछि दुलही त्यहि बसाल्छ दुलाहा उठेर जान्छ। दुलहीसँग यहाँ पनि सम्पूर्ण दाजुभाइ र दुलाहाको परिवारले सुपारी लिने काम गर्दछ। गच्छे अनुसार पैसा राखेर लिएको १० ओटा सुपारी छोएर फेरि फर्काउँछ।

सुपारी लिने काम सकेपछि नकिंले खानेकुरा ल्याएर नयाँ दुलहीलाई ख्वाउने कार्यक्रम हुन्छ। यसलाई चिपं थिकेगु भनिन्छ। यसबेला दुलहीले सबै खानेकुरा छोएर खाएको हाउभाउ गर्छ। त्यो खानेकुराको भाग मालिंचा या नकिंमार्फत चारदोबाटोमा फाल्न लान्छ।

दुलही भित्र्याएको भोलिपल्ट 'दिरिचायके' (दुलाहालाई ससुराली लगेर भोज ख्वाउने) काम हुन्छ। यसको लागि लमीले समय मिलाउँछ। दुलही पक्षले दिएको समय अनुसार दुलाहाका आमा, बज्यै, दिदी बहिनी, माईजु, फुकी दाजुभाइका सबै आइमाई साथी भएर अर्थात दुलाहाको सुरक्षा हेतु लमीको नेतृत्वमा ससुराली लिएर जान्छ। दुलहीको घरमा दुलहीको बावुले सुकुन्डा लिएर ढोकामा ज्वाइँलाई बाटो हेरेर बस्छ। ज्वाइँ पुगे पछि ढोका बाहिरबाट हात समाई घरभित्र लान्छ र एकठाउँमा बसाल्छ। ज्वाइँलगायतलाई विभिन्न परिकार बनाएर खुवाउँछ। यो भोजमा ज्वाई अर्थात दुलाहाले खाएको भागमा सबै चीज २ भाग राख्छ। कारण दुलाहाको जुठोमा दुलहीलाई ख्वाउनु पर्छ भनेर दुलाहा र दुलही दुवैको भाग राखेको हुन्छ। यस भोजमा शुरुमै सयगुली ऐथामारी राखेको हुन्छ। भोज खाइसके पछि सबैलाई मसिंपो (मसला) ग्व (पान) दिन्छ। यसरी भोज सकाएर दुलाहा पक्षका मानिसहरू दुलहीसहित घर फर्कन्छ र दिरिचायकेगु काम समाप्त हुन्छ।

दिरिचायकेगुको भोलिपल्ट दुलही पक्षका आइमाईहरू दुलाहाको घरमा 'जि विचः वयगु' (ज्वाइँको हेरविचार गर्न आउने) गर्दछ। ज्वाइँले आफ्नो घरमा खाएर आएको खानेकुरामा केही विषालु पदार्थ मिसिएको छ कि ? कतै अस्वस्थ पो भएको छ कि भनेर हेर विचार गर्न आउने काम हो। यसमा दुलहीको आमा, माइजु, दिदीबहिनीहरू, फुकी दाजुभाइका आइमाइहरू सबै आउँछन्। यो पनि लमीकै नेतृत्वमा आउने गर्दछ। भोज ख्वाउने बेलामा दुलही पक्षले जसरी ख्वाएको छ त्योभन्दा बढी परिकार राखेर ख्वाउने चलन छ।

त्यसको भोलिपल्ट दुलाहाको घरमा 'ख्वा स्वयगु' (छोरीको मुख हेर्ने) काम हुन्छ। यो मुख हेर्ने काममा भने दुलही पक्षका सबै केटाहरू मात्र आउँछन्। तर स-साना नानीहरू पनि ल्याउने र आउने गर्दछन्। यतिबेला दुलहीलाई राम्ररी सृङ्गारपटार गरी एउटा ठूलो ठाउँमा राखेको हुन्छ। दुलहीको बुवा, दाजुभाइहरू सँगै बस्ने गर्दछ। मुख हेर्ने काममा आउने सबै मानिसहरूलाई दुलही पक्षकाले खबर गरेको हुन्छ। यसरी मुख हेर्न आउने भनेको विवाह गरेर आफ्नो छोरीले दुख पाएको छ कि भनेर विचार गर्न आउने एउटा कार्यक्रम हो।

दुलाहा पक्षका छोरीबटी, आमा, बुहारीहरू पनि सिङ्गारपटार गरेर सक्दो राम्रो गरी बसेको हुन्छ। मुख हेर्न आउने व्यक्तिहरूलाई जस्लाई जुन प्रकारको जाँड या रक्सी खान मन पर्छ त्यो राखिदिन्छ। थ्वँ (जाँड) पनि मुत्ति थ्वँ, ह्याउँ थ्वँ, नाछुङागु, प्वईला थ्वँ, भेते थ्वँ भनेर विभिन्न प्रकारका हुन्छ। सुरुमा धेरैलाई ऐला (रक्सी) दिने चलन छ। यसमा एउटा थालमा कयगु फ्वया (भिजाएको केराउ) काटेको मुलाको टुक्रा, सयगुली, ऐथा राखेर प्रत्येक व्यक्तिको अगाडि राखिदिन्छ। त्यहाँ तरुनी केटीहरू र मुख हेर्न आउने केटाहरूको बीचमा मनोरञ्जनको लागि जिस्किने र जिस्काउने कुराहरू हुन्छ। छोरी (दुलही) को अगाडि एउटा थाल राखेको हुन्छ। त्यसमा पैसा या सुन अरू कुनै राखिदिन्छ। छोरीको हाल खबर सुन्ने काम गर्छ। यसमा सबभन्दा पहिले दुलहीकै परिवारले सुरु गर्छ। परिवार धनी छ भने खेत, घर हालेर छोरीको मन सन्तुष्ट पार्ने गर्दछ। होइन भने सुनको औँठी, सिक्री, टप, आदि राखेर भए पनि छोरीको अगाडि आएर थालमा हालिदिन्छ। गन्यमान्य व्यक्ती तथा अन्य व्यक्तिहरूले आफ्नो गच्छे अनुसार पैसा थालमा हालेर मुख हेर्ने, भला कुसारी गर्दछ। तर दुलहीको बाबुले केही पनि खाँदैन। भनिन्छ दुलहीको बाबुले आफ्नो छोरीको कोखबाट बच्चा नजन्मे ज्वाइँको घरको खाँदैन।

खाने पिउने काम सकेपछि मुख हेर्न काम सकाएर घर फर्कन्छ, मुख हेर्ने काम समाप्त हुन्छ। विवाहको संस्कृति लगभग समाप्त हुन्छ।

विवाहको सम्पूर्ण काम सकिए पछि २,४ दिन पछि लमीले बोलाएर दुलहीलाई माइती लैजान्छ र माइतीकै घरमा ४ दिन बस्छ। ४ दिनपछि दुलाहाको आमालाई सुकुन्डा बोकाएर दुलहीलाइ बोलाउन लमी सहित जान्छ। दुलहीको घरमा मान सम्मानका साथ खानेकुरा राखेर खुवाउँछ र खाइसके पछि लमी, दुलही र सासु घर फर्कन्छ। विवाहको सम्पूर्ण संस्कृति समाप्त हुन्छ।

नयाँ दुलहीलाई केही समय बिहान नास्ताको लागी सयगुली र चिउरा ख्वाउने चलन छ।

# सेतो घोडा



नरेन्द्रप्रसाद जोशी



कुरा श्री तलेजु भवानीको बहान सेतो घोडाको। २०७२ सालको बडा दशैंको राति खड्गजात्रा (पायो-न्ह्याकेगु) सकिएको दुई दिन पछाडि घोडाले मृत्युवरण गऱ्यो।

म २०३६ साल फागुन २६ गते श्री तलेजुमा दीक्षा लिई भित्रँदा उक्त घोडा तलेजु ल्याइसकेको थियो। ३६/३७ वर्ष अनवरत श्री तलेजु भवानी र श्री नवदुर्गा भवानीसहित नगर परिक्रमा गराइने खड्ग जात्रा सकेको दुई दिन पश्चात् २०७३/७/२७ गते उमेरका हदले बित्नु उक्त घोडा लक्षणको रूपमा पनि लिन सकिन्छ।

अब कुरा उठ्छ २०७३ साल असोज १५ गते श्री तलेजुमा अर्पण गरेको सेतो घोडाको। कार्तिक २७ गते स्वर्गारोहण भएपछि अर्को घोडा निकासा गराइ पाऊँ भन्ने २०७३/७/२९ गते गुठी संस्थान शाखा कार्यालयमा तलेजुको तर्फबाट मूल नाइके जोशीले निवेदन दिए।

पत्र पत्रिकामार्फत् सेतो घोडा बितेको र नयाँ घोडाको खोजी भएको जानकारी आयो। संयोग भनौँ, ब्रम्हायणीस्थित कृष्णगोपाल प्याठको इँटा भट्टामा घोडा एक महिनाको छँदा उहाँ तलेजुमा आउनु भई घोडाको बारेमा भन्नुभयो।

केदारप्रसाद जोशी (गुठी संस्थापन पाटन शाखाका पूर्व हाकिम), म, कृष्णगोपाल प्याठसहित भट्टामा जाँदा १ महिना मात्रको थियो सेतो घोडा। हामीलाई घोडा चित्त बुझ्यो। कृष्णगोपाल दाईले नेपालगंजबाट माऊ घोडा ल्याएको पेट बोकेको रहेछ। दुईओटा बच्चाहरू जन्मिएकोमा एउटा बितेको र यो घोडा तलेजुमा अर्पण गर्न चाहेको बताउनुभयो।

घोडा हेर्न गएको लगत्तै थापूजामा रोजोपाध्य, जोशी र कर्मचारीहरूबीच छलफल गऱ्यौँ। घोडा सेतो छ। भर्खर एक महिनाको भयो। एक जना पूजारीले त्यो घोडा होइन, खच्चड हो भनी भने। अर्कोले त्यसमा सही थापे। मैले हामी सबै ब्रम्हायणीस्थित त्यो भट्टामा हेर्न जाऊँ। घोडा हो कि खच्चड हो निर्क्योल भइहाल्छ। त्यस पछाडि आवश्यक कारबाही अगाडि बढाउँला। किन हो घोडा हेर्न जाने काम भएन। गुठी संस्थान बोर्डबाटै घोडा लिने दौडधूपमा लागेँ। भूमिसुधार मन्त्रालयमा गुठीबाट सेतो घोडा माग गरी पत्राचार भयो। भूमिसुधार मन्त्रालयबाट रक्षा मन्त्रालय अन्तर्गतको सिंहदरबारस्थित नेपाली सेनाको गणमा पत्राचार भयो। तलेजुलाई लायकको घोडा नभएको खबर आयो, मन खिन्न भयो।

बडादशैं नजिक आइरहेको थियो। गुठी संस्थान भक्तपुरका प्रमुख लेखनाथ सापकोटा, मसहित उक्त घोडा हेर्न जाने तय भयो। तर गुठीको हाकिममात्र घोडा हेर्न गए। हाकिम खुसी भई फर्के। घोडा नै रहेछ। दशैंमा ६ महिनाको हुनेछ।

केही दिन पछाडि लेखनाथ सापकोटाले मलाई गुठीमा बोलाउनु भयो। कुरा मिलिसकेको होला भनेर खुसी भएर गएँ। कसैले घोडा होइन खच्चड हो भने क्यारे। २०७३/६/७ गते हाकिमले मलाई एउटा पत्र दिनुभयो। व्यहोरा यस्तो थियो –

पत्रमा भक्तपुर ब्रम्हायणीस्थित श्री कृष्णगोपाल प्याठले आफ्नो घरमा रहेको सेतो घोडा उपलब्ध गराउन मञ्जुर गरी मिति २०७३/६/४ मा यस कार्यालयमा निवेदन दिनुभएकोले परम्परागत रूपमा गरिने उक्त कार्य गर्नको लागि उक्त घोडा उपयुक्त छ छैन ? घोडास्थलमा नै गई हेरी जाँची बुझी एकिन प्रतिवेदन पेश गर्नुहोला भन्ने व्यहोरा थियो।

दुई दिन पछाडि २०७३/६/९ गते कै दिन पत्रको उत्तर लेख्यौँ। त्यसमा कृष्णगोपालले चढाउन मञ्जुर गरेको घोडा परम्परालाई निरन्तरता दिन उपयुक्त छ छैन भन्ने विषय जाँच गर्न प्राविधिकको कार्य क्षेत्रभित्र परेकोले सम्बन्धित निकायबाट परीक्षण गराई तलेजुमा उपलब्ध गराई दिनु हुनेछ भन्ने विश्वासका साथै यो प्रतिवेदन गुठी संस्थान शाखा कार्यालय भक्तपुरमा प्रस्तुत गरेँ।

पत्र देख्नासाथ हाकिम रिसाए। पत्र बुझ्नै मानेनन्

पछि मात्र बुझि लिए। अब घोडा हो होइन पुष्टि गर्नुपर्ने भयो। पशु चिकित्सालय भक्तपुरमा चिठी लेख्ने कुरा भयो। हाकिम साहेबले मलाई एकचोटि गइदिनुस् माधव (गुठी कर्मचारी) सँगै भन्नुभयो। हुन्छ भनी पशु चिकित्सालय गयौँ। त्यहाँ कार्यालय प्रमुख काममा जानु भएको रहेछ। डा. सँग भेटेर पत्र दिएँ। उहाँले घोडा हो होइन भनेर म भन्न सक्छु तर लेखेर दिन सक्दिन भने। उहाँले फेरि थपे तर पीर नगर्नुस्, घोडाको नश्ल हेर्ने डा. मेरो साथी छ। गुठीको पत्र भयो भने उहाँलाई भेट्न म पनि सँगै आइदिन्छु। फेरि गुठीबाट घोडाको नश्ल हेर्ने डाक्टरकहाँ पत्राचार भयो। नश्ल हेर्ने डा. ले घोडा नै हो भनी प्रमाणित गरी पत्र लेखिदिए। हाम्रो महिनौँको मिहिनेत सफल भएको क्षण खुसी हुनु स्वभाविक हो।

घटस्थापना २०७३/६/१५ गते उक्त सेतो घोडा तलेजुमा भित्र्याउने कार्यक्रम तय भयो। कृष्णगोपाल प्याठले नगर भरी प्रचारप्रसार गरी हजारौँको सङ्ख्यामा बाँसुरी बाजा, धिमे बाजा, खिंबाजासहित ब्रम्हायणी कृष्णगोपालको घरबाट दत्तात्रय, गोल्मढी, सुकुलढोका, क्वाछेँ, टौमढी, नासमना, वंशगोपाल, भार्वाचो, इताछेँ हुँदै दरबार स्क्वारसम्म ल्याई विधिवत पूजाअर्चना गरी श्री तलेजुका पुजारीहरू र नकींहरू मिली तलेजुको बहान सेतो घोडा श्री तलेजु भवानी आँगन घरमा भित्र्याइयो।

विजया दशमीमा श्री तलेजु भवानी, श्री नवदुर्गा भवानीसमेत सेतो घोडा नगर परिक्रमा गरिने खड्ग जात्रा (पायो जात्रा) मा बहान सेतो घोडाको महत्त्वपूर्ण भूमिका रहन्छ। उक्त अवसरमा सुनको ढोकासँगै र टौमढीस्थित स्वपुङ्ग भैरवसँगैको जगन्नाथ मन्दिरमा श्री नवदुर्गा भवानीले श्री तलेजु भवानीलाई ढोग गरिन्छ। तलेजु भवानीलाई दिदी र नवदुर्गा भवानीलाई बहिनीको रूपमा पनि लिइने गरिन्छ। चन्द्रमासको गति अनुसार सेतो घोडा पूर्व र पश्चिममा सवारी यात्रा गरिन्छ। पूर्वपत्तिको (माथिपत्ति) लगियो भने दरबार स्क्वायरबाट चोछेँ हुँदै स्वपुङ्ग भैरव परिक्रमा गरी श्री जगन्नाथ मन्दिरबाट दरबार स्क्वायर लगिन्छ।

२०७३/७/१७ गते भक्तपुर श्री तलेजु भवानी आँगनछेँको सिफारिसमा कृष्णगोपाल प्याठलाई सेतो घोडा श्री तलेजुमा अर्पण गर्ने पुनित कार्यको लागि अभिनन्दन गरिएको थियो।

उक्त घोडा ल्याउन मद्दत गर्नुहुने पुजारी नाइके, रकमि, नकिंहरू धन्यवादका पात्र हुनुहुन्छ।

(बोलाछेँ, भक्तपुर-४)


## भक्तपुर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

## रगत परीक्षण शुल्क नगरपालिकाले उपलब्ध गराउनेसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रममा नि:शुल्क रगतको व्यवस्था गरिने भनी उल्लेख भएबमोजिम भक्तपुर नगरपालिकाका स्थायी बासिन्दाहरूलाई नेपाल रेडक्रस सोसाइटी, भक्तपुरबाट रगत उपलब्ध गराउँदा लाग्ने रगत परीक्षण शुल्क २०७९/६/१ गतेदेखि नेपाल रेडक्रस सोसाइटी, भक्तपुरलाई भक्तपुर नगरपालिकाले उपलब्ध गराउने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

# भक्तपुरमा पाइलैपिच्छे सार्वजनिक पाटी



रेणु त्वानाबासु



## सार्वजनिक पाटी

भक्तपुरको नागपोखरीमा दुईओटा सार्वजनिक पाटी छन् । त्यसको दुई पाइला पश्चिममा फेरि अर्को एउटा सार्वजनिक पाटी भेटिन्छ । त्यसको दुई तीन पाइलामा फेरि अर्को पाटी भेटिन्छ ।

नाग पोखरीदेखि महालक्ष्मी मन्दिरसम्मको झन्डै एकसय मिटर (दुई मिनेटको हिँडाइ) मा मात्र आठओटा सार्वजनिक पाटी छन् ।

यो अवस्था यो ठाउँको मात्रै होइन भक्तपुरको जुनसुकै वडामा यस्तै दृश्य देखिन्छ । यहाँका एउटा वडामा घटीमा पनि एक दर्जनदेखि पाँच दर्जनको हाराहारीमा सार्वजनिक पाटी छन् ।

यी सबै पाटीहरू जस्ताको तस्तै देखिन्छन् । भक्तपुर



नगरपालिकाले ती सबै पाटीहरूलाई सुरक्षित र संरक्षित बनाइराखेको छ ।

नगरपालिकाले वडावडामा रहेका सबै पाटीहरूलाई मर्मतसम्भार, जीर्णोद्धार गर्दै आएको छ । पछिल्लो समय मात्रै नगरको सिद्धपोखरीको उतर दिशामा रहेको पाटीको पुनर्निर्माण सम्पन्न गरी नगर प्रमुखबाट उद्घाटन गरियो ।



विभिन्न कारणहरूले भत्केका बिग्रेका पाटीहरूका जीर्णोद्धार कार्य पनि प्रत्येक वर्ष चलिरहेको छ । यहाँ स-साना पाटीहरूदेखि लामालामा पाटीहरूसम्म छन् ।

स-साना पाटीहरू जतातत‍ै भेटिन्छन् भने लामो पाटीहरू भक्तपुर दरबार स्क्वायरमा भेटिन्छन् । अर्को दरबार स्क्वायर सुनको ढोका (गोल्डेन गेट) उल्टो दिशा अनि नजिकै पुरानो भक्तपुर नगरपालिकाको कार्यालय अगाडि हाल पुरातत्त्व विभाग स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालयको मुनि पनि लामो पाटी छ ।



एउटा वडा भनेको सीमित घेरामा हुन्छ । यसरी नै भक्तपुरका वडाहरू पनि पाँच मिनेटको हिँडाइको दूरीका छन् । देशकै सबैभन्दा बढी जनघनत्व भएको भक्तपुर नगरका वडा पाँचदस मिनेटको हिँडाइमै घुम्न सकिन्छन् ।

तर यति सानो ठाउँको एउटै वडामा पनि ५३ ओटासम्म पाटीहरू रहेको तथ्याङ्क छ । भक्तपुरका १ देखि १० वडासम्ममा सबैभन्दा बढी पाटी भक्तपुर नगरपालिका वडा नं ९ मा ५३ ओटा पाटीहरू छन् । यो वडाको वडा कार्यालय

भक्तपुरको दतात्रयमा छ ।

भक्तपुर नगरपालिका-९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व भक्तपुरको एउटा गौरव यी पाटीहरू पनि रहेको बताउँछन् । त्यसकारण यी पाटीहरूको नगरपालिकाले निरन्तर संरक्षण र सम्वर्धन गर्दै आइरहेको उनले बताए ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अहिलेसम्म बनाएका पाटीहरू अधिकांश उपभोक्ता समितिमार्फत नै बनाएको बताए ।



प्रजापतिले पाटी मात्र नभई भक्तपुर नगरपालिकाले सबै सम्पदाहरूको पुनर्निर्माण गरिहेको जानकारी दिए । अहिलेसम्म करिब एक सय २६ भन्दा बढी सम्पदाहरू पुनर्निर्माण भइसकेको उनले बताए ।

संस्कृतविद् ओम धौभडेलले पाटी कहिलेदेखि बनाइएको भन्ने कुनै इतिहास नभएको बताए । धौभडेल पाटी पौवा बनाउनुका मुख्यमुख्य कारणहरू आराम गर्न, भजन गर्न र घामपानीबाट बच्न भएको बताउँछन् ।



भक्तपुरमा धेरै जात्राहरू हुने गर्दछन् । त्यसबेला सबैको घर बाटामा नै नहुने भएकाले गल्लीभित्र तथा अरू ठाउँबाट हेर्न आउने जात्रालुहरूले हेर्ने ठाउँका रूपमा पाटीहरू बनाइएको उनले जानकारी गराए ।

साथै उनले धेरैजसो पाटीहरू दोबाटो तथा चौबाटोमा रहेको बताए । उनले भने, यो दोबाटो र चौबाटोमा हुनुको कारण जहाँ धेरै मान्छेहरू आराम गर्न आउँछन्, जहाँ जात्राहरू हुने गर्दछ त्यही अनुकुलताअनुसार पाटीपौवा पुर्खाले बनाएको देखिन्छ ।

पाटीपौवाहरू बातावरणको अनुकुलित गरी बनाइएको उनी बताउँछन् ।

यी पाटीहरू सार्वजनिक प्रयोजनकै लागि प्रयोगमा छन् । तर केही पाटीहरू फुटपाथमा बस्नेहरूको आश्रमस्थल पनि बनेको छ ।

भक्तपुरको कमलविनायकमा रहेको मानव कल्याण समाज सेवा घरका अध्यक्ष सुनिता चौलागाईले भक्तपुरमा अलपत्र असहायहरूको सुत्न तथा बस्ने ठाउँ पाटी भएको बताइन् ।

चौलागाई भन्छिन्, मैले यो सेवा घरमा ल्याएको असहायहरू भक्तपुरमा पाटीबाट नै उद्धार गरेर ल्याएको छु । उनले अरू ठाउँमा जस्तो भक्तपुरमा बाटोमा सुत्नुपर्ने अवस्था नभएको बताइन् ।

भक्तपुरमा यही पाटी भएका कारण सडकमा अलपत्र असहायहरूको घर टाउको छोप्ने ठाउँ भएको उनी बताउँछिन् ।

सरसर्ती हेर्दा पाटीपौवा पनि दुई प्रकारका छन् । एउटा चाहिँ माथि छानो हुन्छ । अर्को भनेको तल पाटीमाथि चाहिँ अर्को एक तला बनाएर बस्न मिल्ने बनाएको हुन्छ ।

जस्तै उदाहरणका लागि दरबार स्क्वायरको लामो पाटी । अर्को दरबार स्क्वायर सुनढोका (गोल्डेन गेट) अगाडि रहेको पाटी जसमा भाडामा पाराडाइज रेष्टुरेन्ट सञ्चालन भइरहेको छ ।

## कुन वडामा कति ओटा पाटी ?

भक्तपुरमा १० ओटा वडाहरू रहेका छन् । तीमध्ये
वडा नम्बर १ मा ३१,
वडा नम्बर २ मा ३६,
वडा नं. ३ मा ४०,
वडा नं. ४ मा ३६,
५ मा ३३,
६ मा ३०,
७ मा ४३,
८ मा १०,
९ मा ५३ र
१० मा ५२ ओटा पाटीहरू गरी जम्मा तीन सय ६४ रहेको भक्तपुर नगरपालिकाको तथ्याङ्क छ ।

(अन्नपूर्णपोस्ट, ०७ असोज २०७९)

# व्याडमिन्टन खेलका राष्ट्रिय रेफ्री - राजेश व्यान्जू

राजकुमार लघु

व्याडमिन्टन खेलका राष्ट्रिय रेफ्री राजेश व्यान्जू को जन्म २०३२ श्रावण २६ गते भक्तपुर नगरपालिका वडा नं २ व्यासीको किसान परिवारमा भएको थियो। उनका पिता रामभक्त व्यान्जू र माता आशलक्ष्मी व्यान्जू हुनुहुन्छ। उनी भक्तपुर जिल्ला व्याडमिन्टन सङ्घको कार्य समिति र व्यासी व्याडमिन्टन क्लबको कार्य समिति सदस्य रहेर यस खेलको विकासमा प्रतिबद्ध छन्। उनले शुरुमा बक्सिङ पनि सिके र एक कार्यकाल भक्तपुर जिल्ला बक्सिङ सङ्घका सदस्य रहेर खेल विकासमा इँटा थपे। उनको शुरुको क्लब २०४४ सालमा व्यासीका स्थानीय दाजुभाइ मिली स्थापित **बालक टीम** हो। बालक टीममा रहेर उनले विभिन्न स्तरका टेवल टेनिस तथा कबड्डी प्रतियोगितामा सहभागिता जनाए। उनले चोछेँस्थित **विजय टीम**द्वारा २०५१ सालमा आयोजित जिल्ला व्यापी टेवल टेनिस प्रतियोगितामा उनका सहपाठीहरू राजकुमार लघु र राध्येश्याम बासुकलासँगै एउटै टीम सेटमा रहेर बालक टीमबाट सहभागिता जनाई टीम इभेन्टस्मा २०५० सालतिर प्रथम स्थान प्राप्त गरेको स्मरण गरेका छन्।



राजेश व्यान्जू

उनी हरिभजन दाफा समूह व्यासीमा रहेर कला संस्कृति प्रवर्द्धनमा पनि सक्रिय छन्। उनी बाँसुरी बाजा समूहमा रहेर मादल तथा भुक्षा पनि बजाउँछन्। यस वर्ष भक्तपुर नगरपालिकाद्वारा दरबार स्क्वायरमा आयोजित पछिमा बाजा प्रतियोगितामा हरि भजन दाफा समूहबाट सहभागी भई सिक्षा बजाएका थिए।

उनी सहकारीमा पनि आबद्ध रहेर सहकारी आन्दोलनको विकासमा सक्रिय छन्। उनले व्यासीमा अवस्थित ख्वप बचत तथा ऋण सहकारी संस्था लि. मा चार कार्यकाल उपाध्यक्ष भई संस्थालाई भक्तपुरको नमुना सहकारीको रूपमा विकास गर्न योगदान दिए। उनको मुख्य ध्येय खेलकुदको माध्यमबाट मित्रता अभिवृद्धि गरी समाजसेवा गर्ने रहेको छ। राजेशलाई मन पर्ने खेल व्याडमिन्टन र टेवल टेनिस हो।

२०६४ सालमा स्थानीय केदार लघुको नेतृत्वमा स्थापित व्यासी व्याडमिन्टन क्लबबाट उनले व्याडमिन्टन खेलको शुरुवात गरेका थिए। खेलको दौरानमा उनी क्लवका साथीहरूको सरसल्लाह अनुसार २०६४ सालमा काठमाडौँ व्याडमिन्टन क्लवद्वारा आयोजित व्याडमिन्टन खेलको रेफ्री कोर्षमा श्रीकृष्ण बासुकला र इन्द्रभक्त पंचलगायतका साथीहरू सँगै सहभागिता जनाए। उनले सात दिनसम्म सञ्चालित रेफ्री कोर्षमा लिएको लिखित तथा प्रयोगात्मक परीक्षामा उत्तीर्ण भई यस खेलका मान्यता प्राप्त रेफ्रीको लाइसेन्स वा प्रमाणपत्र पनि प्राप्त गरेका छन्।

राष्ट्रिय रेफ्री राजेश व्यान्जुले व्यासी व्याडमिन्टन क्लवद्वारा २०६७ सालमा आयोजित शिवभक्त बासुकला स्मृति कप जिल्लाव्यापी ब्याडमिन्टन प्रतियोगितामा प्रथम पटक रेफ्री भई खेलमा उनले सही निर्णायकत्व दर्शक साम् प्रदर्शन गरे। उनी व्यासी व्याडमिन्टन क्लवद्वारा २०६८ सालमा आयोजित शिक्षासेवी शिवभक्त बासुकला स्मृति जिल्लाव्यापि व्याडमिन्टन प्रतियोगिताको फाइनल खेल खेलाउने भाग्यमानी रेफ्री भएको आज पनि स्मरण गर्छन्। उनी व्याडमिन्टन खेलको राम्रो रेफ्री रहेको व्यासी व्याडमिन्टन क्लका सचिव गञ्जनमान राजचल बताउँछन्।

राजेश व्यान्जुले २०६४ सालमा नेपाल क्रान्तिकारी युवा सङ्घ मध्यपुर नगर समितिको आयोजनामा युवा सङ्घको २६ औँ स्थापना दिवसको अवसरमा बोडेको उत्थान युवा समूहको खेल मैदानमा भएको जिल्लाव्यापी ब्याडमिन्टन प्रतियोगितामा पनि रेफ्रीको भूमिका निर्वा गरेका थिए। २०६६ सालमा नेक्रायुवा सङ्घ मध्यपुर नगर समितिद्वारा पुनः युवा सङ्घको २८ औँ स्थापना दिवसको अवसरमा थिमिको तुलाननी स्थित एक्टिभ इङ्ग्लिश स्कूलको खेल मैदानमा आयोजित जिल्लाव्यापी व्याडमिन्टन प्रतियोगितामा रेफ्री हुने अवसर पाए।

त्यस्तै २०७० र २०७१ सालमा लगातार दुई पटक आयोजित मनमोहन अधिकारी स्मृतिकप राष्ट्रिय ब्याडमिन्टन प्रतियोगितामा रेफ्री बनी राष्ट्रियस्तरमा पनि पहिचाहन बनाउन उनी सफल भए। उनले २०६९ सालमा स्वीट सर्कल क्लव भक्तपुरद्वारा आयोजित जिल्लाव्यापी ब्याडमिन्टन प्रतियोगितामा पनि रेफ्री बनी सही निर्णय दिन सफल भए। त्यस्तै २०७६, २०७७ र २०७८ सालमा सँगम युवा समूहद्वारा भेलुखेलमा आयोजित भक्तपुर जिल्लाव्यापी ब्याडमिन्टन प्रतियोगितामा पनि रेफ्री भई भक्तपुरमा ब्याडमिन्टन खेलको विकासमा टेवा दिएका थिए।

राजेशले २०६७ र २०६८ सालमा भक्तपुर आदर्श स्थित विद्या आर्जन स्कूलद्वारा आयोजित अन्तर स्कूल ब्याडमिन्टन प्रतियोगितामा पनि रेफ्रीको भूमिकामा रही खेल विकास विस्तारमा खटेका थिए। उनी भक्तपुर नगरपालिकाले भक्तपुरलाई खेलकुदको केन्द्र र राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी उत्पादन गर्ने उद्देश्यले २०७४ सालदेखि २०७८ सालसम्म नियमित सञ्चालित अन्तर विद्यालय ब्याडमिन्टन प्रतियोगितामा रेफ्री बनी ग्रासरुट लेवलबाट खेलाडी उत्पादन गर्ने कार्यमा खेल निर्णायक भइ सहयोग गरेका थिए। उनी भक्तपुर जिल्ला ब्याडमिन्टन सङ्घद्वारा २०७८ चैत्र ९ देखि १२ गतेसम्म आयोजित प्रथम राष्ट्रव्यापी भक्तपुर खुल्ला ब्याडमिन्टन प्रतियोगिताका निर्णायक थिए।

यस प्रतियोगिताबारे जिज्ञासा राख्दा रेफ्री राजेश ब्यान्जु भन्छन्, प्रतियोगिता सफल पार्न सम्पूर्ण खेल प्रेमीहरूको महत्त्वपूर्ण देन रहेको छ। ब्याडमिन्टन सङ्घको सदस्यको नाताले र रेफ्रीको नाताले सक्दो सहयोग गरेको थिएँ। यस प्रतियोगिताको आयोजनाले आन्तरिक पर्यटनको विकास विस्तारमा थप टेवा पुगेकोछ। नेपालको खेलकुद विकासको इतिहासमा प्रथम राष्ट्रव्यापी भक्तपुर खुल्ला ब्याडमिन्टन प्रतियोगिताले भक्तपुरको नाम थप स्वर्ण अक्षरले लेखिएकोछ।

हरेक खेलाडीको अविस्मरणीय क्षण हुन्छ, यहाँको के छ भन्ने जिज्ञासामा व्यासी ब्याडमिन्टन क्लव आफ्नै क्लव र टोलका दाजुभाइ दिदीबहिनीहरू सामू प्रमुख रेफ्रीको भूमिकामा २०६४ र २०६८ सालमा सम्पन्न जिल्लाव्यापी दुईओटै फाइनल खेल खेलाउने अवसर नै मेरो खेलकुद जीवनको स्मरणीय क्षण हो भन्छन्।

उनी प्रथम पटक राष्ट्रव्यापी मनमोहन अधिकारी कप ब्याडमिन्टन प्रतियोगिता हलचोकमा पहिलो पटक खेलाउने सौभाग्यलाई पनि अविस्मरणीय खेलको रूपमा लिन्छन्।

रेफ्री राजेश ब्यान्जूलाई मनपर्ने खेलाडी दिपक.थापा हुन्। प्रशिक्षक तथा खेलाडी एवं राष्ट्रिय रेफ्री दिपक.थापा र किरण महर्जनबाट नै राजेशले रेफ्री कोर्ष प्राप्त गरेका थिए। उनी भन्छन्, दिपक थापाको नेपालमा ब्याडमिन्टन सङ्घ तथा खेलको विकास विस्तारमा महत्त्वपूर्ण देन रहेको छ।

ब्याडमिन्टन खेल नै किन रोज्ने भन्ने प्रश्नमा राजेश भन्छन्, यस खेलले स्वास्थ्य रहन थप मदत गर्छ। यो खेल पौडी खेल र टेनिस खेलपछि हेभी गेम हो । यस खेल खेल्ने बेला शरीरका सबैजसो भागहरू चलायमान हुन्छ र फिटनेश पनि भइन्छ। यस खेलबाट मित्रताका साथै व्यापार व्यवसायमा अभिवृद्धि भएको महसुस गर्छु।

नयाँ पुस्ताका खेलाडीहरूलाई केही सल्लाह ,सुझाव छ कि भन्ने जिज्ञासामा राजेश ब्यान्जु भन्छन्, खेलमा दत्त चित्त भएर लाग्नुपर्छ, अनुशासन खेलाडीको महत्त्वपूर्ण गहना हो। अनुशासित र लगनशील भई खेल क्षेत्रमा प्रवेश गरेर नाम र दामको साथै राष्ट्रको इज्जत र प्रतिष्ठामा वृद्धिमा योगदान दिन सकिन्छ।

*(राजेश ब्यान्जुसँगको कुराकानी तथा उनले प्राप्त गरेका प्रमाणपत्रको आधारमा)*

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं।

# k|ltlglw;ef tyf k|b]z;ef lgjf{rg @)&(

मंसिर ४ गते भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ मा बागमती प्रदेश, भक्तपुर जिल्लाको मत परिणाम जानकारीको लागि दिइएको छ।




## भक्तपुर

### प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. १

| उम्मेदवार | दल/स्वतन्त्र | प्राप्त मत |
|---|---|---|
| प्रेम सुवाल (विजयी) | नेपाल मजदुर किसान पार्टी | ४२७६१ |
| नवराज गेलाल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ११९६८ |
| भरतबहादुर खड्का | राष्ट्रिय प्रजातन्त्र पार्टी | ९३०३ |
| सुनिल गोठे | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ५२८३ |
| माधव खत्री | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | ७१७ |
| बलराम प्रजापति | मौलिक जरोकिलो पार्टी | ३३६ |
| दिपक लामीछाने | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी) | २७७ |
| डम्वरबहादुर थिङ | आमूल परिवर्तन मसिहा पार्टी नेपाल | २५० |
| हिरालाल खड्का | जनता समाजवादी पार्टी, नेपाल | २४६ |
| अर्जुनप्रसाद नेपाल | नेपालका लागि नेपाली पार्टी | २४० |
| गोकर्णप्रसाद गेलाल | स्वतन्त्र | १४० |
| अर्जुन कोजू | स्वतन्त्र | ७८ |
| पुष्पराम गेलाल | स्वतन्त्र | ७५ |
| सुलोचना छ्वाजु | स्वतन्त्र | ३५ |

### प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २

| उम्मेदवार | दल/स्वतन्त्र | प्राप्त मत |
|---|---|---|
| दुर्लभ थापा क्षेत्री(विजयी) | नेपाली काँग्रेस | २४२३९ |
| महेश बस्नेत | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | २३२८२ |
| अनुराधा थापा मगर | नेपाल मजदुर किसान पार्टी | ७१२७ |
| साजन वि.क. | राष्ट्रिय स्वतन्त्र पार्टी | ४०९८ |
| मोहन के.सी. | राष्ट्रिय प्रजातन्त्र पार्टी | २५६९ |
| इन्द्रनारायण न्हुछे श्रेष्ठ | नेपाल आमा पार्टी | ८४५ |
| दिलबहादुर तामाङ | जनता समाजवादी पार्टी, नेपाल | २२३ |
| उमेश श्रेष्ठ | स्वतन्त्र | २१३ |
| लोकेन्द्र पोखरेल | हाम्रो नेपाली पार्टी | १९४ |
| सुर्वण थापा | स्वतन्त्र | १६७ |
| राजु नापित | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | १४० |
| शशीविक्रम कार्की | नेपाल विवेकशील पार्टी | १२७ |
| लिलाबहादुर बानियाँ | मौलिक जरोकिलो पार्टी | १०२ |
| राजेश बाडे | नेपालका लागि नेपाली पार्टी | ९९ |
| आनन्द कार्की | स्वतन्त्र | ८२ |
| शन्तबहादुर लाकाजु | आमूल परिवर्तन मसिहा पार्टी नेपाल | ५७ |
| राजु श्रेष्ठ | राष्ट्रिय जनमुक्ति पार्टी | ३० |
| शिवलाल रोकाया | नेश्नलिष्ट पिपल्स पार्टी | २४ |
| कल्प दिप राई | स्वतन्त्र | १८ |
| मिनाकुमारी वाला | स्वतन्त्र | १६ |
| मोक्टो तामाङ | स्वतन्त्र | १६ |
| सुमन कार्की | स्वतन्त्र | ९ |
| चम्पा बोगती | स्वतन्त्र | ६ |
| रञ्जु के.सी. | स्वतन्त्र | ४ |
| दिनेश प्रजापती | स्वतन्त्र | ३ |
| प्रमिला थापा | स्वतन्त्र | ३ |

### प्रदेशसभा निर्वाचन क्षेत्र नं. १ (१)

| उम्मेदवार | दल/स्वतन्त्र | प्राप्त मत |
|---|---|---|
| सुरेश श्रेष्ठ (विजयी) | नेपाली काँग्रेस | ९४२४ |
| मोहनवीर श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ८२०१ |
| मिनबहादुर बाटा | नेपाल मजदुर किसान पार्टी | ८०१४ |
| राजु कुइकेल | राष्ट्रिय प्रजातन्त्र पार्टी | ५९४५ |
| श्रीभक्त काशिछ्वा | स्वतन्त्र | ११२८ |
| नयन बास्तोला | हाम्रो नेपाली पार्टी | ६१६ |
| रविमान शाक्य | स्वतन्त्र | १९४ |
| ऋषिराम लामिछाने | नेपाल आमा पार्टी | १६८ |
| रमेश कुश्वार | आमूल परिवर्तन मसिहा पार्टी नेपाल | १२६ |
| निरु न्यौपाने | मौलिक जरोकिलो पार्टी | ८२ |
| कल्पना सुनुवार | जनता समाजवादी पार्टी, नेपाल | ५८ |
| प्रकाश दाहाल | स्वतन्त्र | २३ |
| राजु पुरी | स्वतन्त्र | १८ |
| रामकुमार खत्री | स्वतन्त्र | १७ |
| रामचन्द्र बासी | स्वतन्त्र | १४ |
| कृष्णबहादुर थापा | स्वतन्त्र | ९ |
| दशराम श्रेष्ठ | स्वतन्त्र | ६ |
| रामहरि श्रेष्ठ (बाखु) | स्वतन्त्र | ६ |

### प्रदेशसभा निर्वाचन क्षेत्र नं. १ (२)

| उम्मेदवार | दल/स्वतन्त्र | प्राप्त मत |
|---|---|---|
| सुरेन्द्रराज गोसाई (विजयी) | नेपाल मजदुर किसान पार्टी | २९७०४ |
| पवन भुजु | नेपाली काँग्रेस | ३१६१ |
| नारायणसुन्दर सिन्ताकल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | २४२८ |
| रोशन नापित | राष्ट्रिय प्रजातन्त्र पार्टी | १९०५ |
| कृष्णगोपाल कक्षपती | मौलिक जरोकिलो पार्टी | ३२१ |
| इनद्रप्रसाद राजलवट | स्वतन्त्र | २१३ |
| शान्तिभक्त बाटी | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | २०५ |
| विश्वराम सिल्पकार | जनता समाजवादी पार्टी, नेपाल | १९७ |
| राजेश भुजु | स्वतन्त्र | ६२ |

### प्रदेशसभा निर्वाचन क्षेत्र नं. २ (१)

| उम्मेदवार | दल/स्वतन्त्र | प्राप्त मत |
|---|---|---|
| किरण थापामगर (विजयी) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | १५२४२ |
| विष्णुराज कार्की | नेपाली काँग्रेस | ११९३५ |
| विक्रम थापा | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४२७० |
| सरोजराज गोसाई | नेपाल मजदुर किसान पार्टी | ३०८६ |
| उद्धवकुमार घिमिरे | हाम्रो नेपाली पार्टी | ५०३ |
| उमेश बिष्ट | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | २०० |
| सुवास लामा | जनता समाजवादी पार्टी, नेपाल | १३० |
| मोहन सिलवाल | नेश्नलिष्ट पिपल्स पार्टी | ७५ |
| श्यामकृष्ण धुख्वा | स्वतन्त्र | ४५ |
| मानकाजी तामाङ | स्वतन्त्र | ३५ |
| श्यामसुन्दर थापा | स्वतन्त्र | २६ |
| राहुल लामा | स्वतन्त्र | २० |
| दिपबहादुर तामाङ | स्वतन्त्र | १७ |

### प्रदेशसभा निर्वाचन क्षेत्र नं. २ (२)

| उम्मेदवार | दल/स्वतन्त्र | प्राप्त मत |
|---|---|---|
| राजेन्द्रमान श्रेष्ठ (विजयी) | नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) | ८३४१ |
| चन्दनकृष्ण श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ८०३१ |
| रमेश वैद्य | नेपाल मजदुर किसान पार्टी | ६८३१ |
| पंचकृष्ण श्रेष्ठ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ३७५० |
| प्रेमनाथ श्रेष्ठ | स्वतन्त्र | ५०६ |
| श्रीकृष्ण नेपाल | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | ३२२ |
| मिना सुचिकार | जनता समाजवादी पार्टी, नेपाल | २६६ |
| रत्नप्रसाद पोखरेल | नेपालका लागि नेपाली पार्टी | २१९ |
| सरस्वती थापा | स्वतन्त्र | ८९ |
| कृष्णप्रसाद प्रजापति | राष्ट्रिय जनमुक्ति पार्टी | ६८ |
| प्रेमकृष्ण साक्षे श्रेष्ठ | स्वतन्त्र | २२ |
| जगतलाल तामाङ | स्वतन्त्र | २१ |
| विकी शर्मा | स्वतन्त्र | १९ |

स्रोत : निर्वाचन आयोग

धन्यवाद ज्ञापन र्‍याली

# नेमकिपा मतदाताको भावनालाई आत्मसात गरी अघि बढ्ने




नेपाल मजदुर किसान पार्टीले मङ्सिर ४ गते सम्पन्न भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा मादल चिह्नमा छाप लगाएका मतदाताहरूलाई मङ्सिर १० गते एक र्‍यालीको आयोजना गरी धन्यवाद ज्ञापन गरेको छ।

पार्टी कार्यालय गोल्मढीबाट सुरू भएको र्‍याली सुकुलढोका, टिबुक्छेँ, टौमढी, तालाक्व, नासमना, वंशगोपाल, भार्वाचो, दूधपाटी, इटाछेँ, खौमा, लायकु, चोछेँ, तुछिमला, भोलाछेँ, मूलढोका, कमलविनायक, च्याह्मासिंह, सूर्यमढी, तचपाल हुँदै पुनः पार्टी कार्यालय गोल्मढी पुगी टुङ्गिएको थियो ।

पार्टी कार्यालय प्राङ्गणमा निर्वाचित उम्मेदवारहरूलाई बधाई तथा मतदाताहरूलाई धन्यवाद ज्ञापन गर्नुहुँदै नेमकिपाका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले देश र जनताको निःस्वार्थरूपमा सेवा गर्ने पार्टीको उद्देश्यलाई निरन्तरता दिइरहने विश्वास दिलाउनुभयो।



निर्वाचित उम्मेदवारहरूमा थपेको जिम्मेवारी पूरा गर्ने विश्वास अध्यक्ष बिजुक्छेँले व्यक्त गर्नुभयो।

नेमकिपाले कहिले पनि सङ्किर्णता र भेदभावतर्फ नलागेको विचार व्यक्त गर्नुहुँदै उहाँले नेमकिपालाई मतदान गर्ने सबैको भावनालाई आत्मसात गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

र्‍यालीमा सहभागीहरूले 'रासायनिक मलको व्यवस्था गर ! एमसीसी सम्झौता खारेज गर ! नागरिकता विधेयक खारेज गर ! बढ्दो महँगी नियन्त्रण गर ! गोर्खा भर्ती केन्द्र खारेज गर ! सन् १९५० को सन्धि खारेज गर ! नेपाली लेन्डुपहरू मुर्दावाद ! अमेरिकी साम्राज्यवाद मुर्दावाद ! भ्रष्टाचारीहरूलाई कारबाही गर ! भारतीय विस्तारवाद मुर्दावाद ! नेपाल मजदुर किसान पार्टी जिन्दावाद ! लगायतका नाराहरू लगाएका थिए। र्‍यालीमा धाँ, धिमाय्, मादल, बाँसुरी बाजाका सांस्कृतिक टोलीहरूको उपस्थिति थियो।



र्‍यालीको बीच बीचमा नवनिर्वाचित सङ्घीय सांसद प्रेम सुवाल, नवनिर्वाचित बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईसहित भक्तपुर क्षेत्र नं. २ का नेमकिपा उम्मेदवार अनुराधा थापामगर, २(ख) का उम्मेदवार सरोजराज गोसाई, १(क) का उम्मेदवार मिनबहादुर बाटा र २(क) उम्मेदवार रमेश वैद्यले सङ्क्षिप्त सम्बोधन गर्नुभएको थियो।

सम्बोधनको क्रममा **प्रेम सुवाल**ले मुख्य मुख्य ठाउँमा मतदातालाई धन्यवाद ज्ञापन गर्नुहुँदै भन्नुभयो, 'मतदाताहरूले जुन विश्वासका साथ नेमकिपालाई अत्यधिक मतले जिताउनुभएको छ त्यसलाई एउटा ऊर्जाको रूपमा ग्रहण गरेर संसद्मा प्रखर प्रतिपक्षको भूमिका सशक्तरूपमा निभाउनेछु र जनताको पक्षमा निरन्तर आवाज बुलन्द गरिरहनेछु ।'



संसद्मा जाने अवसर दिएकोमा सचेत सम्पूर्ण मतदाताहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुहुँदै सांसद सुवालले भन्नुभयो, 'जनताका छोराछोरीलाई १०–१५ लाख रुपियाँमा डाक्टर पढाउन ख्वप विश्वविद्यालयको विधेयकलाई पारित गर्न गराउन फेरि पनि संसद्मा आवाज उठाउने छु। यो विधेयक भक्तपुरका जनताको लागि मात्र नभई सम्पूर्ण देशको लागि हुनेछ। जसरी अहिले ख्वप इन्जिनियरिङ कलेजलगायतका शैक्षिक संस्थाहरूले देशभरका विद्यार्थीहरूलाई सस्तोमा स्तरीय शिक्षा प्रदान गरिरहेका छन्। तर, विगतमा राणा प्रवृत्तिका शासक दलहरूले ख्वप विश्वविद्यालय विधेयक रोके; हामी त्यसको विरोधमा छौँ; यो विधेयक पारित नभएसम्म हाम्रो सङ्घर्ष निरन्तर जारी रहनेछ।'

'अमेरिकी सैन्य मोर्चा र अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता र नेपाललाई सिक्किमजस्तै बनाउने नागरिकता विधेयक खारेजीको लागि सङ्घर्ष चालु राख्नेछ', उहाँले भन्नुभयो।



किसानहरूलाई रासायनिक मल उपलब्ध नगराउने, दाल, चामल र तरकारीसमेत भारतबाट आयात गरी व्यापार घाटा बढाउने सरकारहरूको विरोध गर्ने पनि उहाँले बताउनुभयो।

उहाँले सरकारमा गएका पार्टीहरूले भारतलाई नेपालीको रगतमात्र होइन मासु नै काटेर खान लगाएकोमा विरोध गर्दै २० खर्ब रुपियाँ व्यापार घाटा र २० खर्ब रुपियाँ सार्वजनिक ऋण बोकाउने र सिंहदरबारलाई भ्रष्टाचारको अखडा बनाउने सरकारहरूको सडक र सदनमा विरोध चालु राख्ने बताउनुभयो।



अर्का नवनिर्वाचित बागमती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाई**ले किसान आन्दोलन र देशभक्तिपूर्ण आन्दोलनमा अडेको नेमकिपा देश र जनताको हितमा विगतमा भन्दा सशक्त ढङ्ले संसद्मा भूमिका खेल्ने विश्वास व्यक्त गर्नुहुँदै सम्पूर्ण मतदाताहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो।









मुख्य निर्वाचन अधिकृतबाट निर्वाचित भएको प्रमाणपत्र ग्रहण गर्नुहुँदै प्रेम सुवाल (माथि) र सुरेन्द्रराज गोसाई।

न्यालीको ठाउँठाउँमा नेवारी परम्पराअनुसार दही सगुनका साथ स्थानीय ज्येष्ठ नागरिकहरूबाट बधाई ज्ञापन गरिएको थियो। भक्तपुर नगरका ठाउँठाउँमा ध्वजापताकासहितका स्वागत द्वारहरू बनाई सजाइएको थियो। हरेक स्वागतद्वारमा पार्टी अध्यक्ष नारायणमान बिजुक्छैं, सङ्घीय सांसद प्रेम सुवाल र प्रदेश सभासद् सुरेन्द्रराज गोसाईको तस्बिरसहित विजयी उम्मेदवारहरूलाई बधाई र मतदाताहरूलाई धन्यवाद ज्ञापनको ब्यानर टाँगिएको थियो। ब्यानरमा भएका तस्बिर हेर्दै नासमनाका एक मध्यमवर्गीय मतदाता सुरेन्द्रमान भुजुले भन्नुभयो, '८०-८५ वर्षका बिजुक्छैं, ६०-६५ वर्षका सुवाल र ४०-४५ वर्षका गोसाईको यो सिलसिलाले नेमकिपाको सुन्दर भविष्यको सङ्केत गर्दछ। संसद्मा पनि उहाँहरूको भूमिका उत्तिकै सशक्त छ र त प्रतिद्वन्द्वीहरूलाई धेरै गुणा पछाडि पारी विजयी हुनुभयो, बधाई छ उहाँहरूलाई !'

न्यालीमा भनपा १ भार्वाचोकी ७५ वर्षीय कान्छी किलम्बु लौरो टेक्दै पासा पुचः सूर्यमढीको मादल विजयी गीतमा नाच्दै आएको दृश्यले धेरैको ध्यानाकर्षित गर्‍यो। चोछैंमा पुगेपछि तपाईंलाई गाऱ्हो भयो होला आराम गर्नुस् भनी एक स्वयंसेवकले सुझाव दिंदा उहाँले भन्नुभयो, 'छैन गाऱ्हो; यस्तो अवसर आउन अब फेरि पाँच वर्ष कुर्नुपर्छ। जनताको यो खुसियालीमा सहभागी हुन पाउनु मेरो अहोभाग्यको कुरा हो। यसभन्दा अघिल्लो विजय न्यालीमा पनि बेलुका ९:३० बजेमात्र घर फर्केको थिएँ।'


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## शैक्षिक ऋण सम्बन्धमा

प्रथमपटक प्रकाशित मिति : २०७९।८।१५ गते

आ.व. २०७९।८० को लागि भक्तपुर नगरपालिका क्षेत्रभित्रका स्थानीय विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्न शैक्षिक ऋण प्रदान गर्ने भएकोले शैक्षिक ऋण लिन चाहने नगरवासी विद्यार्थीहरूले २०७९।८।२९ गते (प्रथम प्रकाशित मितिले १५ दिन) भित्र देहायका कागजातसहित दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. तोकिएको ढाँचामा निवेदन
२. सम्बन्धित वडा कार्यालयको शैक्षिक ऋणको लागि सिफारिस पत्र
३. निवेदकको नागरिकता प्रतिलिपि
४. परिवारका सदस्यहरूको नागरिकता प्रतिलिपि
५. निवेदकको सक्कल शैक्षिक प्रमाणपत्र, लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र प्रतिलिपि
६. परिवारका सदस्यहरूमध्ये सम्भव भएसम्म दुई जनाको सहमति पत्र

# नेवार जातिका विविध थरहरु

| | |
|---|---|
| १ | अइया |
| २ | अगस्ति |
| ३ | अदुवा |
| ४ | अमात्य |
| ५ | अवा |
| ६ | अवाचा |
| ७ | अवाल |
| ८ | अवाले |
| ९ | आगञ्जा |
| १० | आचाजु |
| ११ | आचार्जु |
| १२ | आचार्य |
| १३ | आनन्ददेव |
| १४ | आलुद्वारे |
| १५ | आलुबाज्या |
| १६ | ओन्त |
| १७ | आलुबञ्जार |
| १८ | उखा |
| १९ | उजांथाछें |
| २० | उदास |
| २१ | उपाध्याय |
| २२ | उराय् |
| २३ | उलक |
| २४ | कंसाकार |
| २५ | क:छें |
| २६ | क:मि |
| २७ | क:सिध्वं |
| २८ | ककुमदु |
| २९ | कक्षपति |
| ३० | कछिपति |
| ३१ | कता: |
| ३२ | कतिला |
| ३३ | कपतग्व: |
| ३४ | कपाली |
| ३५ | कब्बु |
| ३६ | कयप |
| ३७ | कयंप्वा: |
| ३८ | कय्ति |
| ३९ | कर्माचार्य |
| ४० | कवां |
| ४१ | कवाङ् |
| ४२ | कवे |
| ४३ | कस: |
| ४४ | कसजु |
| ४५ | कसपाल |
| ४६ | कसलवट |
| ४७ | कसा: |
| ४८ | कस्ति |
| ४९ | कांद्य: |
| ५० | का: |

| | |
|---|---|
| ५१ | का:मि |
| ५२ | काकि |
| ५३ | काचि |
| ५४ | कामि |
| ५५ | कामिचाखुं |
| ५६ | कायस्थ |
| ५७ | कारञ्जित |
| ५८ | कार्की |
| ५९ | कालु |
| ६० | काल्सिं |
| ६१ | कासि |
| ६२ | कासिछ्वा |
| ६३ | कासुला |
| ६४ | किजु |
| ६५ | किपारां |
| ६६ | किबाछें |
| ६७ | किमिसुकु |
| ६८ | किमिसुकु वायेथा |
| ६९ | किलंन: |
| ७० | किलम्बु |
| ७१ | किला: |
| ७२ | किलाछें |
| ७३ | किवानायो |
| ७४ | किसि |
| ७५ | किसिकिइ |
| ७६ | किसिजु |
| ७७ | कुचुमनि |
| ७८ | कुछ्यें |
| ७९ | कुटु |
| ८० | कुदुव |
| ८१ | कुतुवजु |
| ८२ | कुथु |
| ८३ | कुमाइ |
| ८४ | कुम्पाखा |
| ८५ | कुम्ह |
| ८६ | कुम्हा: |
| ८७ | कुलु |
| ८८ | कुलुजु |
| ८९ | कुश्ले |
| ९० | कुसाथा |
| ९१ | कुसि |
| ९२ | कुस्मा |
| ९३ | कै |
| ९४ | कैतिजु |
| ९५ | कैल्हं |
| ९६ | कोख |
| ९७ | कोङा |
| ९८ | कोजु |
| ९९ | कोण्डा |
| १०० | कोतांचा |

| | |
|---|---|
| १०१ | कोपराखि |
| १०२ | कोपुं |
| १०३ | कोलांनसिं |
| १०४ | कोलाछिपति |
| १०५ | कौ |
| १०६ | कौले |
| १०७ | क्यातु |
| १०८ | क्व |
| १०९ | क्वय्न: |
| ११० | खचरा |
| १११ | खड्गी |
| ११२ | खत्री |
| ११३ | खपे |
| ११४ | खमू |
| ११५ | खम्बु |
| ११६ | खयगुलि |
| ११७ | खयरगोलि |
| ११८ | खर्बुजा |
| ११९ | खांस: |
| १२० | खाइजु |
| १२१ | खाईतु |
| १२२ | खाख: |
| १२३ | खागि |
| १२४ | खाताखो |
| १२५ | खानिबञ्जार |
| १२६ | खानिवा |
| १२७ | खायमली |
| १२८ | खिंजु |
| १२९ | खिंजेउ |
| १३० | खिंसिं |
| १३१ | खिउंजु |
| १३२ | खिचा |
| १३३ | खिचाखी |
| १३४ | खिचाजु |
| १३५ | खिचुलु |
| १३६ | खिञ्चिति |
| १३७ | खितिबखु |
| १३८ | खिनावसाहु |
| १३९ | खिप्वा: |
| १४० | खिमबञ्जार |
| १४१ | खिमु |
| १४२ | खिमुरु |
| १४३ | खिम्बाजा |
| १४४ | खुंजु |
| १४५ | खुखुनसिं |
| १४६ | खुजु |
| १४७ | खुतिखाता |
| १४८ | खुपा |
| १४९ | खुपाचिं |
| १५० | खुपानसिं |

| | |
|---|---|
| १५१ | खुलिमुलि |
| १५२ | खुस: |
| १५३ | खुसु |
| १५४ | खुसुजु |
| १५५ | खें |
| १५६ | खेंखोला |
| १५७ | खेंधौमाकु |
| १५८ | खोंजु |
| १५९ | खोखलि |
| १६० | खोजु |
| १६१ | खोतेजा |
| १६२ | खोत्ति |
| १६३ | खोसिं |
| १६४ | ख्या: |
| १६५ | ख्याजु |
| १६६ | ख्वँ |
| १६७ | ख्वँउजु |
| १६८ | ख्वपय् |
| १६९ | ख्वाख: |
| १७० | ख्वाखलि |
| १७१ | ख्वालापाला |
| १७२ | गंगोल |
| १७३ | ग:छें |
| १७४ | ग:सि |
| १७५ | गज्यजु |
| १७६ | गथु |
| १७७ | गने |
| १७८ | गनेजु |
| १७९ | गनेश |
| १८० | गपि |
| १८१ | गमला |
| १८२ | गमाल |
| १८३ | गरद |
| १८४ | गरूद |
| १८५ | गलु |
| १८६ | गल्जु |
| १८७ | गवाजु |
| १८८ | गांबञ्जार |
| १८९ | गांसि |
| १९० | गाइँ |
| १९१ | गाइंजु |
| १९२ | गाइंसि |
| १९३ | गाइजु |
| १९४ | गारु |
| १९५ | गिरि |
| १९६ | गुभाजु |
| १९७ | गुमाञ्जु |
| १९८ | गुरुवाचार्य |
| १९९ | गेलाल |
| २०० | गैंडा |

| | |
|---|---|
| २०१ | गों |
| २०२ | गोछें |
| २०३ | गोजा |
| २०४ | गोथे |
| २०५ | गोपाली |
| २०६ | गोरा |
| २०७ | गोराजु |
| २०८ | गोर्खाली |
| २०९ | गोसलिं |
| २१० | गोसाइं |
| २११ | गोंगल |
| २१२ | ग्यांजु |
| २१३ | ग्वंगः |
| २१४ | ग्वाछा |
| २१५ | ग्वायंमरु |
| २१६ | ग्वारा |
| २१७ | घःसुआचाः |
| २१८ | घजु |
| २१९ | घव |
| २२० | घवा |
| २२१ | घाँयबञ्जाः |
| २२२ | घिंतांमुनि |
| २२३ | घिनान्जु |
| २२४ | घुरुघुरु |
| २२५ | घुल्लु |
| २२६ | घेमोसु |
| २२७ | घो |
| २२८ | घोंजु |
| २२९ | घोरी |
| २३० | घोलिजु |
| २३१ | घ्यो |
| २३२ | घ्वारा |
| २३३ | ङाकुसि |
| २३४ | ङाखुसि |
| २३५ | ङाला |
| २३६ | चकुचांकुनः |
| २३७ | चक्रधर |
| २३८ | चखुं |
| २३९ | चखुंजु |
| २४० | चन्छिकः |
| २४१ | चन्द्यः |
| २४२ | चपल्छें |
| २४३ | चवाल |
| २४४ | चश्मावाल |
| २४५ | चाँगुभारि |
| २४६ | चाँसिं |
| २४७ | चाकतु |
| २४८ | चाकु |
| २४९ | चाकुबजि |
| २५० | चाकुबञ्जाः |
| २५१ | चाकुमनि |
| २५२ | चाकुसवाः |
| २५३ | चालं |
| २५४ | चिकंबञ्जार |
| २५५ | चितुवा |
| २५६ | चित्रकार |
| २५७ | चिपालु |
| २५८ | चुइंचुइं |
| २५९ | चुके |
| २६० | चुल्याद |
| २६१ | चुल्याद्यः |
| २६२ | चोछें |
| २६३ | चौ प्रधान |
| २६४ | चौगुथि |
| २६५ | च्यःचा |
| २६६ | च्यामखलक |
| २६७ | च्यामे |
| २६८ | च्वलेख्वः |
| २६९ | च्वामु |
| २७० | च्वाम्वः |
| २७१ | छत्रपाल |
| २७२ | छाताबञ्जाः |
| २७३ | छिपा |
| २७४ | छिपि |
| २७५ | छुं |
| २७६ | छुंजु |
| २७७ | छुका |
| २७८ | छुकां |
| २७९ | छुके |
| २८० | छुचुं |
| २८१ | छुचुंमरि |
| २८२ | छुस्याः |
| २८३ | छुस्याकी |
| २८४ | छुस्याबागः |
| २८५ | छेंगुतला |
| २८६ | छेंतला |
| २८७ | छोसोकोसो |
| २८८ | छ्याकमाक |
| २८९ | छ्याम्बा |
| २९० | छ्वाःस |
| २९१ | छ्वाजु |
| २९२ | छ्वोचुं |
| २९३ | जंगम |
| २९४ | जगुलु |
| २९५ | जग्यसो |
| २९६ | जति |
| २९७ | जथासाहु |
| २९८ | जदालि |
| २९९ | जधारि |
| ३०० | जयना |
| ३०१ | जरेजु |
| ३०२ | जलमि |
| ३०३ | जसपौ |
| ३०४ | जाकि |
| ३०५ | जाकिचुँबञ्जाः |
| ३०६ | जाकिबञ्जार |
| ३०७ | जामनः |
| ३०८ | जालु |
| ३०९ | जिमा |
| ३१० | जुगिजु |
| ३११ | जुगिसः |
| ३१२ | जुजु |
| ३१३ | जुवाल |
| ३१४ | जूजं |
| ३१५ | जोगि |
| ३१६ | जोजिजु |
| ३१७ | जोञ्छें |
| ३१८ | जोशी |
| ३१९ | ज्ञांमरु |
| ३२० | ज्याख्वः |
| ३२१ | ज्यासाः |
| ३२२ | ज्योति |
| ३२३ | ज्वःल्हाः |
| ३२४ | झा |
| ३२५ | झांगः |
| ३२६ | झांगजु |
| ३२७ | ञ्याः |
| ३२८ | ञ्याबा |
| ३२९ | ञासि |
| ३३० | डंगोल |
| ३३१ | डण्डेख्या |
| ३३२ | तःको |
| ३३३ | तःखा |
| ३३४ | तःखाछें |
| ३३५ | तःमि |
| ३३६ | तःसि |
| ३३७ | तक्षकार |
| ३३८ | तखासि |
| ३३९ | तचामो |
| ३४० | तजः |
| ३४१ | तजले |
| ३४२ | तण्डुकार |
| ३४३ | तमखु |
| ३४४ | तमता |
| ३४५ | तमो |
| ३४६ | तमोत |
| ३४७ | तम्वः |
| ३४८ | ताउक्या |
| ३४९ | ताक्रा |
| ३५० | ताजाछें |
| ३५१ | तामांग |
| ३५२ | ताम्राकार |
| ३५३ | ताल्चाभडेल |
| ३५४ | ताल्चाभण्डारी |
| ३५५ | तासि |
| ३५६ | तिकाः |
| ३५७ | तिताजु |
| ३५८ | तिनर्सी |
| ३५९ | तिनि |
| ३६० | तिमिला |
| ३६१ | तुइतुइ |
| ३६२ | तुइसिँ |
| ३६३ | तुकंबञ्जार |
| ३६४ | तुच्छे |
| ३६५ | तुबञ्जाः |
| ३६६ | तुलाधर |
| ३६७ | तुल्सि |
| ३६८ | तुल्सिबाख्यो |
| ३६९ | तुसि |
| ३७० | तुसिन्हाय् |
| ३७१ | तुसुजु |
| ३७२ | तेपे |
| ३७३ | तोखा |
| ३७४ | तौजले |
| ३७५ | तौदले |
| ३७६ | त्यात |
| ३७७ | त्यातजु |
| ३७८ | त्वंजु |
| ३७९ | त्वांति |
| ३८० | त्वाःनाः |
| ३८१ | त्वाकः |
| ३८२ | त्वाति |
| ३८३ | त्वानाबासु |
| ३८४ | त्वान्जु |
| ३८५ | त्वायना |
| ३८६ | थकालि |
| ३८७ | थकु |
| ३८८ | थकुलवट |
| ३८९ | थसि |
| ३९० | थाँजु |
| ३९१ | थाः |
| ३९२ | थापा |
| ३९३ | थारु |
| ३९४ | थिके |
| ३९५ | थिमि |
| ३९६ | थुयाजु |
| ३९७ | थुसा |
| ३९८ | थुसाजु |
| ३९९ | थेचोमि |
| ४०० | थैब |

| | |
|---|---|
| ४०१ | दथेपुथे |
| ४०२ | दनेखु |
| ४०३ | दनेख्या |
| ४०४ | दनेगुलु , |
| ४०५ | दर |
| ४०६ | दर्शन |
| ४०७ | दर्शनधारी |
| ४०८ | दलि |
| ४०९ | दले |
| ४१० | दल्लि |
| ४११ | दहि |
| ४१२ | दाः |
| ४१३ | दिवाकर |
| ४१४ | दिस्ति |
| ४१५ | दुइं |
| ४१६ | दुगु |
| ४१७ | दुगुजु |
| ४१८ | दुमरु |
| ४१९ | दुम्वः |
| ४२० | दुरुखु |
| ४२१ | दुल्या |
| ४२२ | दुवाः |
| ४२३ | दुवाल |
| ४२४ | दृष्टि |
| ४२५ | देउपाला |
| ४२६ | देउबञ्जार |
| ४२७ | देउला |
| ४२८ | देवजु |
| ४२९ | देवप्रधान |
| ४३० | देशमल्ल |
| ४३१ | देशार |
| ४३२ | देशेमरु |
| ४३३ | देशेमरू |
| ४३४ | दै |
| ४३५ | दैवज्ञ |
| ४३६ | दों |
| ४३७ | दोखाबञ्जाः |
| ४३८ | द्यःला |
| ४३९ | द्यजु |
| ४४० | द्यांकःमी |
| ४४१ | द्यौभाजु |
| ४४२ | द्यौभारि |
| ४४३ | द्वा |
| ४४४ | द्वारे |
| ४४५ | धंगु |
| ४४६ | धंजु |
| ४४७ | धंतबिरसीं |
| ४४८ | धङ्ग |
| ४४९ | धनके |
| ४५० | धनचासिं |
| ४५१ | धनबी |
| ४५२ | धनवीर |
| ४५३ | धनेख्या |
| ४५४ | धन्केय् |
| ४५५ | धन्छा |
| ४५६ | धन्जु |
| ४५७ | धसि |
| ४५८ | धाख्वाः |
| ४५९ | धाग्या |
| ४६० | धाजु |
| ४६१ | धान्यागुलु |
| ४६२ | धाबा |
| ४६३ | धालाछें |
| ४६४ | धावा |
| ४६५ | धिङ्ग्रि |
| ४६६ | धुँसिँ |
| ४६७ | धुंजु |
| ४६८ | धुकुछु |
| ४६९ | धुकुछुं |
| ४७० | धुख्व |
| ४७१ | धुपिकार |
| ४७२ | धुसः |
| ४७३ | धुसि |
| ४७४ | धुसुजु |
| ४७५ | धेके |
| ४७६ | धेवाजु |
| ४७७ | धोंजु |
| ४७८ | धोलाजु |
| ४७९ | धौ भिं |
| ४८० | धौगोडा |
| ४८१ | धौबजि |
| ४८२ | धौबञ्जार |
| ४८३ | धौभडेल |
| ४८४ | धौभारि |
| ४८५ | धौवडेल |
| ४८६ | ध्याकुराः |
| ४८७ | ध्याकोछें |
| ४८८ | ध्याक्व |
| ४८९ | ध्याक्वदुवा |
| ४९० | ध्वं |
| ४९१ | ध्वाँजु |
| ४९२ | ध्वोंजु |
| ४९३ | नकर्मी |
| ४९४ | नगरकोटि |
| ४९५ | नरसिं |
| ४९६ | नर्मि |
| ४९७ | नर्सिङ |
| ४९८ | नर्सिङ्जु |
| ४९९ | नला |
| ५०० | नवाःछें |
| ५०१ | नसिं |
| ५०२ | नांजु |
| ५०३ | नाइजु |
| ५०४ | नाखन्द |
| ५०५ | नाखोन्दा |
| ५०६ | नागा |
| ५०७ | नानिचा |
| ५०८ | नानी |
| ५०९ | नापित |
| ५१० | नायजु |
| ५११ | नायभा |
| ५१२ | नायभारि |
| ५१३ | नाय् |
| ५१४ | नालामि |
| ५१५ | नासननि |
| ५१६ | नेमकुल |
| ५१७ | नेवाः |
| ५१८ | नेवार |
| ५१९ | नौ |
| ५२० | नौग्रह |
| ५२१ | नौरंगि |
| ५२२ | न्याइंच्याइं |
| ५२३ | न्याउरी |
| ५२४ | न्याकपा |
| ५२५ | न्याकुं |
| ५२६ | न्याखुसि |
| ५२७ | न्याचा |
| ५२८ | न्याछ्यों |
| ५२९ | न्यासि |
| ५३० | न्हसिजु |
| ५३१ | न्हाः |
| ५३२ | न्हायताः |
| ५३३ | न्हाय्मरु |
| ५३४ | न्हिनेडायेमस |
| ५३५ | न्हिसुतु |
| ५३६ | न्हुछें |
| ५३७ | न्हुछें प्रधान |
| ५३८ | न्हेम्हाफुकि |
| ५३९ | पँ |
| ५४० | पःमाय् |
| ५४१ | पउं |
| ५४२ | पकवान |
| ५४३ | पकान्द्धः |
| ५४४ | पकुर |
| ५४५ | पक्का |
| ५४६ | पक्कानेवः |
| ५४७ | पञ्च |
| ५४८ | पण्डित |
| ५४९ | पति |
| ५५० | पन्याजु |
| ५५१ | पमां |
| ५५२ | पलाञ्चोके |
| ५५३ | पलिखेल |
| ५५४ | पसःछें |
| ५५५ | पसखल |
| ५५६ | पहरी |
| ५५७ | पहि |
| ५५८ | पहिजु |
| ५५९ | पाँघु |
| ५६० | पांगु |
| ५६१ | पांग्रा |
| ५६२ | पाइं |
| ५६३ | पाकः |
| ५६४ | पाछै |
| ५६५ | पाछैतःरि |
| ५६६ | पाति |
| ५६७ | पातिमो |
| ५६८ | पात्या |
| ५६९ | पात्रबंश |
| ५७० | पामुद्यः |
| ५७१ | पारखुत्ते |
| ५७२ | पालिखे |
| ५७३ | पालु श्रेष्ठ |
| ५७४ | पालुबञ्जार |
| ५७५ | पासाछें |
| ५७६ | पासि |
| ५७७ | पिखा |
| ५७८ | पिया |
| ५७९ | पिला |
| ५८० | पीठाचार्य |
| ५८१ | पुँ |
| ५८२ | पुंग |
| ५८३ | पुखुतः |
| ५८४ | पुखुसि |
| ५८५ | पुतवार |
| ५८६ | पुतुलँ |
| ५८७ | पुलांम्वहः |
| ५८८ | पुलु |
| ५८९ | पुवा |
| ५९० | पुसाजु |
| ५९१ | पेंतगो |
| ५९२ | पोडे |
| ५९३ | पोतामहाँ |
| ५९४ | पोते |
| ५९५ | पोथा |
| ५९६ | पौं |
| ५९७ | पौंजु |
| ५९८ | पौभंसा |
| ५९९ | प्याथः |
| ६०० | प्रजापति |

| | |
|---|---|
| ६०१ | प्रधान |
| ६०२ | प्रधानाङ्ग |
| ६०३ | प्वाःस्याः |
| ६०४ | फःसि |
| ६०५ | फसंपु |
| ६०६ | फसिक्वा |
| ६०७ | फा |
| ६०८ | फाँगुलु |
| ६०९ | फाँजु |
| ६१० | फाकं |
| ६११ | फागः |
| ६१२ | फाजु |
| ६१३ | फिश्कुसि |
| ६१४ | फेलु |
| ६१५ | फैजु |
| ६१६ | फोंसि |
| ६१७ | फोजु |
| ६१८ | फौबञ्जाः |
| ६१९ | बःखुं |
| ६२० | बःसि |
| ६२१ | बइबञ्जाः |
| ६२२ | बकुला |
| ६२३ | बके |
| ६२४ | बखाद्यो |
| ६२५ | बखुंछें |
| ६२६ | बजिको |
| ६२७ | बजिबञ्जाः |
| ६२८ | बजिमय |
| ६२९ | बजु |
| ६३० | बज्राचार्य |
| ६३१ | बझां |
| ६३२ | बञ्जाःघसि |
| ६३३ | बञ्जारा |
| ६३४ | बतास |
| ६३५ | बदिकर |
| ६३६ | बनमाला |
| ६३७ | बनमालि |
| ६३८ | बनिया |
| ६३९ | बनेपाली |
| ६४० | बन्देजु |
| ६४१ | बन्या |
| ६४२ | बमनु |
| ६४३ | बरिया |
| ६४४ | बरुण |
| ६४५ | बरुवा |
| ६४६ | बरे |
| ६४७ | बर्यांमि |
| ६४८ | बलम्पु |
| ६४९ | बलामि |
| ६५० | बल्ल |
| ६५१ | बस्सि |
| ६५२ | बहिदार |
| ६५३ | बहँबञ्जाः |
| ६५४ | बाइजु |
| ६५५ | बागः |
| ६५६ | बाटा |
| ६५७ | बाटाजु |
| ६५८ | बाटि |
| ६५९ | बादे |
| ६६० | बाद्यकार |
| ६६१ | बारमासे |
| ६६२ | बाराहि |
| ६६३ | बारेजु |
| ६६४ | बाला |
| ६६५ | बालाय् श्रेष्ठ |
| ६६६ | बासि |
| ६६७ | बासिजु |
| ६६८ | बासु |
| ६६९ | बासुकला |
| ६७० | बिजयानन्द |
| ६७१ | बिजु |
| ६७२ | बिजुक्छें |
| ६७३ | बिन्दुकार |
| ६७४ | बिन्दुराकार |
| ६७५ | बिरबल |
| ६७६ | बिर्ता |
| ६७७ | बिसन्ध्यः |
| ६७८ | बिसिन्ध्यः |
| ६७९ | बिस्काग्वारा |
| ६८० | बुद्धाचार्य |
| ६८१ | बुरसिं |
| ६८२ | बुलावः |
| ६८३ | बेको |
| ६८४ | बेकोजु |
| ६८५ | बैदार |
| ६८६ | बोयजु |
| ६८७ | बोयेजु |
| ६८८ | बोरेय् |
| ६८९ | बोहजु |
| ६९० | बोहोजु |
| ६९१ | ब्यञ्जनकार |
| ६९२ | ब्याँ |
| ६९३ | ब्याञ्जु |
| ६९४ | ब्रम्हचार्य |
| ६९५ | भकु |
| ६९६ | भजु |
| ६९७ | भडेल |
| ६९८ | भतजु |
| ६९९ | भतिंखेंय्नः |
| ७०० | भत्तु |
| ७०१ | भद्रा |
| ७०२ | भयद्यो |
| ७०३ | भयो |
| ७०४ | भलन्धो |
| ७०५ | भलिंदुवाः |
| ७०६ | भाँ |
| ७०७ | भाँसिँ |
| ७०८ | भाग्यः |
| ७०९ | भाजं |
| ७१० | भाजु |
| ७११ | भातखाइ |
| ७१२ | भान्छिकः |
| ७१३ | भायाद्यः |
| ७१४ | भाराँग्वारा |
| ७१५ | भारिजु |
| ७१६ | भारो |
| ७१७ | भालु |
| ७१८ | भासिंक |
| ७१९ | भासिम |
| ७२० | भासिमा |
| ७२१ | भिंदुवाः |
| ७२२ | भिंलाखे |
| ७२३ | भिक्षु |
| ७२४ | भुंत |
| ७२५ | भुइ |
| ७२६ | भुजिंपु |
| ७२७ | भुजु |
| ७२८ | भुतां |
| ७२९ | भुत्त |
| ७३० | भेलु |
| ७३१ | भेले |
| ७३२ | भैनात्व |
| ७३३ | भैल |
| ७३४ | भोछिभोया |
| ७३५ | भोत्या |
| ७३६ | भोमि |
| ७३७ | भोया |
| ७३८ | भौकाजि |
| ७३९ | भौजु |
| ७४० | भ्वयेद्य |
| ७४१ | मंद्यो |
| ७४२ | मंलाछें |
| ७४३ | मकै |
| ७४४ | मगः |
| ७४५ | मगजु |
| ७४६ | मगर |
| ७४७ | मगिया |
| ७४८ | मचामसि |
| ७४९ | मथ्या |
| ७५० | मधिकर्मी |
| ७५१ | मनताहा |
| ७५२ | मनाछें भुत |
| ७५३ | मनापु |
| ७५४ | मन्तासिर |
| ७५५ | मलेकु |
| ७५६ | मलेगो |
| ७५७ | मलेपति |
| ७५८ | मल्ता |
| ७५९ | मल्ताबञ्जाः |
| ७६० | मल्ल |
| ७६१ | मल्लि |
| ७६२ | मस्तराँ |
| ७६३ | महर्जन |
| ७६४ | महां |
| ७६५ | महाजु |
| ७६६ | माःद्यःपःमां |
| ७६७ | माक |
| ७६८ | माकः श्रेष्ठ |
| ७६९ | माकजु |
| ७७० | माकें |
| ७७१ | माखासुलि |
| ७७२ | माज्जु |
| ७७३ | माझि |
| ७७४ | मातनछें |
| ७७५ | माताङ |
| ७७६ | माताङगुलु |
| ७७७ | माथेमा |
| ७७८ | मानन्धर |
| ७७९ | मान्छिकः |
| ७८० | माय्कें |
| ७८१ | माय्कें |
| ७८२ | मायबञ्जाः |
| ७८३ | मारिखु |
| ७८४ | मालाकार |
| ७८५ | मालि |
| ७८६ | मास्के |
| ७८७ | माहां |
| ७८८ | माहांका |
| ७८९ | मिखातगो |
| ७९० | मिश्र |
| ७९१ | मुगुथि |
| ७९२ | मुनंकर्मी |
| ७९३ | मुनिकार |
| ७९४ | मुलगुथि |
| ७९५ | मुलेपति |
| ७९६ | मुल्मी |
| ७९७ | मुसा |
| ७९८ | मुस्या |
| ७९९ | मुस्याख्वो |
| ८०० | मुस्याङ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८०१ | मुस्याजु | ८५१ | लाखाजु | ९०१ | श्रेष्ठाचार्य | ९५१ | सिन्दुरकार |
| ८०२ | मुस्याबागः | ८५२ | लाखे | ९०२ | सँय् | ९५२ | सिन्दुराकार |
| ८०३ | मूल | ८५३ | लाखेभिन्द्यो | ९०३ | संखद्यः | ९५३ | सिन्धु |
| ८०४ | मेय्पु | ८५४ | लाखेमरु | ९०४ | संगत | ९५४ | सिन्या |
| ८०५ | मेसानायो | ८५५ | लागे | ९०५ | सकित्वाय् | ९५५ | सिन्हख्वं |
| ८०६ | मोंय् | ८५६ | लागेजु | ९०६ | सतः | ९५६ | सिपाइ |
| ८०७ | म्हारि | ८५७ | लाछि | ९०७ | सतजु | ९५७ | सिमांगैडा |
| ८०८ | म्हारिखुं | ८५८ | लाछिमस्यु | ९०८ | सत्ता | ९५८ | सिमाक |
| ८०९ | म्हासुमाला | ८५९ | लाम्चा | ९०९ | सबा | ९५९ | सिमाछ्वा |
| ८१० | म्होह | ८६० | लालुव | ९१० | सँागाछें | ९६० | सिलंथा |
| ८११ | यकादसी | ८६१ | लासिवा | ९११ | सँाय् | ९६१ | सुकमनि |
| ८१२ | यगोल | ८६२ | लिगल | ९१२ | सांगामि | ९६२ | सुकुपायो |
| ८१३ | यमा | ८६३ | लिवि | ९१३ | सांय्जु | ९६३ | सुकुभट्ट |
| ८१४ | यमि | ८६४ | लुंवञ्जार | ९१४ | साःछें | ९६४ | सुकुमन्त |
| ८१५ | यलाय् | ८६५ | लेप्चा | ९१५ | साःपु | ९६५ | सुकुलासि |
| ८१६ | यले | ८६६ | लेबा | ९१६ | साकुमि | ९६६ | सुखि |
| ८१७ | यँाचा | ८६७ | लोहँकःमि | ९१७ | साखः | ९६७ | सुजकां |
| ८१८ | यँामत | ८६८ | लोहला | ९१८ | साखकःमि | ९६८ | सुजखु |
| ८१९ | याइंचा | ८६९ | ल्वहंकपा | ९१९ | साखकर्मी | ९६९ | सुर्यवंशी |
| ८२० | याक माकः | ८७० | ल्होरा | ९२० | साख्वा | ९७० | सुलु |
| ८२१ | याक मिसा | ८७१ | वँय् | ९२१ | साचिन | ९७१ | सुल्पे |
| ८२२ | याकछें | ८७२ | वंत | ९२२ | साध | ९७२ | सुल्प्या |
| ८२३ | याकामि | ८७३ | वन | ९२३ | सायमि | ९७३ | सुवाः |
| ८२४ | यान्द्यो | ८७४ | वस्ति | ९२४ | सार्कि | ९७४ | सुवाल |
| ८२५ | योगल | ८७५ | वाः | ९२५ | सार्किबाउचा | ९७५ | सुवेदी |
| ८२६ | रघुबंशी | ८७६ | वाङाय | ९२६ | सालालिक | ९७६ | सेलालिक |
| ८२७ | रजक | ८७७ | वाङ्ङायेयो | ९२७ | सालिके | ९७७ | सेवाचार्य |
| ८२८ | रञ्जित | ८७८ | वाताङकछि | ९२८ | साही | ९७८ | सैंजु |
| ८२९ | रञ्जितकार | ८७९ | वासिंछ्याकः | ९२९ | साहु | ९७९ | सैजु |
| ८३० | राइठोर | ८८० | वासिन्द्यः | ९३० | साहुखलः | ९८० | सोम्नामे |
| ८३१ | राजकर्णिकार | ८८१ | वास्या | ९३१ | साहुचा | ९८१ | स्थापित |
| ८३२ | राजचल | ८८२ | वेंजु | ९३२ | सिंकःमि | ९८२ | स्यःस्यः |
| ८३३ | राजथला | ८८३ | वेजु | ९३३ | सिंकु | ९८३ | स्यापु |
| ८३४ | राजबाहक | ८८४ | वैद्य | ९३४ | सिंख्वाल | ९८४ | स्यार्बा |
| ८३५ | राजभण्डारी | ८८५ | शंखदेव | ९३५ | सिंनसिं | ९८५ | स्वंगमिखा |
| ८३६ | राजलवत | ८८६ | शर्मा | ९३६ | सिंन्या | ९८६ | स्वनेप |
| ८३७ | राजवंशी | ८८७ | शाक्य | ९३७ | सिंबञ्जार | ९८७ | स्वपु |
| ८३८ | राजवैद्य | ८८८ | शाक्यवंश | ९३८ | सिंह | ९८८ | स्वाथ्रा |
| ८३९ | राजोपाध्याय | ८८९ | शाही | ९३९ | सिकर्मी | ९८९ | हँजु |
| ८४० | राठौर | ८९० | शिखरकार | ९४० | सिकु | ९९० | हंयजु |
| ८४१ | राय | ८९१ | शिलाकार | ९४१ | सिग्वाय् | ९९१ | हलवाइ |
| ८४२ | रिमाल | ८९२ | शिल्पकार | ९४२ | सिचु | ९९२ | हाँछे |
| ८४३ | लघु | ८९३ | शिवहरि | ९४३ | सिजख्व | ९९३ | हाँजु |
| ८४४ | लव | ८९४ | शिवाचार्य | ९४४ | सिजापति | ९९४ | हाँय्मो |
| ८४५ | लवजु | ८९५ | शुक्ल | ९४५ | सितिखु | ९९५ | हांथां |
| ८४६ | लवत | ८९६ | शुद्धकार | ९४६ | सिनारिँ | ९९६ | हांय्ला |
| ८४७ | लवुस | ८९७ | श्याउला | ९४७ | सिन्केमन | ९९७ | हाकु पोतासि |
| ८४८ | लांकोमि | ८९८ | श्यामा | ९४८ | सिन्केमनि | ९९८ | हाकुतरी |
| ८४९ | लाकौल | ८९९ | श्रीखण्ड | ९४९ | सिन्ताकल | ९९९ | हाकुदुव |
| ८५० | लाखा | ९०० | श्रेष्ठ | ९५० | सिन्ताकले | १००० | हाछेथु |

| | |
|---|---|
| १००१ | हाडा |
| १००२ | हादि |
| १००३ | हानां |
| १००४ | हामो |
| १००५ | हालाहुलु |
| १००६ | हालेयो |
| १००७ | हालेयो जोशी |
| १००८ | हिंचोमि |
| १००९ | हुखासिं |
| १०१० | हुख्याः |
| १०११ | हुचि |
| १०१२ | हेउम्बा |
| १०१३ | हेका |
| १०१४ | हेम्बा |
| १०१५ | हैजु |
| १०१६ | होना |
| १०१७ | होरा |
| १०१८ | होराजु |
| १०१९ | ह्ङपाँछें |
| १०२० | ह्यंगुमिखा |
| १०२१ | ह्यंगोजु |
| १०२२ | ह्यंग्वाः |
| १०२३ | ह्याउँथ्वं |
| १०२४ | ह्योजु |
| १०२५ | ह्वँ |
| १०२६ | ह्वापा |
| १०२७ | हँय्पू |
| १०२८ | त्वाका |

**विशेष धन्यवादका पात्रहरू:**
Biju Karmacharya, with the contributions of Roshan Shrestha, Bijay Sharma Rajopadhyay, Jenny Thapa Shrestha, Sandip Khoteja, Peepul Subedi, Dhanesh Rajopadhyaya, Asha Kaji Thaku, Maheshwor Shrestha, Shyam Bata, Dilli Prasad Neupane, Rojee Awale, Rujas Kayastha, Sunil Basu, Reshika Fren, Prajesh Kayastha, Suraj Maharjan, Ramesh Balla, Jayaiswer Man Pradhan, Mrigendra Bir Karmacharya, Ramesh Sukamani, Sri Krishna Suwal, Labha Ratna Tuladhar, Mahendra Gopal Karmacharya Sulochana Kyastha,Nikesh Raj Tulsibakhyo, Shivana Shrestha, Hari Krishna Bhuju, Kedar P= Joshi, Rujas Kayastha,Uden Nhusayami, Dilip Tandukar and Supriya Manandhar.

By Maheswor Maharjan,
February 16, 2019

नेपाल ग्यालरीजबाट

यसमा केही थरहरू दोहोरिएका छन् भने केही थर गैरनेवारको देखिन्छ- 'भक्तपुर'

# खौमास्थित उमामहेश्वर मन्दिर - पहिले र अहिले








साभारः राजधानी दैनिक

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।

# नगरपालिकाका प्रमुख र उपप्रमुखहरु

## गण्डकी प्रदेश




| क्र.सं. | नपाको नाम | जिल्ला | प्रमुख (दल/स्वतन्त्र) | उपप्रमुख (दल/स्वतन्त्र) |
|---|---|---|---|---|
| १ | गोरखा | गोरखा | कृष्णबहादुर राना (माके) | मसलीमाया थोकर पुन (नेका) |
| २ | पालुङटार | | विवस चिन्तन (माके) | वन्दना पाण्डे (माके) |
| ३ | बेसीशहर | लमजुङ | गुमान सिंह अर्याल (एमाले) | पदमा गुरुङ (एमाले) |
| ४ | मध्यनेपाल | | रमेशकुमार पाण्डे (नेका) | सिता गुरुङ (एमाले) |
| ५ | राईनास | | खड्गबहादुर गुरुङ (नेका) | पुष्पराज खनाल (माके) |
| ६ | सुन्दरबजार | | कृष्णप्रसाद कोईराला (नेका) | भवानी के.सी. (एमाले) |
| ७ | भानु | तनहुँ | आनन्दराज त्रिपाठी (नेका) | उमा गोतामे (नेका) |
| ८ | भिमाद | | दधिराज सुवेदी (एमाले) | शारदा खनाल (एमाले) |
| ९ | व्यास | | बैकुण्ठनाथ न्यौपाने (नेका) | इन्दिरा दरै (नेका) |
| १० | शुक्लागण्डकी | | कृष्णराज पण्डित (नेका) | खुमबहादुर वि.क. (माके) |
| ११ | गल्याङ | स्याङ्जा | गुरुप्रसाद भट्टराई (नेका) | हेमान्यौपाने तिमिल्सीना (नेका) |
| १२ | चापाकोट | | देवबहादुर खाँड (नेका) | इशा राना (नेका) |
| १३ | पुतलीबजार | | तुलसीराम रेग्मी (नेका) | देवी अर्याल (नेका) |
| १४ | भीरकोट | | गोविन्दकुमार कर्माचार्य (नेका) | भगवती रेग्मी (नेका) |
| १५ | वालिङ | | कृष्ण खाँण (एमाले) | कविता तिवारी (नेका) |
| १६ | बेनी | म्याग्दी | सुरत के.सि. (एमाले) | ज्योतीलामिछाने पौडेल (माके) |
| १७ | कुश्मा | पर्वत | रामचन्द्र जोशी (नेका) | स्वस्थानी रिजाल (एमाले) |
| १८ | फलेवास | | गंगाधर तिवारी (नेका) | शोभाकुमारी क्षेत्री (माके) |
| १९ | बागलुङ | बाग्लुङ | बसन्तकुमार श्रेष्ठ (नेका) | राजु खड्का (माके) |
| २० | गल्कोट | | भरत शर्मा (नेका) | फमलाल नीउरे (माके) |
| २१ | जैमूनी | | नरबहादुर पुन (राजमो) | हरिहर शर्मा (नेका) |
| २२ | ढोरपाटन | | देवकुमार नेपाली (एमाले) | धनबहादुर कायत (नेका) |
| २३ | कावासोती | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | विष्णुप्रसाद भुसाल (एमाले) | फुलकुमारी थनेत (एमाले) |
| २४ | गैडाकोट | | मदनभक्त अधिकारी (नेका) | शान्ती कोईराला (नेका) |
| २५ | देवचुली | | हरिप्रसाद न्यौपाने (एमाले) | पार्वता तिवारी (एमाले) |
| २६ | मध्यविन्दु | | भिमलाल अधिकारी (एमाले) | पुर्णकला चौधरी (एमाले) |

## लुम्बिनी प्रदेश




| क्र.सं. | नपाको नाम | जिल्ला | प्रमुख (दल/स्वतन्त्र) | उपप्रमुख (दल/स्वतन्त्र) |
|---|---|---|---|---|
| १ | मुसिकोट | गुल्मी | जीबलाल खरेल जीवन (एमाले) | गंगा श्रेष्ठ (एमाले) |
| २ | रेसुङ्गा | | खिलध्वज पन्थी (नेका) | अमृतादेवी कुँवर (नेका) |
| ३ | रामपुर | पाल्पा | रमणबहादुर थापा (नेका) | बालकुमारी थापा (नेका) |
| ४ | तानसेन | | सन्तोषलाल श्रेष्ठ (नेका) | प्रतिक्षा सिंजाली (नेका) |
| ५ | देवदह | रुपन्देही | ध्रुवप्रसाद खरेल (एमाले) | विद्यालक्ष्मी गुरुङ (एमाले) |
| ६ | लुम्बिनी सांस्कृतिक | | सजरुद्दीन मुसलमान (नेका) | कल्पना हरिजन (एमाले) |
| ७ | सैनामैना | | फणेन्द्रप्रसाद शर्मा (नेका) | विना राना (एमाले) |
| ८ | सिद्धार्थनगर | | इश्तियाक अहमद खान (नेका) | उमा अधिकारी (एमाले) |
| ९ | तिलोत्तमा | | रामकृष्ण खाँण (नेका) | जगेश्वरदेवि चौधरी (एमाले) |
| १० | कपिलवस्तु | कपिलवस्तु | सुदीप पौडेल (जसपा) | सुनिता गुप्ता (वैश) (जसपा) |
| ११ | बुद्धभुमी | | केशवकुमार श्रेष्ठ (नेका) | मीरा थारु (नेका) |
| १२ | शिवराज | | अजय थापा (राप्रपा) | शिवकुमारी चौधरी (एमाले) |
| १३ | महाराजगंज | | अब्दुल कलाम मुसलमान (नेका) | रीताकुमारी कुर्मी (नेका) |
| १४ | कृष्णनगर | | रजतप्रताप शाह (नेका) | आरतीदेवी चौधरी (नेका) |
| १५ | बाणगंगा | | चक्रपाणी अर्याल (एमाले) | रीताकुमारी चौधरी (एमाले) |
| १६ | सन्धिखर्क | अर्घाखाँची | कृष्णप्रसाद श्रेष्ठ (एमाले) | मिश्रा आचार्य (एमाले) |
| १७ | शितगंगा | | छविलाल पौडेल (नेका) | गीता भाट (एमाले) |
| १८ | भूमिकास्थान | | झविलाल थापा (राजमो) | बालकृष्ण बन्जाडे (माके) |
| १९ | प्यूठान | प्युठान | विष्णुबहादुर योगी (माके) | देबेन्द्र बर्मा (नेका) |
| २० | स्वर्गद्वारी | | टेकप्रसाद भण्डारी (नेका) | मीनराज राना मगर (राजमो) |
| २१ | रोल्पा | रोल्पा | सुरेन्द्र थापा (घर्ती) (माके) | गिता आचार्य (माके) |
| २२ | लमही | दाङ | जोगराज चौधरी (नेका) | लक्ष्मी योगी (नेका) |
| २३ | कोहलपुर | बाँके | पुर्णप्रसाद आचार्य (नेका) | संगिता सुवेदी (नेका) |
| २४ | गुलरिया | बर्दिया | मुक्तिनाथ यादव (नेका) | सावित्रा गौतम (नेका) |
| २५ | मधुवन | | तेजबहादुर भाट (नेका) | अनिता चौधरी (नेका) |
| २६ | राजापुर | | दिपेश थारु (माके) | मनकलाकुमारी चौधरी (माके) |
| २७ | ठाकुरबाबा | | तिलकराम लम्साल (नेका) | विनाकुमारी भट्टराई (एमाले) |
| २८ | बाँसगढी | | खडकबहादुर खड्का (एमाले) | इन्दिरा चौधरी (एमाले) |
| २९ | बारबर्दिया | | छविलाल थारु (नेका) | रत्नकुमारी पाण्डे (नेका) |
| ३० | बर्दघाट | नवलपरासी ( बर्दघाट सुस्ता पश्चिम) | सम्भुलाल श्रेष्ठ (नेका) | रुद्रप्रकाश उपाध्याय (माके) |
| ३१ | रामग्राम | | धनपत यादव (एमाले) | संझना चौधरी (राप्रपा) |
| ३२ | सुनवल | | विमला अर्याल (एमाले) | सूर्यप्रसाद दुवे (एमाले) |

# कर्णाली प्रदेश




| क्र.सं. | नपाको नाम | जिल्ला | प्रमुख (दल/स्वतन्त्र) | उपप्रमुख (दल/स्वतन्त्र) |
|---|---|---|---|---|
| १ | मुसिकोट | रुकुम (पश्चिम भाग) | महेन्द्र के.सी. (नेका) | विमलकुमार पुनमगर (एस) |
| २ | चौरजहारी | | पुष्प वादी (माके) | इश्वरीकुमारी शर्मा (वि.एम.) (माके) |
| ३ | आठबिसकोट | | रवि के.सी. (माके) | धनकुमारी शाही (माके) |
| ४ | शारदा | सल्यान | प्रकाश भण्डारी (नेका) | सुस्मिता सापकोटा सुनार (नेका) |
| ५ | बागचौर | | जनकराज गौतम (नेका) | सुम्निमा डि.सी.(वली) (माके) |
| ६ | बनगाड कुपिण्डे | | कर्णबहादुर बुढाथोकी (माके) | पुरुषोतम आचार्य (नेका) |
| ७ | बीरेन्द्रनगर | सुर्खेत | मोहनमाया भण्डारी (एमाले) | निलकण्ठ खनाल (एमाले) |
| ८ | भेरीगंगा | | यज्ञप्रसाद ढकाल (एमाले) | धनसरा बोहरा (एमाले) |
| ९ | गुर्भाकोट | | हस्त पुन (नेका) | मैना वि.क. (नेका) |
| १० | पञ्चपुरी | | लालवीर भण्डारी (नेका) | मुक्तिदेवी रेग्मी (नेका) |
| ११ | लेकवेशी | | उमेशकुमार पौडेल (नेका) | विमला खड्लुक (एमाले) |
| १२ | नारायण | दैलेख | लोमन शर्मा (एमाले) | तप्तकुमारी खड्का (एमाले) |
| १३ | दुल्लु | | भरतप्रसाद रिजाल (नेका) | विना कार्की (एमाले) |
| १४ | चामुण्डा विन्द्रासैनी | | गणेशकुमार शाही (नेका) | मनसराकुमारी शर्मा (नेका) |
| १५ | आठबीस | | तर्कबहादुर बडुवाल (एमाले) | कल्पनाकुमारी थापा (एमाले) |
| १६ | भेरी | जाजरकोट | चन्द्रप्रकाश घर्ती (एमाले) | सीता जैसी (नेका) |
| १७ | छेडागाड | | रत्नबहादुर खड्का (नेका) | चन्द्रबहादुर थापा (माके) |
| १८ | नलगाड | | डम्मरबहादुर रावत (माके) | सरिता सिंह (नेका) |
| १९ | ठूली भेरी | डोल्पा | श्ववर्णकुमार बुढा (नेका) | छिरिङ टोल्मा महत (नेका) |
| २० | त्रिपुरासुन्दरी | | जनचन्द्र रोकाया (एमाले) | देवी घर्ती (एमाले) |
| २१ | चन्दननाथ | जुम्ला | राजु सिंह कठायत (स्वतन्त्र) | रामदेवी खड्का (नेका) |
| २२ | खाँडाचक्र | कालिकोट | कमलबहादुर शाही (स्वतन्त्र) | गणेशबहादुर शाही (माके) |
| २३ | रास्कोट | | धर्मराज शाही (माके) | मनिराज बराल (एस) |
| २४ | तिलागुफा | | शंकरप्रसाद उपाध्याय (नेका) | महेन्द्रबहादुर शाही |
| २५ | छायाँनाथ रारा | मुगु | विष्णुकुमार भाम (नेका) | ऐश्वर्या मल्ल (नेका) |

# सुदूरपश्चिम प्रदेश




| क्र.सं. | नपाको नाम | जिल्ला | प्रमुख (दल/स्वतन्त्र) | उपप्रमुख (दल/स्वतन्त्र) |
|---|---|---|---|---|
| १ | बडीमालिका | बाजुरा | अमरबहादुर खड्का (एमाले) | नन्दाकुमारी थापा (एमाले) |
| २ | त्रिवेणी | | कर्णबहादुर थापा (नेका) | कमलाकुमारी जैसी(न्यौपाने) (नेका) |
| ३ | बुढीगंगा | | रामबहादुर बानियाँ (एमाले) | मायाकुमारी खड्का(कुवँर) (एमाले) |
| ४ | बुढीनन्दा | | जनककुमार बोहरा (एमाले) | रामबहादुर बोहरा (स्वतन्त्र) |
| ५ | जयपृथ्वी | बझाङ | चेतराज बजाल (नेका) | रतनबहादुर सिंह (माके) |
| ६ | बुंगल | | जयबहादुर धामी (नेका) | धनबहादुर बोहरा (एस) |
| ७ | मंगलसेन | अछाम | पदमबहादुर बोहरा (एमाले) | संगीताकुमारी रावल (एमाले) |
| ८ | कमलबजार | | यज्ञप्रसाद ढकाल (नेका) | सुश्री शारदाकुमारी बिस्ट (एमाले) |
| ९ | साँफेबगर | | राजेन्द्रबहादुर कुवँर (नेका) | शिवबहादुर कुँवर (एस) |
| १० | पन्चदेवल विनायक | | अम्बिकाकुमारी चलाउने(नेका) | हर्कबहादुर रावल (नेका) |
| ११ | दिपायल सिलगढी | डोटी | बाजी सिं खड्का (नेका) | कलावती महर(साउद) (नेका) |
| १२ | शिखर | | दिर्घबहादुर बलायर (नेका) | सुनिता रावल (नेका) |
| १३ | टिकापुर | कैलाली | रामलाल डगौरा थारु (नाउपा) | खडकबहादुर शाह (माके) |
| १४ | घोडाघोडी | | खडकबहादुर रावत (एस) | गुलियाकुमारी चौधरी (नेका) |
| १५ | लम्कीचुहा | | सुशिला शाही (नेका) | जुना चौधरी (एमाले) |
| १६ | भजनी | | केवल चौधरी (नाउपा) | राजु तिरुवा (नाउपा) |
| १७ | गोदावरी | | विरेन्द्र भट्ट (नेका) | शारदादेवी रोकाया (एमाले) |
| १८ | गौरीगंगा | | देवीदत्त कडेल (माके) | भोजबहादुर बम (नेका) |
| १९ | भीमदत्त | कञ्चनपुर | पदम वोगटी (नेका) | निलम जोशी (नेका) |
| २० | पुनर्वास | | तोयप्रसाद शर्मा (नेका) | भुलियाकुमारी राना (नेका) |
| २१ | बेदकोट | | भोजराज बोहरा (नेका) | श्रीमती तुलसीदेवी जोशी (नेका) |
| २२ | दोधारा चाँदनी | | किशोरकुमार लिम्बु (एमाले) | गंगादेवी जोशी (नेका) |
| २३ | शुक्लाफाँटा | | रणबहादुर महरा (एमाले) | कल्पनाकुमारी जोशी (नेका) |
| २४ | बेलौरी | | पोतीलाल चौधरी (माके) | जोगराम चौधरी (एमाले) |
| २५ | कृष्णपुर | | हेमराज ओझा (नेका) | द्रोपती राना (नेका) |
| २६ | अमरगढी | डडेलधुरा | डिल्लीराज जोशी (नेका) | पार्वतीदेवी भुकाल (नेका) |
| २७ | परशुराम | | भरत बडायर जोशी (नेका) | विमलाकुमारी बोहरा (माके) |
| २८ | दशरथचन्द | बैतडी | पुष्करराज जोशी (एमाले) | कुमारी कौशिला चन्द (नेका) |
| २९ | पाटन | | गौरी सिंह रावल (नेका) | कमल सिह बोहरा (माके) |
| ३० | मेलौली | | भीमबहादुर चन्द (माके) | पर्वती बोहरा(बिष्ट) (नेका) |
| ३१ | पुर्चौडी | | दीपकबहादुर बम (नेका) | श्रीमती मिना धानुक (नेका) |
| ३२ | महाकाली | दार्चुला | नर सिंह चैसिर (एमाले) | दुर्गाकुमारी खत्री (एमाले) |
| ३३ | शैल्यशिखर | | विजय सिंह धामी (एमाले) | शान्ति खडायत (एमाले) |

# महानगरपालिका

| प्रदेश | मनपाको नाम | जिल्ला | प्रमुख (दल/स्वतन्त्र) | उपप्रमुख (दल/स्वतन्त्र) |
|---|---|---|---|---|
| १ | विराटनगर | मोरंग | नागेश कोईराला (नेका) | शिल्पा कार्की (एमाले) |
| २ | विरगंज | पर्सा | राजेशमान सिंह (जसपा) | इम्तियाज आलम (नेका) |
| ३ | ललितपुर | ललितपुर | चिरीबाबु महर्जन (नेका) | मन्जली शाक्यबज्राचार्य (एमाले) |
| | काठमाडौँ | काठमाडौँ | वालेन्द्र साह (स्वतन्त्र) | सुनिता डंगोल (एमाले) |
| | भरतपुर | चितवन | रेणु दाहाल (माके) | चित्रसेन अधिकारी (नेका) |
| ४ | पोखरा | कास्की | धनराज आचार्य (एस) | मञ्जुदेवी गुरुङ (एमाले) |

# उपमहानगरपालिका

| प्रदेश | उपमनपाको नाम | जिल्ला | प्रमुख (दल/स्वतन्त्र) | उपप्रमुख (दल/स्वतन्त्र) |
|---|---|---|---|---|
| १ | ईटहरी | सुनसरी | हेमकर्ण पौडेल (नेका) | संगीताकुमारी चौधरी (एमाले) |
| | धरान | | हर्कराज राई (स्वतन्त्र) | अइन्द्रविक्रम बेघा (माके) |
| २ | जनकपुरधाम | धनुषा | मनोजकुमार साह सुडी (स्वतन्त्र) | किशोरी साह (नेका) |
| | कलैया | वारा | विनोदप्रसाद साह (एमाले) | रौशन परविन (एमाले) |
| | जीतपुर सिमरा | | राजन पौडेल (माके) | भोलाप्रसाद अधिकारी (एमाले) |
| ३ | हेटौडा | मकवानपुर | मीनाकुमारी लामा (एस) | राजेश बानिया (नेका) |
| ५ | बुटवल | रुपन्देही | खेलराज पाण्डेय (नेका) | सावित्रादेवी अर्याल (एमाले) |
| | तुल्सीपुर | दाङ | टिकाराम खड्का (एमाले) | स्यानी चौधरी (एमाले) |
| | घोराही | | नरुलाल चौधरी (एमाले) | हुमाकुमारी डि.सी. (एमाले) |
| | नेपालगंज | बाँके | प्रशान्त विष्ट (नेका) | कमरुद्दीन राई (जसपा) |
| ७ | धनगढी | कैलाली | गोपाल हमाल (स्वतन्त्र) | कन्द्रकलाकुमारी राना (एमाले) |

स्रोत : निर्वाचन आयोग

सङ्केत

| | |
|---|---|
| नेका–नेपाली काङ्ग्रेस | एमाले–नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| माके–नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र) | एस–नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजबादी) |
| जसपा–जनता समाजवादी पार्टी, नेपाल | लोसपा–लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| नेमकिपा–नेपाल मजदुर किसान पार्टी | जपा–जनमत पार्टी |
| राजमो–राष्ट्रिय जनमोर्चा | नाउपा–नागरिक उन्मुक्ति पार्टी |

## नगरपालिका गतिविधि

### घरदैलो नर्सिङ सेवालाई अझ प्रभावकारी ढङ्गले सञ्चालन गरिने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालद्वारा सञ्चालित घरदैलो नर्सिङ सेवा कार्यक्रमका वडा नर्सहरूसँग २०७९ मंसिर ८ गते छलफल कार्यक्रम भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले नगरको स्वास्थ्य स्थिति थाहा पाउन र स्वास्थ्यको प्रोफाइल तयार गर्ने उद्देश्यले भक्तपुर नपाले घरदैलो नर्सिङ सेवा सञ्चालनमा ल्याएको बताउनुहुँदै अबका दिनहरूमा घरदैलो नर्सिङ सेवा अझ प्रभावकारी ढङ्गले सञ्चालन गर्न वडा नर्सहरूलाई मार्गनिर्देशन गर्नुभयो ।

सोही क्रममा उहाँले जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने माध्यमको रूपमा घरदैलो नर्सिङ सेवा सञ्चालनमा ल्याएको बताउनुहुँदै भक्तपुर नपा घरदैलो नर्सिङ सेवा सञ्चालन गर्ने नेपालकै पहिलो स्थानीय तह भएको हुँदा यो गौरवपूर्ण कार्यको सफल निरन्तरताको निम्ति चिकित्सक तथा नर्सहरूले सेवामुखी ढङ्गले काम गर्न प्रेरित गर्नुभयो ।

ख्वप अस्पतालका डा. रत्नसुन्दर लासिवा र अस्पताल व्यवस्थापक विश्वजित प्रजापतिले ख्वप अस्पतालको अवस्थाबारे अवगत गराउनुभयो भने उक्त कार्यक्रममा वडा नर्सहरूले घरदैलो नर्सिङ कार्यक्रमको मासिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।**

### भाजु पोखरी परिसरको स्थलगत निरीक्षण





भक्तपुर नपा वडा नं. १ स्थित भाजु पोखरी पुन:निर्माणको क्रममा पोखरीको बीच भागमा अवस्थित जलेश्वर मन्दिरको पुन:निर्माण कार्य सम्पन्न भएको छ । सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीले विभिन्न मितिमा भाजु पोखरी परिसरको स्थलगत निरीक्षण गर्नुभयो ।

### भक्तपुर नपाबाट नि:शुल्क रगत वितरण

भक्तपुर नगरपालिका र नेपाल रेडक्रस सोसाइटी, भक्तपुर जिल्ला शाखाबीच भएको सम्झौताअनुसार यस नगरपालिकाले २०७९ असोज महिनादेखि सम्पूर्ण नगरवासीहरूलाई नि:शुल्क रगत वितरण गर्दै आएको छ । असोज महिनामा ६७ जना नगरवासीले रु १,१४,१४०|- रुपैयाँ बराबरको सेवा प्राप्त गरे । नि:शुल्क रगत प्राप्त गर्ने नगरवासीहरूको विवरण निम्न बमोजिम रहेको छ-

**आफू बस्ने घर, चोक, टोल र नगर हाम्रो लागि हामी आफै सफा गरौं । सफाइ गर्दा इज्जत घट्दैन बरु सभ्य भइन्छ र रोगबाट समेत मुक्त हुन्छ ।**

# भक्तपुर नपाबाट निःशुल्क रगत प्राप्त गर्नेहरुको सूची

**Bhaktapur District Chapter**
**Blood Transfusion Service**
**Nepal Red Cross Society**
**Bhaktapur Muncipality**

| S.N | Supply Date | Patients Name | Hospital | Bill No. | Blood Group | Blood Bag No. | Totall Amount |
|---|---|---|---|---|---|---|---|
| 1 | 2079.06.02 | Nabina Kawan | Grande City Hospital | 4360 | O Pos | 5568/30182 | 1920.00 |
| 2 | 2079.06.04 | Pramila Shrestha | Arogya Hospital | 4466 | B Pos | | 1920.00 |
| 3 | 2079.06.04 | Kul Bhadhur Twaynabasu | Khopa Hospital | 4483 | A Pos | 35156/35167/85672//35145 | 3220.00 |
| 4 | 2079.06.04 | Pancha Lal Lamichhane | BKT Hospital | 4490 | B Pos | 5636/5695 | 1660.00 |
| 5 | 2079.06.04 | Ram Laxmi Phaiju | Bhaktapur Cancer Hospital | 4499 | A Pos | 14901 | 1010.00 |
| 6 | 2079.06.04 | Anita Koju | Siddhi Hospital | 4512 | O Pos | 10655 | 1010.00 |
| 7 | 2079.06.04 | Sarita Saniju | Bhaktapur Cancer Hospital | 4528 | B Pos | 5641/85673 | 1660.00 |
| 8 | 2079.06.05 | Bijay Laxmi Marikhu | Siddhi Hospital | 4553 | A Pos | 14650 | 1010.00 |
| 9 | 2079.06.05 | Sarita Saniju | Bhaktapur Cancer Hospital | 4585 | B Pos | | 1660.00 |
| 10 | 2079.06.05 | Rachana Manandhar | Madhyapur Hospital | 4647 | O Pos | 14878/14849 | 1920.00 |
| 11 | 2079.06.06 | Manisha Karki | Siddhi Hospital | 4742 | A Pos | 80361 | 1010.00 |
| 12 | 2079.06.07 | Ram Maya Suwal | Bhaktapur Cancer Hospital | 4820 | A Pos | 85690/45046/85678 | 2830.00 |
| 13 | 2079.06.07 | Purna Laxmi Rajchal | Bhaktapur Cancer Hospital | 4823 | A Pos | 5742/5785 | 1660.00 |
| 14 | 2079.06.08 | Sujana Nakarmi | Nepal Cancer Hospital | 4906 | A Pos | | 2710.00 |
| 15 | 2079.06.09 | Bijay Laxmi Marikhu | Siddhi Hospital | 4949 | A Pos | 20336 | 1010.00 |
| 16 | 2079.06.09 | Sarala Suwal | Hope hospital | 4954 | B Pos | | 2440.00 |
| 17 | 2079.06.09 | Ram Manadhar | Bhaktapur Hospital | 4985 | A Pos | 35224/35233 | 1660.00 |
| 18 | 2079.06.9 | Bishnu Keshari Kilambu | Bhaktapur Cancer Hospital | 4986 | A Pos | 45065/10747 | 1920.00 |
| 19 | 2079.06.10 | Shyam Sundar Bati | Blood and multispeciality Hospital | 4997 | O Pos | | 3220.00 |
| 20 | 2079.06.10 | Krishna Laxmi Twanabasu | Siddhi Hospital | 5024 | O Pos | 30274 | 1010.00 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 21 | 2079.06.10 | Tribhubanendra Karmacharya | Iwamura hospital | 5036 | AB Pos | 20338/ 20350 | 1660.00 |
| 22 | 2079.06.11 | Bati Shyam Sundar | Blood and multispeciality Hospital | 5044 | O Pos | 20363/ 80425/ 80427 | 2440.00 |
| 23 | 2079.06.11 | Ganga Duwal | Siddhi Hospital | 5066 | B Pos | 85664/ 85652 | 1920.00 |
| 24 | 2079.06.12 | Bati Shyam Sundar | Blood and multispeciality Hospital | 5091 | O Pos | | 1660.00 |
| 25 | 2079.06.12 | Rati Maharjan | Patan Hospital | 5097 | O Pos | | 1520.00 |
| 26 | 2079.06.12 | Bishnu Keshari | Bhaktapur Cancer Hospital | 5100 | A Pos | 5785/5 796 | 1920.00 |
| 27 | 2079.06.12 | Tribhubanendra Karmacharya | Iwamura hospital | 5139 | AB Pos | 75116 | 880.00 |
| 28 | 2079.06.13 | Purna Laxmi Rajchal | Bhaktapur Cancer Hospital | 5148 | A Pos | 85789/ 85802/ 25227 | 2570.00 |
| 29 | 2079.06.13 | Laxmi Prasad | BKT Hospital | 5163 | O Pos | | 1010.00 |
| 30 | 2079.06.13 | Krishna Maya Gusai | HOTC | 5204 | A Pos | 20310/ 20320 | 1500.00 |
| 31 | 2079.06.13 | Purna Duwal | Iwamura hospital | 5210 | A Pos | 315/31 6/317/ 318 | 3220.00 |
| 32 | 2079.06.14 | Bati Shyam Sundar | Blood and multispeciality Hospital | 5265 | O Pos | 333/33 4 | 1660.00 |
| 33 | 2079.06.14 | Ganesh Maya Manadhar | Bhaktapur International Hospital | 5269 | A Pos | 20343 | 1010.00 |
| 34 | 2079.06.15 | Anu Duwal | Iwamura hospital | 5328 | A Pos | 16 | 1010.00 |
| 35 | 2079.06.16 | Bijay Shrestha | Siddhi Hospital | 5351 | B Pos | 5719 | 1010.00 |
| 36 | 2079.06.16 | Krishna Maya Gusai | Manmohan Transplant Center | 5443 | A Pos | | 810.00 |
| 37 | 2079.06.19 | Pratika Newpane | Siddhi Hospital | 5513 | A Pos | 20340 | 1010.00 |
| 38 | 2079.06.20 | Laxmi maya Kharbuja | Bhaktapur Cancer Hospital | 5540 | AB Pos | 10805/ 5775 | 1920.00 |
| 39 | 2079.06.20 | Bishnu Maya Karmacharya | KMC Hospital | 5561 | B Pos | | 2230.00 |
| 40 | 2079.06.21 | Bishnu Keshari | Bhaktapur Cancer Hospital | 5575 | A Pos | 424 | 880.00 |
| 41 | 2079.06.21 | Nirmala Prajapati | Nepal Korea Friendship Hospital | 5582 | A Pos | 85800/ 85803 | 1920.00 |
| 42 | 2079.06.21 | Usha Jhyakhwo | Siddhi Hospital | 5598 | A Pos | 25310/ 10784 | 1920.00 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 43 | 2079.06.22 | Punyaswori Kumpakha | Madhyapur Hospital | 5639 | AB Pos | 5894/467 | 1660.00 |
| 44 | 2079.06.22 | Bishnu Maya Karmacharya | Bhaktapur Cancer Hospital | 5641 | A Pos | 424/5897/5883/459/461 | 3220.00 |
| 45 | 2079.06.23 | Rachana Regmi | Siddhi Hospital | 5676 | A Pos | 85791 | 1010.00 |
| 46 | 2079.06.23 | Punyaswori Kumpakha | Madhyapur Hospital | 5732 | AB Pos | 85833 | 880.00 |
| 47 | 2079.06.23 | Krishna Sundar Prajapti | Bhaktapur Cancer Hospital | 5739 | O Pos | 311/5735/312 | 2830.00 |
| 48 | 2079.06.24 | Renu Shrestha | Kathmandu Model Hospital | 5804 | A Pos | 516/519 | 1660.00 |
| 49 | 2079.06.25 | Shova Suwal | Dhulikhel Hospital | 5843 | A Pos | | 2230.00 |
| 50 | 2079.06.25 | Keshari Maya Suwal | Madhyapur Hospital | 5854 | O Pos | 60416/14987 | 1920.00 |
| 51 | 2079.06.25 | Bishnu Keshari Kilambu | Bhaktapur Cancer Hospital | 5901 | A Pos | 5893/349 | 1920.00 |
| 52 | 2079.06.26 | Aliza | Patan Hospital | 5968 | O Pos | | 1520.00 |
| 53 | 2079.06.26 | Shyam Chauguthi | Patan Hospital | 6022 | AB Pos | | 1520.00 |
| 54 | 2079.06.26 | Rumi Khagi | Om Hospital | 6034 | O Pos | | 1520.00 |
| 55 | 2079.06.27 | Rakesh Bamanu | Civil hospital | 6111 | A Pos | | 810.00 |
| 56 | 2079.06.27 | Raj Maya Suwal | Dhulikhel Hospital | 6134 | A Pos | | 2230.00 |
| 57 | 2079.06.27 | Bishnu Keshari Kilambu | Bhaktapur Cancer Hospital | 6138 | A Pos | 20403/85896 | 880.00 |
| 58 | 2079.06.27 | Bishnu Keshari Kilambu | Bhaktapur Cancer Hospital | 6150 | A Pos | 20403/85896 | 880.00 |
| 59 | 2079.06.28 | Ratna Maya Prajapati | Bhaktapur Cancer Hospital | 6237 | O Pos | 372/365 | 1920.00 |
| 60 | 2079.06.28 | Kamal Keshari Koju | KMC Hospital | 6258 | O Pos | | 2940.00 |
| 61 | 2079.06.29 | Bishnu Keshari | Bhaktapur Cancer Hospital | 6326 | A Pos | 10862/65071 | 1660.00 |
| 62 | 2079.06.30 | Raji Suwal | Siddhi Hospital | 6356 | A Pos | 15377 | 1010.00 |
| 63 | 2079.06.30 | Krishna Maya Jati | Khwopa Hospital | 6418 | O Pos | 338 | 1010.00 |
| 64 | 2079.06.30 | Krishna prasad prajapati | Madhyapur Hospital | 6430 | A Pos | 15087/14984/35265 | 2830.00 |
| 65 | 2079.06.31 | Laxmi Nuchha | Sahid Dharma Hospital | 6471 | B Pos | 20417/15373 | 1920.00 |
| 66 | 2079.06.31 | Krishna Maya Jati | Khwopa Hospital | 6501 | O Pos | 375 | 1010.00 |
| 67 | 2079.06.31 | Manju Dhaubanjar | Siddhi Hospital | 6536 | O Pos | 80432 | 1010.00 |
| | Total | | | | | | 114140.00 |

# विपद्‌बाट बच्न सँधै तयार रहनुपर्ने : प्रमुख प्रजापति



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नपाका जनप्रतिनिधि र कर्मचारीहरूको लागि २ दिने विपद् व्यवस्थापनसम्बन्धी तालिम भक्तपुर नगरपालिकाको सभाहलमा मंसिर १४ गते शुरु भयो।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि **प्रजापति**ले विपद् जोखिम अप्रत्यासित रूपमा आइपर्ने काबु बाहिरको परिस्थिति भएको हुँदा यसबाट जोगिनको लागि सदा तत्पर रहनुपर्ने विचार व्यक्त गर्नुभयो। उहाँले भक्तपुर नगरपालिकाले कोभिड नियन्त्रण र रोकथामको लागि गरेको व्यवस्थापन उत्कृष्ट भई बागमती प्रदेश मुख्यमन्त्रीको कार्यालयबाट विपद्‌सेवी पदकबाट सम्मान गरिएको स्मरण गर्नुहुँदै कोभिडकै समयमा जनताको सहयोगबाट अक्सीजन प्लान्ट स्थापना गर्न सफल भएको तथा नगरवासीहरूले निःशुल्क अक्सीजन प्राप्त गरिरहेको जानकारी दिनुभयो।

'विपद्‌बाट भाग्ने होइन यसबाट नयाँ कुरा सिक्नुपर्छ' भन्नुहुँदै उहाँले विपद्‌सम्बन्धी पूर्वतयारी र विपद्‌बाट जोगिन सँधै तत्पर रहन बलियो संरचना निर्माण गर्नुपर्ने र नगरस्तरीय विपद् व्यवस्थापन समिति विपद्‌को समयमा सकृय हुन र विपद्‌लाई रोकथाम गर्नका लागि तत्पर रहन विपद् व्यवस्थापन तालिम प्रदान गरी जनशक्ति तयार गरिरहेको जानकारी गराउनुभयो। उहाँले नगरपालिकाले भूकम्प प्रतिरोधी घरहरू निर्माण गर्न डकर्मी तालिम तथा विपद् व्यवस्थापन तालिम सञ्चालन गरिरहेको पनि बताउनुभयो।

कार्यक्रम उपप्रमुख **रजनी जोशी**ले विपद् कुनै पनि समय र कुनै पनि स्वरूपमा आउन सक्ने भएको हुँदा संरचना निर्माणमा भवन आचारसंहिता अनिवार्य रूपमा पालना गर्नुपर्ने बताउनुहुँदै बाढी,पहिरो, आगलागि, महामारीको रूपमा फैलिने रोगहरूबाट हुने धनजनको क्षतीबाट बच्न नगरवासीहरूलाई सचेत र शिक्षित बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो।



उहाँले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यमा गर्दै आएका कार्यहरूको सङ्क्षिप्त जानकारी दिनुहुँदै देशभरिमा शिशुस्याहारदेखि कलेजसम्म सञ्चालन गर्दै १०० शय्याको अस्पताल सञ्चालन लगायत नियमित रूपमा खोप, शिविरहरू, स्काउट तालिम र जनचेतनामूलक कार्यक्रमहरू गर्दै आएको जानकारी दिनुभयो।

दुई दिनसम्म सञ्चालन हुने विपद् जोखिम व्यवस्थापन तालिममा पहिलो दिनको प्राविधिक सेसन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका शाखा अधिकृत **सन्तोषकुमार खत्री**ले सञ्चालन गर्नुभएको थियो भने डा. **राजु थापा** र **अनिरुद्ध नेपाल**ले तालिममा सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो।

तालिममा जनप्रतिनिधि र कर्मचारीहरू गरी ४५ जनाको सहभागिता रहेको छ।

**अन्तर्राष्ट्रिय अपाङ्गता दिवस**

# स्वास्थ्य शिविर तथा प्रतिभा प्रस्तुतीकरण कार्यक्रम



३१ औँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको उपलक्ष्यमा ख्वप कलेजस्थित देकोचामा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य शिविर तथा प्रतिभा प्रस्तुतीकरण कार्यक्रम २०७९ मङ्सिर १७ गते ख्वप कलेज प्राङ्गणमा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले व्यक्तिगत रूपमा फरक फरक क्षमता हुनेभएकोले जो व्यक्तिसँग सीप हुँदैन उसले परनिर्भर भएर बाँच्नुपर्ने अवस्था रहेकोले अपाङ्गता भएका व्यक्तिले पनि सीप सिक्न आवश्यक रहेको बताउनुभयो । भक्तपुर नगरपालिकाले अपाङ्गता भएका व्यक्तिका परिवारको लागि हस्तकला सामग्री बनाउने तालिम सञ्चालन गरिएको बताउनुहुँदै उहाँले अपाङ्गता भएका व्यक्तिलाई सीप दिएर आत्मनिर्भर बनाउनेतर्फ लागेको पनि बताउनुभयो ।



कार्यक्रमका सभापति एवं अपाङ्गता समितिका संयोजक भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले संसारको कूल जनसङ्ख्यामध्ये १५ प्रतिशत जनसङ्ख्यालाई कुनै न कुनै रूपको अपाङ्गता रहेको तर उनीहरूको हरेक ठाउँमा समान पहुँच नभएको र उनीहरूलाई हेर्ने दृष्टिकोण अझै पनि सकारात्मक बन्न नसकेको बताउनुभयो ।

उहाँले नगरपालिकाले निर्माण गर्ने संरचनाहरूमा पनि अपाङ्गमैत्री बनाउन पहल भइरहेको जानकारी समेत दिनुभयो । उहाँले  अपाङ्गता समितिले हालसम्म सम्पन्न गरेका विविध गतिविधिहरूको सङ्क्षिप्त जानकारी समेत प्रस्तुत गर्नुभएको थियो ।



कार्यक्रममा अतिथि भक्तपुर नगरपालिका ९ नं वडा अध्यक्ष **रविन्द्र ज्याख्व**ले जन्मजात, रोग तथा विविध दुर्घटनाको कारणले अपाङ्ग हुनसक्ने भएकोले बढी सतर्क रहनुपर्ने कुरामा जोड दिनुभयो । साथै उहाँले नियमित रूपमा आ आफ्नो स्वास्थ्यको परीक्षण गर्नसमेत आग्रह गर्नुभयो ।

कार्यक्रममा अपाङ्गता समितिका सदस्य एवं भक्तपुर नगरपालिका १ नं. वडा अध्यक्ष **श्यामकृष्ण खत्री**ले नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूको लागि विविध गतिविधिहरू गरिँदै आएको बताउनुभयो । समितिले अपाङ्गता भएका व्यक्तिको समस्या पहिचान गरी मागअनुसार सहायक सामग्री वितरण कार्य पनि निरन्तर रूपमा गरिँदै आएको र खेलकुदलाई पनि प्राथमिकता दिँदै आएको बताउनुभयो ।






ख्वप अस्पतालका चिकित्सक डा. **रत्नसुन्दर लासिवा**ले नगरपालिकाबाट अपाङ्गता परिचयपत्र वितरण गर्दै आएको चर्चा गर्नुहुँदै समाजमा लुप्त रहेका अपाङ्ग व्यक्तिको जानकारी दिनसमेत उहाँले आग्रह गर्नुभयो । भौतिक संरचना

निर्माण कार्य गर्दा अपाङ्गमैत्री बनाउनुपर्ने कुरामा पनि उहाँले बताउनुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रमको दोस्रो चरण अन्तर्गत प्रतिभा प्रस्तुतीकरण कार्यक्रममा अपाङ्गता क्षेत्रसँग सम्बन्धित विद्यालय तथा सङ्घसंस्थाका विद्यार्थी भाइबहिनीहरूबाट कविता वाचन, गायन, चित्रकला तथा नृत्य प्रस्तुत गरेका थिए ।



उक्त कार्यक्रममा उपस्थित अपाङ्गता भएका सबै व्यक्तिहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट जाडोमा लगाउने ऊनको टोपी र मफ्लर वितरणका साथै कविता वाचन, गायन, चित्रकला तथा नृत्यमा सहभागीहरू सबैलाई पदक तथा प्रशंसापत्र संयोजक तथा उप प्रमुखबाट वितरण गर्नुभएको थियो ।

# भोलाछेँ पोखरीको पर्खाल निर्माण कार्यको सार्वजनिक परीक्षण




भक्तपुर नगरपालिका वडा नं. ६ भोलाछेँस्थित वडा कार्यालय भवन अगाडिको भोलाछेँ पोखरीको पर्खाल निर्माण कार्यको सार्वजनिक परीक्षण कार्यक्रम २०७९ मङ्सिर १७ गते एक समारोहबीच सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भोलाछेँ पोखरी भक्तपुरको हेर्नलायक एक आकर्षक पोखरी भएको बताउनुहुँदै नेपाल मजदुर किसान पार्टीले गरेको योगदानकै कारण भक्तपुरका जनताको जीवनस्तर माथि उठेको हो भन्नुभयो ।

देशभरिका स्थानीय तहहरूले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माण तथा विकास निर्माणका क्षेत्रमा गरेका गतिविधिहरूलाई अनुकरण गर्न खोजिरहेको उल्लेख गर्नुहुँदै उहाँले नेमकिपाले देशको सार्वभौमिकता रक्षाको सवालमा खेलेको भूमिकाबारे चर्चा गर्नुभयो ।

उहाँले भक्तपुर नपाले आफ्ना गतिविधि पारदर्शी ढङ्गले विभिन्न सञ्चारमाध्यम र प्रकाशनमार्फत आफ्नो कार्यलाई सार्वजनिक गर्दै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले शिक्षा र स्वास्थ्यको सन्तुलित विकासले भक्तपुरवासी जनताको जीवनस्तरमा उल्लेखनीय प्रगति भएको हो भन्नुभयो ।



कार्यक्रममा भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले पोखरी जीर्णोद्धार तथा मर्मत कार्यको लागि उपभोक्ता समितिमा बसेर काम गर्ने सम्पूर्णमा धन्यवादज्ञापन गर्नुहुँदै वडा नं. ६ मा भइरहेको विकास निर्माणका गतिविधिहरूबारे अवगत गराउनुभयो ।

त्यस्तै कार्यपालिका सदस्य **रोशन मैया सुवाल**ले भक्तपुर नपाले यहाँका मूर्त अमूर्त सम्पदा संरक्षणमा उल्लेखनीय कार्य गर्दै आइरहेको बताउनुहुँदै पोखरी पुन:निर्माणको हिसाबकिताब जनतामाझ सार्वजनिक गर्ने उद्देश्यले कार्यक्रमको आयोजना भएको बताउनुभयो ।

त्यस्तै वडा नं. ६ का वडा सदस्य **गोविन्द दुवाल**ले पोखरी पुन:निर्माणसँगै भोलाछेँ टोलको सुन्दरता थपेको बताउनुभयो ।

भोलाछेँ पोखरी सार्वजनिक परीक्षण कार्यक्रममा उपभोक्ता समितिका अध्यक्ष **कृष्णभक्त नायभारी**ले स्वागत मन्तव्य, कोषाध्यक्ष **सुरज बजिको**ले आय व्यय सार्वजनिक र सचिव **सानुमैया बजिको** र **गोपीकृष्ण चाँगुभारी**ले पनि बोल्नुभएको थियो ।

# विविध समाचार

**ख्वप कलेज अफ लका विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण**

## शासक दलका नेताहरूले भारतको हितमा काम गर्नु मुख्य समस्या




भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा ख्वप कलेज अफ लमा नयाँ भर्ना भएका विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण कार्यक्रम कलेजको सभाहलमा कार्तिक २३ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि **प्रजापति**ले नेपाली जनतामा कानुनी ज्ञानको कमीले गर्दा गरीबहरूले दुःख पाउने गरेको बताउनुहुँदै नवआगन्तुक विद्यार्थीहरूले सानातिना स्वार्थमा सीमित नभई विषयवस्तुमा दख्खल भएको विषयविज्ञको रूपमा आफूलाई स्थापित गर्न मार्गनिर्देशन गर्नुभयो ।

उहाँले प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सभासद्हहरूमा कानुन विषयको अध्ययन नहुँदा देश लथालिङ्ग अवस्थामा पुगेको बताउनुहुँदै नवआगन्तुक विद्यार्थीहरूमा देशको सार्वभौमिकता, स्वाधीनता र देशप्रेमको भावना हुनुपर्ने बताउनुभयो ।

देशको अहिलेको मुख्य समस्या नै शासक दलका नेताहरूले देशको हितका निम्ति नभई भारतको हितमा काम गर्नु हो भन्नुहुँदै यसै कारणले भारतीय शासकहरूले नेपाललाई कहिले पनि स्वतन्त्र र सार्वभौम देशको रूपमा व्यवहार नगरेको र हेपाहा दृष्टि राखेको बताउनुभयो ।

ख्वप कलेज अफ लका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले नव आगन्तुक विद्यार्थीहरूलाई कलेजसम्बन्धी विविध जानकारी प्रदान गरी मार्गनिर्देशन गर्नुभयो भने कार्यक्रममा प्रशिक्षक **राजाराम दुवाल**ले पनि बोल्नु भएको थियो ।

पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी ख्वप कलेज अफ ल अन्तर्गत यस वर्षदेखि सञ्चालनमा आएको बी.ए. एल.एल.बी. कार्यक्रममा २९६ जना विद्यार्थीहरूले पहिलो वर्षमा भर्नाको लागि आवेदन फाराम दिएकोमा ३ समूह गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो ।

**नर्सिङ र सिभिलका विद्यार्थीहरूलाई अभिमुखीकरण**

## शिक्षालाई व्यापारीकरण गर्ने नीतिकै कारण गरिब जनता शिक्षाबाट वञ्चित




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहु-प्राविधिक अध्ययन संस्थानको आयोजनामा शैक्षिक वर्ष २०७९/८० मा ३ वर्षे प्रमाणपत्र तह नर्सिङ र डिप्लोमा इन सिभिल इन्जिनियरिङ विषय अध्ययनका लागि भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूको अभिमुखीकरण कार्यक्रम भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा कार्तिक २४ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले विद्यार्थीहरूले अनुशासनमा रही दीर्घकालीन सोच र लक्ष्यसहित अहिलेदेखि नै मिहिनेत गरेर अध्ययन गर्नुपर्ने, शिक्षालाई पैसा कमाउने उद्देश्यले नभई समाजमा उदाहरणीय बनेर काम गर्छु भन्ने अठोटका साथ अध्ययनमा जोड दिनुपर्ने धारणा राख्नुभयो । निरन्तर परिश्रमको फल मीठो हुने उल्लेख गर्नुहुँदै उहाँले सरकारमा गएका शासक दलहरूको शिक्षालाई व्यापारीकरण गर्ने नीतिकै कारण गरिब जनता शिक्षाबाट वञ्चित हुनुपरेको

बताउनुभयो । भक्तपुर नगरपालिकाले कम शुल्कमा गुणस्तरीय र दक्ष जनशक्ति उत्पादन गर्न र शिक्षा प्रदान गर्न ख्वप बहु-प्राविधिक अध्ययन संस्थानलगायत अन्य शिक्षण संस्थाहरू सञ्चालन गरेको अवगत गराउनुहुँदै शिक्षा सँगसँगै स्वास्थ्यमा पनि सहज पहुँच पुऱ्याउन घरदैलो नर्सिङ, स्वास्थ्य केन्द्रहरूलगायत ख्वप अस्पताल सञ्चालनमा ल्याएको उहाँले बताउनुभयो ।

ख्वप बहु-प्राविधिक अध्ययन संस्थान सञ्चालक समितिका उपाध्यक्ष तथा भक्तपुर नगरपालिकाका उप-प्रमुख **रजनी जोशी**ले 'शिक्षा नै उज्ज्वल भविष्यको मूलबाटो हो' भन्ने भनाईलाई आत्मसात गर्दै ख्वप परिवारमा सामेल भएपछि एक जिम्मेवार नागरिकको रूपमा आफ्नो कर्तव्य निर्वाह गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा संस्थानका प्राचार्य डा. **रत्नसुन्दर लासिवा**ले संस्थान सञ्चालन स्वीकृतिका लागि गर्नुपरेको सङ्घर्षका बारेमा जानकारी गराउनुहुँदै देशभरिबाट अध्ययनका लागि आउने विद्यार्थीहरूको सीप, इमानदारी र दक्षताको बारेमा प्राप्त हुने सकारात्मक पृष्ठपोषणले उर्जा प्रदान गरेको बताउनुभयो ।

नयाँ भर्ना भएका विद्यार्थीहरू, अभिभावकहरू, शैक्षिक तथा प्रशासनिक कर्मचारीहरू सहभागी सो कार्यक्रममा संस्थानको नर्सिङ विभागीय प्रमुख ईश्वरी डंगोल, सिभिल विभागीय प्रमुख रमेश सुवाल र परीक्षा प्रमुख रिमा हाडालगायतले बोल्नुभएको थियो ।

**"दिगो विकासका लागि स्थानीय प्रयास" गोष्ठी**

# मौलिक शैलीका घरहरू भएका अलग अलग सहर निर्माण गर्नुपर्ने



नेपाल सरकार सहरी विकास मन्त्रालयको आयोजनामा विश्व सहर दिवस २०७९ र विश्व सहरी योजना दिवस २०७९ संयुक्त दिवसमा 'दिगो विकासका लागि स्थानीय प्रयास' नारासहित सहरी विकास तथा भवन निर्माण विभागको सभाहलमा मङ्सिर १२ गते कार्यशाला गोष्ठी सम्पन्न भयो ।

उक्त कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले तीव्र रूपमा भइरहेको जनसङ्ख्या वृद्धिसँगै हाम्रा सहरहरू कुरूप र बस्न अयोग्य बन्दै गइरहेकोप्रति चिन्ता व्यक्त गर्नुहुँदै प्रदूषणरहित र व्यवस्थित सहर निर्माण आजको आवश्यकता रहेको उल्लेख गर्नुभयो ।

सहर भनेको धनी र गरिब सबैको लागि बस्न योग्य हुनुपर्नेमा जोड दिनुहुँदै उहाँले गरिबहरू विस्थापित हुनुपर्ने र धनीहरूको मात्रै बसोबास हुने खालको 'स्मार्ट सिटी' नेपालको लागि आवश्यक नभएको बताउनुभयो ।

विदेशी लगानी भित्र्याएर कमिशन खान लालायित योजनाविद्हरू र प्राविधिकहरूले आधुनिकताको नाउँमा विकृतिहरू भित्र्याइरहेको बताउनुहुँदै उहाँले नेपालमा मौलिक शैलीका घरहरू भएका छुट्टाछुट्टै सहरहरूको निर्माण गर्न सके पर्यटन क्षेत्र फस्टाउने बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले नयाँ सहरहरू निर्माण गर्दा देशको सन्तुलित विकासलाई पनि ध्यानमा राख्नु आवश्यक भएको बताउनुहुँदै भक्तपुर नगरपालिकाले संविधानले निर्दिष्ट गरेबमोजिम जनतालाई केन्द्रमा राखी समाजवादउन्मुख काम गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा बागमती नपाका प्रमुख **भरतकुमार थापा**ले गाउँलाई सहर र गरिबलाई धनी बनाउने बागमती नपाको मुख्य लक्ष्य रहेको उल्लेख गर्नुहुँदै नपाले गरिबी निवारण, सीपमूलक तालिम सञ्चालन, व्यवसायिक र यान्त्रीकरण कृषिमा जोड, सहकारीमा आधारित साझेदारी, सुकुम्बासी व्यवस्थापन, सुत्केरी स्याहार पोषण भत्ताको व्यवस्था, नगरस्तरीय १५ शय्याको अस्पताल निर्माणलगायतका योजनाहरू सञ्चालनमा रहेको बताउनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका माननीय सदस्य प्रा.डा. **सुरेन्द्रलाल कर्ण**ले अधिकांश जनता ग्रामीण क्षेत्रमा बसोबास गर्ने देशमा अकस्मात ६२ प्रतिशत जनता नगरपालिकामा पर्ने गरी नगर घोषणाले योजना आयोगलाई काम गर्न समस्या भएको बताउनुभयो ।

उहाँले एउटा सफा, सुन्दर र व्यवस्थित नमुना सहर निर्माण गर्ने आफ्नो सपना रहेको पनि उक्त अवसरमा जानकारी दिनुभयो ।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. **पितम्बर शर्मा**ले सहरी विकासमा स्थानीय प्रयास अत्यन्त महत्त्वपूर्ण भएको बताउनुहुँदै स्थानीय तहको विकास कार्य दिगो बन्न स्थानीय जनताको अपनत्व आवश्यक रहेको चर्चा

गर्नुभयो । सहरी विकास योजनामा स्थानीय तहलाई परिचालन गर्नु चुनौतीपूर्ण भएको बताउनुहुँदै सहरको फोहोरमैला व्यवस्थापन गर्न स्थानीय तहहरूले घरघरबाटै कुहिने र नकुहिने फोहोर अलग अलग सङ्कलन गरी आफ्नै क्षेत्रमा व्यवस्थापन गर्न जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा बोल्नुहुँदै सहरी विकास तथा भवन विभागका नि.सचिव **पदमकुमार मैनाली**ले देश विकासमा स्थानीय अपनत्व नभएसम्म मुलुकको समृद्धि सम्भव नभएको बताउनुहुँदै उहाँले सहरी विकास मन्त्रालयबाट सहरी विकास ऐन तर्जुमा भई सहमतिको लागि कानुन, न्याय तथा संसदीय मन्त्रालयमा पेश भइसकेको अवगत गराउनुभयो ।

कार्यक्रममा सहरी विकास मन्त्रालयका महानिर्देशक **सुरेन्द्रमोहन श्रेष्ठ**, नेपाल क्षेत्रीय तथा सहरी योजनाकार समाज (रपसन) का अध्यक्ष **महेन्द्र सुब्बा**, राजनीतिक विश्लेषक **सी.के. लाल**, सहरी विकास तथा भवन निर्माण विभागका उपनिर्देशक **नारायणप्रसाद भण्डारी**, अन्तर्राष्ट्रिय विज्ञ प्रा.डा. **मार्क पेल्लिङ**, युएन कार्यक्रम व्यवस्थापक **प्रज्ञा प्रधान**लगायतले सम्बोधन गर्नुभएको थियो । सोही कार्यक्रममा प्रस्तुत ख्वप इन्जिनियरिङ कलेजका छात्रा **अन्जु महर्जन** र पूर्वाञ्चल विश्वविद्यालयका **आस्था आचार्य**लाई उत्कृष्ट शोधपत्र पुरस्कार वितरण गरिएको थियो ।

उक्त कार्यशाला गोष्ठीको उद्घाटन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. सुरेन्द्रलाल कर्णले गर्नुभएको थियो भने कार्यक्रमको सभापतित्व ग्रहण सहरी विकास मन्त्रालयका निमित्त सचिव पदमकुमार मैनालीले गर्नुभएको थियो ।

# सामुदायिक अस्पताल र स्वास्थ्य केन्द्रहरूमा आवश्यक जनशक्तिको व्यवस्था गर्नुपर्ने




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यको आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुने र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा पहुँच हुने अधिकार प्रदान भए पनि सबै जनताले निःशुल्क उपचार पाउन नसकेको बताउनुभयो ।

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको आयोजनामा मङ्सिर १३ गते भक्तपुरको बोडेस्थित कृषि विकास बैंक तालिम केन्द्रमा आयोजित संयुक्त वार्षिक समीक्षा गोष्ठीको दोस्रो दिन **'स्थानीय तहबाट प्रदान गरिने आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता'** विषयमा भएको प्यानल छलफलमा प्यानलिष्टको रूपमा सहभागिता जनाउँदै नगर प्रमुख प्रजापतिले उक्त विचार राख्नुभएको हो ।

कार्यक्रममा उहाँले भक्तपुर नगरपालिकाले कुनै पनि नगरवासीलाई २० मिनेटभित्र स्वास्थ्य सेवा दिन सक्ने गरी काम गर्दै आएको अवगत गराउनुहुँदै नागरिकहरूको स्वास्थ्यसम्बन्धी जानकारी लिन घरदैलो नर्सिङ सेवा नगरपालिकाले सञ्चालन गर्दै आएको बताउनुभयो ।

उहाँले स्वास्थ्य बीमाको भुक्तानी समयमा नहुनु, दक्ष जनशक्ति टिकाइ राख्न गाह्रो हुनु, टेन्डर गरेको औषधी समयमा उपलब्ध नहुनु, आर्थिक अभावले भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालमा सिटी स्क्यान र एमआरआई राख्न नसक्नु र ख्वप अस्पतालको लागि सरकारको तर्फबाट नियमित अनुदानको व्यवस्था नहुनुलगायत भक्तपुर नगरपालिकाका प्रमुख चुनौतीहरू रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रमका अर्का प्यानलिष्ट वक्ता नेपाल नगरपालिका सङ्घका अध्यक्ष तथा धुलिखेल नपाका प्रमुख **अशोक ब्यान्जु**ले धुलिखेल अस्पतालले स्वास्थ्य बीमामार्फत गरिब जनतालाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको बताउनुहुँदै संविधानमा उल्लेख भएका विषय कार्यान्वयन गर्ने जिम्मा सङ्घ र प्रदेशको मात्र नभई स्थानीय सरकारको पनि भएको बताउनुभयो । उहाँले धुलिखेल नपाले स्वास्थ्यबारे डिजिटल डाटा लिई स्वस्थ सहर बनाउने अभियानमा लागेको बताउनुहुँदै नपाले कार्बनमुक्त सहर बनाउने, एक घर एक धारा अभियान, अपाङ्गता भएकालाई स्वास्थ्य बीमा निःशुल्क रूपमा गराउँदै आएको बताउनुभयो ।

त्यस्तै अर्का वक्ता धनकुटाको शहिदभूमि गाउँपालिकाका अध्यक्ष **मनोज राई**ले शहिदभूमि गा.पा. पहाडी जिल्लाको अत्यन्त विकट गाउँपालिका भएको




बताउनुहुँदै स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखी ज्येष्ठ नागरिक, अपाङ्गता भएका बिरामी, बालबालिका र महिलाहरूलाई लक्षित गर्दै घुम्ती स्वास्थ्य शिविर सञ्चालनमा ल्याएको बताउनुभयो । उहाँले विकट गाउँपालिका भएकोले दक्ष स्वास्थ्यकर्मीको अभाव रहेको बताउनुहुँदै नेपाल सरकारले विकट ठाउँमा काम गर्ने स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहनका कार्यक्रमहरू ल्याउनु आवश्यक भएको बताउनुभयो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय नीति योजना तथा अनुगमन महाशाखाका महानिर्देशक **दिपेन्द्ररमण सिंह**ले स्वास्थ्य क्षेत्रमा विभिन्न स्थानीय तहबाट उल्लेखनीय काम भइरहेको बताउनुहुँदै संविधानप्रदत्त स्थानीय तहबाट प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा जनताको पहुँचमा पुऱ्याउन सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो ।

कार्यक्रमको सञ्चालन स्वास्थ्य महाशाखाका प्रमुख **कृष्णप्रसाद पौडेल**ले गर्नुभएको थियो ।

**नागरिकता विधेयकमा राष्ट्रपति कार्यालयको जवाफ**

# ‘विधेयक प्रमाणीकरण नहुनु संविधान र कानुनको उल्लङ्घन होइन’



राष्ट्रपति कार्यालयले राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक प्रमाणीकरण नगरेर मुलुकको अभिभावकीय भूमिका निभाएको बताएको छ ।

सर्वोच्च अदालतमा (कात्तिक २९ गते) लिखित जवाफ पेस गर्दै राष्ट्रपति कार्यालयले संसद्बाट पारित नागरिकता विधेयक मुलुकको हितमा नभएकाले विधेयक प्रमाणीकरण नगरेर अभिभावकीय भूमिका निर्वाह गरेको बताएको हो । राष्ट्रपतिको सन्देशलाई बेवास्ता गर्दै दोस्रोपटक सङ्घीय संसद्बाट नागरिकता विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस भएकोमा गत असोज ३ गतेसम्म पनि राष्ट्रपतिले विधेयक प्रमाणीकरण नगरेकाले विधेयक निष्क्रिय हुन पुगेको थियो ।

विधेयक प्रमाणीकरण नगरेको भन्दै गत असोज ६ गते राष्ट्रपति विद्यादेवी भण्डारीविरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता भएको थियो । उक्त विधेयक प्रमाणीकरण गर्न राष्ट्रपति कार्यालयका नाममा आदेश जारी गर्न माग गर्दै रिट दर्ता भएको थियो । यसको लिखित जवाफ पेस गर्दै राष्ट्रपति कार्यालयले राष्ट्रपतिले विधेयक अस्वीकृत नगरेको भन्दै यथास्थितिमा राखेको दाबी गरेको छ । २०७५ सालदेखि संसद्मा विचाराधीन नागरिकता विधेयक सरकारले फिर्ता लिई अभिभावकीय संस्थासँग छलफल परामर्श र संशोधन गर्नुपर्ने औचित्य, आधार स्पष्ट नगरी संशोधित विधेयक ल्याउनु संवैधानिक र उत्तरदायित्व एवं संसदीय सिद्धान्तको प्रतिकूल हो भन्दै यस्तो विधेयक प्रमाणीकरण नहुनु संविधान र कानुनको उल्लङ्घन नभएर संरक्षण भएको दाबी लिखित जवाफमा गरिएको छ । नागरिकतासम्बन्धी विधेयक अल्पमत र बहुमतबाट पारित हुने विषय नभई निश्चित विधि प्रक्रिया र सहमतिका आधारमा हुनुपर्ने राष्ट्रिय हितसँग गाँसिएको महत्त्वपूर्ण कानुन भएको उल्लेख छ ।

जवाफमा विभिन्न मुलुकमा राष्ट्रपतिले मुलुकको हकहितका लागि विशेषाधिकार प्रयोग गरेको उदाहरण दिँदै राष्ट्रपति कार्यालयले नेपालमा पनि सो अधिकार हुने उल्लेख गरिएको छ ।

सङ्घीय संसद्ले पारित गरी पहिलोपटक पेस गरेको विधेयक राष्ट्रपति कार्यालयले १५ बुँदे सन्देशसहित फिर्ता पठाएको थियो । संसद्को दुवै सदनमा ती विषयमा छलफल नभएकोमा राष्ट्रपतिको चित्तदुखाइ थियो । उनले कतिपय सरकारी अधिकारीहरू र अन्य व्यक्तिसँग भेटघाटकै क्रममा आफ्नो र संस्थाको पदीय मर्यादा कायम नगरिएको भन्दै गुनासो गरेकी थिइन् । राष्ट्रपतिबाट सन्देशसहित फिर्ता गरिएको नागरिकता विधेयक कुनै परिवर्तन नगरी

पुनः प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस हुँदा नै विधेयक प्रमाणीकरण नगरिएको पनि जवाफमा बताइएको छ ।

'विधि र प्रक्रिया पूरा नगरी आएको विधेयकका सम्बन्धमा प्रमाणीकरण गरिएन भनी राष्ट्रपति संस्थालाई लगाइएको आरोप निराधार, कपोलकल्पित र दुराशययुक्त छ । नियम र प्रक्रियाविपरीत प्राप्त विधेयकको अप्रमाणीकरणका सन्दर्भमा संविधानको व्यवस्था लागु हुन सक्दैन,' जवाफमा उल्लेख छ। पुनर्विचार गरेर मात्रै विधेयक फेरि पारित गरिनुपर्नेमा पुनर्विचार नै नगरिएको पनि भनिएको छ। सङ्घीय संसद्मा राष्ट्रपतिको समेत स्थान हुने राष्ट्रपति कार्यालयको भनाइ छ। संविधानको धारा ८१ अनुसार सङ्घीय संसद्मा पेस हुने विधेयकबारे सरकारले राष्ट्रपतिलाई जानकारी गराउनुपर्ने व्यवस्था भएको र त्यसको पालना नभएको जवाफमा भनिएको छ।

राष्ट्रपति कार्यालयका अनुसार संविधान, सर्वोच्च अदालतका नजिर, विश्वव्यापी मान्यता र परम्पराका आधारमा नागरिकता विधेयक प्रमाणीकरण नगरी यथास्थितिमा राख्ने काम भएको हो। राष्ट्रपति कार्यालयले प्रमाणीकरणका लागि आएको विधेयकलाई अस्वीकृत गरेको नभई विधि, प्रक्रिया र संविधानको भावना प्रतिकूल हुनेगरी फेरि आएकाले 'यथास्थितिमा राखिएको' दाबी गरेको छ। तत्कालीन प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित भई प्रतिनिधिसभामा पेस भएको विधेयक अघि नबढाई अर्कै रूपमा विधेयक अघि बढेको राष्ट्रपति कार्यालयको दाबी छ।

संविधानले नै आफूलाई राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने र संविधानको संरक्षण गर्ने जिम्मेवारी दिएको जिकिर गर्दै राष्ट्रपति कार्यालयले त्यसको पालनाको सिलसिलामा नागरिकता विधेयक यथास्थितिमा राखिएको दाबी गरेको छ। संविधानको धारा १० मा प्रादेशिक पहिचानसहितको नागरिकताको प्रमाणपत्र जारी हुने व्यवस्था छ। धारा १५ मा प्रत्येक नागरिकको परिचय खुल्नेगरी अभिलेख राख्नुपर्ने उल्लेख छ। यसलाई विधेयकले सम्बोधन नगरेको पनि लिखित जवाफमा भनिएको छ।

राष्ट्रपति कार्यालयले एकपटक विधेयक प्रमाणीकरण नगरिएका कारण कानुन बनाउने सङ्घीय संसद्को अधिकार कटौती नभएको तर्क अघि सारेर राष्ट्रपतिको सन्देशलाई ध्यानमा राखी अर्को विधेयक ल्याउन सकिने सङ्केत गरेको छ।

(नागरिक, २ मङ्सिर २०७९)

# संरा अमेरिका-दक्षिण कोरियाको संयुक्त हवाई युद्ध अभ्यासको प्रतिवादमा आफ्नो सैनिक कारबाहीबारे कोरियाली जनसेना जनरल स्टाफको प्रतिवेदन



प्योङयाङ, नोभेम्बर ७ (केसीएनए)। संरा अमेरिका-दक्षिण कोरियाले गरिररहेको संयुक्त हवाई युद्ध अभ्यासको प्रतिवादमा आफ्नो सैनिक कारबाहीबारे कोरियाली जनसेना (कोजसे) को जनरल स्टाफ (मुख्यालय) ले एक प्रतिवेदन सार्वजनिक गर्दै त्यसबारे एक प्रेस विज्ञप्ति जारी गरेको छ ।

कोजसेको प्रेस विज्ञप्तिमा भनिएको छ - संरा अमेरिका र र दक्षिण कोरियाको गैरजिम्मेवार सैनिक उन्मादका कारण कोरियाली प्रायःद्वीपमा गम्भीर स्थिति कायम रहेकोमा अहिले अस्थिर भिडन्ततिर स्थिति अगाडि बढेको छ ।

संरा अमेरिका-दक्षिण कोरियाको अहिलेसम्मकै सबैभन्दा ठूलो आकारको हवाई सैन्य अभ्यास -'भिजिलान्ट स्टम' कोरियाको दक्षिण भागमा अक्टोबर ३१ देखि नोभेम्बर ५ सम्म भयो जसमा रणनीतिक बम बर्षकसहित आणविक विभिन्न ध्येय र प्रयोजनका सयौं युद्धक विमानहरू उडाइए । ठूलो आकारको उक्त सैन्य अभ्यास वास्तवमा यस क्षेत्रमा तनाव उत्पन्न गर्ने नियतका साथ फैलाइएको उत्तेजना हो । उक्त खतरनाक युद्ध अभ्यास प्रजग कोरियामाथि प्रत्यक्ष

रूपमा लक्षित अति आक्रामक युद्धको खेल हो। संरा अमेरिका र दक्षिण कोरियाले ठूलो स्तरको आक्रामक युद्ध अभ्यासहरू गरेर असहनीय र अक्षम्य गल्तीहरू गरी यस क्षेत्रको स्थिरता र शान्तिलाई चुनौती दिइरहेका छन्।

यसरी देखिइरहेको गम्भीर सुरक्षा चुनौती र स्थितिको प्रतिवाद गर्ने दृढता प्रदर्शन गर्न र आत्मरक्षाको विश्वास अभिवृद्धि गर्न कोरियाली जनसेनाले सैनिक कारबाहीको अभ्यास गरेको छ। यस सैनिक कारबाहीको अभ्यासमार्फत प्रजग कोरियाले आफ्ना सबै सशस्त्र बलका सदस्यहरूलाई अगाडि तेर्सिन आएका सबै चुनौतीहरूको दृढतापूर्वक प्रतिकार गर्न र सुनिश्चित विजय प्राप्तिको लागि प्रेरित गरेको छ। कोरियाली जनसेनाको जनरल स्टाफको निर्देशनबमोजिम प्रतिवादमूलक सैनिक कारबाहीको अभ्यास नोभेम्बर २ देखि ५ सम्म गरी सम्पन्न भएको छ।

पहिलो दिनको सैनिक कारबाही अभ्यासको क्रममा कोरियाली हवाई सेनाले शत्रुको हवाई सेनाको आधार ध्वस्त गर्ने अभ्यास गऱ्यो भने उत्तरी फ्योनागान प्रान्तमा अवस्थित मिसाइल युनिटले डिस्पर्सन वारहेड (टुक्रा टुक्रा भई विष्फोटन हुने बम) सहितको चार ओटा ट्याक्टिकल ब्यालेस्टिक मिसाइल पूर्वी कोरियाली समुद्रमा प्रहार गऱ्यो भने भूमिगत रूपमा जानसक्ने वारहेडसहितको मिसाइल पश्चिम समुद्री ब्यारेजको मरुभूमि टापूमा प्रहार गऱ्यो। बिहान र दिउँसो गरी युद्धकविमान प्रतिरोधी मिसाइल युनिटले विभिन्न उचाइ र दूरीमा उडिरहेका शत्रुका युद्धकविमानलाई लक्षित गर्ने ध्येयले जमिनबाट हावामा मार हान्ने २३ ओटा मिसाइलहरू सफल प्रहार गऱ्यो।

त्यसक्रममा प्रजग कोरियाका मिसाइलहरू दक्षिणको भूभागको समुद्रमा खसेको दाबी गर्दै शत्रु सेनाले विमानबाट जमिनमा मार हान्ने मिसाइलहरू प्रजग कोरियाली भूभागको खुल्ला समुद्रमा प्रहार गऱ्यो। त्यसको प्रतिवादमा कोरियाली जनसेनाले उत्तरी ह्योमगान प्रान्तबाट ५९०.५ किलोमिटर दूरीको लक्ष्य तय गरी दक्षिण कोरियाको उल्सान सहरको ८० किलोमिटर पूर्वको खुल्ला समुद्रमा दुईओटा रणनीतिक क्रुज मिसाइलहरू प्रहार गरेको थियो।

रक्षा विज्ञान एकेडेमीको अनुरोधमा कारबाही अभ्यासको दोस्रो दिन कोजसेले नयाँ निर्मित ब्यालेस्टिक मिसाइलहरूको परीक्षण प्रहार गरेको थियो। भरपर्दो तवरले राडार निर्देशित र विशेष कार्यमूलक युद्धशीर्ष (वारहेड) बोक्नसक्ने ती मिसाइलहरूले शत्रुको कमाण्ड प्रणालीलाई पक्षघात पार्नसक्ने विश्वास गरिएको छ। त्यस्तै शत्रुको स्थायी युद्धउन्मादको प्रतिकार गर्न पाँच ओटा सुपरलार्ज (विशाल) बहुद्देश्यीय मिसाइलहरू प्रक्षेपण गरियो र विभिन्न प्रयोजनका ट्याक्टिकल ब्यालेस्टिक मिसाइलहरू तथा ४६ ओटा लामो दूरीका मिसाइलहरू पूर्वी समुद्रमा प्रहार गरियो।

तेस्रो दिनको कारबाही अभ्यासको क्रममा युद्धको स्थितिको सामना गर्ने गरी विभिन्न युनिटका ५०० युद्धक विमान सामेल भई ३ घण्टा ४७ मिनेटसम्म विभिन्न निशानामा प्रहार गर्ने अभ्यास गरियो र त्यसले शत्रुको संयुक्त हवाई युद्ध अभ्यासलाई उपयुक्त जवाफ फर्काउन सफल भयो।

शत्रुको हवाई आधारहरूलाई निशाना बनाउने अभ्यास कारबाही अभ्यासको चौथो दिन पनि भयो। कोजसेले फेरि २ ओटा डिस्पर्सन वारहेड (टुक्रा टुक्रा भई विष्फोटन हुने बम) सहितको ट्याक्टिकल गाइडेड ब्यालेस्टिक मिसाइलहरू प्रक्षेपण गऱ्यो र दुईओटा विशाल बहुद्देश्यीय मिसाइलहरू पश्चिम समुद्री ब्यारेजको मरुभूमि टापूमा प्रहार गऱ्यो। सबै नै प्रतिकारका सैनिक कारबाही अभ्यासहरूले सफलतापूर्वक आफ्ना नियोजित उद्देश्यहरू हासिल गरे र कोजसेका संलग्न सबै युनिटहरूका उच्च प्रस्तुति सन्तोषजनक रहे।

कारबाही अभ्यासभरि नै प्रजग कोरियाका सशस्त्र बलहरूले शत्रुको संयुक्त हवाई सैन्य अभ्यासलाई प्रतिकारमूलक जवाफ दिए र शत्रुका हवाई सेनाको 'सर्वोच्चताको सिद्धान्त' लाई निस्तेज पारी आत्मरक्षाको आफ्नो आत्मविश्वास अभिवृद्धि गरे। प्रतिकार कारबाहीको अभ्यासले प्रजगको कोरियाको सुदृढ सैन्य अवस्था सुनिश्चित गर्नुकासाथै कोजसेको क्षमता र पूर्ण प्रतिकारको इच्छालाई सटीक ढङ्गले प्रदर्शित गऱ्यो।

कोजसेले गरेका भर्खरको प्रतिवाद सैनिक कारबाहीको अभ्यास संरा अमेरिका र दक्षिण कोरियाले निरन्तर जारी राखेका युद्धउत्तेजनामूलक संयुक्त सैनिक अभ्यासहरूलाई प्रजग कोरियाको स्पष्ट जवाफ हो र शत्रुका उत्तेजनापूर्ण गतिविधिको जवाफ दिन कोजसे तयार भनी देखाएको छ। प्रजग कोरियाका सशस्त्र बलका लागि भविष्यका लागि सिद्धान्त र निर्देशन पनि हो।

प्रजग कोरियाविरुद्ध शत्रुका कुनै पनि युद्ध अभ्यासको सशक्त र व्यावहारिक सैनिक उपायहरूकासाथ प्रतिकार गर्ने कोजसे मुख्यालय पुनः स्पष्ट पार्दछ।

(मजदुर, २०७९ कात्तिक २८)

# पूर्वराष्ट्रपति चियाङ चमिनको निधन



पेइचिङ, (सिन्ह्वा)। चीनका पूर्वराष्ट्रपति चियाङ चमिनको मङ्सिर १४ गते निधन भएको छ। रक्तकोषिका र श्वेतरक्तकोषिकामा भएको अकल्पनीय उतारचढाव तथा बहुअङ्ग असफल भएका कारण साङ्घाईमा निधन भएको चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी) को केन्द्रीय समितिले घोषणा गरेको हो।

नेता चियाङ ९६ वर्षका हुनुहुन्थ्यो।

उहाँले सन् १९८९ देखि २००२ सम्म सिपिसीको महासचिव, सोही वर्षदेखि सन् २००४ सम्म केन्द्रीय सैन्य आयोगको अध्यक्ष तथा सन् १९९३ देखि २००३ सम्म राष्ट्रपतिका रूपमा चीनको नेतृत्व गर्नुभएको थियो।

राष्ट्रपति चियाङले २०५३ मङ्सिरमा दुईदिने नेपाल भ्रमण गर्नुभएको थियो।

उमेर र शारीरिक अस्वस्थताका कारण नेता चियाङ बितेका तीन वर्षयता सार्वजनिकस्थलमा देखिनुभएको थिएन। तीन वर्षअघि उहाँ तत्कालीन प्रधानमन्त्री ली फङको अन्त्येष्टिमा सहभागी हुनुभएको थियो।


भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

देको-मिवा-इतापाके जग्गा एकीकरण आयोजना

शहीद स्मृति खेल मैदान परिसर, भ.न.पा.-२, भक्तपुर

**स्थायी ज.ध. प्रमाण पुर्जा उपलब्ध गराउनेसम्बन्धी सूचना**

यस आयोजना क्षेत्रमा परेको साविक नक्सा नं. १५ क, ख, ग, ङ, च र ज तथा १०क र ५क को सम्पूर्ण कित्ता जग्गाको रिप्लटिङ नक्सा तथा स्रेस्ता स्वीकृत गर्ने २०७९ भाद्र २२ गते बसेको व्यवस्थापन उपसमितिको निर्णयअनुसार नापी कार्यालयबाट फिल्ड निरीक्षण गरी नक्सा स्वीकृत भइसकेकोले स्वीकृत नक्सा तथा स्रेस्ताअनुसार जग्गा धनी तथा मोहीहरूले विकसित घडेरी फिर्ता लिन जग्गाधनी प्रमाण पुर्जाको सक्कल र प्रतिलिपि १-१ थान, नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ थान र मालपोत तिरेको सक्कल रसिद साथ आयोजना कार्यालयमा सम्पर्क गरी निवेदन फारम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# हाम्रो स्वास्थ्य

## स्तन क्यान्सरः सतप्रतिशत निदान हुन्छ



– डा. अरूण शाही

हामी सबैको अनुभव समाज वा परिवारमा पक्कै पनि हाम्रा साथी, नातेदार, दिदी–बहिनी, आमा वा काकी कोही न कोही स्तन क्यान्सरसँग लडिरहेको हुनुहुन्छ वा लडिरहेको हुनुहुन्थ्यो । अझै प्रष्ट रूपमा भन्नुपर्दा यो रोग नभएको सायद कुनै टोल, गाउँ वा सहर नहोला ।

तथ्याङ्क हेर्ने हो भने विश्वमा महिलामा हुने क्यान्सरमा स्तन क्यान्सर पहिलो नम्बरमा पर्छ । तर हाम्रो देशमा यो क्यान्सर पाठेघरको मुखको क्यान्सरपछि दोस्रो नम्बरमा आउँछ । ग्लोबोक्यान (डब्लुएचओ) २०१८ को तथ्याङ्कअनुसार प्रत्येक दिन नेपालमा ६ जना महिलालाई स्तन क्यान्सरको पहिचान हुने गर्छ र प्रत्येक दिन ३ जना महिलाको मृत्यु यस क्यान्सरले गर्दा हुने गर्छ ।

संसारको सबैभन्दा विकशित मुलुक अमेरिकाको कुरा गर्ने हो भने अमेरिकन क्यान्सर सोसाइटीको तथ्याङ्कअनुसार प्रत्येक आठ जना महिलामा एक जनालाई स्तन क्यान्सर हुने जोखिम छ । अमेरिकामा फोक्सोको क्यान्सरपछि सबैभन्दा बढी क्यान्सरद्वारा महिलाको मृत्यु स्तन क्यान्सरले गर्दा हुन्छ ।

अङ्ग्रेजी वर्षको अक्टोबर महिनालाई स्तन क्यान्सर विरुद्ध जागरण फैलाउने अभियान महिनाको रूपमा संसारभर विभिन्न कार्यक्रम आयोजना गरेर मनाइन्छ । यो महिनामा हामी सबै गुलाबी रङ मग्न हुन्छौं । मानिसहरू गुलाबी रङको रिबन लगाएर, गुलाबी रङका पहिरन लगाएर, विभिन्न कार्यक्रम (जस्तैः बाटोमा हिँड्ने, नाचगान गर्ने तथा अरू सामूहिक कार्यक्रम गर्ने) गरी समाजका सबै महिलामा स्तन क्यान्सरको जोखिमबाट कसरी आफूलाई सुरक्षित राख्ने तथा समयमै पहिचान गरे स्तन क्यान्सर निदान हुने क्यान्सर हो भन्ने संवेदनशील नै यस जागरण अभियानको मुख्य उद्देश्य हो ।

### कारण

अहिलेसम्मको वैज्ञानिक खोज तथा अनुसन्धानले स्तन क्यान्सर ठ्याक्कै यही कारणले हुन्छ भन्ने पत्ता लगाउन सकेको छैन तर केही कारण छन् जसले जोखिम बढ्ने सम्भावना रहन्छ ।

१) महिला हुनु र बढ्दो उमेर (धेरैजसो स्तन क्यान्सर ५५ वर्षभन्दा माथिका महिलालाई)
२) परिवारमा कसैलाई स्तन वा डिम्बासयको क्यान्सर भएमा
३) race (जातीयह गोरा महिलालाई धेरै)
४) Increased Breast Density
५) Genetics -BRCA1, BRCA2
६) धेरै सानो उमेरमा महिनावारी भएका महिला अथवा धेरै उमेर भएर महिनावारी सुकेका महिला ।

**अरू जोखिम बढाउने कारण** जो हाम्रो दैनिक जीवनशैलीसँग सम्बन्धित छन्–

१) धेरै गर्भनिरोधक औषधि प्रयोग गर्नु
२) ज्यक्रयलभ थेरापी धेरै लिनु
३) ढिलो उमेरमा सन्तान जन्माउनु वा सन्तान नहुने महिला
४) अत्यधिक धूमपान र मादक पदार्थ सेवन गर्ने महिला
५) धेरै मोटो महिला वा शारीरिक व्यायाम नगर्ने महिला

**स्तन क्यान्सरको जोखिमलाई कम गर्ने केही उपाय** पनि छन्–

१) रक्सी तथा सूर्तिजन्य पदार्थबाट टाढा रहनु
२) स्तनपान गराउनु
३) शरीरको तौल स्वास्थ्य लेबलमा राख्नु
४) योगा, कसरत र दैनिक शारीरिक ब्यायाम गर्नु र पौष्टिक खानेकुरा खानु ।

स्तन क्यान्सरलाई सुरुको अवस्थामा पहिचान गरेर उपचार गर्नुपर्छ भन्ने सन्देश सम्पूर्ण महिलासम्म पुर्‍याउनु नै स्तन क्यान्सर जागरण अभियानको मुख्य उद्देश्य हो । यसका लागि स्तन क्यान्सरका लक्षणको बारेमा सबै तप्काका महिलाले थाहा पाउन एकदमै जरूरी छ ।

### स्तन क्यान्सरका लक्षण

१) स्तनमा नयाँ गिर्खा तथा गाँठोहरू देखिनु
२) स्तनको आकार र प्रकारमा परिवर्तन आउनु
३) स्तन दुख्नु वा सुन्निनु
४) स्तनमा खाल्टो पर्नु
५) स्तनको मुन्टोबाट रगत अथवा तरल पदार्थ आउनु
६) शरीरको अनावश्यक तौल घट्नु

स्तन क्यान्सरलाई सुरुको अवस्थामा पहिचान गरी समयमै उपचार गर्नु नै स्तन क्यान्सरलाई निर्मुल पार्ने अचुक अस्त्र हो । यदि यो क्यान्सरलाई समयमै पहिचान गरी समयमा उपचार गर्‍यो भने यसलाई सतप्रतिशत निर्मुल पार्न सकिन्छ । यदि ढिलो अर्थात् स्टेज ३ वा ४ मा पत्ता लागे यसलाई निदान

पार्न सकिँदैन । यस्तो अवस्थामा यस क्यान्सरलाई प्यालियटिभ उपचार गरी बिरामीको दुखाइ तथा पीडा कम गरी बाँकी जीवन सजिलो बनाउन प्रयास गरिन्छ ।

स्तन क्यान्सरलाई सुरुको अवस्थामा पहिचान गर्नका लागि २ महत्त्वपूर्ण उपाय छन्-

**१) ब्रेस्ट सेल्फ इग्जेमिनेसन अर्थात् आफ्नो स्तन आफै जाँच्ने**

यस अन्तर्गत १८ वर्षको उमेरभन्दा माथिका महिलाले प्रत्येक महिनाको एकचोटी महिनावारी भएको ५ देखि ७ दिनमा आफ्नो स्तन आफै जाँच गर्ने । महिनावारी सुकिसकेका महिलाले प्रत्येक महिनाको एउटै दिनमा आफ्नो स्तन जाँच गर्ने । जसले गर्दा स्तनको आकार तथा प्रकारमा हुने परिवर्तनको बारेमा सुरुको अवस्थामा थाहा हुन्छ । र, केही परिवर्तन भेटिएमा तुरुन्त चिकित्सकको परामर्श लिने ।

**२) म्यामोग्राफी द्वारा ब्रेस्टको स्क्रिनिङ गर्ने**

कुनै पनि रोगको लक्षण देखिनुभन्दा पहिले त्यस रोगलाई पहिचान गर्ने प्रविधिलाई स्क्रिनिङ भनिन्छ । स्तन क्यान्सरलाई सुरुको अवस्थामा पत्ता लगाउनको लागि महिलाले स्क्रिनिङ जाँच गर्नुपर्छ । स्तन क्यान्सरको सबैभन्दा उत्तम वैज्ञानिक स्क्रिनिङ गर्ने प्रविधि भनेको म्यामोग्राफी हो । अमेरिकन क्यान्सर सोसाइटीको गाइडलाइनअनुसार ४५ वर्षदेखि ६५ वर्षसम्मका महिलाले वर्षमा एक पटक म्यामोग्राफी जाँच गर्नुपर्छ । म्यामोग्राफी एक प्रकारको एक्स-रे हो, जसले स्तनको आकार तथा प्रकारमा भएको परिवर्तनलाई पहिचान गर्ने गर्छ । म्यामोग्राफीसँगै अथवा म्यामोग्राफी गर्न नमिल्ने महिलालाई स्तनको भिडिओ एक्स-रे तथा एमआरआई पनि गर्ने गरिन्छ । यदि यी जाँचहरूमा स्तन क्यान्सरको शङ्का भएमा बायोप्सी गरेर स्तन क्यान्सर भए/नभएको निश्चित हुन्छ ।

अन्त्यमा, अहिलेसम्मको वैज्ञानिक अनुसन्धान तथा क्यान्सर रोग विशेषज्ञको अनुभवको आधारमा, जो महिलाको दैनिक जीवनशैली स्वास्थ्य तथा अनुशासित हुन्छ, उनीहरूमा स्तन क्यान्सरको जोखिम अरूभन्दा न्यून हुन्छ । त्यसैले तपाइँ सबै महिलाले आफ्नो दैनिकीमा शारीरिक ब्यायाम, योगा र पौस्टिक खानासँगै स्वस्थ जीवन निर्वाह गर्नुहोस् । स्तन क्यान्सर सम्बन्धी केही शङ्का भएमा चिकित्सकको परामर्श लिनुहोस र उमेर पुगिसकेपछि चिकित्सकको सल्लाह बमोजिम प्रत्येक वर्षमा एकचोटी म्यामोग्राफी गर्नुहोस् ।

*(डा.शाही पाटन अस्पतालका मेडिकल ओंकोलोजिस्ट हुनुहुन्छ ।)*

स्वास्थ्यखबर

## थाहा पाइराखौं

- प्रहरी र जेल नभएको देश आइसल्याण्ड हो ।
- नेपालसँग सर्वप्रथम दौत्य सम्बन्ध कायम भएको देश बेलायत हो ।
- माउण्ट एभरेष्ट लाई 'सगरमाथा' भनी नामकरण गर्ने ब्यक्ति इतिहास शिरोमणि बाबुराम आचार्य हुन् ।
- वि.सं. २०४४ फागुन २९ गते त्रिभुवन च्यालेन्ज शिल्ड फुटबल प्रतियोगितामा अचानक आँधीहुरीका कारण बाहिर निस्कन खोज्दा आपसमा किचिएर ७० दर्शकको निधन भएको थियो ।
- नेपालमा सर्वप्रथम कानुनी नोटको प्रचलन वि.सं. २००२ असोज १ गते भएको हो ।
- एक महादेश एक देशका रूपमा चिनिने महादेश अष्ट्रेलिया हो ।
- नेपालमा नागरिकता वितरण कार्यको शुरुआत वि.सं. २००९ देखि भएको हो ।


- प्रहरी र जेल नभएको देश आइसल्याण्ड हो ।
- नेपालसँग सर्वप्रथम दौत्य सम्बन्ध कायम भएको देश बेलायत हो ।
- माउण्ट एभरेष्ट लाई 'सगरमाथा' भनी नामकरण गर्ने ब्यक्ति इतिहास शिरोमणि बाबुराम आचार्य हुन् ।
- नेपालमा सर्वप्रथम कानुनी नोटको प्रचलन वि.सं. २००२ असोज १ गते भएको हो ।


सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य



भक्तपुर BHAKTAPUR [MONTHLY] मासिक

वर्ष ३९ अङ्क १ देखि १२
सङ्ख्या ३०३ देखि ३१५

# वार्षिक विषय सूची

(विसं २०७८ मार्ग २०७९ कात्तिक)

## वर्ष ३९ अङ्क १/२०७८ मार्ग/सङ्ख्या- ३०३

१) 'व्यवस्थित शहर विकासको लागि आवास योजना सञ्चालन गरिएको हो' – सुनिल प्रजापति
२) 'जैविक विविधताले पृथ्वीलाई जीवन्त र ऊर्जावान बनाएको छ' – सी चिनफिङ
३) भक्तपुर नगरपालिकामा जनप्रतिनिधिका चार वर्ष–सोनी शाही
४) स्वास्थ्यमन्त्रीलाई खुलापत्र – विवेक
५) किम इल सङको संस्मरण:शताब्दीका साथ (१२)–अनु.नीरज
६) डार्विन : विकासवाद सिद्धान्तका प्रणेता – राजेन्द्रबहादुर कायष्ठ
७) 'मुद्दा चल्दै गर्छ, मेरो घर निर्माण हुँदै गर्छ'– कुशल
८) श्रीखण्डझ्यालको अभिलेख – पुरुषोत्तमलोचन श्रेष्ठ
९) हाम्रो परम्परागत लक्ष्मी पूजा – ओम धौभडेल
१०) एमसीसीको विरोध आत्मनिर्भर अर्थतन्त्र र विकासको निम्ति हो – सृजना सैंजू
११) एमसीसीको जाबो ५० करोड डलर – दिवाकर
१२) के लामो दूरीमा चल्ने बसहरूको लागि सल्लाघारी उपयुक्त उपाय हो ? – राजेन्द्र हाडा
१३) य:मरि पुन्हि – डा.वीरेन्द्रप्रसाद कायस्थ
१४) छ्वाली कलाका कलाकार रामकृष्ण सुवाल–राजकुमार लघु
१५) सार्वजनिक जग्गा र पोखरी खानेहरू को को हुन् ? – जेवी आचार्य, एलबी थापा र एसबी दाहाल
१६) पढाइ कक्षा ६, पढाउँछन् इन्जिनियरिङ – लीला श्रेष्ठ
१७) जर्मन सम्पदाविद्को घरफिर्ती – देवेन्द्र भट्टराई
१८) 'भक्तपुर' मासिक भक्तपुरको अलग परिचय–अम्बिका न्याईच्याई
१९) विरोध – आर.दिस्ती
२०) दुई गजल – नरेन्द्रप्रसाद जोशी
२१) मूस्वां : एकपरिचय – सबिन ख्याजू
२२) रानी पोखरी जीर्णोद्धार र ह्वा ह्वा पाटी पुन:निर्माण – आ.सरिता धुख्वा
२३) भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय
२४) भक्तपुर नगरपालिकाको गतिविधि
२५) विविध समाचार
२६) भद्रगोलै भद्रगोलको राज्य (सम्पादकको पृष्ठ)


**साथमा** – केटाकेटीको लागि/बसिबियालो/आफन्तीको कथा/शासक दलको पूर्वाग्रहीका कारण ख्वप विश्वविद्यालय स्वीकृति नपाएको : अध्यक्ष बिजुक्छेँ/उपमेयर कपमा भक्तपुर नगरपालिकाको जित/सिर्जनानगरमा नवनिर्मित आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन उद्घाटन/भक्तपुरको रानीपोखरी उत्तरपूर्व प्रवेशद्वार र पाटी निर्माणको शिलान्यास/पुस्तकालय तथा वाचनालयहरूको विकासबारे पुस्तकालयकर्मीहरूसँग छलफल/एमसीसी सम्झौताको निरन्तर विरोध गर्नु देशभक्त नागरिकको कर्तव्य : प्रमुख सुनिल प्रजापति/जर्मन राजदूत र युनेस्कोका प्रतिनिधि भक्तपुरमा/स्पेनका सभामुखको नेतृत्वमा संसदीय प्रतिनिधिमण्डल भक्तपुर भ्रमणमा/जनप्रतिनिधिले जनताको भावनाअनुसार काम गर्नुपर्नेमा जोड/सरसफाइ सम्मानजनक काम हो/**'भक्तपुर' मासिकका लेखकहरूबीच छलफल**/भक्तपुर नपाको अनुगमन/अध्यक्ष बिजुक्छेँद्वारा भक्तपुरको रानीपोखरी, सिद्धपोखरी र भाजुपोखरीको स्थलगत निरीक्षण/एकचालीसौँ नेपालभाषा साहित्य त:मुंज्या/ "Qualitative and Quantitive Research" विषयक कार्यशाला गोष्ठी/"Time Series Analysis Using E-views" विषयक कार्यशाला गोष्ठी/राजनीतिमा महिलाहरूको सहभागिता कम भएकोले समाज पछाडि पर्‍यो/एमसीसी सम्झौता खारेज गर्नुपर्नेबारे प्रवचन/देशको राजनीति राम्रोभए देशको विकास सम्भव/राष्ट्रिय परिचयपत्र वितरणसम्बन्धी अभिमुखीकरण/विद्यार्थी निकेतन माविमा पुरातात्त्विक अवशेषहरू भेटिए/देशलाई आत्म निर्भर बनाउन शिक्षालाई जोड/आपराधिक घटना न्युनीकरणमा प्रहरी र नागरिक दुवैको भूमिका आवश्यक/महिला सङ्घबाट न्हू दाँ नेपाल संवत् ११४२ को शुभकामना/सुस्त मनस्थिति कल्याण विद्यालयको भवन उद्घाटन/ प्रजग कोरियाले गऱ्यो नयाँ प्रविधिको मिसाइल परीक्षण/कोभिसिल्डको ६३.३ प्रतिशत र भेरोसेलको ७२.४ प्रतिशत एन्टीबडी/ विश्वमा कोभिड–१९ को स्थिति/ २७ वर्ष काम लाग्ने क्यालेन्डर/नेपालमा कोरोना/ हाम्रो स्वास्थ्य/ स्थानीय सरकार सञ्चालन ऐन २०७४ (२४)/Sketches From Nipal–Henry Ambros Oldfield (65)/ रङ्गीन पृष्ठ ।

## वर्ष ३९ अङ्क २/२०७८ पुस/सङ्ख्या- ३०४

१) नृत्य वत्सला मन्दिरको उद्घाटन
२) ऐतिहासिक लक्ष्मीनरसिंह मन्दिरको शिलान्यास
३) एमसीसी सम्झौतामा हस्ताक्षर गर्नेहरू र पारित गर्न खोज्नेहरू जनतासामु नाङ्गिनेछन्- का.रोहित
४) नेमकिपाको ३२ औं केन्द्रीय परिषद्बाट पारित राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरू
५) नेमकिपाद्वारा देशघाती एमसीसी सम्झौता खारेज गराउन देशभर खबरदारी जुलुस तथा विरोध सभा
६) भक्तपुर नगरपालिका देशको नमुना नगरपालिकाको रूपमा विकास भइरहेको छ : प्रमुख सुनिल प्रजापति
७) 'भक्तपुरमा जनता आफै सार्वजनिक सम्पत्तिको पहरेदार छन्'
८) सहरी विकासमन्त्री रामकुमारी झाँक्रीलाई खुल्लापत्र-विवेक
९) चीनले जारी गऱ्यो आफ्नो शैलीको प्रजातन्त्रबारे श्वेतपत्र
१०) नृत्य वत्सला मन्दिर पुन:निर्माणको प्रक्रिया र प्राविधिक पक्ष
११) सङ्घीयता नक्कली नाकको शौखजस्तै लाग्छ भक्तपुरका नगरप्रमुखलाई -पुष्कर बुढाथोकी
१२) मूलाछेँ फल्चाको शिलालेख- पुरुषोत्तमलोचन श्रेष्ठ
१३) भक्तपुरको ऐतिहासिक लक्ष्मीनरसिंह मन्दिर-ओम धौभडेल
१४) विद्यार्थी र खेलकुद जीवन- श्यामकृष्ण खत्री
१५) किम इल सङको संस्मरण शताब्दीका साथ(१४)अनु.:नीरज
१६) च्याउ र धन्यचा स्वाँ खेती-सबिन ख्याजू
१७) माघे सङ्क्रान्तिको ज्योतिषीय महत्त्व र वैज्ञानिकता-डा. वीरेन्द्रप्रसाद कायस्थ
१८) श्रीमतीको चाहना र इच्छा बुझेको खण्डमा यो समस्या नआउने हो कि ?- कुशल
१९) पौभा चित्रका कलाकार रत्नगोपाल सिंख्वाल-राजकुमार लघु
२०) भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय
२१) नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०७८
२२) भक्तपुर नगरपालिकाको ७२ औं स्थापना दिवस
२०) अपाङ्गता भएकाहरूको खेलकुद प्रतियोगिता तथा स्वास्थ्य शिविर
२१) अँचा पोखरी परिसरमा आदर निकेतनको भवन शिलान्यास
२२) सुधारिएको शवदाहको शिलान्यास
२३) राष्ट्रिय योजना आयोगले समाजवादउन्मुख राज्य व्यवस्थाअनुरूपको योजनाहरू तयार गर्नुपर्ने -प्रमुख प्रजापति
२४) १८ औं महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका दिवस
२५) देशघाती एमसीसी सम्झौताबारे अन्तरक्रिया र प्रवचन
२६) काठमाडौँ उपत्यका विकास प्राधिकरण खारेज गर्नुपर्ने
२७) सम्पदाहरूको विवरण स्थानीय तहहरूलाई उपलब्ध गराउनुपर्ने
२८) पुनर्जीवित हुदै लायक्‌ (सम्पादकको पृष्ठ)
**साथमा-** ख्वप मोडेल /बसिबियाँलो/ भक्तपुर- नारायणकुमार आचार्य/एमसीसीविरुद्ध नेपाली महिलाहरू चुप लागेर बस्न नहुने- सांसद प्रेम सुवाल/जघन्य अपराध गर्नेहरूको लागि मृत्युदण्डको व्यवस्था हुनुपर्ने- प्रमुख सुनिल प्रजापति/ 'भक्तपुरमा बस्दा गौरवको अनुभूति गर्छु'- रामलाल श्रेष्ठ/ संक्षेपमा/ नेपालमा कोरोना/भक्तपुर कप फुटबल प्रतियोगिता/विश्वमा कोभिड-१९ को स्थिति/हाम्रो स्वास्थ्य/केटाकेटीको लागि/२००६ सालको नगरपञ्चायत ऐन/ Sketches From Nipal–Henry Ambros Oldfield (67)/ रङ्गीन पृष्ठ।


## वर्ष ३९ अङ्क ३/२०७८ माघ/सङ्ख्या- ३०५

१) हाम्रो लक्ष्यमा अहिलेसम्म कुनै भ्रम छैन- का.रोहित
२) भारतीय बलमिचाइको विरोध एवम् भर्त्सना
३) वैशाखमै स्थानीय तहको निर्वाचन गर्नुपर्ने जनप्रतिनिधिहरूको माग
४) पूँजीपति वर्गले दयामायाले सत्ता छोड्दैन - सुनिल प्रजापति
५) मधेस प्रदेश : पहिचान कि भारतीय एजेण्डा ?- विवेक
६) जुँगा (व्यङ्ग्य निबन्ध)- हृदयचन्द्रसिंह प्रधान
७) कान्तिपुरी नगरी काष्ठकलाको अलकापुरी- तेजेश्वरबाबु ग्वंग
८) किम इल सङको 'शताब्दीका साथ'(१५)- अनु. नीरज
९) शैव एवं बौद्ध धर्मप्रति आस्थावान अंशुवर्मा- ओम धौभडेल
१०) काठमाडौँ-भक्तपुर खण्डको अरनिको राजमार्गको जाम समस्या - सरोज वैद्य
११) पुनर्निर्माणमा स्थानीय तागत- रबिना शिल्पकार
१२) अलेक्जण्डर ग्राहम बेल- राजेन्द्रबहादुर कायष्ठ
१३) नदी प्रवाह-प्रणाली (अपवाह तन्त्र)- विष्णुभक्त राजचल
१४) भक्तपुर नगर सहरी संरचना र सम्बन्ध- आ. निरु शिल्पकार, आ.रेश्मा दुमरु
१५) ओमिक्रोन र त्यसको असर-डा. अमर प्रजापति












१६) भक्तपुरबाट सिक्नुपर्ने पाठ– डा. विवेध न्यौपाने
१७) श्री वच्छलादेवी (अन्नपूर्णा देवी)– लीलाभक्त मुनंकर्मी
१८) नेपालका अन्तराष्ट्रिय आर्बिटर निरञ्जन प्रजापति– आर.के. राज, व्यासी
१९) तिनीहरूले मरेको मान्छेको सहिछाप लिएर सम्पत्ति बाँडेर खाए– कुशल
२०) कुरिलो खेती– सविन ख्याजू
२१) फागुपूर्णिमा (होलीपुन्ही)– डा. वीरेन्द्रप्रसाद कायस्थ
२२) भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय
२३) नरपालिका गतिविधि
२४) विविध समाचार
२५) संक्षेपमा
२६) ठिमाहा गठबन्धनको उटपट्याङ (सम्पादकको पृष्ठ)
**साथमा** – केटाकेटीको लागि/थाहा पाइराखौं/ बसिबियाँलो/ नेपालमा कोरोना/ विश्वमा कोभिड–१९ को स्थिति/ हाम्रो स्वास्थ्य/ २००६ सालको नगरपञ्चायत ऐन (२) /Sketches From Nipal– Henry Ambros Oldfield (68-**The End**)/ रङ्गीन पृष्ठ ।

## वर्ष ३९ अङ्क ४/२०७८ फागुन/सङ्ख्या- ३०६

१) धम्कीको अगाडि झुक्नुको अर्थ आत्मसमर्पण हो– नारायणमान बिजुक्छैं
२) शासक दलका नेताहरू लेन्डुपका नयाँ अवतार सावित– विवेक
३) क्युवा सधैं नेपालको साथमा छ : राजदूत सिनान्कस
४) समालोचनाया सिद्धान्त– प्रो. माणिकलाल श्रेष्ठ
५) मानवतावादी वैज्ञानिक लुइ पाश्चर– राजेन्द्रबहादुर कायष्ठ
६) मातृत्वको सम्मान नगर्ने छोरा, बुहारी र नातिनीहरूलाई कडा सजाय दिन पाइएन– कुशल
७) पाहां चःहे (पिशाच चतुर्दशी)– डा. वीरेन्द्रप्रसाद कायस्थ
८) 'च्यांग्रांसि भगवान' एक चर्चा– नाति कवां
९) हिमालय पर्वतको वर्तमान प्रवाह प्रणाली– विष्णुभक्त राजचल
१०) बहुआयामिक खेलाडी इन्द्रभक्त पंच –राजकुमार लघु
११) इजरायल निसंकोच 'अपर्थाइड' राज्य हो –यारा हवारि
१२) भक्तपुर नपाको एघारौं नगरसभा
१३) भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय
१४) देशघाती एमसीसीविरुद्धको सङ्घर्ष बाँकी छ !
१५) अध्यक्ष बिजुक्छैंद्वारा ऐतिहासिक न्हु पुखू उद्‌घाटन
१६) अध्यक्ष बिजुक्छैंद्वारा गय् भिंद्यो हनुमन्ते पुल उद्‌घाटन
१७) अध्यक्ष बिजुक्छैंद्वारा ख्वप अस्पताल निरीक्षणःख्वप अस्पतालमा अन्तरङ्ग सेवा सुरू
१८) बागमती प्रदेशका मुख्यमन्त्री पाण्डे भक्तपुर भ्रमणमा
१९) नगर प्रमुख प्रजापति र क्युवाका महामहिम राजदूत मारिन बीच शिष्टाचार भेट
२०) प्रदेश स्वास्थ्य निर्देशनालयका प्रतिनिधिद्वारा ख्वप अस्पताल निरीक्षण
२१) शहीदहरूको योगदान भुलेर कर्तव्यच्युत हुन नहुने
२२) क्युवाप्रति श्रमजीवी नेपाली जनताको ऐक्यबद्धता
२०) लिखितम्‌को अगाडि बकितम् चल्दैन (सम्पादकको पृष्ठ)
**साथमा** – ख्वप अस्पताल : सेवामा बढ्दो गति/बसिबियाँलो/ठूलो व्यासीस्थित छोसो फल्चा उद्‌घाटन/तेखापुखु फल्चा तथा शारीरिक व्यायाम सामग्री उद्‌घाटन/ब्रह्मायणी पुलको शिलान्यास/वडा नं. २ मा स्वास्थ्य शिविर/भक्तपुर नपाको अनुगमन/नेक्राकि सङ्घ भक्तपुर नगर सम्मेलन/ सार्वभौमिकता जोगाउन देशघाती एमसीसी सम्झौताको विरोध गरौं /नेपालमा कोरोना/ हाम्रो स्वास्थ्य/ केटाकेटीको लागि/ नेपालमा कोरोना/ २००६ सालको नगरपञ्चायत ऐन/रङ्गीन पृष्ठ ।


## वर्ष ३९ अङ्क ५/२०७८ चैत/सङ्ख्या- ३०७

१) सन्तानलाई राजनीतिबाट टाढा राख्ने अभिभावकहरूलाई अनुरोध– नारायणमान बिजुक्छैं
२) 'हामीले १ अर्ब २० करोड वैदेशिक अनुदान स्वीकार गरेनौं'– सुनिल प्रजापति
३) निर्वाचनमा कम्युनिष्ट पार्टीहरूले किन भाग लिन्छन् ?– विवेक
४) थालमा, सुलमा, कुलमा र नन्ददेव राजा –पुरुषोत्तमलोचन श्रेष्ठ
५) संविधानले दिएको अधिकार कुण्ठित गर्न खोजियो, सङ्घीयता कागजमा मात्र आयो : मेयर सुनिल प्रजापति– सुनीता साखकर्मी/समृद्धा केसी
६) बिस्का जात्राको नालीबेली– ओम धौभडेल
७) भक्तपुरका आदिविद्रोही अवधूतसिंह मल्ल –शिवराज श्रेष्ठ मल्ल
८) भक्तपुर नपा : सम्पदा पुनर्निर्माणसँगै शिक्षा र स्वास्थ्यमा अब्बल– सुदर्शन अर्याल/अमृत चिमरिया












९) आधुनिक प्रविधिलाई समेत चुनौती दिने ३२० वर्ष पुरानो पाँचतले मन्दिर- सविना देवकोटा
१०) समालोचनाया सिद्धान्त-२-प्रो. माणिकलाल श्रेष्ठ
११) प्रमुख नदीका शाखा नदीहरू- विष्णुभक्त राजचल
१२) तर किसंचालाई सबैले गाली गर्नेक्रम रोकिएन -कुशल
१३) नगरव्यापी पछिमा बाजा प्रतियोगिता २०७८
१४) भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय
१५) सङ्घीय सरकारको नियन्त्रणकारी सोच फेरिएन, पालिका बलियो बनाउन अब के गर्ने ?
१६) भक्तपुर नगरपालिकाको पर्यटक सूचना तथा सेवा केन्द्र उद्घाटन
१७) लिबाली कभर्ड हल उदघाटन
१८) परम्परागत शैलीमा घर निर्माण गर्नेहरूलाई अनुदान
१९) स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका पदाधिकारीहरूलाई धन्यवादज्ञापन कार्यक्रम
२०) अध्यक्ष बिजुक्छेँद्वारा पुन:निर्मित लान्चा फल्चा उद्घाटन
२१) विश्वकर्मा आगं छेँ तुछिमला छ्मा गणेश ढल्चा भजन पाटी उद्घाटन
२२) फोहोर पानी प्रशोधन केन्द्र निर्माण आरम्भ
२३) गोलबजार नपाका जनप्रतिनिधि भक्तपुर नपामा
२४) ख्वप मावि, ख्वप कलेज र शारदा क्याम्पसको वार्षिक उत्सव
२५) प्रथम राष्ट्रव्यापी भक्तपुर खुला ब्याडमिन्टन प्रतियोगिता
२६) चिनियाँ विदेश मन्त्रीको ३ दिने नेपाल भ्रमण
२७) हवासोङ्-१७ को सफल परीक्षण प्रक्षेपण
२८) स्थानीय सरकारको पहिलो कार्यकाल (सम्पादकको पृष्ठ)

**साथमा-** बसिबियाँलो/नपाका विभिन्न गतिविधि/ संक्षेपमा/ विविध समाचार/विभिन्न वडामा धन्यवाद कार्यक्रम /विभिन्न वडामा स्वास्थ्य शिविर/ हाम्रो स्वास्थ्य/२००६ सालको नगरपञ्चायत ऐन/ उपत्यका खानेपानी बोर्डका सदस्यहरूबाट सिस्नेरी खानेपानी आयोजनाको अवलोकन/ज्ञानबहादुर न्याइच्याईको स्मृतिसभा।

## वर्ष ३९ अङ्क ६/२०७९ वैशाख/सङ्ख्या- ३०८

१) जनताको सेवा गर्ने अवसरकोनिम्ति हार्दिक आभार एवं धन्यवाद - सुनिल प्रजापति
२) 'सङ्घीयताले देश विकास हुने होइन, मुख्य कुरा सत्ता सञ्चालक इमानदार हुनुपर्छ' -सुनिल प्रजापति
३) निर्वाचनलाई नवउदारवादविरोधी सङ्घर्षको रूपमा अघि बढाउनु पर्ने- विवेक
४) भक्तपुर दरबारमा राष्ट्रिय कला सङ्ग्रहालय- सत्यमोहन जोशी
५) नेवा: समाजमा दिगु पूजा- ओम धौभडेल
६) लक्ष्मीनरसिंह मन्दिरको पुनर्जीवन - सरिता धुख्वा
७) आफ्नै कलेज र स्थानीय भाषामै पाठ्यक्रम चलाउने भक्तपुर नगरपालिका -एस राज उपाध्याय
८) फल्चा- राजेन्द्र श्रेष्ठ
९) सितेरियो कराँते खेलाडी, प्रशिक्षक तथा रेफ्री रबिना सुवाल- राजकुमार लघु
१०) बर्डफ्लु रोगबाट बच्न तथा बचाउन अपनाउनुपर्ने उपायहरू- पार्वती योन्जन
११) समालोचनाया सिद्धान्त (३)- प्रो. माणिकलाल श्रेष्ठ
१२) भुमरी र हुरी : एक चर्चा- विष्णुभक्त राजचल
१३) होमर र ट्रोजन युद्ध- नाति कवां
१४) वार्सा सन्धि सङ्ठनको विघटनको परिणाम -प्रधान
१५) भक्तपुर नगरपालिकाका उम्मेदवारहरू २०७९
१६) २०७४ मा भक्तपुर नपाको मत विवरण
१७) देशघातीलाई सजाय दिनु मतदाताको अधिकार र कर्तव्य - प्रकाश नेपाल
१८) भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय
१९) ख्वप अस्पताल स्तरोन्नतिका लागि प्रारम्भिक वातावरणीय परीक्षणको सार्वजनिक सुनुवाई
२०) 'जनताको सम्पत्ति जनताकै सहभागितामा बनाउँछौं'
२१) 'ख्वप विश्वविद्यालय सञ्चालनको लागि आवश्यक पूर्वाधारहरूको विकासमा जोड दिइरहेका छौं'
२२) ऐतिहासिक पुरातात्त्विक जगन्नाथक्षेत्र उत्खनन प्रतिवेदन हस्तान्तरण
२३) चिनियाँ र जापानी भाषा तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण
२४) जनताको सहयोगमा ख्वप मोडल विस्तार
२५) बिस्का जात्राबारे सद्भाव र्‍याली तथा सचेतना कार्यक्रम
२६) गम्भीर भएर सोच्ने बेला (सम्पादकको पृष्ठ)

**साथमा** - बसिबियाँलो/नेपालमा कोरोना/केटाकेटीको लागि/ तालाक्वमा शुभकामना आदानप्रदान तथा धन्यवादज्ञापन/पसल व्यवसायी भेला/ भक्तपुर नगरपालिकामा टाइफाइड












रोगविरुद्धको खोप/नगर शिक्षा ऐन लागु गर्नेमा भक्तपुर नपा देशमै पहिलो/ बालबालिकाहरूको मनोविज्ञान बुझेर शिक्षा प्रदान गर्नुपर्नेमा जोड/पुस्तक प्रदर्शनीमा ख्वप मोडलबारे चर्चा/मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना/मेलम्ची खानेपानीको विकल्पको अध्ययन भइरहेको जानकारी/खेलाडी सम्मान/चिनियाँ अन्तरिक्ष यात्री ६ महिनापछि पृथ्वीमा अवतरण/विश्वमा कोभिड-१९ को स्थिति/हाम्रो स्वास्थ्य/२००६ सालको नगरपञ्चायत ऐन/रङ्गीन पृष्ठ।

## वर्ष ३९ अङ्क ७/२०७९ जेठ/सङ्ख्या- ३०९


१) भक्तपुर नगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरूद्वारा शपथ ग्रहण
२) पदभार ग्रहण र पहिलो कार्यपालिका बैठक
३) नेमकिपाको धन्यवादज्ञापन ऱ्याली
४) नेपाल मजदुर किसान पार्टीको स्थानीय तह निर्वाचन घोषणापत्र २०७९
५) भक्तपुर नपाको लागि नेमकिपाको प्रतिबद्धतापत्र
६) छोटो परिचय : सुनिल प्रजापति
७) छोटो परिचय : रजनी जोशी
८) विजय घोषणाको लगत्तै (तस्बिरमा)
९) स्थानीय तह निर्वाचन-२०७९ मा भक्तपुर नपा
१०) नेपालमा कोरोना
१०) निर्वाचन परिणामपछि सञ्चार माध्यममा
११) स्थानीय तह निर्वाचन २०७९ - मतदानको दिन
१२) नेमकिपाका उम्मेदवारलाई पार्टीको निर्वाचन चिह्न 'मादल' दिइएन






१३) नेमकिपाको कुनै दलसँग सहकार्य छैन
१४) विभिन्न पालिकामा नेमकिपाका विजयीहरू (केही समाचार)
१५) जनतालाई दिएको वचन पूरा गर्न जनताको राय सल्लाहअनुसार अगाडि बढ्ने
१६) निर्वाचन समीक्षा
१७) नगर प्रमुख प्रजापतिसँग केयुकेएलका प्रमुख शाक्यको भेट
१८) भक्तपुरमा जेठको दोस्रो हप्ताबाट मेलम्चीको पानी वितरण हुने
१९) मेलम्चीको पानी वितरण सुरु
२०) युग सुहाउँदो शिक्षा दिन शिक्षकहरूले मिहिनेत गर्नुपर्छ : प्रमुख प्रजापति
२१) 'नेमकिपा सिद्धान्तहीन गठबन्धनमा लागेको छैन'
२२) भक्तपुर नपाले आर्थिक पारदर्शितालाई उच्च महत्त्व दिँदै आएको - सुनिल प्रजापति
२३) नगरको विकासको निम्ति जनताको सल्लाहलाई नपाले कदर गर्ने
२४) घरदैलो नर्सिङ सेवा सञ्चालन गर्ने पहिलो भक्तपुर नगरपालिका
२५) बासु माविद्वारा नवनिर्वाचित जनप्रतिनिधिहरुलाई शुभकामना तथा बधाईज्ञापन
२६) मेडिकल कलेज स्थापनाको लागि निरन्तर कार्य
२७) वैदेशिक ऋण र सहायताले देश कहिल्यै आत्मनिर्भर नहुने
२८) ख्वप इन्जिनियरिङ कलेजका नवआगन्तुक विद्यार्थीलाई अभिमुखीकरण तथा उत्कृष्ट विद्यार्थी सम्मान
२९) समाज परिवर्तन दर्शनको आधारमा हुने
३०) दुई दिन बिदाबारे
३१) 'बालेन' साह भक्तपुरमा
३२) भक्तपुर नपाबारे युट्युवमा
३३) कार्यपालिकामा निर्वाचित सदस्यहरूको शपथग्रहण
३४) बधाई तथा धन्यवाद
३५) विश्वमा कोभिड-१९ को स्थिति
३६) हाम्रो स्वास्थ्य
३७) पद होइन जिम्मेवारी (सम्पादकको पृष्ठ)


## वर्ष ३९ अङ्क ८/२०७९ असार/सङ्ख्या- ३१०


१) भक्तपुर नगरपालिकाको बाऱ्हौं नगरसभा उद्घाटन
२) सय वर्षपछिको भक्तपुर - नारायणमान बिजुक्छेँ
३) 'स्रोत र साधनको व्यवस्थापन हुन नसक्दा विकास हुन नसकेको हो'- सुनिल प्रजापति
४) 'जनता साथमा भएपछि जस्तोसुकै काम पनि गर्न सकिँदो रहेछ' : सुनिल प्रजापति - सविना देवकोटा
५) 'भक्तपुर सुन्दर नगर बनाउने प्रयासमा छौं' - कृष्ण किसी
६) जनप्रतिनिधि परिचय (श्यामकृष्ण खत्री, हरिप्रसाद बासुकला र राजकृष्ण गोरा)
७) नेमकिपाविरुद्धका दुई चुनावी गठबन्धन - कुमार, प्रकाश नेपाल
८) नेपाल एसपीपीबाटमात्र होइन आइपीएसबाट कहिले निस्कने ?- प्रस्तुतिःबी.कार्की
९) भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय
११) विजयीलाई बधाई र मतदातालाई धन्यवाद

१२) नगरपालिकाको गतिविधि
१३) विविध समाचार
१४) नगरव्यापी विद्यालयस्तरीय राष्ट्रपति कप खेलकुद प्रतियोगिता
१५) संक्षेपमा
१६) मल कारखाना खोल्न केले रोक्यो ? (सम्पादकको पृष्ठ)
**साथमा** – बसिबियाँलो/नेपालमा कोरोना सङ्क्रमण/विश्वमा कोभिड–१९ को स्थिति ।


## वर्ष ३९ अङ्क विशेष/२०७९ साउन/सङ्ख्या- ३११


१) भक्तपुर नगरपालिकाको बाह्रौं नगरसभा विस्तृत विवरण
२) भक्तपुर नगरपालिकाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम – प्रमुख सुनिल प्रजापति
३) नगरवासीहरूबाट अझ उत्साहका साथ सफा, सभ्य र सुन्दर नगरको पहिचान दिलाउन साथदिनेमा विश्वास–उपप्रमुख रजनी जोशी
४) बाह्रौं नगरसभाबाट पारित प्रस्तावहरू
५) भक्तपुर नगरपालिकाको विनियोजन ऐन २०७९
६) स्थानीय सञ्चितकोषबाट विनियोजन हुने रकम
७) राजस्व तथा अनुदान आयको अनुमान तथा यथार्थ
८) आ.व. २०७७/०७८ को यथार्थ खर्च आ.व. २०७८/०७९ जेष्ठ महिनासम्मको यथार्थ खर्च र आ.व. २०७९/०८० को अनुमानित बजेट खर्च विवरण
९) प्रस्तावित योजनाहरुको अनुमानित विनियोजित बजेट
१०) भक्तपुर नगरपालिकाको आर्थिक ऐन २०७९
११) विशेष अङ्कबारे (सम्पादकको पृष्ठ)


## वर्ष ३९ अङ्क ९/२०७९ साउन/सङ्ख्या- ३१२


१) 'समाजवादउन्मुख अर्थनीतिले मात्रै देश विकास सम्भव छ' – सुनिल प्रजापति
२) नेमकिपाद्वारा संरा अमेरिकी युद्धपिपासु कदमको विरोध प्रेस वक्तव्य– नारायणमान बिजुक्छेँ (रोहित)
३) फोहोरमैला व्यवस्थापनको लागि सङ्घ, प्रदेश र स्थानीय तहहरूबीच समन्वय र सहकार्य आवश्यक – सुनिल प्रजापति
४) सङ्घीयता कार्यान्वयनमा देखिएका चुनौती र समाधानका उपायहरू – सुनिल प्रजापति
५) सय वर्षपछिको भक्तपुर (२) – नारायणमान बिजुक्छेँ
६) जगन्नाथ मन्दिर फेरि ठडिएला – गौरीबहादुर कार्की
७) इतिहास के हो र किन ? – विश्वमोहन जोशी
८) भूगोल के हो ?– विष्णुभक्त राजचल
९) भाषासेवी मास्टर पशुपतिभक्त धौभडेल–ओम धौभडेल
१०) समालोचनाया सिद्धान्त (५) – प्रो माणिकलाल श्रेष्ठ
११) मार्क्सको पर्यावरणीय शिक्षा – मार्टिन इम्प्सन
१२) डालाकेगु जात्राको ज्योतिषीय महत्त्व र वैज्ञानिकता– डा. वीरेन्द्रप्रसाद कायस्थ
१३) बक्सिङका राष्ट्रिय खेलाडी तथा निर्णायक दिनेश बासुकला – राजकुमार लघु
१४) विषाक्त खाद्यान्न आयातको विकल्पमा वैज्ञानिक कृषि फार्म सञ्चालन आवश्यक – सत्यराम कासिछ्वा
१५) नेपालको भूराजनीतिक अलमल – काओ लियाङ
१६) भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय
१७) नगरपालिका गतिविधि
१८) 'ख्वप सः' को वार्षिकोत्सव
१९) वृक्षारोपण
२०) नियमित पाक्षिक सरसफाइ
२१) विजयीलाई बधाई र मतदातालाई धन्यवाद
२२) विविध समाचार
२३) का. शोभा प्रधान (बिजुक्छेँ) को श्रद्धाञ्जली सभा
२४) संक्षेपमा
२५) नेपालको नागरिकता भनेको कागजको खोस्टा हो ? (सम्पादकको पृष्ठ)
**साथमा**- बसिबियाँलो/नेपालमा कोरोना/कृषि प्रधान देश छ मेरो–सुनिता गाइसी/ केही गजल–नरेन्द्रप्रसाद जोशी/ख्वप अस्पताल/विश्वमा कोभिड–१९ को स्थिति/२००६ सालको नगरपञ्चायत ऐन (६)/हाम्रो स्वास्थ्य ।


## वर्ष ३९ अङ्क १०/२०७९ भाद्र/सङ्ख्या- ३१३


१) भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको सय दिन
२) सुकुलढोका भीमसेन सत्तलको ऐतिहासिक पृष्ठभूमि
३) जनताले जनविरोधी पदाधिकारीहरूको स्वार्थ कहिल्यै पुरा हुनदिने छैन – सुनिल प्रजापति
४) जनप्रतिनिधि, कर्मचारी र जनताबीचको समन्वयले भक्तपुर देशकै उत्कृष्ट नगर बन्न सफल – रजनी जोशी
५) नेमकिपा चुनावबाट समाजवाद स्थापना हुनेमा विश्वास गर्दैन – सुनिल प्रजापति
६) भिं रथारोहण : जेष्ठ नागरिकको सम्मान– ओम धौभडेल
७) 'काठमाडौँ उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्नुपर्ने' – सुनिल प्रजापति
८) सयवर्ष पछिको भक्तपुर (३) – नारायणमान बिजुक्छेँ
९) 'सरकारले पेट्रोलियम पदार्थको विकल्प विद्युतमा जोड दिनुपर्छ' – सुनिल प्रजापति
१०) कर्मचारी र पदाधिकारीहरूले योगदान गरे समाज परिवर्तन गर्ने काममा टेवा मिल्ने – रजनी जोशी
११) 'जेलका चिठ्ठीहरू' भित्रकी 'कामरेड शोभा' – समा
१२) क्यान्सर र उपचार – शोभा प्रधान
१३) प्रचलित गीत र गाइचा (गाइने) म्ये सम्बन्धी सङ्क्षिप्त चर्चा (१) – विगोल
१४) काठमाडौँको वातावरणीय मुद्दा : संस्कृति, फोहोर व्यवस्थापनमा 'सेग्रीगेशन' र नागरिक दायित्व – मीरा राजभण्डारी अमात्य
१५) सांस्कृतिक सम्पदा समग्रता जीवनका – तेजेश्वरबाबु ग्वंग
१६) घर भत्केको पीडितलाई क्षतिपूर्ति नदिनु भनेको निकै अन्याय हो – कुशल
१७) प्रहरीमा लम्पसारवादले बढाएको जोखिम – रमेशप्रसाद खरेल
१८) राजनीतिशास्त्र के र किन ? – राजु लासिवा
१९) भूमिगत पानीको भण्डारण र अत्याधिक दोहन–विष्णुभक्त राजचल
२०) समालोचनाया सिद्धान्त (६) – प्रा.माणिकलाल श्रेष्ठ

२१) भक्तपुर नपा : कार्यपालिका बैठक निर्णय
२२) अनुभवको आदान-प्रदान
२३) भक्तपुर नपा गतिविधि
२४) विविध समाचार
२५) भक्तपुर जिल्लाका नपाहरूमा निर्वाचितहरू
२६) २००६ सालको नगरपञ्चायत ऐन (७)
२७) गठबन्धनको गाईजात्रे राजनीति (सम्पादकको पृष्ठ)

**साथमा-** बसिबियालो/संक्षेपमा/ २०७९ सालको गाईजात्राको केही झलकहरू/ २०७९ सालको पंचदान (केही झलक)/ विश्वमा कोभिड-१९ को स्थिति/ रंगीनपृष्ठ ।

## वर्ष ३९ अङ्क ११/२०७९ असोज/सङ्ख्या- ३१४

१) नेमकिपाको केन्द्रीय परिषद् सम्पन्न
२) पारदर्शिता र इमानदारिता नै जनविश्वास जित्ने आधार – सुनिल प्रजापति, प्रमुख
३) ख्वप विश्वविद्यालय - शिक्षामन्त्रीलाई जवाफ- राजेन्द्र हाडा
४) भक्तपुरको शिक्षा मोडल, अन्य पालिकाले किन नसिक्ने ?- रेणु त्वनाबासु
५) उत्कृष्ट स्थानीय निकाय भक्तपुर र शिक्षा- प्रतिज
६) सय वर्षपछिको भक्तपुर (४) – नारायणमान बिजुक्छें
७) समालोचनाया सिद्धान्त (७) – प्रो.माणिकलाल श्रेष्ठ
८) प्रचलित गीत र गाइँचा म्ये सम्बन्धी सङ्क्षिप्त चर्चा (२) – विगोल
९) पोखरीको नगर भक्तपुर (तस्बिर कथा)-मनोजरत्न शाही
१०) नेवाः समुदायको जन्मदिन – डा. वीरेन्द्रप्रसाद कायस्थ
११) डेङ्गु ज्वरो र बच्ने उपायहरू-डा. रत्नसुन्दर लासिवा
१२) Lessons From Bhaktapur Municipality- Mukti Rijal
१३) चिनियाँ जनकंग्रेस स्थायी समितिका अध्यक्ष ली चाङ्गशु भक्तपुर भ्रमणमा
१४) चिनियाँ शीर्ष नेताको रोजाइमा किन पर्छ भक्तपुर ?-सीताराम बराल
१५) 'नेपाली नागरिकलाई नागरिकता दिनुपर्छ तर विदेशीलाई दिनुहुन्न'
१६) भक्तपुर नपाद्वारा संस्कृतिकर्मी तथा सांस्कृतिक गुरुहरूको सम्मान
१७) भक्तपुर नगरको विकासमा सांस्कृतिक गुरुहरूको योगदान अतुलनीय – सुनिल प्रजापति
१८) भक्तपुर नपा : कार्यपालिका बैठक निर्णय
१९) अनुभवको आदान-प्रदान
२०) 'स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार नहुनु सङ्घीयताको कमजोर पक्ष हो' – सुनिल प्रजापति
२१) भक्तपुर नपा गतिविधि
२२) विविध समाचार
२३) 'हाम्रो सम्पदाको संरक्षण र संवर्द्धन हामीले नै गर्नुपर्छ'
२४) राष्ट्रपतिको 'मौनता' (सम्पादकको पृष्ठ)

**साथमा -**बसिबियाँलो/खानेपानी सुधारबारे सरोकारवालाहरूसँग छलफल/निर्वाचनबाट समाजवाद स्थापना हुनेमा नेपाल मजदुर किसान पार्टी विश्वास गर्दैन/एलिजाबेथ द्वितीयको निधन/ भक्तपुरमा मतदाता एक लाख ९४ हजार/भक्तपुरको पुलुकिसी जात्रा/संक्षेपमा/Khwopa Hospital Bhadra Report 2079/ हाम्रो स्वास्थ्य/थाहा पाइराखौँ/रंगीनपृष्ठ ।

## वर्ष ३९ अङ्क १२/२०७९ कात्तिक/सङ्ख्या- ३१५

१) नेमकिपाको घोषणापत्र २०७९ सार्वजनिक (आमचुनाव)
२) नेमकिपाको घोषणापत्र २०७९ (सारसङ्क्षेपमा)
३) भक्तपुर आफैं एक राजनैतिक विश्वविद्यालय- प्रधान
४) शासक दलहरूबीच गठबन्धन : विचारशून्य राजनीति –विवेक
५) स्वास्थ्य क्षेत्र निजीकरणले जनताले दुख पाउँदैछन्-सुनिल प्रजापति, प्रमुख
६) डेंगु सम्बन्धी फिलिपिन्सको अनुभव आज उपयोगी भएको अनुभव गर्दैछु – डा. अमर प्रजापति
७) १५ लाखमै डाक्टर ! – हरिहर तिमिल्सिना
८) रु. १५ लाखमा डाक्टर बनाउने उद्देश्यमा सरकार किन बाधक ?
९) श्रीतलेजुभवानीको था पूजाहरू- ओम धौभडेल
१०) विश्वविद्यालय र कलेजहरूसमेत गुप्त प्रहरी ?
११) सय वर्षपछिको भक्तपुर (५) – नारायणमान बिजुक्छें
१२) समालोचनाया सिद्धान्त (८) – प्रो.माणिकलाल श्रेष्ठ
१३) चिकपा केन्द्रीय समितिको महासचिवमा सि चिनफिङ पुनः निर्वाचित
१४) चिकपा महासचिव सी चिनफिङलाई अध्यक्ष बिजुक्छेँको बधाई सन्देश
१५) वाङमय शताब्दीपुरुष सत्यमोहन जोशीको निधन
१६) नेमकिपाका भक्तपुरमा उम्मेदवारहरू
१७) भक्तपुरको प्राचीन, मध्य र आधुनिककाल – न्हुछेरत्न बुद्धाचार्य
१८) जनप्रतिनिधिले सबै खाले समस्यासँग जुध्नु पर्दछ-कुशल
१९) सम्पदा सहरको सपना – गोकर्ण गौतम
२०) हाम्रो प्यारो भक्तपुर- ममता सुवेदी
२१) फोहोरको उचित व्यवस्थापनसहित समृद्ध राष्ट्र बनाऔं – सत्यराम कासिछ्वा
२२) खेलाडी तथा प्रशिक्षक आशराम सुवाल-राजकुमार लघु
२३) बयालीसौं नेपालभाषा साहित्य तःमुंज्या सम्पन्न
२४) भाषा र संस्कृति, हाम्रो अमूल्य निधि – सुन्दर राजचल
२५) नपाका प्रमुख उपप्रमुखहरू
२६) भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय
२७) अनुभवको आदान-प्रदान
२८) 'जनप्रतिनिधिहरूको भ्रमणहरूको आदानप्रदानले दुई देशको मित्रतालाई अगाडि बढाउनेछ' – सुनिल प्रजापति
२९) 'भक्तपुर नपाको सेवा प्रवाहदेखि प्रभावित छौं'-शाहीद अली, प्रमुख
३०) भक्तपुर नपा गतिविधि
३१) विविध समाचार
३२) आफ्नो भाग्यरेखा आफैं कोर्ने अवसर (सम्पादकको पृष्ठ)

**साथमा-** बसिबियाँलो/ संक्षेपमा/Khwopa Hospital Bhadra Report 2079/ असोज महिना (२०७९) को पर्यटक तथ्याङ्क/ विश्वमा कोभिड-१९ को स्थिति/ हाम्रो स्वास्थ्य/ थाहा पाइराखौं/ रंगीनपृष्ठ ।

An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Kartik Report

## 2079

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 1420 | 8.35 |
| 10-19. | 1416 | 8.33 |
| 20-59 | 10791 | 63.45 |
| ≥60 | 3381 | 19.88 |
| **Total** | **17008** | **100.00** |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 453 | 2.66 |
| General | 3219 | 18.93 |
| Insurance | 13336 | 78.41 |
| **Total** | **17008** | **100** |

| District | Number | In Percentage |
|---|---|---|
| Salyan | 1 | 0.01 |
| Jumla | 1 | 0.01 |
| Makwanpur | 1 | 0.01 |
| Gorkha | 1 | 0.01 |
| Bhojpur | 1 | 0.01 |
| Khotang | 1 | 0.01 |
| Susari | 1 | 0.01 |
| Sarlahi | 1 | 0.01 |
| Rukum | 1 | 0.01 |
| Sindhupalchowk | 2 | 0.01 |
| Dolkha | 2 | 0.01 |
| Sankhuwasabha | 2 | 0.01 |
| Lalitpur | 4 | 0.02 |
| Kalikot | 4 | 0.02 |
| Accham | 6 | 0.04 |
| Ramechap | 8 | 0.05 |
| Kathmandu | 21 | 0.12 |
| Kavrepalanchok | 36 | 0.21 |
| Bhaktapur | 16914 | 99.45 |
| **Total** | **17008** | **100.00** |

| | |
|---|---|
| Madhyapur Thimi | 79 |
| Suryabinayak | 703 |
| Changu | 1976 |
| Bhaktapur | 14156 |
| **Total** | **16914** |


| Department | Number | Percentage |
|---|---|---|
| General Ward | 66 | 0.39 |
| Cardiologist | 100 | 0.59 |
| General Surgery OPD | 148 | 0.87 |
| Physiotherapy | 169 | 0.99 |
| Dermatology | 393 | 2.31 |
| Laboratory | 447 | 2.63 |
| Internal Medicine | 472 | 2.78 |
| Paediatric | 584 | 3.43 |
| Obs. & Gynaecology | 604 | 3.55 |
| ENT | 754 | 4.43 |
| Dental | 1154 | 6.79 |
| Emergency Ward | 1579 | 9.28 |
| Orthopedic | 1796 | 10.56 |
| General OPD | 8742 | 51.40 |
| **Total** | **17008** | **100.00** |

| Inpatient Services | Number |
|---|---|
| Patient Admitted | 78 |
| Discharge | 60 |
| LAMA | 1 |
| Refer | 5 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 1698 |
| Total Cataract Surgery | 51 |

# आ.व. २०७९/८० कार्तिक महिनामा पर्यटक सूचना केन्द्र तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ☐ गैर सार्क | ५३२ | ४६० | ४५२ | ६१६ | ५३६ | ६०१ | ५२८ | ६३९ | ५७९ | ४३७ | ५२९ | ४९६ | ४५९ | ४५६ | ४१० |
| ■ सार्क तथा चिनियाँ | २७० | २९८ | २३४ | २६० | २३४ | १२३ | १७८ | १३४ | १३४ | १९८ | २६९ | २३४ | १९८ | २०८ | १५७ |

| गते ➡ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ☐ गैर सार्क | ४५३ | ५४७ | ५८६ | ५६९ | ४६९ | ४६१ | ५४६ | ४०४ | ४८२ | ४६५ | ६२७ | ४८९ | ४२३ | २३४ | ३३४ |
| ■ सार्क तथा चिनियाँ | २१४ | ३३४ | ३८६ | ३२६ | ३४६ | २६७ | २४५ | २५७ | ३०८ | २०५ | ३४३ | १७१ | ३३० | २४७ | ३०१ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०७८ कार्तिक | १,५४७ | १,१७२ | २,७१९ |
| २०७९ कार्तिक | १४,८१९ | ७,४०९ | २२,२२८ |
| प्रगति | १३,२७२ | ६,२३७ | १९,५०९ |

सम्पादकको पृष्ठ

# घोषणापत्रप्रति इमानदार बनोस्

समाजवादउन्मुख गणतान्त्रिक संविधान लागुपछिको दोस्रो आम चुनाव सम्पन्न भएको छ । अब सरकार गठनको लागि बहुमत पुऱ्याउन दलहरू क्रियाशील हुनथालेका छन् । सरकार भनेको चुनावको बेला दलहरूले प्रतिबद्धता र सङ्कल्प गरेका घोषणापत्रको कार्यान्वयन गर्ने संस्था हो । चुनाव जे जसरी जिते पनि मतदाताले विजयी दलको घोषणापत्रलाई अनुमोदन गरेको अर्थमा लिइन्छ ।

सत्तामा जाने दलहरूले जनतासमक्ष वाचा गरेका घोषणापत्र हेर्दा देश र जनताको उज्ज्वल भविष्य सन्निकट देखिन्छ । त्यसो त विगतमा पनि यस्तै उज्ज्वल भविष्यको आकर्षक चित्र प्रस्तुत नगरेका होइनन् । तर 'भन्ने एउटा, गर्ने अर्कै' हुँदा अर्थात आफूले गरेका वाचाप्रति इमानदार नहुँदा देश र जनताको लागि धोखा भएको अनुभव सर्वत्र गरिएको थियो ।

यस पटक जारी घोषणापत्रहरूमा पनि सत्तामा जाने दलहरूले 'लेखे पुग्ने' जस्तो भावले थुप्रै वाचाहरू गरेका छन् । कार्यान्वयनमा कठिन, चुनौतीपूर्ण, महत्वाकाङ्क्षी जस्ता टिप्पणीले असम्भव वाचा गरेका पनि देखिएको छ । यद्यपि, वाचाप्रति इमानदार र प्रतिबद्ध हुने हो भने असम्भवलाई पनि सम्भव बनाउन सकिन्छ । सिंहदरबारमा झन्डा हल्लाउने जागिर खान जाने होइन घोषणापत्र कार्यान्वयन गर्न जाने दृढता भए यस देशको मुहार चहकिलो नभए पनि उज्यालो पार्न सकिन्छ ।

यस पटकको प्रतिनिधिसभा र प्रदेशसभामा प्रधानमन्त्री र मुख्यमन्त्रीका आकाङ्क्षीहरू धेरै पुगेका छन् । सत्तामा जाने दलहरूमा मन्त्रीको पालो पुऱ्याउने प्रवृत्ति र संस्कार देखिसकेको छ । त्यसले दलको घोषणापत्रलाई खोस्टा बनाउन भूमिका खेलेको स्पष्ट बोध हुन्छ । कुनै व्यक्ति कति पटक प्रधानमन्त्री वा मन्त्री भए भन्नेभन्दा पनि देश र जनतालाई घोषणापत्र कार्यान्वयन नगरी कति पटक धोखा दिए, बेइमानी गरे भन्ने अर्थमा लिनुपरेको छ । यसमा अब परिवर्तनको आवश्यकता छ ।

राजनैतिक सचेततामा कमी भएका जनतालाई पटकपटक धोखा र बेइमानी गर्नु कुनै पनि ईमानदार नेताको योग्यता र सक्षमता हुनसक्दैन । त्यस्तो धुर्त्याइँको परिणाम एक दिन अकल्पनीय दुःखद हुनसक्छ । सत्तामा जानेहरूले यस तथ्यलाई हृदयंगम गर्नु देश, जनता, सम्बन्धित दल र नेताकै निम्ति पनि हितकर हुनेछ ।



ख्वप कलेज अफ लका नयाँ विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण कार्यक्रम । (कार्तिक २३ गते)



नर्सिङ र सिभिलका नवआगन्तुक विद्यार्थीहरूको अभिमुखीकरण कार्यक्रम । (कार्तिक २४ गते)



घरदैलो नर्सिङ सेवा कार्यक्रमका वडा नर्सहरूसँग छलफल कार्यक्रम । (मंसिर ८ गते)





भाजु पुखूको नवनिर्मित जलेश्वर मन्दिरमा गजुर स्थापना